## नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित पुस्तकहरू बिक्रीमा:




रू.३२५/- रू.५००/- रू.२५०/- रू.५००/-

रू.३५०/- रू.२५०/- रू.३००/- रू.५००/-

रू.२००/- रू.३५०/- रू.५००/- रू.३५०/-

रू.५००/- रू.३५००/- रू.३५०/-


**प्रकाशक**

**नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान**
नक्साल, काठमाडौं
पोष्ट बक्सः ११७३०
फोनः ९७७-१-४४२८४०४/५
फ्याक्सः ४४२८४०७
Email: info@namuda.org.np
Website : www.namuda.org.np

**संरक्षक**
नारायणभक्त श्रेष्ठ (रायन)
हरिहर शर्मा
श्यामप्रकाश तमोट

**सम्पादक मण्डल**
अशोककुमार राई
धीरेन्द्र झा (धीरेन्द्र प्रेमर्षि)
निशा शर्मा पोखरेल
मेघराज शर्मा (मञ्जुल)
हरिदेवी कोइराला

**प्रधान सम्पादक**
नमुना शर्मा देवकोटा

**सम्पादन सहयोगी**
सनमान चेम्जोङ

**तस्बिर**
रत्नहजुर सेन

**साजसज्जा**
नबिन खत्री
स्काई प्रेस प्रा.लि.



पूर्णाङ्क २१

२०७९


# प्राज्ञिक संसार

सङ्गीत-नाट्य बुलेटिन

**Academia**
Music-Drama Bulletin
www.namuda.org.np



## दाफा प्रस्तुति एवम् सङ्गोष्ठी



# प्रज्ञा-प्रतिष्ठान
# अब आफ्नै भवनमा



मुकुन्डो नृत्य प्रस्तुति



दरै समुदायको फुलोवा लोकगीत



'...गच्छामी' नाटक प्रदर्शन

# सम्पादकीय

प्राज्ञिक संसार अङ्क २१ प्रकाशन हुन गइरहेको छ । नाट्य, सङ्गीत र नृत्य विधामा सर्वोच्च स्वायत्त संस्थाको रूपमा स्थापित नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको चार वर्षे कार्यकाल समाप्त भई बिदाइको सङ्घारतिर छौं । थुप्रै अनुभूतिहरू सलबलाइरहेका छन् । विगतका कार्यको समीक्षा अवश्य हुनेछ र यसैको पृष्ठभूमिबाट भविष्यका सुन्दर योजनाहरू निर्माण हुनेछन् भन्नेमा हामी विश्वस्त रहेका छौं ।

सांस्कृतिक तथा भाषिक विविधतापूर्ण सांस्कृतिक परम्पराभित्र अनेकौं संस्कृतिका विविध शिल्प, कथ्य, परम्परा र विशिष्टताहरू छन् । ती जनमनमा बाँचिरहेका छन् । कतिपय लोपोन्मुख अवस्थामा छन् र कतिपय संस्कृति लोकप्रिय अवस्थामा राष्ट्रिय-अन्तर्राष्ट्रिय पहिचानको रूपमा स्थापित भएका छन् । यी सबै संस्कृति हाम्रा राष्ट्रिय निधिहरू हुन् । यिनै निधिहरूको संरक्षण, सम्बर्धन र विस्तार गर्न पूर्वदेखि पश्चिमसम्म स्थलगत रूपमा पुगी नाट्य, सङ्गीत र नृत्यको क्षेत्रमा यस प्रज्ञा-प्रतिष्ठानले चार वर्ष अवधिमा गरेका कामहरू निश्चय नै प्रशंसनीय छन् ।

सबैभन्दा महत्त्वपूर्ण आफ्नै प्रियाब भवन निर्माण गरी कार्यसञ्चालन गर्न पाउनु गौरवको विषय हो । यो कार्यकालको सर्वोत्तम उपलब्धि पनि हो । अझ धेरै कार्यहरू अधुरा छन् र ती अधुरा कार्यहरू आगामी दिनमा सम्पन्न हुने नै छन् । अझै धेरै सिर्जनात्मक कार्यहरूले पनि मजबुत रूपमा गति लिनेछ भन्नेमा हामी दृढ छौं ।

यसबीचमा सङ्गीत, नाट्य र नृत्यको क्षेत्रमा थुप्रै प्रस्तुतिहरू, महोत्सव, प्रशिक्षण, गोष्ठीलगायत अनेकौं कार्यक्रमहरू सम्पन्न भएका छन् । यसले प्रज्ञा-प्रतिष्ठानको उद्देश्यलाई जीवन्त बनाएको छ । यसबाट यस क्षेत्रका कलाकारहरूलाई सामूहिक अन्तर्क्रिया, मौलिक संस्कृतिप्रतिको प्रेम, सिर्जनात्मक आदानप्रदानको अवसर प्रदान गरेको छ । यसबीचमा थुप्रै अध्ययन, अनुसन्धान, प्रकाशन पनि भएका छन् । यसको निरन्तरताको आवश्यकता छ र यस प्रज्ञा-प्रतिष्ठानले सबैलाई एउटै मञ्चमा उभ्याइदिएको छ ।

विभिन्न कठिनाइको बावजुद प्रज्ञा-प्रतिष्ठान यो अवस्थामा आइपुग्नु सबै संस्कृतिकर्मीहरूको लागि प्रेरक रहेको छ । प्राज्ञिक कार्यहरू अझै हुँदै जानेछन् । अध्ययन, अनुसन्धान र प्रकाशनको कार्यलाई अझै तीव्रतर रूपमा अगाडि बढाउनुपर्ने आवश्यकता छ । यो कार्य आगामी दिनमा सबैको सद्भाव, सहयोग र प्रज्ञा-प्रतिष्ठानप्रतिको शुभभावनाले सम्भव हुने छ ।

सङ्गीत, नाट्य र नृत्यको क्षेत्रमा सिर्जनात्मक अभिवृद्धि गर्दै यस प्रज्ञा-प्रतिष्ठानलाई उच्च लक्ष्यमा पुऱ्याउने छौं । सहयोगी सम्पूर्ण कला, संस्कृतिकर्मीलाई धन्यवादसहित यो प्रज्ञा-प्रतिष्ठान हार्दिक कृतज्ञता ज्ञापन गर्दछ ।

# विषयसूची


चार वर्षमा २४ जना वरिष्ठ स्रष्टा सम्मानित ४

२०७५ मा सम्पन्न कार्यक्रम ६

२०७६ मा सम्पन्न कार्यक्रम ७-२९

२०७७ मा सम्पन्न कार्यक्रम ३०-५१

२०७८ मा सम्पन्न कार्यक्रम ५२-७०

२०७९ मा हालसम्म सम्पन्न कार्यक्रम ७१

प्रज्ञा-पाठशाला सङ्गीत सङ्गत कार्यक्रममा १७ जना नारी सङ्गीतज्ञको बेजोड वृन्दवादन ७६

'नेपाली आधुनिक सङ्गीतमा १०० वर्ष' कार्यक्रम सम्पन्न ७८

दरै समुदायको फुलोवा लोकगीतको छायाङ्कन तथा स्वराङ्कन सम्पन्न ७९

जनकपुरमा एक दिने जटजटिन नृत्यसम्बन्धी सङ्गोष्ठी सम्पन्न ८०

'डँगौरा थारूको लोकगीत' पुस्तक प्रकाशित ८०

मुकुन्दो नृत्य प्रस्तुति २०७९ काठमाडौंमा सम्पन्न ८१

वरिष्ठ सर्जक प्रेमदेव गिरीसँगको अन्तर्वार्ता छायाङ्कन सम्पन्न ८२

'...गच्छामी' नाटक प्रदर्शन ८३

प्रज्ञा-प्रतिष्ठानद्वारा आफ्नै कार्यालयबाट कार्यसञ्चालन शुरू ८४

'लमजुङे ठाडोभाका' प्रकाशित ८४

'परम्परा निरन्तर' शीर्षकबाट शास्त्रीय सङ्गीत उत्सव २०७९ सम्पन्न ८५

कर्मचारी सङ्घद्वारा विविध सांस्कृतिक कार्यक्रम सम्पन्न ८६

दाफासम्बन्धी प्रस्तुतिमूलक सङ्गोष्ठी सम्पन्न ८७

१५७ औँ मोती जयन्तीमा कुलपति रायन सहभागी ८७

साथमा
अन्य समाचार




# दाफासम्बन्धी प्रस्तुतिमूलक सङ्गोष्ठी सम्पन्न




काठमाडौं । यस प्रज्ञा-प्रतिष्ठानको परम्परागत तथा शास्त्रीय सङ्गीत विभागको आयोजनामा काठमाडौं उपत्यकाका नेवार समुदायको दाफा भजनसम्बन्धी प्रस्तुतिमूलक सङ्गोष्ठी यही मिति पुष ९ गते नेपाल प्रज्ञा-प्रतिष्ठानको डबलीमा सम्पन्न भयो । कार्यक्रममा उपत्यकाका नेवार समुदायको ५ समूहले आफ्नो प्रस्तुति दिएका थिए । चापागाउँ, कीर्तिपुर, टोखा, भक्तपुर र पाटनका गरी जम्मा ५ टोलीको सहभागीतामा आयोजित कार्यक्रममा प्रज्ञा-प्रतिष्ठानका परम्परागत तथा शास्त्रीय सङ्गीत विभाग प्रमुख प्राज्ञ धीरेन्द्र प्रेमर्षिको अध्यक्षता र संस्कृतिविद् प्रज्ञारत्न तुलाधरको प्रमुख आतिथि हुनुहुन्थ्यो । कार्यक्रममा दाफा भजनसम्बन्धी कार्यपत्र श्रीकृष्ण महर्जनले प्रस्तुत गर्नु भएको थियो भने गणेशराम लाछीले उक्त कार्यपत्रमाथि टिप्पणी गर्नुभएको थियो । कार्यक्रमको सहजीकरण रजनीमिलाले गर्नुभएको थियो । कार्यक्रममा नेपालभाषा अभियन्ता दिपक तुलाधर तथा गुरु राजेन्द्र लगायतको उपस्थिति रहेको थियो ।

# १५७ औँ मोती जयन्तीमा कुलपति रायन सहभागी

आदि गजलकार मोतीराम भट्टको १५७ औँ जन्मजयन्ती एवम् नेपाल गजल प्रतिष्ठानको स्थापना दिवसको अवसरमा आयोजित साङ्गीतिक गजल मुशायरा एवम् स्रष्टा सम्मान कार्यक्रममा यस प्रज्ञा-प्रतिष्ठानले सहकार्य गऱ्यो । काठमाडौँस्थित राष्ट्रिय नाचघर, जमलमा आयोजना गरिएको उक्त कार्यक्रमको प्रमुखअतिथि यस प्रज्ञा-प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन) हुनुहुन्थ्यो । कार्यक्रममा प्रमुखअतिथि रायनबाट वरिष्ठ चिकित्सक एवम् गजलकार डा. कृष्णजङ्ग राणालाई बहरवाटिका गजल सम्मान एवम् वरिष्ठ



गीत/गजल गायक एवम् सङ्गीतकार शक्ति बल्लभलाई बहर बहार सङ्गीत सम्मानले सम्मानित गरिएको थियो । कार्यक्रममा विभिन्न कलाकारहरूले झण्डै दर्जनजति गजल प्रस्तुत गरेका थिए । प्रमुखअतिथि रायनले गजलको उन्नयनको लागि निरन्तर लागिरहनुपर्ने बताउनुभयो ।

# यस कार्यकालका पदाधिकारी नियुक्ति




काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानको रिक्त पदाधिकारीका लागि २०७५ पुष १६ गते सोमबार नेपाल सरकारका सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीबाट कुलपतिमा नारायणभक्त श्रेष्ठ (रायन) लाई नियुक्त गर्नु भएको थियो । प्रज्ञा-प्रतिष्ठानका प्रमुख संरक्षक समेत रहनु भएका प्रधानमन्त्री ओलीले आफ्नो क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिलाई नियुक्त गरिएकोले संस्थाप्रति थप सृजनशील हुनुपर्ने बताउनु हुँदै कुलपति रायनलाई ४ वर्ष कार्यकालका लागि सपथ खुवाउनु भएको थियो । सपथ ग्रहण कार्यक्रममा प्रज्ञा-प्रतिष्ठानका संरक्षक माननीय संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री रविन्द्र अधिकारी र मन्त्रालयका सचिव कृष्णप्रसाद देवकोटाको पनि उपस्थिति रहेको थियो ।

सोही दिन कुलपति रायनले प्रज्ञा-प्रतिष्ठानको उपकुलपतिमा हरिहर शर्मा र सदस्यसचिवमा श्यामप्रकाश तमोटलाई सपथ ग्रहण गराउनुभयो भने पुष २२ गते आइतबारका दिन प्रज्ञा– प्रतिष्ठानका संरक्षक माननीय मन्त्रीज्यूको समुपस्थितिमा मन्त्रालयमा आयोजित सपथग्रहण कार्यक्रममा प्राज्ञपरिषद् सदस्यहरू अशोक राई, धीरेन्द्र झा (धीरेन्द्र प्रेमर्षि), नमूना शर्मा देवकोटा, निशा शर्मा, मेघराज शर्मा (मञ्जुल) र हरिदेवी कोइरालालाई सपथ खुवाउनु भएको थियो । सो कार्यक्रममा मन्त्री अधिकारीले नवनियुक्त प्राज्ञपरिषद् सदस्यहरूलाई शुभकामना दिनु हुँदै नेपालको सङ्गीत तथा नाट्य क्षेत्रको संरक्षण, संवर्द्धन र प्रवर्द्धनको लागि प्रज्ञा–प्रतिष्ठानको नीतिअनुरूप सिर्जनात्मक ढङ्गले अगाडि बढ्नका लागि निर्देशन समेत दिनु भएको थियो ।

यसै गरी सरकारबाट यस प्रज्ञा–प्रतिष्ठानका लागि १५ जना प्राज्ञसभासदस्यहरू नियुक्त हुनुभयो । सरकारबाट नियुक्त प्राज्ञसभा सदस्यहरूमा हरिबहादुर थापा, चाँदनी मल्ल, प्रजापति पराजुली, सत्यकला राई र अवधेस पोखरेल, प्रदीप बोम्जन (प्रदीप कुमार लामा), बाबा बस्नेत, भूमिका सुब्बा, लक्ष्मीप्रसाद भट्टराई (लक्ष्मण गाम्नाङ्गे), शिशिर योगी, निलमाया पुन (निलिमा पुन) र सुनिल मास्केलाई कुलपति रायनले प्रज्ञा-प्रतिष्ठानको प्रतीक चिन्ह र परिचयपत्र पनि प्रदान गर्नु भएको थियो ।

# नव पदाधिकारीलाई बधाइ तथा शुभकामना

काठमाडौँ । यस प्रज्ञा–प्रतिष्ठानका नवनियक्त पदाधिकारीको स्वागतका लागि नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठान कर्मचारी सङ्घले पौष २३ गते एक स्वागत तथा शुभकामना कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा प्रज्ञा–प्रतिष्ठानका नवनियुक्त कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले कर्मचारीतन्त्र र व्यवस्थापन पक्ष एउटै शरिरका दुई अङ्ग जस्ता भएकाले एकको सहयोगबिना अर्को चल्न नसक्ने बताउनुभयो । कुलपति रायनले दुई पक्षबीच आपसी सहकार्यका साथ प्रज्ञा–प्रतिष्ठानको लक्ष्य तथा उद्देश्यलाई पूरा गर्न कटिबद्ध हुन निर्देशनसमेत दिनुभयो । नवनियुक्त उपकुलपति हरिहर शर्माले प्रज्ञा–प्रतिष्ठानका लागि सरकारले जिम्मा दिएको चार वर्षे कार्यकाललाई सफलीभूत पार्न कर्मचारीतन्त्रको क्षमता, सृजनशीलता र लगनशीलता अपेक्षाकृत हुनुपर्नेमा जोड दिनुभयो ।

त्यसैगरी नवनियुक्त सदस्यसचिव श्यामप्रकाश तमोटले आफू शिक्षक पृष्ठभूमिबाट आएको चर्चा गर्दै कर्मचारीतन्त्र सदैव पेशागत मर्यदामा रही सार्वजनिक सेवा प्रवाहमा चुस्तदुरूस्त रहनुपर्ने बताउनुभयो । कार्यक्रममा नवनियुक्त प्राज्ञपरिषद् सदस्य नमूना शर्माले नयाँ जोस र जाँगरका साथ प्रज्ञा–प्रतिष्ठानलाई अगाडि बढाउन आवश्यक रहेको बताउनुभयो । कार्यक्रममा नवनियुक्त प्राज्ञपरिषद् सदस्यहरू अशोक राई, हरिदेवी कोइराला, निशा शर्मा र धीरेन्द्र प्रेमर्षिको पनि उपस्थिति रहेको थियो । कार्यक्रममा कर्मचारी सङ्घका सल्लाहाकार तथा प्रज्ञा–प्रतिष्ठानका सूचना अधीकृत ध्रुव वाग्लेले स्वागत गर्नु भएको थियो । कार्यक्रम सङ्घका अध्यक्ष हिलारीबन्धु भुजेलको सभापतित्वमा सम्पन्न भएको थियो । सङ्घका सचीव जगदीश सापकोटाले कार्यक्रम सञ्चालन गर्नु भएको थियो ।

## नेपाल सङ्गीत तथा राष्ट्रिय प्रज्ञा-पुरस्कारबाट

# चार वर्षमा २४ जना वरिष्ठ स्रष्टा सम्मानित



नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले सङ्गीत तथा नाट्यसँग सम्बन्धित विभिन्न ६ विधाअन्तर्गत नाटक, रङ्गमञ्च (अभिनय), गायन तथा सङ्गीत, नृत्य, लोकसङ्गीत र परम्परागत तथा शास्त्रीय विधाका एक-एक स्रष्टालाई वर्षेनी नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा-पुरस्कार सम्माननीय राष्ट्रपतिको बाहुलीबाट समर्पण गर्दै आएको छ । यस पुरस्कारको राशी जनही १ लाख १ रूपैयाँ र ताम्रपत्र रहेको छ ।

प्रज्ञा-प्रतिष्ठानको यस वार्षिक कार्यक्रमले कुलपति नारायणभक्त श्रेष्ठ (रायन)को कार्यकालमा पनि निरन्तरता पाई प्रत्येक वर्ष ६ जना गरी चार वर्षमा जम्मा २४ जना वरिष्ठ स्रष्टाहरू सम्मानित हुनुभयो ।

२०७५ सालको नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा-पुरस्कारबाट नाट्य विधामा अग्रज नाटककार तथा निर्देशक श्यामदास वैष्णव, गायन तथा सङ्गीत विधामा वरिष्ठ गायक प्रेमध्वज प्रधान, परम्परागत तथा शास्त्रीय सङ्गीत विधामा जगदेव कामत, रङ्गमञ्च विधामा वरिष्ठ रङ्गकर्मी ओममणि शर्मा, नृत्य विधामा वरिष्ठ नृत्यनिर्देशक तथा नृत्याङ्गना हनी श्रेष्ठ र लोकसङ्गीत विधामा वरिष्ठ लोकगायक प्रेमदेव गिरी सम्मानित हुनु भएको थियो । २०७६ असार २५ गते बुधबारका दिन राष्ट्रपति कार्यालय शीतल निवासमा आयोजित एक भव्य समारोहका बीच सम्मानित स्रष्टाहरूलाई सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले पुरस्कार समर्पण गर्नु भएको थियो ।

२०७६ सालको यस पुरस्कारबाट सम्मानित हुने वरिष्ठ ६ विशिष्ट साधकहरूमा परम्परागत तथा शास्त्रीय सङ्गीत विधातर्फ वरिष्ठ तालवादक रामहरि गुरूङ, सङ्गीत विधातर्फ वरिष्ठ सङ्गीत संयोजक हस्तबहादुर थापा (पल्लीमगर), नाट्य विधातर्फ वरिष्ठ नाट्यकर्मी प्रचण्ड मल्ल, लोकसङ्गीत विधातर्फ वरिष्ठ लोकगायक कुमार बस्नेत, रङ्गमञ्च विधामा वरिष्ठ अभिनेता नीर शाह र नृत्य विधामा वरिष्ठ नृत्याङ्गना नारायणदेवी प्रधान हुनुहुन्थ्यो । विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ का कारण राष्ट्रपति भवनमा सार्वजनिक कार्यक्रम गर्न सम्भव नभएकाले यस वर्षको पुरस्कार समर्पण समारोह २०७६ असार ३० गते मङ्गलबार सिंहदरबार स्थित संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सभाकक्षमा आयोजना गरिएको थियो । प्रज्ञा-प्रतिष्ठानका संरक्षक, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश भट्टराईले पुरस्कृत स्रष्टाहरूलाई पुरस्कार समर्पण गर्नु भएको थियो ।

२०७८ सालमा पनि विश्वव्यापी कोरोना सङ्क्रमण व्याप्त रह्यो । नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा-पुरस्कार-२०७७ बाट यस वर्ष सङ्गीत विधामा वरिष्ठ सङ्गीतकर्मी माणिक रत्न स्थापित, नाटक विधामा धनबहादुर मल्ल, नृत्य विधामा बेटी बज्राचार्य लोकसङ्गीत विधामा ज्ञानु राणा, परम्परागत सङ्गीत विधामा वंशीधर मिश्र (वंशीबाबा) र रङ्गमञ्च विधामा सुनिल मिश्रलाई सम्मानित गरियो । कोभिड-१९ का लागि सरकारले तोकेको निश्चित मापदण्डको ख्याल राख्दै प्रज्ञा-प्रतिष्ठानले २०७८ असार २० आइतबार





पुरस्कृत व्यक्तिहरूलाई पायकमा पर्ने गरी पुरस्कार हस्तान्तरणका लागि सङ्क्षिप्त कार्यक्रम आयोजना गरेको थियो । यसअन्तर्गत काठमाडौँस्थित प्रज्ञा-प्रतिष्ठानको कार्यालय परिसरमा आयोजित एक सङ्क्षिप्त कार्यक्रममा प्रज्ञा-प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले वरिष्ठ सङ्गीतकर्मी माणिकरत्न स्थापित र वरिष्ठ लोकगायिका ज्ञानु राणालाई पुरस्कार हस्तान्तरण गर्नुभयो । त्यसै गरी सोही दिन मधेस प्रदेशको राजधानी जनकपुरमा एक कार्यक्रम आयोजना गरी मधेस प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले शास्त्रीय सङ्गीतज्ञ वंशीधर मिश्र (वंशीबाबा) र रङ्गमञ्चकर्मी सुनिल मिश्रलाई उक्त पुरस्कार हस्तान्तरण गर्नुभयो । यस कार्यमा प्रज्ञा-प्रतिष्ठानका प्राज्ञपरिषद् सदस्य धीरेन्द्र प्रेमर्षिले सहजीकरण गर्नु भएको थियो । डोटी जिल्लाको दिपायलमा स्थायी बसोवास गर्नु हुने वरिष्ठ नाट्यकर्मी धनबहादुर मल्ललाई सुदूर पश्चिम प्रदेशको राजधानी धनगढीमा एक कार्यक्रम आयोजना गरी सुदूर पश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टबाट पुरस्कार समर्पण गरियो । पुरस्कार समर्पणका लागि प्रज्ञा-प्रतिष्ठानका प्राज्ञपरिषद् सदस्य निशा शर्माले सहजीकरण गर्नु भएको थियो ।

काठमाडौँमा स्थायी बसोवास गरेर पनि पुरस्कार वितरण कार्यक्रममा उपस्थित हुन नसक्नु भएका वरिष्ठ नृत्याङ्गना बेटी बज्राचार्यलाई भने उहाँकै निवासमा गई प्रज्ञा-प्रतिष्ठानका प्राज्ञपरिषद् सदस्य नमुना शर्माले पुरस्कार हस्तान्तरण गर्नु भएको थियो ।

विश्वव्यापी कोरोना सङ्क्रमण मानव काबुमा आएपछि नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा-पुरस्कार-२०७८ समर्पण समारोह २०७९ जेठ २३ गते सोमबार राष्ट्रपति कार्यालय शीतल निवासमा भव्य रूपमा आयोजना भयो । यस वर्ष यस पुरस्कारबाट रङ्गमञ्च विधामा चितवनमा रहेर साधानारत वरिष्ठ रङ्गकर्मी ऋद्धिचरण श्रेष्ठ, परम्परागत तथा शास्त्रीय सङ्गीत विधामा वरिष्ठ शास्त्रीय सङ्गीतज्ञ मोहनप्रसाद जोशी, नृत्यविधामा वरिष्ठ नृत्य निर्देशक तथा नृत्याङ्गना वीणा (राजभण्डारी) जोशी, नाट्य विधामा वरिष्ठ नाट्य लेखक मनबहादुर मुखिया, सङ्गीत विधामा वरिष्ठ सङ्गीतकर्मी मोहनकृष्ण कार्की ढली र लोकसङ्गीत विधामा वरिष्ठ लोकदोहोरी गायक अमर विरही गुरूङ सम्मानित हुनुभयो । पुरस्कृत स्रष्टाहरूलाई राष्ट्रिय प्रज्ञा-पुरस्कार समर्पण गरेपछि सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले पुरस्कार समर्पण समारोहलाई विशेष सम्बोधन गर्ने क्रममा प्रज्ञा-प्रतिष्ठानले वर्षेनी छ विधाका वरिष्ठ साधकहरूलाई सम्मानित गरेर अत्यन्त सकारात्मक र गौरवपूर्ण परम्परा बसालेको बताउनुभयो । उहाँले भन्नुभयो, 'आफ्नो सिर्जना तथा साधनाको माध्यमबाट मुलुकको सङ्गीत, नृत्य तथा रङ्गमञ्चका प्रदर्शनकारी कलाको बगैँचालाई सुसज्जित बनाउने व्यक्तित्वहरूको योगदानले हाम्रो समग्र कला, साहित्य र संस्कृतिलाई उन्नत र समृद्ध बनाएको छ ।'

राष्ट्रपति भण्डारीले हाम्रो मौलिक कलाको खोज अनुसन्धान, संरक्षण र विकाससँगै अन्तर्राष्ट्रिय जगत्मा विकास भइरहेका नयाँ सङ्गीत र नाट्य शैलीको अध्ययन गरी नेपाली कला क्षेत्रलाई सोही अनुरुप आधुनिक विश्वसामु पेश गर्नुपर्ने प्रज्ञा-प्रतिष्ठानको दायित्त्व रहेको पनि औँल्याउनुभयो । त्यसै गरी कोभिडको महामारीमा पनि भर्चुअल माध्यममार्फत् सङ्गीत तथा नाट्य क्षेत्रका गतिविधिलाई सक्रिय र जीवन्त तुल्याएको भन्दै प्रज्ञा-प्रतिष्ठानका कामलाई सरहना गर्नुभयो ।



# एकता दिवसमा 'नेपाली राष्ट्रियता र पृथ्वीनारायण शाह' विषयक प्रवचन कार्यक्रम

काठमाडौं । यस प्रज्ञा-प्रतिष्ठानले २९७औ पृथ्वी जयन्ती एवम् एकता दिवस पौष २७ को उपलक्ष्यमा नेपाल प्रज्ञा-प्रतिष्ठानमा 'नेपाली राष्ट्रियता र पृथ्वीनारायण शाह' विषयक प्रवचन कार्यक्रम ओयाजना गऱ्यो । यस प्रज्ञा–प्रतिष्ठान, नेपाल ललितकला प्राज्ञ–प्रतिष्ठान, नेपाल प्रज्ञा–प्रतिष्ठान र सांस्कृतिक संस्थानद्वारा संयुक्त रूपमा आयोजित कार्यक्रममा सम्माननीय प्रधानमन्त्री तथा प्रज्ञा–प्रतिष्ठानहरूका प्रमुख संरक्षक केपी शर्मा ओलीले विशेष प्रवचन दिनुभयो ।

उक्त कार्यक्रममा बोल्दै प्रधानमन्त्री ओलीले नेपाली राष्ट्रियता स्वतन्त्र र स्वाधीन राष्ट्रियता भएको बताउनुभयो । इतिहासमा विश्वका १९३ राष्ट्रमध्ये थोरै राष्ट्र मात्र स्वाधीन रहेकोमा नेपाल देश पनि परेको स्मरण गर्दै उहाँले भन्नुभयो, "उत्तरमा चीन र दक्षिणमा भारत उपनिवेश हुँदा पनि नेपाल स्वाधीन रहन सफल भएकाले यसको धेरै अर्थ रहेको छ ।" प्रधानमन्त्री ओलीले पृथ्वीनारायण शाह नेपाल एकीकरणका नेतृत्वकर्ता रहेको र केही समयपहिलेसम्म कोही तल्लो कोही माथिल्लो, कोही विष्णुका अवतार, कोही सूर्यवंशी, कोही चन्द्रवंशी, कोही कीरा फट्याङ्ग्राजस्ता असमान व्यवहार भए पनि अहिले त्यस्तो नरहेको बताउनुभयो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री तथा प्रज्ञा–प्रतिष्ठानका संरक्षक रवीन्द्र अधिकारीले लामो समयदेखि पृथ्वी नारायण शाहलाई हेर्ने दृष्टिकोणमा बहस हुँदै आएकाले शाहको बस्तुनिष्ठ मूल्याङ्कन गरिनु नै सान्दार्भिक हुनेमा जोड दिनुभयो । प्रवचन कार्यक्रममा




यस प्रज्ञा–प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ, नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठानका कुलपति कान्छाकुमार कर्माचार्य (के.के.कर्माचार्य), नेपाल प्रज्ञा–प्रतिष्ठानका कुलपति डा. गङ्गाप्रसाद उप्रेती, नेपाल प्रज्ञा– प्रतिष्ठानका पूर्व कुलपति वैरागी काइँला, पूर्व उपकुलपति प्रा.डा. वासुदेव त्रिपाठी लगायत प्रवुद्ध वर्गको उपस्थिति रहेको थियो ।

कार्यक्रमका भोलिपल्ट पुष २९ गतेका दिन विहान १० बजेदेखि प्रज्ञापरिसरबाट शोभायात्रा आरम्भ भई घण्टाघर, रत्नपार्क, भद्रकाली हुँदै सिंहदरबारको पश्चिम गेट छेउमा अवस्थित पृथ्वीनारायण शाहको प्रतीमामा माल्यार्पण कार्यक्रम आयोजना गरियो । सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले उक्त अवसरमा सिंहदरबारमा आई राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको प्रतिमामा माल्यार्पण गर्नु भएको थियो । उपप्रधान तथा रक्षामन्त्री माननीय ईश्वर पोखरेलले आरम्भ गर्नु भएको शोभायात्रामा बग्गीसहित नेपाली सेना र सशस्त्र प्रहरीको व्याण्डले सहयोग गरेको थियो । सो शोभायात्रामा पनि यस प्रज्ञा-प्रतिष्ठानको पदाधिकारी र कर्मचारीको सक्रिय सहभागिता रहेको थियो ।

# सङ्गीत विभागले श्रष्टासँग सुझाव माग्यो

काठमाडौँ । यस प्रज्ञा–प्रतिष्ठानको सङ्गीत विभागले श्रष्टासंबद्ध विभिन्न सङ्घसंस्थासँग आगामी वर्षको बजेट निर्माणका लागि २०७५ साल चैत २७ गते बुधबारका दिन प्रज्ञा–प्रतिष्ठान कार्यालय, बालुवाटार, भाटभटेनीमा रायसुझाव माग गऱ्यो । भेटघाट कार्यक्रममा सङ्गीतसम्बद्ध झण्डै आधा दर्जन सङ्घसंस्थाका प्रतिनिधि र सङ्गीतकर्मीले आफ्ना राय तथा सुझाव प्रस्तुत गरेका थिए ।

प्रज्ञा–प्रतिष्ठानले पहिलोपल्ट सुझाव मागेकोमा खुशी र केही गुनासामिश्रित भावमा स्रष्टाहरूले आफूलाई लागेका कुरा खुलेरै प्रस्तुत गरेका थिए । गीतकार सङ्घ नेपालका अध्यक्ष चुडामणि देवकोटा, सङ्गीतकार सङ्घ, नेपालका अध्यक्ष मिलन मोक्तान, महासचिव पारस मुकारूङ, प्रस्तोता समाजका अध्यक्ष तुलसी पराजुली, रोयल्टी समाजका अध्यक्ष महेश खड्का, बरिष्ठ सङ्गीतज्ञ बुलु मुकारूङ र साहित्यकार हेमन्त विवशले प्रज्ञा–प्रतिष्ठानले नेपाली सङ्गीतको संरक्षण, संवर्द्धन र विकासका लागि खोजअनुसन्धान र अभिलेखीकरणमा विशेष जोड दिनुपर्ने सुझाव दिनु भएको थियो । यसका लागि प्रज्ञा–प्रतिष्ठानले दीर्घकालीन र अल्पकालीन योजना तर्जुमा गर्नुपर्ने, गीत सेन्सर बोर्ड बनाइनुपर्ने, सङ्गीत नीति निर्माण हुनुपर्ने नीतिगत सुझावदेखि प्रज्ञा–प्रतिष्ठानले वितरण गर्ने, कलाकार परिचयपत्रलाई व्यवस्थित गरी त्यसमार्फत् राज्यबाट कलाकारले पाउने सेवासुविधाको दायरालाई पनि स्पष्ट पारिनुपर्ने उहाँहरूको सुझाव थियो । छलफललाई विभागीय प्रमुख प्राज्ञपरिषद् सदस्य अशोककुमार राईले सहजीकरण गर्नु भएको थियो । छलफलमा प्रज्ञा–प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन) र सदस्यसचिव श्यामप्रकाश तमोटले महत्वपूर्ण सुझावहरूलाई आगामी योजना तथा बजेटमा सक्दो समेटेर लैजाने प्रतिबद्धता व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

# नाटक लेखन कार्यशाला सम्पन्न




काठमाडौँ । रङ्गमञ्चीय अभ्यास र विकासका लागि यस प्रज्ञा–प्रतिष्ठानको रङ्गमञ्च विभागले आ.व. २०७५/७६ को स्वीकृत आर्थिक बजेटअन्तर्गत वैशाख ०३ गतेदेखि ०७ गतेसम्म सर्वनाम थिएटर कालिकास्थान, नाटक लेखन कार्यशाला आयोजना गऱ्यो ।

पाँच दिने कार्यशालालाई जतिसक्दो फलदायी बनाउन मुख्य प्रशिक्षकमा वरिष्ठ नाट्यकर्मी अशेष मल्ल, सहायक प्रशिक्षकमा राज शाह र स्रोत व्यक्तिमा प्रचण्ड मल्ल, ध्रुवचन्द्र गौतम, नयनराज पाण्डे र खगेन्द्र लामिछाने रहनु भएको थियो । पहिलो सत्र विहान १० बजेदेखि १ बजेसम्म उल्लेखित श्रोत व्यक्तिले रहेका थिए । पहिलो सत्र विहान १० बजेदेखि १ बजेसम्म उल्लेखित श्रोत व्यक्तिले प्रशिक्षार्थीलाई नाट्यलेखन अनुभवबारे बताएका थिए भने

त्यसपछिको सत्रमा मुख्य प्रशिक्षक र सहायक प्रशिक्षकले नाट्य लेखनसम्बन्धी प्रयोगात्मक प्रशिक्षण दिएका थिए ।

प्राज्ञपरिषद् सदस्य निशा शर्मा पोखरेलको संयोजनमा आयोजना गरिएको यस कार्यशालालाई बैशाख–३ गते एक औपचारिक कार्यक्रमका साथ शुरूवात गरिएको थियो । उक्त कार्यक्रममा बरिष्ठ रङ्कर्मी तथा प्रज्ञा–प्रतिष्ठानका पूर्व उपकुलपति प्रचण्ड मल्लले रङ्गमञ्च र नाटक एकअर्कामा परिपुरक भएकाले नाटक लेखनको अपरिहार्यता रहेको दर्शाउनुभयो । प्रज्ञा-प्रतिष्ठानका कुलपति माननीय नारायणभक्त श्रेष्ठ (रायन)ले नेपाली नाटकको अभावमा विदेशी नाटक देखाउनै पर्ने बाध्यतालाई अन्त्य गर्न यस्ता कार्यशालाले टेवामा पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो । त्यसैगरी प्रज्ञा–प्रतिष्ठानका सदस्यसचिव श्याम तमोट, र प्रज्ञा-प्रतिष्ठानका रङ्गमञ्च विभाग प्रमुख प्राज्ञ निशा शर्मा पोखरेलले पनि कार्यशालाको औचित्यबारे महत्वपूर्ण प्रकाश पार्नु भएको थियो ।

कार्यशालामा अन्तिम दिन प्रशिक्षार्थीहरूले तयार पारेको नाटकलाई दुई–दुई मिनेट वाचनसमेत गरिएको थियो । प्रशिक्षार्थीहरूलाई प्रज्ञा-प्रतिष्ठानका उपकुलपति हरिहर शर्माले नाट्य लेखनमा निरन्तरता दिने आग्रहका साथ प्रतिष्ठानका तर्फबाट प्रमाणपत्रसमेत प्रदान गनुभयो । कार्यशाला संयोजक प्राज्ञ शर्माले कार्यशालाबाट प्रशिक्षित प्रशिक्षार्थीले नाट्य लेखनमा गर्ने थप कामबारे प्रज्ञाप्रतिष्ठानले पुनः फलोअप गर्ने पनि बताउनु भएको थियो । कार्यशालामा कठामाडौँमा रहेका १० रङ्कर्मी र राजधानी बाहिर प्रदेश नं. १ को सुनसरी, खोटाङ, भोजपुर र मोरङ जिल्लाबाट ५ सहित २१ रङ्कर्मीले सहभागिता जनाएका थिए ।

# प्रज्ञा–प्रतिष्ठान १० औँ वर्षमा प्रवेश

काठमाडौँ । यस प्रज्ञा–प्रतिष्ठानले दशौँ वर्ष पूरा गरी ११ औँ वर्षमा प्रवेश गरेको अवसरमा आफ्नै कार्यालय परिसरमा एक औपचारिक कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रम प्रज्ञा–प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)को सभापतित्वमा वैशाख १० गते सम्पन्न भएको थियो । कुलपति रायनले सम्पूर्ण प्रज्ञा–प्रतिष्ठान परिवारलाई सुभकामना तथा बधाइ दिँदै नेपालको सङ्गीत तथा नाट्यको संरक्षण, संवर्द्धन र सर्वाङ्गिण विकासमा प्रज्ञा–प्रतिष्ठान अविछिन्न रूपमा अघि बढिरहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

त्यसैगरी उपकुलपति हरिहर शर्माले प्रज्ञा–प्रतिष्ठानको भौतिक पूर्वाधार स्थापना गर्न व्यवस्थापन पक्ष कटिबद्ध रहेको चर्चा गर्दै कर्मचारी वर्गको क्षमता, इमानदारिता, लगशीलता, सृजनशीलता र नम्रतामा प्रतिष्ठानको दैनिक कार्यसञ्चालन प्रतिविम्बित हुनुपर्ने बताउनुभयो । सदस्यसचिव श्यामप्रकाश तमोटले विभिन्न बाधाव्यवधानका बीच पनि नेपालको सङ्गीत, नाट्य र नृत्य क्षेत्रको समग्र विकासमा एक स्वायत्त र अविच्छिन्न संस्थाको रूपमा प्रज्ञा–प्रतिष्ठानले निरन्तरता पाउने बताउनुभयो । कार्यक्रममा प्रज्ञाप्रतिष्ठानसम्बद्ध कर्मचारी सङ्घका अध्यक्ष हिलारीबन्धु भुजेलले सरकारले सबै प्रज्ञा–प्रतिष्ठानलाई हेर्ने दृष्टि समान हुनुपर्ने बताउनुभयो । कार्यक्रम कर्मचारी सङ्घका सदस्य सार्थक महराले सञ्चालन गर्नु भएको थियो ।

# इटहरीमा प्रदेश नं. १ स्तरीय बहुभाषिक सङ्गीत विचार गोष्ठी एवम् उत्सव




काठमाडौँ । यस प्रज्ञा–प्रतिष्ठानको सङ्गीत विभागले प्रदेश नं १. स्तरीय बहुभाषिक सङ्गीत विचार गोष्ठी र र बुहभाषिक सङ्गीत उत्सवअन्तर्गत २०७६ बैशाख २७ गते विचार गोष्ठी र २८ गते उत्सव आयोजना गऱ्यो ।

सुनसरी जिल्लाको इटहरी उपमहानगर पालिकास्थित किरात राई यायोक्खाको तायारिप्ची बहुउद्धेश्यीय भवनमा आयोजना गरिएको बहुभाषिक सङ्गीत उत्सवलाई प्रमुखअतिथि प्रदेश नं. १ का मुख्यमन्त्री शेरधन राईले उद्घाटन गर्नु भएको थियो । मुख्यमन्त्री राईले प्रदेश नं. १ स्तरीय बहुभाषिक सङ्गीत उत्सव एवम् विचार गोष्ठी आयोजना गरेकोमा सङ्गीत नाट्य प्रज्ञा–प्रतिष्ठानप्रति प्रशंसा गर्नुभयो । भाषा, संस्कृतिको संरक्षण, संवर्द्धन र विकासमा यस प्रकृतिका कार्यक्रमले ऐतिहासिक भूमिका निर्वाह गर्ने बताउनुहुँदै भौतिक विकाससँगै सबै जातजाति, भाषाभाषी, धर्म, संस्कृतिको विकासले मात्र सरकारको 'समृद्ध नेपाल सुखी नेपाली'को नाराले पूर्णता प्राप्त गर्ने स्पष्ट पार्नुभयो ।

१९ वटा भाषाभाषी एवम् संस्कृति समाविष्ट उक्त बहुभाषिक सङ्गीत उत्सवमा राजवंशी, मगर, बान्तवा, आठपहरिया, शेर्पा, छिन्ताङ्गे, धिमाल, सुनुवार, उराव, मुस्लिम, लिम्बु र दुमी भाषाको गीत र खसआर्यको बालन नाच प्रस्तुत गरिए । तेन्हथुमकी कलाकार सिता सिङ्घक र पाँचथरकी कलाकार नुमा नेम्बाङले जातीय पहिरनमा लिम्बु भाषाको गीत गाए भने भोजपुरका लीला राई र मित्रराज राईले बान्तावा भाषाको गीत गाए । खोटाङका सन्तोष दुमीले दुमी भाषाको गीत गाए भने सुनुवार भाषाको गीत पाँचथरका उदय किरात कोइचले । झापाका गायक डिकबहादुर धिमालले धिमाल भाषाको भाषा गीत, धनकुटाका चित्रबहादुर आठपहरिया र सूर्यबहादुर आठपहरियाले आठपहरिया भाषाको गीत सुनाए भने पाँचथरका दालाक्पा शेर्पाले शेर्पा भाषाको गीत गाए । यसै गरी झापाका हरिप्रसाद पौडेलले राजवंशी भाषामा, भोजपुरका कला राई र धनकुटाका सूर्य वालिङले छन्तिाङ्गे राई भाषाको गीत र ज्योतिसमाल मगरले मगर भाषाको गीत गाए । कार्यक्रममा वरिष्ठ सङ्गीतकार शीलाबहादुर मोक्तान, सुधिर चौधरी, पोषण घर्ती, बुद्ध लामा, रूपेश सिंह, मनोहर सुनाम, भरत बूढाथोकीले बाद्यबादन र सङ्गीत संयोजन गर्नु भएको थियो । दिनभर चलेको उत्सवमा प्रमुखअतिथिलाई आयोजकका तर्फबाट कार्यक्रम संयोजक प्रज्ञा-प्रतिष्ठानका सङ्गीत विभाग प्रमुख प्राज्ञ अशोक कुमार राईले रूद्राक्षको माला हस्तान्तरण गर्नु भएको थियो भने प्रमुखअतिथिले सहभागी कलाकारलाई प्रमाणपत्र समेत प्रदान गर्नु भएको थियो ।

कार्यक्रममा विशिष्ट अतिथिका रूपमा प्रज्ञा–प्रतिष्ठानका सदस्यसचिव श्यामप्रकाश तमोट र अतिथिमा वरिष्ठ गायक एल.पी. जोशी, डा. भक्त राई लगायतको उपस्थिति रहेको थियो ।

यसै गरी २७ गते सङ्गीत साधना प्रतिष्ठान, इटहरीको सभा हलमा बहुभाषिक विचार गोष्ठी आयोजना गरिएको थियो । विचारगोष्ठीका प्रमुखअतिथि यस प्रज्ञा–प्रतिष्ठानका सदस्यसचिव श्याम प्रकाश तमोटले सांस्कृतिक चेतनाको उर्वर र समृद्ध भूमि प्रदेश नं. १ को इटहरीबाट शुरू भएको संस्कृति संरक्षणको अभियानलाई प्रज्ञा-प्रतिष्ठानले सात वटै प्रदेशमा पुऱ्याउने कार्यक्रम रहेको पनि जानकारी गराउनु भएको थियो । विचार गोष्ठीलाई प्राज्ञ अशोककुमार राईले लोकप्रिय जनवादी गीत 'गाउँगाउँबाट उठ, बस्ती बस्तीबाट उठ' गीतलाई विभिन्न भाषामा गाउँदै कार्यक्रमको शुभारम्भ गर्नु भएको थियो । प्राज्ञ राईले लोपोन्मुख कला, भाषाभाषी एवम् संस्कृतिका गीतसङ्गीतको जगेर्ना गर्ने उद्धेश्यले कार्यक्रमको आयोजना गरिएको र यस्ता कार्यक्रमले वर्तमान पुस्तामा हराउँदै गएको सांस्कृतिक चेतलाई ब्यूँझाउन सहयोग पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।

वरिष्ठ सङ्गीतकार कुशेश्वर राईले साहित्य सङ्गीत र कलाविहिन समाज जतिसुकै भौतिक सुखसुविधाले पूर्ण रहेता पनि त्यो कहिल्यै समृद्ध नहुने धारणा राख्नुभयो । विचार गोष्ठीमा डा. भक्त राईले सङ्गीत र संस्कृतिबारे एक कार्यपत्र प्रस्तुत गर्दै समाज एवम् राष्ट्रको पहिचानसँग जोडिने लोकसङ्गीतकै आधारमा आधुनिक सङ्गीत उभिएको उल्लेख गर्नुभयो । कार्यपत्रमाथि प्राज्ञ सत्यकला राई, प्राज्ञ शशी लुमुम्बु, शास्त्रीय सङ्गीतका गुरू वरिष्ठ सङ्गीतकार कुशेश्वर राई, सङ्गीतकार पारस मुकारूङ लगायतले टिप्पणी गर्नु भएको थियो । कार्यक्रम सङ्गीत साधना प्रतिष्ठान इटहरी नेपालका अध्यक्ष प्राज्ञ राम धामीको सभापतित्वमा सम्पन्न भएको थियो ।




## बारा निजगढमा बहुजातीय नृत्य प्रदर्शन

काठमाडौँ । प्रदेश नं. २ स्थित बारा जिल्लाको निजगढमा यस प्रज्ञा–प्रतिष्ठानको नृत्य विभागले २०७६ ज्येष्ठ ६ गते निजगढ नगरपालिकास्थित उद्योग वाणिज्य सङ्घको सभाहलमा बहुजातीय नृत्य प्रदर्शन कार्यक्रम सम्पन्न गऱ्यो ।

विविध जातजातिको मौलिक नृत्य संरक्षण, संबर्द्धन एवम् विस्तार गर्न तथा नृत्यमार्फत् स्थानीयबासीबीच सामाजिक तथा सांस्कृतिक सद्भाव कायम गर्न सहयोग पुऱ्याउने मुख्य उद्देश्यका आयोजित उक्त कार्यक्रमलाई निजगढ नगरपालिका मेयर सुरेश कुमार खनालले मादल बजाएर उद्घाटन गर्नु भएको थियो ।

कार्यक्रमका प्रमुखअतिथि खनालले नेपालको भाषिक, सांस्कृतिक, जातीय, क्षेत्रीय, धार्मिक जस्ता विविधतामा खेलेर विद्वेष फैलाउने खोज्ने कतिपय वैदेशिक शक्तिबाट सचेत रहँदै विविधतालाई आन्तरिक शक्तिमा परिणत गरेर समृद्धिको यात्रामा अघि बढ्नुपर्ने बताउनुभयो । विशिष्ट अतिथि निजगढ नगरपालिकाका उपमेयर लीलादेवी लामिछानेले सङ्गीतलाई विकास निर्माणसँगै जोडेर लैजानुपर्ने बताउनुभयो ।

कार्यक्रमको सभाध्यक्षता गर्नु हुँदै यस प्रज्ञा–प्रतिष्ठानका सदस्यसचिव श्यामप्रकाश तमोटले नेपालको सङ्गीत तथा नाट्य क्षेत्रको संरक्षण, संवर्द्धन र विकासका लागि राज्यका तीनै तहका सरकार (केन्द्र, प्रदेश र स्थानीय) सँग सहकार्य, समन्वय गरेर प्रज्ञा– प्रतिष्ठान अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो । प्रज्ञा–प्रतिष्ठानका नृत्य विभाग प्रमुख तथा कार्यक्रम संयोजक प्राज्ञ नमूना शर्माले कर्यक्रममा स्वागत मन्तव्य राख्नु हुँदै बहुभाषिक नृत्यद्वारा राष्ट्रिय एकताको भावना जागृत गर्न, विभिन्न समुदायमा रहेका नृत्य परम्पराको खोज अनुसन्धान गरी त्यसको अभिलेख र संरक्षणमा थोरै भए पनि सघाउ पुगोस् भन्ने कार्यक्रम आयोजना गरेको स्पष्ट पार्नु भएको थियो ।

राष्ट्रिय गीतमा नृत्य गरी शुरू गरिएको यस कार्यक्रममा विभिन्न जातजातिगत संस्कृति झल्कने ९ वटा नृत्य प्रदर्शन भएको थियो । जसमा थारू जातिको लौरी नृत्य, छोक्रा नृत्य, तामाङ जातको डम्फु नृत्य, नेवारी जातिको तान बुन्ने संस्कृतिसँग सम्बन्धित नृत्य, मैथिली, भोजपुरी र झ्याउरे नृत्य रहेका थिए । कार्यक्रमा मधेस प्रदेशका बारा र रौतहट जिल्लामा बसोवास गर्ने विभिन्न जातिका मौलिक नृत्यसँगै वागमती प्रदेशका मकवानपुर र चितवन जिल्लाका तमाङ र थारू जातिको लोक नृत्य प्रस्तुत गरिएका थिए । सहआयोजक युथ अफ निजगढ र सहयोगी संस्था निजगढ नगरपालिका रहेको यस कार्यक्रममा स्थानीय बुद्धिजीवी, विशिष्ट व्यक्तित्व, सरकारी र गैर सरकारी कार्यलयका प्रमुख, प्रधानाध्यपक, वडा अध्यक्ष, कार्यपालिका सदस्य, सुरक्षा निकाय, सञ्चारकर्मीको उल्लेख्य उपस्थिति रहेको थियो । कार्यक्रममा सदस्यसचिव श्यामप्रकाश तमोटले प्रमुखअतिथि निजगढ नगरपालिका मेयर सुरेशकुमार खनाल र विशिष्ट अतिथि लिलादेवी खनाललाई प्रतिष्ठानको तर्फबाट मायाको चिनो हस्तान्तरण गर्नु भएको थियो । त्यस्तै सहआयोजक युथ अफ निजगढ र सहयोगी निजगढ नगरपालिकालाई प्रशंसा पत्र तथा सहभागी सम्पूर्ण कलाकारहरूलाई प्रमाण पत्र प्रदान गरिएको थियो । कार्यक्रममा युथ अफ निजगढका अध्यक्ष सागर तामाङले सबै सहयोगीहरूलाई धन्यवाद दिनु भएको थियो । कार्यक्रमको सञ्चालन मनिता पाण्डे र भाइकाजी श्रेष्ठले गर्नु भएको थियो ।

## दिवङ्गत मन्त्री अधिकारीको श्रद्धाञ्जली कार्यक्रम

काठमाडौँ । २०७५ फागुन १५ गते ताप्लेजुङको पाथीभरा मन्दिरनजिकै तारेभिरमा भएको हेलिकप्टर दुर्घटनामा असामयिक निधन भएका माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री रवीन्द्र अधिकारीको श्रद्धाञ्जली सभा कार्यक्रम २०७५ चैत १२ गते नेपाल प्रज्ञा-प्रतिष्ठानमा सम्पन्न भयो । उक्त श्रद्धाञ्जली सभामा यस प्रज्ञा-प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले मन्त्री अधिकारी आफैँ बाटो बनाएर हिँड्ने नेता भएको बताउनुभयो । प्रज्ञा–प्रतिष्ठानका संरक्षकसमेत रहेका मन्त्रीको स्मरण गर्दै कुलपति रायनले सधैँ उत्प्रेरणा दिएर प्रेरित गर्ने असल संरक्षक मन्त्री अधिकारी काम गरेर देखाउनुपर्छ भनेर सधैँ चिन्ता गरिरहने व्यक्तिको भएको स्मरण गर्दै शोकलाई शक्तिमा बदलेर अगाडि बढ्न परिवारका सदस्यहरूलाई आग्रह गर्नु भएको थियो ।

# चितवन रत्ननगरमा बहुभाषिक लोकगीत उत्सव




काठमाडौँ । नयाँ पुस्तामा विभिन्न जातजातिको मातृभाषा, भेषभुषा, लोकसङ्गीत तथा लोकसंस्कृतिको संरक्षण, संवर्द्धनको भावना जागृत गर्ने र आपसी सामाजिक सद्भाव प्रगाढ पार्ने उद्देश्यका साथ यस प्रज्ञा–प्रतिष्ठानको लोकनृत्य विभागले प्रदेश न. ३ को चितवन रत्ननगर टाँडीस्थित गङ्गोत्री हलमा २०७६ ज्येष्ठ १० गते बहुभाषिक लोकगीत उत्सव सम्पन्न गर्‍यो ।

उक्त एक दिने बृहत् उत्सवलाई प्रदेश नं ३ का संस्कृति, पर्यटन तथा वन मन्त्री अरूण नेपालले पानसमा बत्ती बालेर उद्घाटन गर्नु भएको थियो । कार्यक्रमका प्रमुखअतिथि नेपालले बहुभाषा, बहुजाति, बहुसंस्कृति र यससँग सम्बन्धित गीत, नृत्यको विविधता नै हाम्रो राष्ट्रिय पहिचान रहेकोले त्यसको संरक्षण, संवर्द्धन र विकासमा यस्ता उत्सवले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

स्थानीयदेखि राष्ट्रिय ख्याति प्राप्त कलाकारको सहभागिता रहेको उत्सवमा प्रदेश नं. ३ का सांसदहरू कृष्ण खनाल र कञ्चन खनाल तथा रत्ननगर नगरपालिका उपप्रमुख विमला दुवाडी, यस प्रज्ञा–प्रतिष्ठानका प्राज्ञसदस्य प्रजापति पराजुली, वरिष्ठ गायक अमर विरही गुरूङ र मिलन लामाले उत्सव सफलताको शुभकामना दिनुभयो । यस प्रज्ञा– प्रतिष्ठानकी लोकगीत तथा नृत्य विभागप्रमुख प्राज्ञपरिषद् सदस्य हरिदेवी कोइरालाले आयोजकको तर्फबाट स्वागत गर्दै आधुनिकताको नाममा नेपाली लोक गीतसङ्गीतको मौलिकतामाथि परेको असरलाई यस्ता उत्सवले केही मात्रमा भए पनि चिर्नसक्ने अपेक्षा गर्नुभयो ।

राष्ट्रिय लोकदोहोरी प्रतिष्ठान, चितवन र भजन लोकचुड्का संरक्षण समिति सहआयोजक र रत्ननगर नगरपालिका सहयोगी संस्थाको रूपमा रहेको यस उत्सवमा प्रदेश नं ३ का विभिन्न जिल्लामा रहेका विभिन्न जातजातिले आफ्नो लोकसङ्गीत प्रस्तुत गरेका थिए । जसमा अल्पसङ्ख्यक समुदाय बोटे, चेपाङ, मुसहर, बोटे, गुरूङ, मगर, नेवार, दराई, माझी, खस- आर्य र तामाङ जातिसँग सम्बन्धित लोकगीत समूह र परम्परागत बाद्यबादन समुहको पन्ध्रवटा साङ्गीतिक प्रस्तुति रहेको थियो ।

कार्यक्रममा प्रस्तुति सकिनेबित्तिकै कलाकार टोलीलाई प्रमुखअतिथि, प्रज्ञाप्रतिष्ठानका सदस्यसचिव श्यामप्रकाश तमोट, कार्यक्रम संयोजक प्राज्ञ कोइरालाबाट प्रमाणपत्र प्रदान गरिएको थियो । प्रमुखअतिथि, विशिष्ट अतिथि र अन्य सहयोगी सङ्घसंस्थालाई प्रज्ञा–प्रतिष्ठानका सदस्यसचिव र कार्यक्रमसंयोजकबाट मायाको चिनो र कदर पत्र हस्तान्तरण गरिएको थियो ।

कार्यक्रमकै दौरान वागमती प्रदेशका वरिष्ठ लोकगीत गायक अमर बिरही गुरूङ र प्रशिद्ध युवा संस्कृतिकर्मी मिलन लामालाई सम्मान समेत गरिएको थियो । कलाकार गुरूङ र लामालाई प्रमुखअतिथि प्रदेश नं. ३ का संस्कृति, पर्यटन तथा वन मन्त्री अरून नेपालले प्रज्ञाप्रतिष्ठानको तर्फबाट कदर–पत्र प्रदान गर्नु भएको थियो ।

कार्यक्रमको भोलिपल्ट वरिष्ठ लोक संस्कृतिकर्मी अमर विरही गुरूङ, चेपाङ संस्कृतिका जानकार व्यक्तित्व केपी किरण शर्मा र अग्रज लेखक साहित्यकार, गीतकार प्रेम विनोद नन्दनको समग्र व्यक्तित्व र कृतित्व झल्कने बायोग्राफीको समेत छायाङ्कन गरिएको थियो ।

# स्रष्टाबारे लघु श्रव्यदृश्य सामग्री निर्माण शुरू

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानले आ.व. २०७५/७६ को स्वकृत वार्षिक बजेटअन्तर्गत अग्रज श्रष्टाहरूको जीवनी र विचार समेटिएको लघु श्रव्यदृश्य सामग्री तयार गरी अफिसियिल वेभ साइटमा अपलोड गर्ने कार्यको थालनी गऱ्यो । प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव श्यामप्रकाश तमोटका अनुसार राष्ट्रको विभिन्न स्थानमा रहेर नेपालको सङ्गीत, नाट्य तथा नृत्य विधामा साधनारत स्रष्टाहरूको योगदानको उचित संरक्षण गर्न यस कार्यको थालनी गरिएको हो ।

यसको प्रारम्भिक चरणमा नाट्य तथा गीत लेखनमा सक्रिय वरिष्ठ श्रष्टा प्रेमविनोद नन्दनदेखि धिमाल जातिको गीतसङ्गीतका विज्ञ गणेशमान धिमाल गरी १२ जना श्रष्टा समेटिए ।

यी स्रव्यदृश्यमा स्रष्टाहरूले आफ्नो विधामा स्थापित हुनलाई विगत्मा गर्नु परेको रोमाञ्चक सङ्घर्षका कथा, समकालीन प्रवृत्ति, राज्यको दायित्व र स्रष्टाले खेल्नुपर्ने भूमिकाबारे खुलेर आफ्ना कुरा राखेका छन् । यस्ता श्रव्यदृश्यहरू दमकमा रहेर साधनारत वरिष्ठ लोकगायक तथा लोकगीत सङ्कलक एलपी जोशी, विराटनगरमा रहेर साधनारत वरिष्ठ शास्त्रीय सङ्गीत साधक कुशेश्वर राई, चितवनका वरिष्ठ लोकदोहोरी गायक अमरविरही गुरूङ, झापा, बिर्तामोडमा रहेर सक्रिय गीतकार शिवशङ्कर थापा र जनवादी गायक चन्द्र भण्डारी, हेटौँडामा रहेर सक्रिय गायक तथा सङ्गीत गुरू प्रेमचन्द्र महर्जन र आजीवन सङ्गीतमा लागेर पनि गुमनाम कलाकार सोमबहादुर लामाबारे पनि लघु श्रव्यदृश्य निर्माण भए । त्यसै गरी सुनसरी इटहरीमा सक्रिय सङ्गीतकर्मी राम धामी र राजु केसीबारे पनि लघु श्रव्यदृश्य निर्माण भए ।

यस कार्यका लागि प्रज्ञा-प्रतिष्ठानका कर्मचारी सार्थक महरा, हिलारीबन्धु भुजेल र सदस्यसचिव तमोटले सहजीकरण गर्नु भएको थियो ।

# लोक नाट्य उत्सवमा दुई वटा लोकनाटक प्रदर्शन

यस प्रज्ञा–प्रतिष्ठानको रङ्गमञ्च विभागको आयोजनामा राजधानीको कालिकास्थानस्थित सर्वनाम थिएटरमा २०७६ जेठ २४ र २५ गते दुई दिने लोकनाटक उत्सव सम्पन्न भयो ।

उत्सवको पहिलो दिन केदार पौडेलको लेखन र कपिल शर्माको निर्देशन रहेको 'घेरो' नाटक मञ्चन गरियो भने दोस्रो दिन थारू भाषाको नेपाली नाटक 'हित्वा' मञ्चन भयो

अन्धविश्वासले समाज कुन तहमा ग्रसित छ भन्ने विषय उठान गरिएको घेरो नाटकलाई युथ क्रिएसन पोखराले प्रस्तुत गरेको हो । कास्कीको सल्यानमा गाइने बालन शैलीको भजनमार्फत् कथा वाचन गरिएको यस नाटकमा केदारनाथ पौडेल, लक्ष्मण डुम्रे शर्मिला बस्नेत, सञ्जय न्यौपाने 'प्राञ्जल', रामहरि अधिकारी, ममता मञ्जुल, अन्जना पौडेल, मधुसुदन पौडेल, ताराखर पौडेल र विनोद पौडेलको अभिनय रहेको थियो ।

समाजको पिँधमा शोषितदमित अवस्थामा रहेको वर्गले एक दिन शक्तिशाली भएर आफूमाथि शोषणदमन गर्ने राक्षसी प्रणालीसँग बदला लिएरै छोड्ने सन्देश बोक्ने 'हित्वा' नाटकलाई सैडान नाट्य समूह, बर्दिया राजापुरले प्रस्तुत गरेको हो । थारू समुदायमा अत्यन्त लोकप्रिय लोककथा 'बट्कोही'लाई नाट्य रूपान्तरण गरी तयार गरिएको यस नाटकमा सुशील चौधरीले लेखन र झकेन बिसीको निर्देशन रहेको थियो । यस नाटकमा निरजकुमार चौधरी, दिपक सिंह चौधरी, शिवानी चौधरी, रमेशकुमार चौधरी, उषा चौधरी, पारू थारू, मुस्कान थारू, हिरा चौधरी, संगीता चौधरी, विमल चौधरी, गीता चौधरी, रूपक थारू, चन्द्रप्रसाद चौधरी, मञ्जुकुमारी डगौरा, रघुराम थारू,



गंगाकुमारी चौधरी र गीत चौधरीको अभिनय रहेको थियो ।

कार्यक्रममा लोकनाट्य उत्सवमा सहभागी नाटक र कलाकार हरूलाई प्रज्ञा–प्रतिष्ठानको तर्फबाट प्रमाणपत्र समेत प्रदान गरिएको थियो । प्रज्ञा–प्रतिष्ठानका रङ्गमञ्च विभाग प्रमुख प्राज्ञपरिषद् सदस्य निशा शर्मा पोखरेलले लोकनाट्यको संरक्षण र त्यसलाई आधुनिक रङ्गमञ्चमा संवर्द्धन गर्ने उद्देश्यले यस्ता महोत्सव आयोजना गरिँदै आएको बताउनु भएको थियो ।

# तीन हप्ते नाट्य प्रशिक्षण सम्पन्न

काठमाडौँ । यस प्रज्ञा–प्रतिष्ठानको रङ्गमञ्च विभागल आ.व. २०७५/७६ को स्वीकृत वार्षिक बजेटअन्तर्गत युवाहरूलाई नाटक र रङ्गमञ्च कर्ममा आकृष्ट गर्ने उद्देश्यले कलाकार प्रशिक्षण, नाटक निर्माण र प्रदर्शनी कार्यक्रम सम्पन्न गऱ्यो । २०७६ साल वैशाख २५ गतेदेखि जेठ २१ गतेसम्म ललितपुर ग्वार्कोस्थित इन्टरनेशनल मार्सल आर्ट एकेडेमीमा सञ्चालन गरिएको उक्त प्रशिक्षण प्रज्ञा–प्रतिष्ठानकी प्राज्ञपरिषद् सदस्य तथा रङ्गमञ्च विभाग प्रमुख निशा शर्मा पोखरेलले संयोजन गर्नु भएको हो । मुख्य प्रशिक्षक नाट्यकर्मी सुलक्षण भारती र सहायक प्रशिक्षक कुन्दन चौधरीबाट प्रशिक्षणमा २० जना युवा रङ्गकर्मीहरू प्रशिक्षित भए । अभिनय, नाटक निर्माण र मञ्च साजसज्जासम्बन्धी प्रशिक्षण लिएका प्रशिक्षार्थीले निर्माण र अभिनय गरेको नाटक समेत प्रदर्शन गरियो । यस कार्यशालामा काठमाडौं



उपत्यकामा रहेका विभिन्न थियटरमा काम गरिरहेका कलाकारलाई सहभागी गराइएको थियो । जस अर्न्तगत ज्ञ थिएटर, थिएटर मल, पुरानो घर थिएटर र स्वतन्त्र रूपमा रङ्गमञ्चमा लागेकासहभागी थिए ।

२५ दिने उक्त प्रशिक्षणपश्चात् तयार भएको नाटक "तीनकुने" लाई जेठ २१ गतेका दिन साँझ ५:३० बजे कालिकास्थान स्थित सर्वनाम थिएटरमा प्रदर्शन गरिएको थियो । कथाकार पोषण पाण्डेको कथा 'भिनाजुको स्विटर', रमेश विकलको 'एउटी अवकाश प्राप्त वेश्याको आत्महत्या' र बियस राईको 'चम्पाको नाम'का यी तीन फरक कथालाई एकै कथामा नाट्य रूपान्तरण र निर्देशन गरी मञ्चन गरिएको थियो । मुख्य प्रशिक्षक सुलक्षण भारतीको नाट्य रूपान्तरण र निर्देशन तथा प्रशिक्षणमा सहभागी कलाकार हरूको जीवन्त अभिनय रहेको करिब एक घण्टा ३० मिनेट समयावधिको यस नाटकले तीन फरक–फरक कथालाई एकै मञ्चमा प्रस्तुत गरेको थियो । नाटक मञ्चनपश्चात् कार्यक्रममा प्रतिष्ठानका उपकुलपति हरिहर शर्माले प्रमाण पत्र वितरण समारोहमा बोल्दै प्रतिष्ठानले अगामी दिनहरूमा अझै रचनात्मक कार्यहरू गर्ने भन्दै उपस्थित दर्शकहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो । साथै प्रतिष्ठानकी प्राज्ञ तथा नाट्य विभाग प्रमुख निशा शर्मा पोखरेलले प्रतिष्ठानले प्रशिक्षार्थी एवम् कलाकारहरूलाई प्रमाणपत्र वितरण गर्नु हुँदै नयाँ कामहरूबाट दर्शक तथा रङ्गकर्मीहरूले दिएको साथले ऊर्जा मिलेको बताउनुभयो ।

# एक महिना स्टाफ नोटेसन तालिम

काठमाडौँ । यस प्रज्ञा–प्रतिष्ठानको सहकार्यमा सङ्गीत साधना प्रतिष्ठान इटहरीले २०७६ जेठ ११ गतेदेखि आषाढ १२ गतेसम्म एक महिना स्टाफ नोटेसन तालिम सम्पन्न गऱ्यो । तालिमलाई जेठ ११ गते प्रज्ञा–प्रतिष्ठानका सदस्यसचिव श्यामप्रकाश तमोटले उद्घाटन गर्नु भएको थियो । सदस्यसचिव तमोटले सङ्गीत तथा नाट्य सङ्गीतको वर्णमालाको रूपमा लिइने स्टाफ नोटेसनको लेख्य परम्परा नेपाली सङ्गीतमा हुनुपर्ने र त्यसका लागि यस्ता तालिमले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा प्राध्यापक बद्रीविशाल पोखरेल, सङ्गीत साधना प्रतिष्ठानका अध्यक्ष राम धामी लगायतको पनि उपस्थिति रहेको थियो । एक महिनासम्म चलेको तालिममा विशेष गरी प्रदेश नं. १ अन्तर्गत विराटनगर, इटहरी, धरान, बेलबारी, दमक, झुम्का लगायतका विभिन्न क्षेत्रका सङ्गीतमा चासो राख्ने ४५ जना सङ्गीतकर्मीले सहभागिता जनाएका थिए । तालिम विहान र दिउँसो गरी दुई सिफ्टमा सञ्चालन गरिएको थियो । यस तालिमले पूर्वी नेपालका सङ्गीतकर्मीको ज्ञान तिखार्न सहयोग पुऱ्याएको सङ्गीत साधना प्रतिष्ठानका महासचिव राजु केसीले दाबी गरे ।

आषाढ १२ गते एक औपचारिक कार्यक्रम आयोजना गरी समापन गरिएको एक महिने लामो स्टाफ नोटेसन तालिमको प्रमुखअतिथि यस प्रज्ञा–प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले तालिममा सहभागीलाई प्रमाणपत्र वितरण गर्नु भएको थियो । कुलपति रायनले सफलतापूर्वक तालिम सञ्चालन गरेकोमा सङ्गीत साधना प्रतिष्ठानलाई धन्यावाद् दिनु हुँदै तालिममा सहभागी सङ्गीतकर्मीलाई शुभकामना समेत दिनु भएको थियो । कार्यक्रम सङ्गीत साधना प्रतिष्ठान इटहरीका अध्यक्ष राम धामीको अध्यक्षतामा सम्पन्न भएको थियो ।



# राष्ट्रिय नाटक महोत्सव-२०७६ सम्पन्न

यस प्रज्ञा–प्रतिष्ठानको रङ्गमञ्च विभागले नेपाली नाट्य र रङ्गमञ्चको सर्वाङ्गिण विकासका लागि सालैपिच्छे आयोजना गर्दै आएको राष्ट्रिय नाटक महोत्सव यस वर्ष असार २ गतेदेखि ८ गतेसम्म सर्वनाम थिएटर, कालिकास्थान काठमाडौंमा नाममा सम्पन्न गऱ्यो ।

'राष्ट्रिय नाटक महोत्सव-२०७६लाई औपचारिक रूपमा असार २ गते सोमबारका दिन बेलुका ५ बजे भव्यताका साथ उद्‌घाटन गरिएको थियो । शिब ताण्डव गीतसहित सुरू भएको महोत्सवलाई यस प्रज्ञा–प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन) र वरिष्ठ कवि तथा संस्कृतविद तुलसी दिवशले संयुक्त रूपमा पालामा दियो बालेर उद्‌घाटन गर्नु भएको थियो । उद्‌घाटन समारोहलाई सम्बोधन गर्नु हुँदै कुलपति रायनले एक हप्तासम्म आयोजना हुने नाटक महोत्सवले नाट्य क्षेत्रको विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । वरिष्ठ संस्कृतिविद् तुलसी दिवसले प्रज्ञा–प्रतिष्ठानहरू प्राज्ञहरूको भीड जम्मा गर्ने थलो मात्र भएको बेला नेपाल सङ्गीत नाट्य प्रज्ञा–प्रतिष्ठानले यस खालको रचनात्मक कार्य गर्नुले प्रतिष्ठान भविष्यको रेखा स्पष्ट पारेको बताउँदै आगामी कार्यक्रमको लागि शुभकामना दिनु भएको थियो ।

कार्यक्रममा प्रज्ञा–प्रतिष्ठानका उपकुलपति हरिहर शर्मा, सदस्यसचिव श्यामप्रकाश तमोट, प्राज्ञ परिषद् सदस्यहरू लगायतका २ सय जना रङ्गकर्मीहरूको उपस्थिति रहेको थियो ।

### सात वटा नाटक मञ्चन

यस वर्षको महोत्सवमा नेपालका विभिन्न जात, जाति, भाषाभाषी, धर्म, सम्प्रदायका सकेसम्म ७ वटै प्रदेशलाई समेट्ने गरी ७ वटा परम्परागत, लोक र आधुनिक नाटकहरु प्रस्तुत गरिए ।





उद्‌घाटनको दिन कर्णाली प्रदेशको कर्णाली थिएटर, मुगुको प्रस्तुति रहेको 'पम्पा फूल' नाटक प्रस्तुत गरिएको थियो । कर्णाली प्रदेशमा प्रचलित दाइजोसम्बन्धी लोककथालाई नाट्य रूपान्तरण गरिएको यस नाटकलाई हिरा बिजुलीले निर्देशन गर्नु भएको हो । महोत्सवको दोश्रो दिन असार ३ गते बेलुका प्रदेश नं. १ को कलालय इटहरीको प्रस्तुति रहेको 'ईश्वरलाई चिठी' नाटक प्रर्दशन गरिएको थियो । एक गरिब किसानलाई खडेरी परेपछि ईश्वरलाई चिठी लेख्नुपर्ने बाध्यतामा पुग्ने भाव बोकेको यस नाटकलाई प्रज्ज्वल पराजुलीले निर्देशन गर्नु भएको हो ।

महोत्सवको तेस्रो दिन असार ४ गते गण्डकी प्रदेशका लागि मगर अध्ययन केन्द्र, स्याङ्जाको प्रस्तुतिमा मगर भाषाको जीवैमामा लोकगीति नाटक प्रस्तुत गरिएको थियो । भीम मास्कीको निर्देशन रहेको यस गीतिनाटकमा मामाचेला विवाह गर्ने मगर समुदायको कथालाई गीत र नृत्यमार्फत् प्रस्तुत गरियो । त्यसै गरी क्षितिज नाट्य समूह, फिदिम, पाँचथरका कलाकारले महोत्सवको चौंथो दिन असार ५ गते 'घरभित्रको अर्को घर' नाटक प्रदर्शन गरे । पाँचौं दिन प्रदेश नं. ३, तरङ्ग सांस्कृतिक परिषद् हेटौंडाले ' अमरसिंहको खोजीमा' नाटक प्रस्तुत गरेको थियो । नेपाली गौरवगाथाका अमर नायक अमरसिंहको खोजी गरिएको यस नाटकलाई तुल्सी थापाले लेखन गर्नु भएको हो भने निर्देशन उज्ज्वल शर्मा भण्डारीले गर्नु भएको हो । महोत्सवको छैटौं दिन रङ्कला, गोरखाबाट 'विकास भर्सेस निकास' नाटक प्रस्तुत गरियो । महोत्सवको अन्तिम नाटक थियो, प्रदेश नं. २ बाट विराट मैथिल कला परिषद्को प्रस्तुति रहेको 'मिता आब कोना चलब' नाटक । जातीय द्वन्द्वले एक पहाडी र एक मधेसीबीचको मितेरी सम्बन्धमा आएको फाटोलाई देखाएको यस नाटकलाई युवा कलाकार रामभजन कामतले लेखन तथा निर्देशन गर्नु भएको हो । प्रत्येक दिन नाटक प्रदर्शनसँगै प्रज्ञा–प्रतिष्ठानको तर्फबाट कलाकारलाई प्रमाण पत्र र मायाको चिनो प्रदान गरिएको थियो ।

राष्ट्रिय नाटक महोत्सव–२०७६ का संयोजक तथा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठान रङ्गमञ्च विभाग प्रमुख प्राज्ञ निशा शर्मा पोखरेलले यस वर्षको राष्ट्रिय नाटक महोत्सव स्थानीय भाषा, मौलिक संस्कृति र स्थानीयस्तरमा काम गर्ने कलाकारको नाट्य कौशल हेर्न र अवसर आदानप्रदान गर्न सफल भएको बताउनु भएको थियो ।

# शास्त्रीय सङ्गीत उत्सव सम्पन्न

काठमाडौं । अन्तर्राष्ट्रिय सङ्गीत दिवस–२०१९ को अवसर पारेर यस प्रज्ञा–प्रतिष्ठान, परम्परागत तथा शास्त्रीय सङ्गीत विभागको तत्त्वावधानमा २०७६ असार ५ र ६ गते गरी दिन दुई दिने शास्त्रीय सङ्गीत उत्सवको आयोजना भयो । उत्सवअन्तर्गत पहिलो दिन असार ५ गते काठमाडौँ, कमलादीस्थित रूसी सांस्कृतिक केन्द्रमा देश-विदेशका चर्चित शास्त्रीय सङ्गीतज्ञहरूद्धारा शास्त्रीय गायन, वाद्यवादन तथा नृत्य प्रस्तुत गरिएको थियो ।

प्रज्ञा–प्रतिष्ठानको परम्परागत तथा शास्त्रीय सङ्गीत विभागका प्रमुख प्राज्ञ धीरेन्द्र प्रेमर्षिको अध्यक्षतामा भएको उक्त कार्यक्रमका प्रमुखअतिथि प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले डमरु बजाएर उत्सवको उद्‌घाटन गर्नुभएको थियो । पूर्वीय सांस्कृतिक मान्यताअनुसार भगवान् शिवको डमरूबाट सङ्गीतको उत्पत्ति भएको भन्ने मान्यताका आधारमा उद्‌घाटनको यो शैली विशेष प्रतीकात्मक र रोचक बन्न पुगेको थियो ।

ऽगायन वाद्यवादन र नृत्यका गरी जम्मा तेह्र वटा प्रस्तुति भएको सो कार्यक्रममा नेपालको शास्त्रीय सङ्गीत फाँटका नवोदितदेखि स्थापितसम्मका कलाकारहरूले आ-आफ्नो नृत्य, गायन तथा वाद्यवादन प्रस्तुत गरेका थिए । कार्यक्रममा भारत दरभङ्गाबाट आएका प्रसिद्ध कलाकार डा. विपिन मिश्रले शङ्ख र डमरूका साथ सुरमण्डल अनि इयालीसमेत आफैले बजाउँदै स्त्रोत्र गायन प्रस्तुत गरे । शास्त्रीय सङ्गीतका विशिष्ट साधक तथा शिक्षक गुरूदेव कामतले आफ्ना शिष्यहरूका साथ राग दरबारी प्रस्तुत गरे भने सितारवादक डा. ध्रुवेशचन्द्र रेग्मीले सुकर्म समूहका सदस्यहरूका साथ राग भीममा वाद्यवादन



गरे ।

यसै गरी धनबहादुर गोपाली, सङ्गीता प्रधान, ज्ञानुराधा गोर्खाली, विकासनाथ योगी, सुरेशराज बज्राचार्य, सन्तोषभक्त श्रेष्ठ, मिलन तण्डुकार र मिलेश तण्डुकार, अतुल स्मृति गुरूकुलका सदस्यहरु परशुराम पौडेल, अनन्त प्रजापति, मधुसूदन गैरापिप्ली, रामकुमार अर्याल, डा. निरञ्जन भण्डारी, रविनदास श्रेष्ठ, श्री केसीलेराग मियाँ, जीवन आले, सरिता मिश्र, सुजाता वर्मा, जोनिशा पौडेल, नवराज सापकोटा र धनराज तामाङले आ-आफ्नो प्रस्तुति दिनु भएको थियो । कार्यक्रमको सञ्चालन शास्त्रीय गायनमै विद्यावारिधि गरेका डा. सीता थापा र कार्यक्रममा भारत दरभङ्गाबाट आएका प्रसिद्ध कलाकार डा. विपिन मिश्रले शङ्ख र डमरूका साथ सुरमण्डल अनि इयालीसमेत आफैले बजाउँदै स्त्रोत्र गायन प्रस्तुत गरेका थिए । कार्यक्रमको समापन सुजाता बरालको कथक नृत्यबाट भएको थियो । पाँच घन्टासम्म चलेको कार्यक्रमलाई समापन गर्नु हुँदै कुलपति रायनले सम्बद्ध क्षेत्रका विशेषज्ञ र साधकहरूसँगकै समन्वय र सहकार्यमा प्रतिष्ठानले आफ्ना क्रियाकलापलाई अगाडि बढाउने बताउनुभयो ।

सो अवसरमा प्राज्ञ धीरेन्द्र प्रेमर्षिले शास्त्रीय सङ्गीत समग्र सङ्गीतको आधार एवम् संस्कार हो भन्दै यसको विकासले नै सिङ्गो सङ्गीत जगत्‌को सम्मान र उत्थान हुने बताउनुभयो । कार्यक्रममा समापनमा नेपाली साङ्गीतिक फाँटका आदर्श जोडी रामेश–रायनबाट कलाकार हरूलाई स्नेहोपहार तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।

उत्सवअन्तर्गत दोस्रो दिन नेपाल प्रज्ञा–प्रतिष्ठानको देवकोटा सभाकक्षमा आयोजना भएको विचार गोष्ठीमा सहभागी शास्त्रीय सङ्गीत स्रष्टा–साधकहरूले यस दुई दिने शास्त्रीय सङ्गीत उत्सवको आयोजनाबाट नेपालको शास्त्रीय सङ्गीत फाँटमा नौलो र विशिष्ट ऊर्जाको सञ्चार भएको धारणा व्यक्त गरे ।

विचारगोष्ठीमा डा. ध्रुवेशचन्द्र रेग्मीले नेपालमा शास्त्रीय सङ्गीतको सम्भावना र चुनौती तथा श्री केसीले शास्त्रीय सङ्गीतका गायन शैलीहरु विषयक कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यपत्रहरूमाक्रमशः डा. रमेश पोखरेल तथा प्राज्ञ शकुन्तला प्रधानको टिप्पणी रहेको थियो भने प्रख्यात् ध्रुपद् गायक विष्णु आचार्य, वदन मण्डल, डा. सीता थापा, मनोहर महतो, कुन्दन पाठक, सन्तोषभक्त श्रेष्ठ, परशुराम पोखरेललगायतका व्यक्तित्वले आ–आफ्नो धारणा राखेका थिए ।

कार्यक्रमका प्रमुखअतिथि प्रतिष्ठानका उपकुलपति हरिहर शर्माले कार्यक्रममा उच्चस्तरका कार्यपत्र, टिप्पणी र विचारहरु प्रकट भएको उल्लेख गर्दै नेपाली सङ्गीत जगत्‌माथि प्राज्ञिक व्यक्तित्व र क्रियाकलापहरूको अभाव रहेको भनी बेलाबेला लाग्ने गरेको आरोपलाई यस विचार गोष्ठीले पूर्णतः निराधार प्रमाणित गरिदिएको बताउनुभयो ।

विचारगोष्ठीको अध्यक्ष प्रज्ञा-प्रतिष्ठानका परम्परागत तथा शास्त्रीय सङ्गीत विभाग प्रमुख प्राज्ञ धीरेन्द्र प्रेमर्षिले शास्त्रीय सङ्गीत क्षेत्रको विकासका लागि पुराना साधकहरूलाई सम्मान तथा नयाँ प्रतिभाहरूलाई पनि स्थान दिँदै अध्ययन र प्रस्तुतीकरणका साथै आवश्यक अन्य कदम उठाइने कुरा बताउनुभयो ।

# धनगढीमा पहिलोपल्ट राष्ट्रिय सङ्गीत महोत्सव

काठमाडौँ । अन्तर्राष्ट्रिय सङ्गीत दिवसको अवसर पारेर नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा– प्रतिष्ठानको सङ्गीत विभागले सुदूर पश्चिम प्रदेशमा राष्ट्रिय सङ्गीत महोत्सव–२०७६ भव्य रूपमा सम्पन्न गर्‍यो । २०७६ साल असार ६ र ७ गते दुई दिन कैलाली जिल्लाको सदरमुकाम धनगढीमा आयोजना गरिएको उक्त महोत्सवमा स्थानीयसँगै राष्ट्रिय स्तरका कलाकारको सानदार प्रस्तुति रहेको थियो ।




स्थानीय ओम प्यालेसमा आयोजित महोत्सवलाई सुदूर पश्चिमाञ्चल प्रदेशका सामाजिक विकास मन्त्री कृष्णराज सुवेदीले उद्घाटन गर्नु भएको थियो ।

प्रमुखअतिथि सुवेदीले राष्ट्रिय सङ्गीत महोत्सव आयोजना गरेकोमा प्रज्ञा–प्रतिष्ठानप्रति खुशी प्रकट गर्दै सुदूर पश्चिम प्रदेशले बृहत् देउडा महोत्सव आयोजना गर्न लागेको जानकारी समेत दिनुभयो ।

कार्यक्रमका विशिष्ट अतिथि यस प्रज्ञा–प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले सङ्गीत-नाटकका माध्यमबाट समग्र नेपाली संस्कृतिको विकासका लागि प्रज्ञा–प्रतिष्ठान लागिपरेको बताउनुभयो । महोत्सवलाई अध्यक्षता गर्नु हुँदै यस प्रज्ञा–प्रतिष्ठानका सङ्गीत विभाग प्रमुख प्राज्ञपरिषद् सदस्य अशोककुमार राईले सुदूरपश्चिम प्रदेशका कलाकारको प्रतिभा विकासमा टेवा पुगोस् भनी महोत्सव आयोजना गरिएको स्पष्ट पार्नु भएको थियो ।

कार्यक्रममा धनगढी उपमहानगर पालिकाका प्रमुख नृप ओड, सुदूर पश्चिम प्रदेश सभा सदस्य पूर्णा जोशी, राष्ट्रिय जनसांस्कृतिक महासङ्घका अध्यक्ष खगेन्द्र राई, सांस्कृतिक संस्थानका महाप्रबन्धक राजेश थापा, यस प्रज्ञा–प्रतिष्ठानकी प्राज्ञ सभासदस्य चाँदनी मल्ल लगायत अतिथि हुनुहुन्थ्यो ।

स्थानीयदेखि राष्ट्रियस्तरसम्मका कलाकारको प्रस्तुति रहेको महोत्सवमा सुदूर पश्चिम प्रदेशका कलाकार ध्वज महरा, बागिना कला केन्द्र, धनगढीको नृत्य एवम् सुदूर पश्चिम प्रदेशका कलाकार मञ्जु महत, सङ्गीता चौधरी, निरज बि.क. र जीवन बडुको गायन र अभिषेक चौधरी समूहको सामूहिक नृत्य प्रस्तुत गरियो । यसै गरी प्रदेश नम्बर दुईका विश्वनाथ झा र गण्डकी प्रदेशका सन्तोष बस्याल, प्रदेश नम्बर तीनका गायिका लक्ष्मी गुरूङ, विपिन घिमिरे र आकाश थापा र प्रदेश नम्बर एकबाट सञ्जय तुम्रोकले आफ्नो गायन प्रस्तुत गर्नुभयो । महोत्सवमा सांस्कृतिक संस्थानको हरिप्रसाद खतिवडाको बाँसुरी वादनले रौनकता थप्यो भने अग्रज गायिका लोचन भट्टराई, जनगायक जीवन शर्मा र यस प्रज्ञा-प्रतिष्ठानकी प्राज्ञसभासदस्यको प्रस्तुति विशेष रह्यो ।

भुवन रिजालले उद्घोषणमा सम्पन्न भएको कार्यक्रमको सहआयोजक सुप इन्टरिमेन्टल हाउस प्रालि, धनगढी रहेको थियो ।

## विचार गोष्ठी सम्पन्न

राष्ट्रिय सङ्गीत महोत्सव–२०७६ को दोस्रो दिन स्थानीय टेम्पल रिसोर्टको सभाकक्षमा विचार गोष्ठीको आयोजना गरियो । यस प्रज्ञा–प्रतिष्ठानका पूर्व प्राज्ञ सभासदस्य नरेन्द्रराज रेग्मीले अध्यक्षता गर्नु भएको विचारगोष्ठीको प्रमुखअतिथि राष्ट्रिय जनसांस्कृतिक महासङ्घका संयोजक खगेन्द्र राई हुनुहुन्थ्यो । प्रमुखअतिथि राईले लेखक साहित्यकारको तुलनामा कला–सङ्गीत क्षेत्रका प्रतिभाको विकासका लागि राज्य र समाजले कम ध्यान दिएको बताउनुभयो ।

यस प्रज्ञा–प्रतिष्ठानका सङ्गीत विभाग प्रमुख प्राज्ञपरिषद् सदस्य अशोक कुमार राईले नेपालको सङ्गीत र नाट्यको इतिहासको खोजी र वर्तमानको विश्लेषणतर्फ प्रज्ञा–प्रतिष्ठानले ध्यान केन्द्रित गरेको बताउनुभयो ।

विचारगोष्ठीका अध्यक्ष रेग्मीले यस किसिमका कार्यक्रमको निरन्तरताले नेपालको साङ्गीतिक क्षेत्रमा महत्त्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो । गोष्ठीमा हेमन्त विवशले प्रस्तुत गर्नु भएको 'आधुनिक गीतसङ्गीतमा सात नम्बर प्रदेशको अवस्था' शिर्षकको कार्यपत्रमाथि विज्ञ डा. पुष्करराज भट्टले टिप्पणी गर्नु भएको थियो ।




# नृत्य महोत्सवमा चर्यादेखि राउटे नृत्यसम्म

काठमाडौं । यस प्रज्ञा–प्रतिष्ठान, नृत्य विभागको आयोजनामा राजधानीस्थित सांस्कृतिक संस्थान, जमलमा २०७६ साल असार १६ गते 'नृत्य महोत्सव–२०७६' भव्य रूपमा सम्पन्न भयो । विविध जातजातिको मौलिक नृत्य संरक्षण, संवर्द्धन र एवम् विस्तार गर्ने उद्देश्यले आयोजित उत्सवमा एक दर्जन नृत्यहरू प्रस्तुत भए ।

विशिष्ट अतिथि वरिष्ठ संस्कृतिकर्मी भू.पू. शिक्षा मन्त्री मोदनाथ प्रश्रितले उद्घाटन गर्नु भएको महोत्सवमा दैवीशक्तिमाथि भक्तिभाव देखाउने नाचिने तन्त्र साधनासहितको नृत्य चर्या अष्टमातृकादेवी नृत्यदेखि लोपोन्मुख जाति राउटेको बाँदर सिकार गर्ने नृत्य सहित एक दर्जन मौलिक नृत्य प्रदर्शन गरिए ।

मल्लकालीन राजा श्री निवास मल्लले १७२० सालमा आठ नर्तकहरूमा दैवी शक्ति प्रवेश गराई नचाउने परम्परा बसालेको अष्टमातृका नृत्य श्री नाशः कल्चर सेन्टर, ललितपुर पाटनले प्रर्दशन गरेको थियो । त्यसै गरी न्यू साइ कलाकेन्द्र, बुटवलले लुम्बिनी प्रदेश प्रचलित अनुष्ठानिक सोरठी नृत्य नृत्य प्रस्तुत गऱ्यो । यस नृत्यलाइ सुन्दर गुरूङले संयोजन गर्नु भएको थियो । यसै गरी नेपाल सङ्गीत कलाकेन्द्र, रौतहटले मधेस प्रदेशमा वर्षाको कामना गर्दै नाचिने जटजटिन नृत्य प्रस्तुत गऱ्यो । महोत्सवको मुख्य आकर्षण भने सुदूर पश्चिम र मध्यपश्चिमका पहाडमा अझै घुमन्ते र सिकारी जीवन लोपोन्मुख जाति राउटेले नाच्ने शिकारी नृत्य रहेको थियो । 'नानो नो मनाब' बोलको गीतमा नृत्यमा अर्जुनकुमार बि.सी., हुम वि.सी., गोविन्दकुमार गुर्माछानेले लगायतले यो नृत्य प्रस्तुत गरेका थिए ।

यसै गरी महोत्सवको अर्को आकर्षण प्रदेश नं. १ का किरात राई जातिले नाच्ने मौलिक नृत्य साकेला प्रदर्शन गरियो । प्रकृति र भूमि पूजा गर्दा विभिन्न जीवजन्तुको नक्कल गरी ढोलझ्याम्टाको तालमा सामूहिक रूपमा नाचिने यस नाचमा नगेन्द्र राईको निर्देशन र युनाइटेड डान्स एकेडेमी धरानले प्रस्तुति थियो ।

त्यस्तै प्रकृति र भूमिपूजासँगै सम्बन्धित किरात समुदाय सुनुवार जातिको नमसेल नृत्य नृत्यलाई ख्वापकिमी कला संस्था, काठमाडौँले प्रस्तुत गऱ्यो । यसपछि मध्यपहाडी इलाकामा बस्ने गुरूङ, मगर, दरै र थारूकुम्हालेमा प्रचलित घाटु नाचलाई रवि रानामगरको संयोजनमा प्रस्तुत गरियो । यो आनुष्ठानिक विधिबाट प्रारम्भ हुने रमाइलो नृत्यपछि मञ्चमा सुदूर पश्चिम प्रदेशको मौलिक नृत्य देउडालाई प्रस्तुत गरियो । जुहारी गीतसहित सामूहिक रूपमा प्रेम, धर्म, इतिहास र सामाजिक विकृति आदि विषयलाई प्रस्तुत गरिने यस नृत्यलाई कर्णाली कला संस्कृति समाजले प्रस्तुत गरेको थियो । त्यसपछिको पालो थियो कौरा नृत्यको । गण्डकी प्रदेशअन्तर्गत् तनहुँ जिल्लामा बसोवास गर्ने मगर समुदायले विभिन्न पर्वमा खैजडी बजाउँदै नाच्ने यस नृत्यलाई तरेली सांस्कृतिक परिवार पोखराले प्रस्तुत गरेको थियो । त्यस लगत्तै मध्यपश्चिम नेपालको राप्ती र भेरीका मध्यपहाडी भागमा प्रचलित श्रृङ्गाररस प्रधान टप्पा नृत्य प्रस्तुत गरियो । उक्त नृत्यको निर्देशन माया थापाले गर्नु भएको थियो । त्यसपछि नेवार समुदायको लोकप्रिय नृत्य धिमे नृत्य सञ्जय राजोपाध्यायको निर्देशनमा नाशः कलचर सेन्टर ललितपुर पाटनका कलाकार हरूले प्रस्तुत गरे भने मध्यपश्चिमका पहाडी जिल्लामा विभिन्न खुशियालीका अवसरमा नाचिने झ्याउरे नृत्यलाई जन सांस्कृतिक प्रतिष्ठान, नेपालले प्रस्तुत गऱ्यो । महोत्सवको अन्तिम प्रस्तुति सांस्कृतिक संस्थानद्वारा प्रस्तुत गरिएको

'लेकैमा फूल्यो लालीगुराँस..' बोलको गीत रहेको थियो । यस नृत्यलाई संस्थानकै कलाकार मदन थापाले निर्देशन गर्नु भएको थियो ।

महोत्सवका विशिष्ट अतिथि वरिष्ठ साहित्यकार, संस्कृतिकर्मी तथा भूतपूर्व शिक्षा मन्त्री मोदनाथ प्रश्रितले विभिन्न संस्कृतिमा आधारित सुन्दर नृत्यहरूले हाम्रो देशलाई समृद्ध बनाएको र त्यसको संरक्षण र सम्वर्द्धनमा यस्तो महोत्सव आयोजना गरेकोमा प्रज्ञा–प्रतिष्ठानको प्रशंसा गर्दै कृतज्ञता प्रकट गर्नुभयो ।

महोत्सवमा सहभागी कलाकारहरूलाई विशिष्ट अतिथि प्रश्रित र प्रज्ञा–प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले प्रमाणपत्र प्रदान गर्नु भएको थियो । प्रज्ञा–प्रतिष्ठानका नृत्य विभाग प्रमुख तथा महोत्सव संयोजक प्राज्ञपरिषद् सदस्य नमुना शर्मा देवकोटाले स्वागत मन्तव्य राख्दै नेपालका विभिन्न जातिका प्रचलित लोक नृत्यको संरक्षण र विस्तारको लागि महोत्सव आयोजना गरिएको र सबै संस्कृतिलाई एकताको सुत्रमा बाँध्न, राष्ट्रिय भावनालाई प्रगाढ बनाउन र नृत्यबाट उनीहरूको भेषभूषा, संस्कृति र कलालाई प्रस्तुत गर्ने महोत्सवको उद्देश्य रहेको प्रस्ट पार्नुभयो । कार्यक्रमको सञ्चालन प्रज्ञा–प्रतिष्ठानकै पूर्व प्राज्ञपरिषद् सदस्य प्राज्ञ माधव प्रधानले गर्नु भएको थियो ।

# 'नेपाली सङ्गीत : दशा र दिशा' विषयक छलफल



काठमाडौं । यस प्रज्ञा–प्रतिष्ठानको आयोजनामा २०७६ साल असार १७ गते मङ्गलबारका दिन कुलपति नारायणभक्त श्रेष्ठ (रायन)को अध्यक्षतामा 'नेपाली सङ्गीत : दशा र दिशा' विषयक बृहत् विचार विमर्श कार्यक्रम सम्पन्न भयो । सो क्रममा अधिकांश वक्ताले नेपाली सङ्गीतको पहिचान गर्नुपर्ने बताउनुभयो ।

प्रतिष्ठानका सदस्यसचिव श्यामप्रकाश तमोटले प्रस्तुत गर्नु भएको 'नेपाली सङ्गीत : दशा र दिशा' विषयक अवधारणा पत्रबारे बोल्दै संस्कृतिविद् तुलसी दिवसले नेपाली सङ्गीतको वर्तमान अवस्था र समस्या समाधानका उपाय शिर्षकका अनुसन्धान हुन जरूरी रहेको बताउनुभयो । उहाँले नेपाली सङ्गीतलाई परिभाषित गर्दै, 'नेपालभित्र बसोबास गर्ने १२५ जातजाति र १२३ भाषाभाषीका गीत सङ्गीत नेपाली सङ्गीत हो भनी बुझ्नुपर्छ" भन्नुभयो । सङ्गीतकर्मी डा. ध्रुवेशचन्द्र रेग्मीले शास्त्रीय सङ्गीतलाई भारतको सङ्गीत भनेर बुझिने गरेकोमा आपत्ति जनाउँदै शाास्त्रीय सङ्गीत हिमवत् खण्डबाट सुरू भई पछि भारतमा प्रवेश गरेको दाबी गनुभयो । सङ्घीय संसद विजय सुब्बा, सङ्गीतकर्मी विश्व वल्लभ, जनवादी गायक जीवन शर्मा, सङ्गीतकार पारस मुकारूङ, गीतकार सङ्घका अध्यक्ष चुडामणि देवकोटा, प्रसिद्ध देउडा गायक नन्द कृष्ण जोशी, वरिष्ठ जनवादी सङ्गीतकर्मी रामेश श्रेष्ठ, पूर्व संस्कृतमन्त्री समेत रहेका गीतकार शङ्करप्रसाद कोइराला, गीतकार डा. कृष्णहरि बराल, राजेन्द्र थापा, वरिष्ठ सङ्गीतकार दिपक जङ्गम आदिले बोल्नु भएको थियो ।

# 'गीतले समाजमा पार्ने असर' विषयक विचार गोष्ठी सम्पन्न




यस प्रज्ञा–प्रतिष्ठानको सहकार्यमा गीतकार सङ्घ नेपालले 'गीतले समाजमा पार्ने असर' विषयक विचार गोष्ठी २०७६ साल असार २६ गते विहिबार नेपाल प्रज्ञा–प्रतिष्ठान कमलादीमा सम्पन्न गऱ्यो ।

गीतसङ्गीत, समाजशास्त्र र विभिन्न विधासँग सम्बन्धित करिब २ सय जना विद्वत् वर्ग सहभागी उक्त गोष्ठीमा गीतले मानव समाज, राजनीति, अर्थव्यवस्था, चिकित्सा र संस्कृतिमा पार्ने विभिन्न असरबारे गहन छलफल भएको

थियो । गीतकार प्रा.डा. विष्णु राईले विचार गोष्ठीमा यस विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । गीतले समाजको वर्तमान, अतीत र भविष्यको समेत व्याख्या गर्ने हुँदा समाज र गीत एकअर्कामा घनिष्ठ सम्बन्धमा रहने कार्यपत्रमा उल्लेख छ ।

विचार गोष्ठीका प्रमुखअतिथि यस प्रज्ञा-प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले समाजलाई जहिले पनि चेतनशील, नैतिकवान् र सभ्यतिर लैजाने भूमिका गीतले खेल्ने भएकाले गीत देशलाई समृद्ध बनाउने आधार र पहिचान भएको बताउनुभयो । कार्यपत्रमाथि डा. कृष्णहरि बराल, डा. नवराज लम्साल र डा. गीता त्रिपाठीले टिप्पणी गर्नु भएको थियो । डा. बरालले कार्यपत्र गीत गीतका लागि या जीवनका लागि लेखिनु पर्छ भन्नेमा स्पष्ट नभएको टिप्पणी गर्नुभयो । डा. त्रिपाठीले कार्यपत्रमा शोधविधि र अनुसन्धान अपुरो रहेको भन्दै कार्यपत्रमा नारी विषयमा लेखिएका गीतहरूको बहुआयामिक महत्त्व र नारी श्रष्टाबारे छुट्टै चर्चा गरिनुपर्ने टिप्पणी गर्नुभयो । डा. लम्सालले कार्यक्रमको शिर्षक नै अमूर्त (भ्रम सिर्जना गर्ने) भएको भए पनि कार्यपत्रमा नेपालको विविधतापूर्ण लोकसङ्गीतको चर्चा गर्ने प्रयास प्रशंसनीय रहेको बताउनुभयो । वरिष्ठ गीतकार राजेन्द्र थापा, गीतकार सङ्घ नेपालबाट डायोस्पोरा गीतकार २०७४ बाट पुरस्कृत स्रष्टा जानुका राई र राष्ट्रिय जनसांस्कृतिक मञ्चका अध्यक्ष खगेन्द्र राईले पनि कार्यपत्रउपर टिप्पणी गर्नु भएको थियो । प्रतिष्ठित गीतकार, गायक, सङ्गीतकार, प्रतिलिपि अधिकार रजिष्टार, रोयल्टी सङ्कलन समाज, नेपाल साङ्गीतिक सङ्घ, सङ्गीतकार सङ्घ, प्रस्तोता समाज, उत्पादक समाज लगायत सङ्गीतसम्बद्ध सरोकारवालाहरूको उपस्थिति रहेको कार्यक्रम सङ्घका अध्यक्ष चुडामणि देवकोटोको अध्यक्षतामा सम्पन्न भएको थियो ।

# 'राजनीतिक परिवर्तनमा नेवाः गीतसङ्गीतको भूमिका' विषयक विचार गोष्ठी

काठमाडौँ । यस प्रज्ञा–प्रतिष्ठानको सहकार्यमा इन्द्रेणी सांस्कृतिक समाजले मिति २०७६ साल असार २८ गत शनिबार कीर्तिपुरमा 'राजनीतिक परिवर्तनमा नेवाः गीतसङ्गीतको भूमिका' विषयक विचार गोष्ठी सम्पन्न गऱ्यो ।

संस्कृतिकर्मी वदन शर्माले कार्यपत्र प्रस्तुत गर्नु हुँदै पृथ्वीनारायण शाहदेखि गणतन्त्र नेपाल सम्मको राजनीतिक परिवर्तनमा नेवाः गीत सङ्गीतको भूमिकालाई उजिल्याउनु भएको थियो । उहाँले पृथ्वीनारायण शाहको उदयपश्चात् राजतन्त्रात्मक शासन व्यवस्थामा काठमाडौंका रैथाने नेवाः माथि प्रशस्त

ज्यादति भएका र त्यसका प्रतिरोधमा जनजागृतिमूलक नेवाः गीतसङ्गीतको परम्परा उद्भव भएको स्मरण गराउनु भयो । विचार गोष्ठीका प्रमुखअतिथि यस प्रज्ञा–प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन) हुनुहुनथ्यो ।

वरिष्ठ पत्रकार राजेन्द्र महर्जनले कार्यपत्रको शैलीलाई सुधार्नुपर्ने र कस्तो परिवर्तनको आवश्यकताबारे हो, बोल्नुपर्नेमा जोड दिनु भएको थियो । त्यस्तै जनताको साहित्य र साहित्यकारको अध्ययन र प्रचारले राजनीतिक परिवर्तनमा सघाउने र नेवाः गीतसङ्गीत पनि जनताको साहित्यबाट लैस हुनुपर्ने विचार पत्रकार नारायण महर्जनले व्यक्त गर्नु भएको थियो । कार्यपत्रमाथि प्रज्ञा–

# 'नेपाली सङ्गीत : समस्या र चुनौती' विषयक विचार गोष्ठी सम्पन्न




यस प्रज्ञा–प्रतिष्ठानको सहकार्यमा सङ्गीतकार सङ्घ नेपालले 'नेपाली सङ्गीत : समस्या र चुनौती' विषयक विचार गोष्ठी २०७६ साल असार २७ गते शुक्रबार सिडब्लु रेस्टुरेन्ट, कमलादीमा सम्पन्न गऱ्यो । विचार गोष्ठीमा वरिष्ठ सङ्गीतकार टीका भण्डारीले कार्यपत्र प्रस्तुत गुर्न भएको थियो ।

उहाँले वि.सं. १९६५ सालमा नेपालका प्रथम गायक सेतुराम श्रेष्ठले भारतको कोलकतामा नेवार भाषाको गीत रेकर्ड गरे यता सय वर्ष बढी समय व्यतीत गरेको नेपाली सङ्गीत अहिले विभिन्न समस्या र चुनौतीमा रहेको ठहर गर्नुभयो । २००७ सालमा स्थापना भएको रेडियो नेपालमा लाइभ गीत गाउन थालिनु, २०२२ सालमा रेडियो नेपालमा रेकर्डिङ स्टुडियो र २०२४ सालमा रत्न रेकर्डिङ संस्थानको स्थापना हुनुले स्वदेशमै गीत रेकर्ड गर्ने सुविधा प्राप्त भएर नेपाली गीतसङ्गीतले अर्को मोड लिएको चर्चा गर्नु भएको थियो ।

कार्यपत्रमा २०४६ सालदेखि अहिलेसम्मको समयअवधि समस्या र चुनौतीग्रस्त रहेको विश्लेषण गर्दै प्रविधिगत दृष्टिले अहिले काठमाडौँमा माझ ८० वटा सङ्गीत स्टुडियो सञ्चालनमा रहेको, मासिक रूपमा १ हजार गीत रेकर्ड हुने, वार्षिक ४८ करोडको गीत रेकर्डिङमा र भिडियो निर्माणमा ५२ करोड ५ लाख बढी लगानी हुने आँकलन रहेकोमा त्यसको आम्दानी भने एकदमै न्यून रहेको उल्लेख थियो ।

कार्यक्रमका प्रमुखअतिथि नेपाल सङ्गीत तथा नाट्य प्रतिष्ठानका सदस्यसचिव श्यामप्रकाश तमोटले सटिक अध्ययनअनुसन्धानका साथ कार्यपत्र प्रस्तुत गरेकोमा प्रज्ञा–प्रतिष्ठानका तर्फबाट धन्यवाद दिनुहुँदै कार्यपत्रले दिशा निर्दिष्ट गरेका विषय अत्यन्त महत्त्वपूर्ण भएकाले विज्ञहरूको समूह बनाई कार्यान्वयन तहमा लैजाने प्रतिबद्धता प्रकट गर्नुभयो ।

विशेष अतिथि संस्कृतिविद् तुलसी दिवस, वरिष्ठ सङ्गीतकार दीपक जङ्गम, वरिष्ठ सङ्गीतकार बुलु मुकारुङ, डा. भक्त राईले विषयगतरूपमा एक उत्कृष्ट कार्यपत्र बनेको टिप्पणी गर्दै छुटफुट विषय थप्नलाई सुझाव समेत दिनु भएको थियो । कार्यक्रममा रोयल्टी सङ्कलन समाजका अध्यक्ष एवम् सङ्गीतकार सङ्घका उपाध्यक्ष महेश खड्काले स्वागत मन्तव्य राख्नु भएको थियो भने वरिष्ठ सङ्गीतकार एवम् सङ्घका अध्यक्ष प्राज्ञ शान्तिराम राईको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रम सञ्चालन सङ्घका महासचिव वरिष्ठ सङ्गीतकार पारस मुकारुङले गर्नु भएको थियो।

प्रतिष्ठानका सदस्यसचिव श्यामप्रकाश तमोट, जुजुकाजि रंजितकार, राष्ट्रिय जनसांस्कृतिक महासङ्घका अध्यक्ष खगेन्द्र राई, कवि राजभाइ जःकमी, शम्भुराम महर्जन, दिलबहादुर महर्जन, प्राज्ञपरिषद् सदस्य नमुना शर्मा, संस्कृतिकर्मी माधव प्रधान, नारायण महर्जन, दिलिप महर्जनले पनि महत्त्वपूर्ण सल्लाह सुझाव दिनु भएको थियो । इन्द्रेणी सांस्कृति समाज कीर्तिपुरका अध्यक्ष वीरप्रसाद भन्सारीको सभापतित्वमा आयोजित कार्यक्रमको सञ्चालन रेखा भन्सारीले गर्नु भएको थियो ।



# प्रदेश १ र २ मा परम्परागत सङ्गीतको विस्तृत अभिलेखीकरण सम्पन्न

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको परम्परागत तथा शास्त्रीय सङ्गीत विभागले आ.व. २०७५/७६ को स्वीकृत बजेटअन्तर्गत प्रदेश १ र मधेस प्रदेशको परम्परागत सङ्गीतको विस्तृत अभिलेखीकरण सम्पन्न गऱ्यो । परम्परागत तथा शास्त्रीय सङ्गीत विभाग प्रमुख प्राज्ञ धीरेन्द्र प्रेमर्षिको संयोजनमा सम्पन्न उक्त अभिलेखीकरण परियोजनामा सम्बन्धित पक्षसँग भेटघाट, अन्तर्क्रिया र यस विषयमा गरिएका पूर्वकार्यहरूको अध्ययनहरूलाई स्रोतको रूपमा उपयोग गरिएको थियो ।

प्रदेश १ का लागि कमलीकान्त भेटुवाल र मधेस प्रदेशका लागि रोशन जनकपुरी (अरविन्दकुमार लाल) ले गर्नु भएको उक्त अनुसन्धान लोकगीत, लोकगाथा, लोकनाट्य र नृत्य तथा लोकवाद्यमा केन्द्रित गरिएको थियो । अध्ययनमा प्रदेश १ मा भाषिक रूपले नेपाली, मैथिली, राई, लिम्बू, थारू, राजवंशी, झाँगड र मधेस प्रदेशका मैथिली र भोजपुरी प्रमुख भाषिक समुदायसँगै थारू, दनुवार, मुस्लीम, मगर र तामाङ लगायतका विविध आदिवासी जनजातीय भाषिक र सांस्कृतिक समुदायहरूको शास्त्रीय, परम्परागत तथा लोकसङ्गीतलाई समेटियो ।

# संविधान दिवस र नेपाल भ्रमण वर्ष २०२०को अवसरमा सामूहिक वाद्यवृन्द




काठमाडौँ । संविधान दिवस असोज ३ र नेपाल भ्रमण वर्ष २०२० सन्दर्भ पारेर यस प्रज्ञा–प्रतिष्ठानले 'सारङ्गीमा देश' नामक दिएको भव्य सामूहिक वाद्यवृन्द प्रस्तुति कार्यक्रम २०७६ साल असोज २ गते (संविधान दिवस असोज ३ गतेको पूर्वसन्ध्या) साँझ ५ बजे काठमाडौँ जमलस्थित सांस्कृतिक संस्थानको सभाहलमा सम्पन्न भयो ।

कार्यक्रममा कलाकारद्वारा नेपालको प्रचलित एक प्रमुख तार बाजा सारङ्गीसँगै नेपालका अन्य मौलिक लोकबाजाहरू सामूहिक वादन गरी विभिन्न जातिसँग सम्बिन्धत १६ वटा मौलिक लोकधुनहरू प्रस्तुत गरिएको थियो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय योगेश भट्टराईले पानसमा दिप प्रज्ज्वलन गरी उद्घाटन गर्नु भएको उक्त कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गर्नुहुँदै मन्त्री भट्टराईले सारङ्गीका माध्यमबाट जातीय दायरालाई फराकिलो बनाएर 'सारङ्गीमा देश' कार्यक्रमले देशमा सद्भाव तथा एकताको विकासमा टेवा पुऱ्याएको बताउनुभयो । त्यसैगरी प्रज्ञा–प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले यस कार्यक्रमले लोप हुने अवस्थामा रेहेका नेपाली मौलिक बाजा सारङ्गीको प्रवर्द्धनमा समेत सहयोग पुगेको धारणा राख्नुभयो ।

नेपालका पूर्वदेखि पश्चिमसम्मका १६ वटा विभिन्न लोकधुनलाई सामूहिक सारङ्गी वादन र अन्य लोकबाजा वादनमार्फत् प्रस्तुत गरिएको कार्यक्रम विशेष शुभकार्य, अवसर, चाडपर्वमा बजाउने मङ्गल धुनलाई विभिन्न भेषभूषामा सजिएका कलाकारहरूले गुन्जाएर सामूहिक वाद्यवृन्दको शुभारम्भ गरेका थिए । त्यसपछि क्रमशः मगर–गुरूङ समुदायमा प्रचलित परम्परागत सङ्गीत सोरठी धुन, लिम्बुवानमा प्रचलित पालाम भाका, मधेस प्रदेशमा प्रचलित असारे भाका प्रस्तुत गरियो ।

यसै गरी लोकवाद्यविद् भरत नेपालीद्वारा सिर्जित 'क्या राम्रो इन्द्रेणी !' धुनको प्रस्तुतिपछि मगर जातिजातिमा प्रचलित सामूहिक वाद्य र नृत्यसहितको कौडा भाका, काठमाडौँ उपत्यकाभित्र बसोबास गर्ने नेवार समुदायको कला–

संस्कृति, रीतिरिवाजसँग जोडिएको भाका शिरसया, लोकभाका सँगिनी, मालश्री धुन, साकेला भाका, म्हेन्दोमाया भाका, थकाली जातिमा प्रचलित मौलिक धुनसँगै कार्यक्रमको अन्त्यमा देउडा भाका प्रस्तुत गरियो । यसरी एकघण्टा समयअवधिमा १६ मौलिक धुनलाई २० जना सारङ्गी वादक तथा अन्य वाद्यवादकसमेत गरी करिब ४० जना कलाकारले 'सारङ्गीमा देश'मार्फत ् सिङ्गो मुलुकलाई मञ्चमा उपस्थित गराउन सफल भएका थिए । यस कार्यक्रमको संयोजक प्रज्ञा–प्रतिष्ठानका सङ्गीत विभाग प्रमुख प्राज्ञपरिषद् सदस्य अशोक कुमार राई हुनुहुन्थ्यो ।

# शुभकामना आदानप्रदान

काठमाडौँ । यस प्रज्ञा–प्रतिष्ठानले नेपालीका विभिन्न चाडपर्वको उपलक्ष्यमा २०७६ साल असोज १६ गते शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गऱ्यो ।

प्रज्ञा-प्रतिष्ठानले बडा दशैं, तिहार, छठ, नेपाल संवत्, म्हपूजा, किरात चाड आदि पर्वको सामूहिक अवसरमा कर्मचारी र पदाधिकारीबीच शुभकामना आदनप्रदान कार्यक्रम आयोजना गरेको हो । प्रज्ञा–प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन) ले नेपाली सबै पर्वको अवसरमा शुभकामना दिनु हुँदै चाडपर्वले आपसी सामाजिक भ्रातृत्व र सद्भावको विकास गर्ने बताउनुभयो ।

उपकुलपति हरिहर शर्माले व्यक्ति, समाज यो कुनै पनि संस्थाले आफ्ना दूरगामी उद्देश्यलाई सघाउ पुग्ने गरी चाडपर्वहरू मनाउनुपर्ने बताउनुभयो । कार्यक्रममा प्राज्ञपरिषद् सदस्य धीरेन्द्र प्रेमर्षिले नेपालका अधिकांश चाडको मौलिकता कृषि सभ्यतासँग गाँसिएको तर अहिले आएर धर्म, बजार, मिडिया आदिका कारण त्यो मौलिकता विकृत बन्दै गएको बताउनुभयो । कार्यक्रममा प्राज्ञपरिषद् सदस्यहरू धीरेन्द्र प्रेमर्षि, नमुना शर्मा, हरिदेवी कोइराला र कर्मचारीहरूले गजल, कविता र गीत समेत प्रस्तुत गरेका थिए । नेपाल कर्मचारी सङ्घका अध्यक्ष हिलारीबन्धु भुजेलले प्रतिष्ठान र कर्मचारीका हक र हितका लागि ध्यानाकर्षण गराउनु हुँदै शुभकामना मन्तव्य दिनु भएको थियो । कार्यक्रममा सम्पूर्ण प्रज्ञा–प्रतिष्ठान परिवारको उपस्थिति रहेको थियो । कार्यक्रम प्रज्ञा–प्रतिष्ठानका कर्मचारी सार्थक महराले सञ्चालन गर्नु भएको थियो ।

# मन्त्रालय–सचिव र प्रतिष्ठानका पदाधिकारी भेटघाट



काठमाडौ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव केदारबहादुर अधिकारीले २०७६ असोज ३० गते बिहीबार यस प्रज्ञा-प्रतिष्ठानको अवलोकन भ्रमण गर्नुभयो । नाचघरमा अमूर्त सम्पदा दिवसको अवसरमा आयोजित सांस्कृतिक कार्यक्रमपश्चात् उहाँ यस प्रज्ञा-प्रतिष्ठानको कार्यालयको आइपुग्नुभएको थियो ।

उहाँलाई प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन), उपकुलपति हरिहर शर्मा, सदस्यसचिव श्यामप्रकाश तमोट, प्राज्ञपरिषद् सदस्यहरू लगायत कर्मचारीहरूद्वारा उहाँलाई स्वागत गरिएको थियो । प्रतिष्ठानका पदाधिकारीहरूसँगको भेटमा प्रतिष्ठानले गरेका कामहरूबारे उहाँलाई जानकारी गराइएको र सचिव अधिकारीले आगामी दिनहरूमा प्रतिष्ठानलाई मजबुत बनाउँदै आफ्नो उद्देश्य अनुरूपको कामहरूलाई प्रभावकारी बनाउन सल्लाह सुझावहरू दिनु भएको थियो ।

# मुकुण्डो नाचबारे छलफल

काठमाडौं । यस प्रज्ञा–प्रतिष्ठानले २०७६ कात्तिक ३ गते आइतबार परम्परागत नृत्य मुकुण्डो नाचबारे विज्ञहरूसँग छलफल कार्यक्रम आयोजना गऱ्यो । छलफलमा वरिष्ठ संस्कृतिविद् शताब्दी वाङ्मय पुरूष सत्यमोहन जोशी, संस्कृतिविद् गणेशराम लाछी र डा. पुरूषोत्तम लोचन श्रेष्ठलाई प्रज्ञा–प्रतिष्ठानले विशेष आमन्त्रण गरेको थियो ।

निकट भविष्यमा मुकुण्डो नाच महोत्सव आयोजना गर्ने उक्त छलफल गरिएको भए पनि कोभिड-१९ का कारण त्यस्तो महोत्सव भने आयोजना गर्न असमर्थ भएको सदस्यसचिव श्यामप्रकाश तमोटले बताउनुभयो ।

छलफलमा शताब्दी वाङ्मय पुरूष जोशीले मुकुण्डो नाच बारे महत्त्वपूर्ण सूचना, सुझाव र जानकारीहरू दिनु भएको थियो । संस्कृतिविद् श्रेष्ठले दुई हजार वर्षअघि शुरूवात भएको मुकुण्डो नाचको इतिहास सम्झाउँदै ललितपुरको हरिसिद्धि नाच, काठमाडौंको नरदेवी नाच र भक्तपुरको नवदूर्गा नाच प्रमुख मुकुण्डो नाच भएको बताउनु भएको थियो । त्यसैगरी संस्कृतिविद् लाछीले मुकुण्डो नृत्य मुहाली (सनाई) बजाउँदै नाचिने नाच भएको तर अहिले मुहाली बजाउन जान्ने वाद्यवादकको अभावले यो नृत्य सङ्कटग्रस्त भएको बताउनु भएको थियो । यो नाचसँगै धेरै नाचमा मुहाली बजाइने भएकाले प्रज्ञा–प्रतिष्ठानले मुहाली वाद्यसम्बन्धी प्रशिक्षण



कार्यक्रम आयोजना गरे आफूले सहयोग गर्ने समेत बताउनुभयो ।

छलफलमा प्रज्ञा–प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले मुकुण्डो नाचसम्बन्धी महत्त्वपूर्ण सल्लाहसुझाव र विचारहरू प्राप्त भएको भन्दै विज्ञहरूप्रति सरहना व्यक्त गर्नुभयो । छलफलमा उपकुलपति हरिहर शर्मा र प्राज्ञपरिषद् सदस्यहरूको पनि उपस्थिति रहेको थियो ।

# लोक तथा दोहोरी गीत राष्ट्रिय सङ्गोष्ठी सम्पन्न

काठमाडौं । यस प्रज्ञा–प्रतिष्ठानको लोक सङ्गीत विभागले २०७६ पुस ४ गते शुक्रबार गण्डकी प्रदेशको राजधानी पोखरामा लोक तथा दोहोरी गीत राष्ट्रिय सङ्गोष्ठी आयोजना गऱ्यो ।

नेपालमा दोहोरी गीतको अवस्था र लोकगीत परम्पराबारे सरोकारवालालाई जानकारी गराउँदै यसको संरक्षण, संवर्द्धन एवम् सर्वाङ्गीण विकास गराउने उद्देश्यले आयोजित उक्त सङ्गोष्ठीलाई यस प्रज्ञा–प्रतिष्ठानका पूर्व कुलपति भक्त श्रेष्ठ (सरूभक्त)ले पानसमा दियो बालेर उद्घाटन गर्नु भएको थियो । प्रज्ञा–प्रतिष्ठानका लोकगीत विभाग प्रमुख तथा प्राज्ञ हरिदेवी कोइरालाले लोकसङ्गीतको अध्ययन, अनुसन्धान गर्ने तथा यस क्षेत्रका विद्वान् एवम् प्रतिभाहरूको सम्मान गर्ने कार्यक्रमकै निरन्तरता स्वरूप सङ्गोष्ठी आयोजना गरिएको स्पष्ट पार्नुभयो । गण्डकी प्रदेश प्रमुख अमिक शेरचन समेतले सफलताको शुभकामना पठाउनु भएको कार्यक्रममा लोकसङ्गीत क्षेत्रमा आवद्ध



विभिन्न सङ्घसंस्था, वाद्यवादक, लोकगीतका अग्रज स्रष्टा, सञ्चारकर्मी र लोकगीत पारखी महानुभावहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

सङ्गोष्ठीमा संस्कृतिविद् प्रा. डा. कुसुमाकर न्यौपानेले 'नेपाली लोकदोहोरी गीतका प्रकार र अवस्था' र अनुसन्धानकर्मी तुलसी प्रभासले 'नेपाली लोकगीतको परम्परा' विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

त्यसैगरी दोहोरी गीतको परम्परालाई नमारी समयानुकूल परिमार्जित र परिष्कृत गर्दै लानुपर्ने अनुसन्धानकर्मी प्रभासको कार्यपत्रको सुझाव थियो ।

कार्यपत्रमाथि लोक दोहोरी गीत प्रतिष्ठानका अध्यक्ष रमेश बिजी र लोकगायक पदमराज ढकालले टिप्पणी गर्नु भएको थियो । अध्यक्ष बि.जी.ले लोकगीत तथा दोहोरीलाई पनि बचाउने दायित्व लोकसङ्गीतकर्मीहरूको रहेको बताउनुभयो ।

कार्यक्रममा लोपोन्मुख लोक दोहोरी भाकाहरूको दृश्यलाई वर्णनात्मक ढङ्गले प्रोजेक्टरका माध्यमले देखाई समूहगत रूपमा छलफल समेत गराइएको थियो ।

लोक तथा दोहोरी गीत प्रतिष्ठान, गण्डकी प्रदेश सहआयोजक रहेको उक्त सङ्गोष्ठीमा प्रतिष्ठानका अध्यक्ष सुरेन्द्र गुरूङ, प्रतिष्ठानका वरिष्ठ उपाध्यक्ष पूर्ण परियार, कास्की शाखाका अध्यक्ष टेक क्षेत्रीले पनि मन्तव्य राख्नु भएको थियो । कार्यक्रमका अध्यक्ष यस प्रज्ञा–प्रतिष्ठानकी, लोकसङ्गीत विभाग प्रमुख प्राज्ञ हरिदेवी कोइरालाले कार्यक्रमका प्रमुखअतिथि प्रतिष्ठानका पूर्व कुलपति भक्त श्रेष्ठ (सरूभक्त) लाई मायाको चिनो स्वरूप मादल हस्तान्तरण गर्नु भएको थियो ।

## पोखरामा लोपोन्मुख बाजा सम्मेलन तथा गण्डकीका धुनहरू प्रस्तुति कार्यक्रम




काठमाडौं । यस प्रज्ञा–प्रतिष्ठानको सङ्गीत विभागको आयोजनामा गण्डकी प्रदेशको राजधानी पोखरामा लोपोन्मुख बाजाहरूको दुई दिने सम्मेलन सम्पन्न भयो । लोपोन्मुख अवस्थामा रहेका गण्डकी प्रदेशका बाजाहरूको संरक्षण एवम् संवर्द्धन गर्ने तथा यस प्रदेशका धुनहरू प्रस्तुत गरी युवा पुस्तामा मौलिक सांस्कृतिक सम्पदाप्रति आर्कषण जगाउने मुल उद्देश्यका साथ २०७६ मङ्सिर २० गते शुक्रबार र २१ गते शनिबार सम्मेलन सम्पन्न भएको हो ।

लोकबाजा सम्मेलनमा ९५ वटा लोक बाजाहरूको प्रदर्शनी तथा विभिन्न समूहले हिमाल, पहाड र तराईको प्रतिनिधित्व हुने गरी नेपाली मौलिक बाजाका धुनहरू प्रस्तुत गरेका थिए ।

पहिलो दिन २० गते गण्डकी प्रदेशका धुनहरू विषयक विचारगोष्ठी प्रज्ञा–प्रतिष्ठानका सङ्गीत विभाग प्रमुख प्राज्ञ अशोककुमार राईको अध्यक्षतामा सम्पन्न भयो । गोष्ठीमा पञ्चेबाजासम्बन्धी तुलसी प्रभास, थारू मौलिक तथा सांस्कृतिक बाजाहरूको सम्बन्धमा पिताम्बर महतो, थारू र थकाली संस्कृति सम्बन्धमा कर्मा फारमले कार्यपत्र प्रस्तुत गर्नुभयो । थारू जातिका बाजासम्बन्धी पिताम्बर महतो थारूको कार्यपत्रले डम्फु, मानर (मादल), झाली/मञ्जारी, तबला डुगी, ढोलक, हार मुनी, बाँसुरी, रेउनी, सारङ्गी, डनताल र घुघुला थारू जातिमा प्रचलनमा रहेको बाजाको रूपमा उल्लेख गर्दै तिनको प्रयोग हुने पक्षहरूको बारेमा चर्चा गरिएको थियो । त्यसै गरी कर्मा फारमको कार्यपत्रले हिमाली जिल्ला मुस्ताङमा बजाइने ज्युमाङ (तरङ), पिनाङ (सारङ्गी), डाङेन (टुङ्ना) लगायतका बाजा लोपोन्मुख अवस्थामा पुगेको चर्चा गरेको थियो । तुलसी प्रभासको कार्यपत्रमा विवाहजस्ता शुभकार्यमा बजाइने पञ्चेबाजालाई ब्याण्डबाजा र आयातित संस्कृतिले चुनौती दिइरहेकाले यसको मौलिकताको संरक्षणमा जुट्नुपर्ने उल्लेख थियो । कार्यक्रमको दोश्रो दिन मङ्सिर २१ गते उद्योग वाणिज्य सङ्घको हलमा आयोजित 'लोपोन्मुख बाजा सम्मेलनः गण्डकीका धुनहरू' कार्यक्रमलाई गण्डकी प्रदेश प्रमुख अमिक शेरचनले उद्घाटन गर्नु भएको थियो । कार्यक्रममा विभिन्न ११ जिल्लाको प्रतिनिधित्व गर्दै १२ वटा समूहले मौलिक लोक धुनहरू प्रस्तुत गरेका थिए । हिमाली सांस्कृतिक परिवारले स्वागत नृत्य प्रस्तुत गरेको यस कार्यक्रममा मुस्ताङको कर्मा फारम समूहले थकाली जातिको मौलिक बाजा टुङ्ना, सारङ्गी, तरङ्गको धुन सुनाएको थियो । गन्धर्व जातिको अरबाजो र सारङ्गी बाजामा धनबहादुर गायक तथा झलकमान राष्ट्रिय लोकबाजा सङ्ग्रहालयको प्रस्तुति रहयो । त्यस्तै सिर्सेकोट नौथुम समाज स्याङ्जाले पात बाजा, बौद्ध अघौ सदनले लामा बाजा, जुनेली भजन समूह लेखनाथ, लाफा मगर समाज घाँसी कुवाले कौरा, नेवा खलः तेर्सापट्टि पोखरा, तमु प्ये ल्हु सङ्घबाट पच्यु तथा घ्याप्र, दूध पोखरी तमु समाजबाट छ्याँड्ु, थारू समाज नवलपुरबाट थारू जातिसँग सम्बन्धित धुन, नेपाल दैविक सनातन धर्म संरक्षण समितिबाट भजन र अन्त्यमा पञ्चेबाजा प्रस्तुत गरियो ।

कार्यक्रममा विशेष अतिथिका रूपमा यस प्रज्ञा–प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन), पूर्व कुलपति भक्त श्रेष्ठ (सरूभक्त), अतिथिको रूपमा पूर्व सदस्यसचिव तीर्थ श्रेष्ठ, प्राज्ञ हरिदेवी कोइराला र जनसांस्कृतिक महासङ्घ नेपालका अध्यक्ष खगेन्द्र राईसहित सङ्गीतप्रेमीहरूको भव्य उपस्थिति रहेको थियो । कार्यक्रमको सहआयोजक हिमाली सांस्कृतिक परिवार, कास्की रहेको थियो ।

## डाफा नृत्यसम्बन्धी छलफल

काठमाडौं । ललितपुर पाटनस्थित बालखामा डाफा नृत्यसम्बन्धी छलफल कार्यक्रम २०७६ मङ्सिर १७ गते आयोजना गरियो । यस प्रज्ञा-प्रतिष्ठानको नृत्य विभागद्वारा आयोजित छलफल कार्यक्रममा नेपालको नेवार समुदायको लोपोन्मुख डाफा भजनको नृत्य अन्वेषण गर्नुपर्ने सहभागीहरूले जोड दिए । कार्यक्रमबाट परम्परागत संस्कृति डाफा नृत्यको संरक्षण र अभिलेखीकरण गर्ने र डाफाको मौलिक बाजा तथा नृत्य कार्यक्रम प्रस्तुत गर्नुपर्ने निचोड निकालिएको थियो । प्रज्ञा-प्रतिष्ठानको नृत्य विभाग प्रमुख प्राज्ञ नमुना शर्माको संयोजकत्वमा सम्पन्न उक्त कार्यक्रममा मोहन व्यञ्जनकार, संजय शर्मा राजोपाध्याय, प्रद्युम्नकृष्ण श्रेष्ठ, श्यामगोविन्द ताम्राकार, रामकृष्ण ताम्राकार, काजीबाबु व्यञ्जनकार लगायतको सहभागिता थियो ।

## प्रज्ञा–प्रतिष्ठानद्वारा पिएन क्याम्पसलाई पुस्तक हस्तान्तरण

काठमाडौं । प्राज्ञ हरिदेवी कोइरालाले यस प्रज्ञा–प्रतिष्ठानबाट प्रकाशित दर्जनबढी पुस्तकहरू पृथ्वीनारायण क्याम्पस नेपाली विभागको विभागीय पुस्तकालयलाई हस्तान्तरण गर्नुभयो । २०७६ पुष ६ गते आइतबार पृथ्वीनारायण क्याम्पस नेपाली विभागले विभागीय पुस्तकालय सञ्चालनका लागि विभिन्न सङ्घसंस्थाबाट पुस्तकहरू क्याम्पसलाई हस्तान्तरण गर्न राखेको कार्यक्रममा प्राज्ञ कोइरालाले प्रज्ञा–प्रतिष्ठानबाट प्रकाशित अनुसन्धानात्मक पुस्तकहरू प्रदान गर्नु भएको हो ।

कार्यक्रममा प्राज्ञ कोइरालाले पठन संस्कृतिको विकास गर्ने उद्देश्यले स्थापना गर्न लागिएको पुस्तकालयका लागि पुस्तक हस्तान्तरण गर्न पाउँदा ज्यादै हर्षित भएको भन्दै पुस्तकालयको सफलताका लागि शुभकामना समेत व्यक्त गर्नु भयो । विभागीय प्रमुख डा. कुशुमाकर न्यौपानेले हालसम्म विभिन्न सङ्घसंस्था तथा स्रष्टाहरूबाट पाँच हजार बढी पुस्तकहरू सङ्कलन भएको जानकारी दिनु हुँदै प्रज्ञा–प्रतिष्ठानप्रति आभार प्रकट गर्नु भएको थियो ।

## नाट्य प्रविधि कार्यशालापछि 'हाफ् क्याबी' प्रदर्शन



काठमाडौँ । यस प्रज्ञा–प्रतिष्ठानको रङ्गमञ्च विभागले आ.व. २०७६/७७ को स्वीकृत वार्षिक बजेटअन्तर्गत २०७६ पुष २० गतेदेखि माघ २ गतेसम्म काठमाडौँ अनामनगरस्थित मण्डला थिएटरमा १२ दिनसम्म नाट्य प्रविधि कार्यशाला सम्पन्न गऱ्यो । नाटकसम्बन्धी आधारभूत ज्ञान र प्राविधिक पक्षहरूका बारे सिकाउने उद्देश्यले सञ्चालन गरिएको उक्त कार्यशालाबाट २५ जना प्रशिक्षार्थीले प्रशिक्षण लिएका थिए ।

कार्यशालामा सेट डिजाइनबारे २ दिन, लाइटिङबारे २ दिन, साउण्डबारे २ दिन र बाँकी ६ दिन निर्देशनबारे आधारभूत तालिम दिइएको थियो । तालिममा इलाम, इटहरी, धरान, विराटनगर, लेटाङ, हेटौँडा, बारा, काठमाडौँ, बाँके र सुर्खेतबाट सहभागी नयाँ पुस्ताका नाट्यकर्मीलाई निर्देशनसम्बन्धी सुनिल पोखरेल, लाइटिङसम्बन्धी मिलन नेपाली, साउण्डसम्बन्धी देवेन्द्र न्यौपाने र न्ह्यु बज्राचाई र सेट डिजाइनसम्बन्धी राजन खतिवडाले प्रशिक्षण दिनु भएको थियो । कार्यशालाको अन्तिम दिन प्रशिक्षार्थीद्वारा प्रशिक्षणको दौरान तयार गरिएको नाटक 'हाफ् क्याबी' प्रदर्शन समेत गरिएको थियो । कथाकार राजवको कथालाई नाट्य रूपान्तरण गरिएको उक्त नाटकमा प्रशिक्षार्थीहरूको निर्देशन, अभिनय र अन्य प्राविधिक पक्षलाई दर्शकहरूले खुलेरै प्रशंसा गरेका थिए ।

कार्यशालामा सहभागी प्रशिक्षार्थीहरूलाई यस प्रज्ञा–प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले प्रमाणपत्र वितरण गर्नु हुँदै सिकेको सीप आफूमा मात्र नराखेर अरूसम्म पनि पुऱ्याउन आग्रह गर्नु भएको थियो । रङ्गमञ्च विभाग प्रमुख प्राज्ञ निशा शर्माले उपत्यका बाहिर बसेर नाटक गरिरहेका रङ्गकर्मीहरूका लागि कार्यशाला अत्यन्त फलदायी रहेको बताउनु भएको थियो ।

# एकता दिवसमा 'हाम्रो बाजा हाम्रै धुन' कार्यक्रम सम्पन्न

काठमाडौँ । २ सय ९८ औं पृथ्वी जयन्ती तथा नेपाल भ्रमण वर्ष २०२० को अवसरमा यस प्रज्ञा-प्रतिष्ठानले २०७६ पुस २७ गते काठमाडौं, कमलादीस्थित नेपाल प्रज्ञा–प्रतिष्ठानको प्रेक्षालय 'हाम्रो बाजा हाम्रो धुन' मौलिक लोकभाकाहरूको प्रस्तुति कार्यक्रम सम्पन्न गऱ्यो । यस प्रज्ञा–प्रतिष्ठानसँगै नेपाल प्रज्ञा–प्रतिष्ठान र नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठान तथा सांस्कृतिक संस्थानले संयुक्त आयोजना गरेको उक्त कार्यक्रम शुरू हुन अगावै प्रभातफेरि समेत गरिएको थियो ।



सांस्कृतिक झाँकीका साथ नगरपरिक्रमा र सिंहदरबार अगाडिको पूर्वराजा पृथ्वीनारायण शाहको प्रतिमामा माल्यार्पण कार्यक्र सकेर मध्यान्ह कमलादीस्थित नेपाल प्रज्ञा–प्रतिष्ठानको प्रेक्षालयमा विशिष्टअतिथि पूर्व संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री कृपाशुर सेर्पाद्वारा पानसमा दीप प्रज्ज्वलन गरेर उद्घाटन गर्नु भएको थियो ।

कार्यक्रममा नेपालका विभिन्न जातजातिका पूर्व मेचीदेखि पश्चिम महाकालीसम्ममा १५ वटा मौलिक धुनहरू सारङ्गी र अन्य मौलिक बाजाहरूको

संयोजनमा प्रस्तुत गरिएको थियो । यस प्रज्ञा-प्रतिष्ठानका सङ्गीत विभाग प्रमुख अशोक कुमार राईले संयोजन गर्नु भएको उक्त प्रस्तुति कार्यक्रममा मगर–गुरूङ समुदायमा प्रचलित धुन सोरठी, धान रोप्दा गाइने असारे गीत, मिथिला क्षेत्रमा प्रचलित मैथिली धुन, मगर जातिमा प्रचलित कौडा, नेवारी लोकभाका सिंसया हेकु, नारीहरूले गाउने सङ्गीनी धुन, धिमाल जातिको लोक धुन, राई जातिमा प्रचलित साकेला, तामाङ जातिमा प्रचलित म्हेन्दोमाया, सुदूर पश्चिममा प्रचलित देउडा, थकाली जातिको लोकधुन, पूर्वेली लोक लय, राष्ट्रिय भावनाले भरिएको धुन 'नेपाली हामी रहुँला कहाँ नेपालै नरहे' गीतको धुन र टुङ्नामा ह्योल्मो भाका सुनाइएको थियो । सारङ्गी, बाँसुरी, सहनाई, ताल वादन, टुङ्ना, मुर्चुङ्गा, खिं, धिमे, ढोलक, डम्फु, डमरू, शङ्ख, घण्टीलगायत डेढ दर्जनभन्दा बढी नेपाली लोपोन्मुख बाजाका प्रत्यक्ष बाधनमा सुनाइएको उक्त प्रस्तुतिमा सारङ्गी वादन संयोजकमा भरत नेपाली र ताल वादन संयोजकमा भरत बुढाथोकी र नरेश महर्जन रहनुभएको थियो ।

सारङ्गी वादनमा धर्म गन्धर्व, अरूणा गन्धर्व, सन्तोष पाठक, सञ्जोक मल्ल, किरण महर्जन, राजु महर्जन, विकल खड्का, दानियल क्रिष्टोफर सुब्बा, आयुष्मा जोशी, राहुल मानन्धर, मौसम सुनुवार, सरूण मानन्धर, खुम के.सी., किम राई, सबिन लिम्बु र तुलसीप्रसाद नेपाल रहनु भएको थियो । बा ँसुरी वादनमा रत्न बिक, सहनाइमा धनबहादुर गुरूङ र तालवादनमा जीवन राई, अनिल श्रेष्ठ, पोषण घर्ती र राम मगराती रहनुभएको थियो । कोरस गायनमा कला राई, दुर्गा परियार, सीता सिङ्घक, मुन्ना गुरूङ र गंगा राई, टुङ्ना समूहमा पासाङ वाङ्जु सेर्पा ह्योल्मो, मिङ्मर लामा, सन्दुप लामा, छिरिङ डोर्जे सेर्पा, दावा लामा ह्योल्मो, पेमा लामा ह्योल्मो र निमा ल्हामु सेर्पा ह्योल्मो र मुर्चुङ्गा, पात र चरीबाजा वादनमा हिरन राई रहनु भएको थियो । कार्यक्रममा नौमती बाजा महिला समूहले पञ्चेबाजा समेत प्रस्तुत गरेको थियो ।

कार्यक्रमका प्रमुखअतिथि माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री योगेश भट्टराईले कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रिय एकता र सद्भावका लागि शुभकामना व्यक्त गर्नुभयो । कार्यक्रममा स्वागत मन्तव्य राख्दै प्रज्ञा-प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले नेपाली लोकबाजा र लोकधुनहरू के-के हुन् र कहाँ–कहाँ छन् त्यसको संरक्षण गर्न र युवापुस्तामाझ कसरी स्थापित गर्न सकिन्छ भने चासोका साथ कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

कार्यक्रममा यस प्रज्ञा–प्रतिष्ठानका उपकुलपति हरिहर शर्मा, सदस्यसचिव श्यामप्रकाश तमोट, प्राज्ञपरिषद् सदस्यहरू, त्यसैगरी नेपाल प्रज्ञा–प्रतिष्ठानका उपकुलपति डा. जगमान गुरूङ, सदस्यसचिव जगत्प्रसाद उपाध्याय, प्राज्ञपरिषद् सदस्यहरू, नेपाल ललितकला प्राज्ञ प्रतिष्ठानका कुलपति कान्छाकुमार कर्माचार्य, सांस्कृतिक संस्थानका महाप्रबन्धक राजेश थापा, अग्रज सङ्गीतकर्मी, साहित्यकार, विदेशी पर्यटक, कुटनीतिक नियोगका प्रतिनिधि, मिडियाकर्मी र विभिन्न विद्यालयका शिक्षक–विद्यार्थीहरूको समेत भव्य उपस्थिति रहेको थियो ।

# तनहुँमा नेपाली लोकनृत्यका चुनौती र समाधानबारे गोष्ठी

तनहूँ । यस प्रज्ञा-प्रतिष्ठानको नृत्य विभागले २०७६ माघ ४ गते शनिबार गण्डकी प्रदेशस्थित तनहुँ जिल्लाको शुक्ला गण्डकी नगरपालिकामा 'नेपाली लोकनृत्य क्षेत्रमा देखिएका चुनौती र समाधानका उपायहरू' विषयक विचारगोष्ठी तथा अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो ।

गण्डकी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरूङको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा नेपाली लोकनृत्य यस क्षेत्रमा आबद्ध व्यक्ति, सङ्घ,संस्था र बुद्धिजीवीमाझ ब्यापक छलफल गरिएको थियो । स्थानीय शुक्ला साहित्य संगम, तनहुँ र प्रलेस, तनहुँसँगको सहकार्यमा भएको कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुखअतिथि मन्त्री गुरूङले गण्डकी प्रदेश सरकारले प्रज्ञा–प्रतिष्ठान र बहुसांस्कृतिक ग्राम निर्माण गर्ने प्रतिबद्धता जनाउनु भएको थियो । गोष्ठीमा भानुभक्त बहुमुखी क्याम्पसका सहप्राध्यापक वेणुप्रसाद



खतिवडाले 'नेपाली लोकनृत्यमा देखिएका चुनौती र समाधानका उपायहरू' शीर्षकको कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्रमा लोकनृत्यको उत्पत्ति, विशेषता, नेपालमा प्रचलित विभिन्न लोकनृत्यमध्ये ३० वटा लोकनृत्यको विवरण उल्लेख हुनुका साथै लोकनृत्यमा देखिएका विकृति र समाधानका उपायहरू समेत सुझाइएको थियो । उक्त कार्यपत्रमाथि प्रा. शेषमणि आचार्य र प्रा. जनार्दन दाहालले टिप्पणी गर्नु भएको थियो । टिप्पणीकार द्वयले कार्यपत्रले उठान गरेका विषय सकारात्मक रहेको भन्दै लोकनृत्यको भण्डार नेपालका लोकनृत्यबारे अझै थप अध्ययन अनुसन्धान आवश्यक रहेको औंल्याउनुभयो । कार्यक्रमका अन्य वक्ताहरूले लोकनृत्यमा विकृति बढिरहेकोले यसतर्फ सचेत हुनुपर्नेमा जोड दिए । कार्यक्रमका सभाध्यक्ष यस प्रज्ञा-प्रतिष्ठानकी नृत्य विभाग प्रमुख प्राज्ञ नमुना शर्माले लोकनृत्यको संरक्षण, संवर्द्धन एवम् सर्वाङ्गीण विकास गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएकोले प्राप्त सुझावका आधारमा थप योजनाहरू निर्माण गरी अघि बढ्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो ।

स्वागत मन्तव्य प्रलेस तनहुँका अध्यक्ष पूर्णबहादुर श्रेष्ठले गर्नु भएको थियो भने धन्यवाद ज्ञापन शुक्ला साहित्य सङ्गमका अध्यक्ष नारायण कुमार श्रेष्ठले गर्नु भएको कार्यक्रममा स्थानीय कलाकाहरूले लोकनृत्य प्रस्तुत गरी स्वागत गरेका थिए । कार्यक्रममा विशिष्ट अतिथिका रूपमा गण्डकी प्रदेशका सांसद् तथा पूर्व मन्त्री आशा कोइराला, अतिथिमा शुक्ला गण्डकी नगर पालिकाका उपप्रमुख सविता रसाइलीको पनि उपस्थिति रहेको थियो ।

# नाट्यसम्राटको सम्झना

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानले नाट्यसम्राट बालकृष्ण समको ११८ औँ जन्मजयन्ती २०७६ माघ २५ गते आफ्नै कार्यालय परिसर बालुवाटार, काठमाडौँमा मनायो । कार्यक्रममा समको बारेमा वृत्तचित्र पनि प्रदर्शन गरिएको थियो ।

कार्यक्रमको अध्यक्षत गर्नु भएको प्रज्ञा–प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले बहुमुखी प्रतिभाका धनी समलाई सम्झिनु रङ्गकर्मी र राज्यकै दायित्व रहेको उल्लेख गर्नुभयो । उपकुलपति हरिहर शर्माले आफैँमा उत्कृष्ट नाट्यकलाकार समेत रहेका समको पहिलो नाट्यकृतिबारे कतिपय समालोचक द्विविधा रहेको सन्दर्भमा पहिलो नाटक 'तानसेनको झरी' भए पनि प्रथम प्रकाशित नाटक भने 'मुटुको व्यथा' रहेको स्पष्ट पार्नुभयो ।

नाट्यसम्राट समको रङ्गकर्ममाथि विद्यावारिधि गर्नु भएकी प्रा.डा. सावित्रा मल्ल कक्षपतिले समलाई नाटककार मात्रै नभई रङ्गकर्मीका रूपमा पहिचान गर्नुपर्ने बताउनुभयो । आफ्नो शोधका क्रममा समलाई नाट्य लेखक मात्र नभएर नाट्य निर्देशन, अभिनय, मञ्च परिकल्पना जस्ता रङ्गमञ्चलाई आवश्यक सबै विधामा योगदान पुर्‍याएको पाएकाले रङ्गकर्मीका समलाई आफूले सम्मान गर्ने बताउनुभयो । नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति केके कर्माचार्यले समको चित्रकला र जीवन व्यक्तित्वबारे प्रकाश पार्नु हुँदै उहाँको पोट्रेट चित्रमा विशेष दक्खल रहेको चर्चा गर्नुभयो । कार्यक्रममा नेपाली साहित्यलाई बौद्धिकताको छाप दिने, चित्रकार, अभिनेता, कुशल वक्ता र दार्शनिक चिन्तकका रूपमा समेत चिनिएका समको अनुकरणीय व्यक्तित्वलाई थप प्रकाशमा ल्याउन आवश्यक रहेको प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव श्यामप्रकाश तमोटले बताउनु भएको थियो ।



# समाज रूपान्तरणमा नाटकको भूमिका खोजी

काठमाडौँ- यस प्रज्ञा–प्रतिष्ठानको रङ्गमञ्च विभागले २०७६ फागुन ४ गते काठमाडौँ, कमलादीस्थि नेपाल प्रज्ञा–प्रतिष्ठानको हलमा 'समाज रूपान्तरणमा नाटकको भूमिका र नेपाली नाट्यप्रस्तुतिको समकालीन धार' विषयक एक विचार गोष्ठी तथा अन्तरक्रिया सम्पन्न गऱ्यो ।

गोष्ठीमा 'नेपाली समाज रूपान्तरणमा नाटकको भूमिका' बारे रङ्गकर्मी चन्द्रप्रसाद पाण्डे र 'नेपाली नाट्य प्रस्तुतिको समकालीन धार'बारे प्रवीण पुमाले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यपत्रमाथि वरिष्ठ नाट्यकर्मी, प्राज्ञिक व्यक्तित्व, अनुसन्धाता तथा नाट्यप्रेमीबीच बृहत् अन्तरक्रियासमेत भएको थियो ।

पाण्डेको कार्यपत्रमा नेपालको इतिहासको विभिन्न कालखण्डमा नाटकको विकासक्रम र नाटकले ती कालखण्डमा नेपाली समाजमा पारेको प्रभाव उल्लेख थियो । तथापि वरिष्ठ नाट्यकर्मी अशेष मल्लले कार्यपत्र प्रस्तोताले शीर्षकअनुरूपको सामग्री प्रस्तुत गर्न नसकेको दाबी




गर्नुभयो । कार्यपत्रमा नाटकको लेखन पक्ष र रङ्गमञ्चीय पक्ष प्रस्ट नहुँदा प्रस्तोतामा अन्योल देखिएको उहाँको भनाइ थियो ।

पुमाले कार्यपत्रमा नाट्य प्रस्तुतिको समकालीन धारलाई वैचारिक नाट्यधार र प्राविधिक नाट्यधार गरी दुई धारमा वर्गीकरण गरी चर्चा गर्नुभयो । उक्त कार्यपत्रमाथि टिप्पणी गर्दै डा. विन्दु शर्माले समकालीन धारको आधारविन्दु प्रस्ट नभएको तर्क गर्नुभयो । प्रज्ञा–प्रतिष्ठानकै पूर्वप्राज्ञ रमेशरञ्जन झाले गोष्ठीको नामकरणको विषयमा बोल्दै नेपाली नाटक भन्नुको सट्टा नेपालको नाटकभन्दा राष्ट्रका मातृभाषालाई पनि समेट्ने सुझाव दिनुभयो ।

प्रज्ञा–प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले रङ्गमञ्चीय बहसलाई प्राज्ञिक बनाउन गोष्ठीले सघाउने विचार व्यक्त गर्नुभयो । उपकुलपति हरिहर शर्माले नाटक लेखक र नाट्यकर्मीबीच विचार मन्थन कम भइरहेकोतर्फ सचेत गराउँदै सिर्जनात्मक पाटोसँगै यस्ता गोष्ठीमार्फत् अन्तरक्रियालाई पनि बढाएर लान आवश्यक रहेको र केही हदसम्म यस गोष्ठीले त्यसको थालनी गरेको स्पष्ट पार्नुभयो । कुलपति रायनले उद्घाटन गर्नु भएको गोष्ठीलाई सदस्यसचिव श्याम तमोटले सहजीकरण गर्नु भएको थियो भने रङ्गमञ्च विभाग प्रमुख प्राज्ञ निशा शर्मा पोखरेलले कार्यक्रमको उद्धेश्य र औचित्य माथि प्रकाश पार्नु भएको थियो ।

## नृत्यलिपि बहस

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानले २०७६ फागुन ८ गते नेपाल प्रज्ञा-प्रतिष्ठान, कमलादी, काठमाडौँमा 'नृत्य लिपि' विषयक विचार विमर्श कार्यक्रम सम्पन्न गऱ्यो । नृत्यमा पनि लिपि हुन्छ भन्ने विषयलाई प्राज्ञिक रूपमा पहिलो पटक बहस गरिएको उक्त कार्यक्रममा नृत्यकार शिवराम कासुलाले प्रतिपादन गरेको नृत्य लिपिलाई प्रस्तुत गरिएको थियो ।

यस प्रज्ञा-प्रतिष्ठानकी प्राज्ञसभा सदस्य सत्यकला राईको आवाजमा गाइएको गायत्री मन्त्रलाई नृत्यमार्फत् प्रस्तुति दिँदै कासुलाले नृत्यमा प्रस्तुत भएका विभिन्न चाललाई लिपिमार्फत व्याख्या गर्नु भएको थियो । लोक, शास्त्रीयदेखि अहिलेको बि-बोइङ नृत्यका चालहरूलाई समेत कासुलाले लिपिमार्फत प्रस्तुत गरेपछि त्यसउपर विचार विमर्श गरिएको थियो ।

बहसमा नेपालका वरिष्ठ नृत्यनिर्देशक भैरवबहादुर थापाले कासुलालाई हतार नगरी व्यापक छलफलबाट नृत्य लिपिको प्रकाशनमा लाग्न अनुरोध गर्नु भएको थियो । नृत्यकार विणा जोशीले नृत्यको आफ्नै भाषा हुने उल्लेख गर्दै तिनको आधारशिला बलियो र स्पष्ट भए मात्रै नृत्य लिपिले स्थायित्व पाउने दाबी गर्नुभयो । कार्यक्रममा यस प्रज्ञा-प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले हाम्रो मौलिक नृत्य लिपिको विकास गर्ने विषयलाई बहसमा ल्याउन जरूरी रहेकोले कार्यक्रम




आयोजना गरिएको बताउनुभयो । प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव श्यामप्रकाश तमोटले नेपाली कला जगत्को नौलो विषय नृत्य लिपिबारे यस्ता कार्यक्रमले समग्र नृत्य क्षेत्रमा सकारात्मक सन्देश प्रवाह गर्ने बताउनुभयो । कार्यक्रमको सहजीकर्ता यस प्रज्ञा-प्रतिष्ठानकी नृत्य विभाग प्रमुख प्राज्ञ नमुना शर्माले यस खाल छलफलबाट थप ऊर्जा मिलेको बताउनुभयो ।

# अम्बर गुरूङको जन्मजयन्ती मनाइयो

यस प्रज्ञा–प्रतिष्ठानले ८३ औं अम्बर जन्मजयन्ती २०७६ फागुन १४ गते बुधबार आफ्नो कार्यालय भाटभटेनी काठमाडौंमा मनायो । यस अवसरमा गणतन्त्र नेपालको राष्ट्रगानका सीतकार तथा यस प्रज्ञा प्रतिष्ठानको प्रथम कुलपति समेत रहेका सीतज्ञ गुरूङको तस्वीरमा पुष्पार्पण गर्दै नेपाली सङ्गीतमा उहाँको योगदानबारे चर्चा समेत गरियो ।

प्रज्ञा–प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले तत्कालीन पञ्चायती व्यवस्थाको विरोधमा राल्फा अभियान लिएर गाउँबस्ती पुग्दै गर्दा आफूले गुरूङलाई दार्जीलिङमा पहिलो पटक भेट्दै आफू अत्यन्त प्रभावित भएको बताउनुभयो । भारतको दार्जीलिङबाट नेपाल प्रवेश गरेपछि तत्कालीन नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानमा सङ्गीत निर्देशक हुनु भएका अम्बर गुरूङसँग २०४६ सालयता आफूले लामो समय



सङ्गत गरेको स्मरण गर्दै कुलपति रायनले गुरूङको सयौँ सुमधुर सङ्गीत सृजनाले आजसम्म सारा नेपालीहरूको भावनात्मक एकता कायम राख्न महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो ।

तत्कालिन राजकिय प्रज्ञा प्रतिष्ठानमा तीन दशकअघि सहकर्मीका रूपमा सङ्गत गर्नुभएका प्रज्ञा–प्रतिष्ठानका उपकुलपति हरिहर शर्माले गुरूङले नै पहिलोपटक नेपाली नाटकमा सङ्गीत प्रयोग गर्नु भएको दाबी गर्नुभयो । नारायण गोपाल सङ्गीत कोषका निर्देशक राजकुमार श्रेष्ठले सङ्गीतकार गुरूङको सङ्गत नै आफ्नो सङ्गीत जीवनको महत्वपूर्ण पाटो रहेको बताउनुभयो । गुरूङका सङ्गीत विद्यार्थी श्रेष्ठले उहाँका आधुनिक सङ्गीत दिक्षाका कारण आफ्नो पहिचान बनेको उल्लेख गर्नुभयो । सङ्गीतकार गुरूङका आफन्त प्रकाश गुरूङले नेपाली अर्केष्ट्रा बनाउने गुरूङको सपनाले आफूलाई झकझक्याइरहेको बताउनुभयो । नेपाल प्रज्ञा–प्रतिष्ठानका उपकुलपति जगमान गुरूङ, प्रज्ञा–प्रतिष्ठानका सदस्यसचिव श्यामप्रकाश तमोट र नेपाल प्रज्ञा–प्रतिष्ठानका सदस्यसचिव जगत्प्रसाद उपाध्यायले पनि अम्बर गुरूङको कृतित्वबारे प्रकाश पार्नु भएको कार्यक्रममा सांस्कृतिक संस्थानका अध्यक्ष प्रेमनाथ अधिकारी, सङ्गीतकार किशोर गुरूङ, शिलाबहादुर मोक्तान तथा प्रज्ञा–प्रतिष्ठानका प्राज्ञपरिषद् सदस्यहरू, प्राज्ञसभासदस्य तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

# प्रदेश एक्स्पोमा प्रतिष्ठानको सांस्कृतिक सहकार्य

काठमाडौं । प्रदेश नम्बर ५, दाङको बेलझुण्डीमा प्रदेश नम्बर ५ सरकारले 'समृद्ध प्रदेश खुशी जनता' भन्ने मूल नाराको साथ आयोजना गरेको प्रदेश नं. ५ एक्स्पो–२०७६ को सांस्कृतिक संयोजन नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा- प्रतिष्ठानको सङ्गीत विभागले गर्‍यो । प्रदेश स्थापना दिवसका अवसरमा मिति २०७६ फागुन १० देखि १२ गतेसम्म तीन दिन भव्यताका साथ भएको उक्त एक्स्पोमा थारू, मगर तथा गन्धर्व जातिका लोकनृत्यका साथै विभिन्न जातजातिका मौलिक बाजाका धुनहरू प्रस्तुत गर्न प्रज्ञा–प्रतिष्ठानले सांस्कृतिक संयोजन गरेको हो । जसको सहजीकरण यस प्रज्ञा–प्रतिष्ठानका सङ्गीत विभाग प्रमुख प्राज्ञ अशोककुमार राईले गर्नु भएको थियो ।

एक्स्पोमा थारू जातिको सखिया, झुम्रा, लाठी नाच, सोरठी, कौरा, टप्पा नृत्यहरूसमेत प्रस्तुत गरियो । उक्त अवसरमा विभिन्न २७ विद्यालयका २४० जना विद्यार्थीले आकर्षक सामूहिक नृत्य पनि प्रस्तुत गरेका थिए ।

समारोहमा १६० जनाले मौलिक भेषभुषामा थाली नृत्य प्रस्तुत गरियो । यसै गरी प्रदेश नं. ५ का १२ जिल्लाबाट आएका ७० जनाभन्दा बढी गन्धर्वहरूको समूहले सारङ्गीमा मंगल धुन,



भजन धुन, भ्याउरे भाका र ढ्यौसी भाका सुनाए भने ख्याति प्राप्त गायक/गायिकाले गीत गायन प्रस्तुत गरे ।

प्रदेशमा लगानी ल्याउने उद्देश्यले आयोजना गरिएको एक्स्पो–२०७६ लाई उद्घाटन गर्नु हुँदै प्रदेश ५ का माननीय मुख्यमन्त्री श्री शंकर पोखेल प्रतिष्ठानप्रति हार्दिक सराहना व्यक्त गर्नु भएको थियो । प्रदेश नं. ५ का विभिन्न जातजाति, भाषाभाषी र सांस्कृतिक समुदायको विविधतापूर्ण सङ्गीत प्रस्तुतिको माहौलबीच उक्त एक्स्पो ३ दिनसम्म भव्य रूपमा चलेको थियो । प्रतिष्ठानलाई यसरी सहकार्य गर्ने अवसर प्रदान गरेकोमा एक्स्पोका सांस्कृतिक संयोजक प्राज्ञ राईले प्रदेश नं. ५ प्रति धन्यवाद दिनु भएको थियो ।

# मकुण्डो नृत्यहरूको अवलोकन

काठमाडौं । नेपालका परम्परागत मकुण्डो नाचको संरक्षण र प्रवर्द्धन गर्न यस प्रज्ञा-प्रतिष्ठानले २०७६ माघ १७ देखि फागुन २० गतेसम्म देशका विभिन्न स्थानका विभिन्न समुदायमा पुगेर परम्परागत मकुण्डो नाचको अवलोकन गर्‍यो ।

प्रज्ञा-प्रतिष्ठानकी नृत्य विभाग प्रमुख नमुना शर्माका अनुसार मिति २०७६ चैत ३० गते काठमाडौंस्थित भृकुटीमण्डपमा आयोजना हुने तय गरिएको मकुण्डो नृत्य महोत्सवको प्राप्त भएको आवेदनको आधारमा मकुण्डो नाच संरक्षणका लागि व्यवस्थापन समितिको बैठकले विभिन्न ठाउँमा गई अवलोकन गरेको हो । तर कोभिड १९ का कारण उक्त मकुण्डो नृत्य उत्सव आयोजना भने अवरूद्ध हुन पुगेको थियो ।

प्राज्ञ नमुना शर्मा, संस्कृतिविद् गणेशराम लाक्षी, नृत्यनिर्देशक भुवनदास श्रेष्ठ लगायतको टोलीले धरान सुनसरीमा प्रचलित मकुण्डो नृत्य माता पंचकुमारीको अवलोकन अनुसन्धान गरेको थियो । काठमाडौं-ख्वपकिमी कला संस्था नेपालको कार्यालयमा प्राज्ञ नमुना शर्मा, हरिदेवी कोइराला र संस्कृतिविद् गणेशराम लाक्षीको टोलीले काठमाडौंमा प्रचलित ईन्द्रजात्रामा हुने मकुण्डो नृत्यबारे र काभ्रेको दाप्चा र पनौती नगरमा नाचिने देवी भैरव नृत्यमा देखाइने मुकण्डो नाचलाई प्राज्ञ निशा शर्मा पोखरेल, मेघराज शर्मा (मञ्जुल), नृत्य अन्वेषक विणा जोशीको टोलीले अवलोकन गरेको थियो ।

प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव श्यामप्रकाश तमोट, प्राज्ञ नमुना शर्मा, हरिदेवी कोइराला सम्मिलित टोलीले भोजपुरको टक्सार सेवा समाजसँग वनदेवी मकुण्डो नृत्यबारे र पिस कल्चर ग्रुप, काठमाडौंसँग प्राज्ञ नमुना शर्मा, संस्कृतिविद गणेशराम लाक्षीको टोलीले छलफल तथा अन्तरक्रिया गर्‍यो । चैनपुर सङ्खुवासभामा स्थानीय मकुण्डो नृत्यको खोज अनुसन्धान तथा अवलोकनका लागि गएको प्राज्ञ नमुना शर्मा, संस्कृतिविद् गणेशराम लाक्षी, चलचित्रकर्मी भुवनदाश श्रेष्ठ, विजय श्रेष्ठ लगायतका टोलीलाई स्थानिय चैनपुर बासी, नेवार समुदाय नेवाःदयदबू नगर कमिटी, चैनपुर समाज सेवा युवा क्लवको तर्फबाट सम्मान समेत गरेको थियो । यही टोलीले उदयपुरको गाईघाटमा लाखे नाचका रूपमा नाचिने को मकुण्डो नाचको पनि अवलोकन गरेको थियो ।

सिन्धुपाल्चोकको हेलम्बुका ह्योल्मो




समुदायले नाच्ने मकुण्डो नाचको अवलोकन गर्न सदस्यसचिव श्यामप्रकाश तमोट, संस्कृतिविद् गणेशराम लाक्षी लगायतको टोली ह्योल्मो सांस्कृतिक समाज, बौद्ध, काठमाडौंको सम्पर्कमा पुग्यो भने भक्तपुर याछेँमा प्रचलित जात्रा तथा पुजाहरूमा नाचिने मकुण्डो नाचको विशेषतालाई उजागर गर्न प्रज्ञा-प्रतिष्ठानको प्राज्ञ र विज्ञ टोलीले राइजिङ कल्चर ग्रुप भक्तपुर, याछेँसँग अन्तर्क्रिया गर्‍यो ।

काठमाण्डौं उपत्यकाको हाँडी गाउँको भैरव नृत्यमा देखाइने मकुण्डो नाचको अवलोकन प्राज्ञ निशा शर्मा पोखरेल, मेघराज शर्मा(मञ्जुल), धीरेन्द्र प्रेमर्षि टोलीले गर्‍यो भने पश्चिम नेपालमा नाचिने मकुण्डो नृत्यबारे लुम्बिनी प्रदेशको दाङको तुलसीपुरस्थित तुलसीपुर नेवार समाजसँग आन्तरिक अन्तर्क्रिया गरियो । त्यसै गरी कर्णाली प्रदेशमा प्रचलित मकुण्डो नृत्यबारे सुर्खेत विरेन्द्रनगरस्थित नेवा देय् दबुसँग पनि छलफल गरेको थियो ।

# लिम्बु जातिको धाननाचबारे पुस्तक प्रकाशित

काठमाडौं । लिम्बु जातिमा प्रचलित लोकगीतिनृत्य धाननाचबारे यस प्रज्ञा-प्रतिष्ठानले पुस्तक प्रकाशित गर्‍यो । नेपालको सुदूरपूर्व लिम्बुवानमा मुख्य बसोवास गर्ने यस जातिको प्रमुख लोकगीति नृत्यबारे प्रा.डा. हेमनाथ पौडेलले तयार गर्नु भएको 'लिम्बु जातिमा प्रचलित लोकगीतिनृत्य धाननाच' नामको प्रज्ञा-पुस्तकलाई प्रकाशित गरेको हो । यस पुस्तकलाई प्रतिष्ठानका तत्कालीन नृत्यविभाग प्रमुख प्राज्ञ माधव प्रधानको संयोजनमा प्रा. डा. पौडेलले समग्र लिम्बुवान क्षेत्रको धाननाचलाई प्रतिनिधित्व हुने गरी अध्ययन गरेर तयार गर्नु भएको हो । पुस्तकमा लिम्बु जातिको इतिहासका बारेमा जानकारी दिँदै धाननाचको परिचय, उत्पत्ति, विशेषता, संरचना, वर्गीकरण लगायतका पक्षको अध्ययनलाई समेटिएको छ । यस पुस्तकबाट लिम्बु जातिको सांस्कृतिक फाँटमा मात्र होइन, नेपालको लोकपरम्परा र लोकसंस्कृतिका क्षेत्रमा समेत योगदान पुग्ने भएकाले प्रकाशित गरिएको कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले बताउनुभयो ।



# विभिन्न प्रस्तुतिका साथ प्रज्ञा–प्रतिष्ठानको ११ औँ वार्षिक उत्सव सम्पन्न

काठमाडौं । प्रज्ञा-प्रतिष्ठान ११ औँ वार्षिक उत्सव २०७८ वैशाख १० गते शुक्रबार बालुवाटार भाटभटेनीस्थित आफ्नो कार्यालय परिसरमा विभिन्न कार्यक्रमका सम्पन्न गर्‍यो । कोरोनाका कारण समय अनुकुल नभएता पनि स्वास्थ्य मापदण्ड पालना गर्दै प्रज्ञा-प्रतिष्ठानले आफ्नो वार्षिक उत्सवलाई निकै उल्लासमय बनाउन प्रयास गरेको थियो । उक्त अवसरमा प्रतिष्ठानका पदाधिकारी, प्राज्ञसभा सदस्य, कर्मचारी तथा अतिथि कलाकारहरूबाट विभिन्न सृजनात्मक प्रस्तुतिहरू रह्यो भने नेपाल सीत तथा राष्ट्रिय प्रज्ञा पुरस्कार २०७७ बाट पुरस्कृत वरिष्ठ ६ जना स्रष्टाको नामावली समेत घोषणा गरिएको थियो ।

प्राज्ञ नमूना शर्माले गजल तथा मुक्तक वाचन गरेर उपस्थित सबैलाई स्वागत गरेपछि शुरू भएको सृजनात्मक कार्यक्रममा आधा दर्जन गीतसङ्गीत, कविता र गजलको प्रस्तुति रह्यो । प्राज्ञ धीरेन्द्र प्रेमर्षिले गीत गायन तथा रचना वाचन सहित सञ्चालन गर्नु भएको उक्त कार्यक्रममा प्राज्ञ हरिदेवी कोइरालाले गीतिकविता प्राज्ञ अशोक कुमार राई र प्राज्ञसभा सदस्य सत्यकला राईले गीत गायन, प्राज्ञसभा सदस्य लक्ष्मण गाम्नागेले व्यङ्ग्य कविता तथा कर्मचारी विजय श्रेष्ठले कविता वाचन गर्नु भएको थियो । प्रज्ञा प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले अध्यक्षता गर्नु भएको उक्त समारोहमा नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति डा. गंगाप्रसाद उप्रेती तथा नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति कान्छाकुमार कर्माचार्य विशेष अतिथि हुनुहुन्थ्यो । कार्यक्रममा प्रतिष्ठानका निमित्त सदस्यसचिव प्राज्ञ अशोक कुमार राईले नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कारबाट सम्मानित हुनुहुने ६ जना वरिष्ठ श्रष्टाको नामावली घोषणा गर्नु भएको थियो । कार्यक्रममा नेपाल सङ्गीत तथा नाट्य कर्मचारी सङ्घका अध्यक्ष हिलारीबन्धु भुजेलले शुभकामना मन्तव्य राख्नु भएको थियो ।

# भर्चुअल माध्यममा शैली संवाद कार्यक्रम

काठमाडौं । विश्वव्यापी महामारी कोभिड-१९ कारण भौतिक रूपका सार्वजनिक कार्यक्रम ठप्प भएको बेला यस प्रज्ञा-प्रतिष्ठानले सङ्गीत र नाट्य क्षेत्रका स्रष्टा सर्जकसँग सम्पर्कलाई निरन्तरता दिन भर्चुअल कुराकानी 'शैली संवाद' कार्यक्रम आयोजना गर्‍यो । सरकारले कोरोना रोकथाम र नियन्त्रणका लागि लागु गरेको बन्दाबन्दीको प्रावधानको पूर्णतः पूर्ण पालना गर्दै शैली थिएटर र प्रज्ञा-प्रतिष्ठानको संयुक्त आयोजनामा यो कार्यक्रम २०७७ साल भाद्र महिनाभर प्रत्येक जोर गतेका दिन सञ्चालन गरिएको थियो ।

शैली थिएटरको युट्युब च्यानल र शैली थिएटरको फेसबुक पेजबाट साँझ ४ बजे नियमित प्रसारण भएको यस शृङ्खलामा सङ्गीत, नाट्यसँगै साहित्य, चिकित्सा, खेलकुद, सिनेमा, सामाजिक विभेद र सूचनाप्रविधिसँग सम्बन्धित विज्ञहरू सहभागी भए । प्रज्ञा-प्रतिष्ठानका उपकुलपति हरिहर शर्मासँग नाटक क्षेत्रबारे शैली थिएटरकी सरस्वती अधिकारीले भाद्र २ गते भलाकुसारी गर्दै यस शैली संवाद शृङ्खलाको औपचारिक सुरूवात गरिएको थियो । त्यसै गरी भदौ २८ गते वरिष्ठ मुटु रोग विशेषज्ञ डा. दिवाकर शर्मासँग मुटुरोगबाट जोगिन तथा नेपालमा मुटुरोगको अवस्थाबारे कुराकानी भएको थियो । भाद्र ३० गते मङ्गलबारको संवादमा चर्चित चिन्तक तथा राजनीतिज्ञ आहुति सहभागी थिए । भदौ १६ गते मङ्गलबार राष्ट्रकवि माधवप्रसाद घिमिरेको १३औं पुण्य तिथिको अवसरमा घिमिरेको कृतित्व र व्यक्तित्वबारे प्रा.डा गोविन्दराज भट्टराई, कृष्ण धरावासी, डा. नवराज लम्साल, महेश पौड्याल, टीका आत्रेय र सुदेश सत्यालबीच परिचर्चा गरियो । महिनाभरिमा १५ वटा भागसम्म चलेको शैली संवादमा लोकगीत गायनबारे मञ्जु पौडेल, चलचित्रबारे निर्देशक दीपेन्द्र लामा, नेपालको जातीय विभेदबारे स्पिक




अगेन्स्ट सिस्टमका संयोजक रवि सेन्चुरी, खेलकुदबारे दक्षिण एसियाली खेलकुद (साग)मा एथलेटिक्सतर्फ १० किलोमिटरमा स्वर्ण पदक विजेता सन्तोषी श्रेष्ठ, साहित्यबारे महेश पौडेल, बालबालिकाबारे सिविस नेपालका कार्यक्रम संयोजक यादवकुमारी बस्नेत, मैथिली साहित्यबारे प्राज्ञ धीरेन्द्र प्रेमर्षि, शास्त्रीय नृत्यबारे सुजाता बराल, शास्त्रीय गायनबारे श्री केसी, समाजसेवी रोहिणी भट्टराई लगायतसँग संवाद गरिएको थियो । अन्तर्वार्ता लिने र दिने व्यक्ति घरमा बसेर कार्यक्रममा सहभागी हुने र अन्तर्वार्तालाई घरघरमै बसेर दर्शकश्रोताले हेर्न, सुन्न तथा तत्कालन प्रतिक्रिया जनाउन सक्ने इन्टरनेटको जुम प्रविधिमार्फत् शैली संवाद सञ्चालन गरिएको थियो ।

# स्वर-मध्यमा : शास्त्रीय सङ्गीतको आभासी (Virtual) संवाद




काठमाडौं । यस प्रज्ञा-प्रतिष्ठानको शास्त्रीय तथा परम्परागत विभागले ध्रुपद गुरूकुल काठमाडौँसँगको सहकार्यमा २०७७ भादै २२ देखि शास्त्रीय सङ्गीतसम्बन्धी आभासी (Virtual) संवाद-शृङ्खला सञ्चालन गऱ्यो । हप्ताको दुई पटक सञ्चालन गरिएको यो संवाद-शृङ्खलालाई प्रज्ञा-प्रतिष्ठानको फेसबुक पेज Nepal Academy of Music & Drama बाट प्रसारण भएको थियो । जूम मीटिङका माध्यमबाट सो शृङ्खलाको शुभारम्भ गर्दै प्रज्ञा-प्रतिष्ठानका परम्परागत तथा शास्त्रीय सङ्गीत विभाग प्रमुख प्राज्ञ धीरेन्द्र प्रेमर्षिले कोभिडजन्य प्रतिकूलताले शिथिल भएका कतिपय राष्ट्रिय अवयवहरूलाई प्राविधिक रूपले अनुकूलन गरी सृजना-प्रवाहमा सघाउ पुऱ्याउने उद्देश्यले सङ्गीत संवाद शृङ्खला स्वर-मध्यमाको आयोजना गरिएको विचार व्यक्त गर्नुभयो ।

कार्यक्रमका सञ्चालक ध्रुपद् गुरूकुल काठमाडौँका संस्थापक विशाल भट्टराईले कोभिड-१९ को महामारीले सिर्जना गरेको कठिन परिस्थितिमा शास्त्रीय सङ्गीतका साधकहरूसँग भर्चुअल माध्यमबाट स्वर-मध्यमा संवाद-शृङ्खलामार्फत जोडिएर उहाँहरूको अनुभव प्रवाह गराउन पाउनुले नेपाली कला-संस्कृति जगत्मा केही थोरै भए पनि नयाँ आयाम थपेको अनुभूति भएको बताउनुभयो ।

नेपाल शास्त्रीय सङ्गीत समाजका अध्यक्ष तथा प्रख्यात् शास्त्रीय सङ्गीतज्ञ पं. धनबहादुर गोपालीसँगको संवाद तथा साङ्गीतिक प्रस्तुतिबाट शुरु भएको स्वर-मध्यमा संवाद शृङ्खला पुस महिनासम्मा शास्त्रीय सङ्गीत क्षेत्रका २२ जना कलाकारहरु सक्रियतापूर्वक सहभागी हुनुभयो ।

जसअनुसार भाद्र महिनामा सङ्गीतज्ञ धनबहादुर गोपाली, बाँसुरी गुरू जीवन आले र सरिता मिश्र, आश्विन महिनामा बागेश्वरी सङ्गीतालयका सुरेश सेञ्चुरी, सितारवादक प्रा.डा. ध्रुवेशचन्द्र रेग्मी, सङ्गीतज्ञ सङ्गीता राना प्रधान, गायक बन्धु प्रभुराज ढकाल र प्रतीक ढकाल, तबलावादक पण्डित प्रेमकुमार ओझैया, वरिष्ठ सरोदवादक मोहनसुन्दर श्रेष्ठ, सितारवादिका सुष्मा ओमाता शाह र सङ्गीतगुरू प्रा. श्रीराम आचार्य सहभागी हुनुभयो । जयश्री म्यूजिक सोसाइटीका सदस्यहरु लक्ष्मीप्रसाद डङ्गोल, बाबुराजा महर्जन, विजयलाल श्रेष्ठ, मुकेश शाक्य र रमेश डङ्गोलको सामूहिक प्रस्तुतिसँगै कात्तिक महिनामा पनि जारी यस स्वर-मध्यमा संवाद-शृङ्खलामा सङ्गीत गुरू चण्डीप्रसाद काफ्ले र इसराजवादक सन्तोषभक्त श्रेष्ठ सहभागी हुनुभयो ।

मङ्सिर महिनाको प्रस्तुतिमा साङ्गीतिक पिता-पुत्री विनय वर्मा एवम् सुजाता वर्मा, जापानका सारङ्गीवादक युजी नाकागावा, सङ्गीतज्ञ गुरूदेव कामत र वरिष्ठ सितारवादिका उमा थापा हुनुहुन्थ्यो भने पुस महिनामा वरिष्ठ गायिका ज्ञानू राणा, सङ्गीतगुरू कुशेश्वरप्रसाद सिंह राई, तबलावादक पण्डित अच्युतराम भण्डारी र सितारवादक डा. सवन जोशी हुनुहुन्थ्यो ।

# विराटनगर, नेपालगन्ज, धनगढी र सुर्खेतमा नाट्य कार्यशाला




काठमाडौं । रङ्कर्मलाई राजधानीबाहिर पनि विस्तार गरी स्तरीय रङ्कर्मीहरू उत्पादन गर्ने उद्देश्यका साथ यस प्रज्ञा-प्रतिष्ठानको रङ्गमञ्च विभागले एक नं. प्रदेशको राजधानी विराटनगर, सुदुरपश्चिम प्रदेशको राजधानी धनगढी, र लुम्बिनी प्रदेशको नेपालगन्जमा सात दिने नाट्य प्रशिक्षण कार्यशाला आयोजना गऱ्यो ।

उक्त प्रशिक्षण कार्यशालाहरू १ नं. प्रदेशको विराटनगरस्थित आरोहण गुरूकुलको सुशीला नाटकघरमा २०७७ असोज २० गतेदेखि २६ गतेसम्म, सुदुर पश्चिम प्रदेशको राजधानी धनगढीमा मङ्सिर २२ गते देखि २८ गतेसम्म, लुम्बिनी प्रदेशको नेपालगन्जमा मङ्सिर २४ गतेदेखि ३० गते र कर्णाली प्रदेशको राजधानी सुर्खेतमा चैत्र २४ गते सञ्चालनमा ल्याइएको थियो ।

रङ्गमञ्च विभाग प्रमुख प्राज्ञ निशा शर्माका अनुसार कोरोना महामारीले ठप्प प्रायः नाट्यकर्मलाई कम्तीमा राजधानीबाहिर चलायमान बनाउने उद्देश्यले पनि युवापुस्तालाई लक्षित सप्ताहव्यापी यी कार्यशाला चलाइएका थिए । सामाजिक दुरी कायम गर्दै सञ्चालन गरिएको कार्यशालामा कोरोना कहरका बावजुद पनि त्यस भेगका युवाले उत्साहजनक सहाभागिता जनाएका थिए ।

नाट्य अभिनयका विविध पक्षहरूबारे प्रशिक्षण दिइएको ती कार्यशालामध्ये विराटनगरको कार्यशालामा प्रशिद्ध नाट्य निर्देशक सुनिल पोखरेल र सहायक प्रशिक्षकमा दिपेश भण्डारी, नेपालगन्जमा वरिष्ठ नाट्यकर्मी वीरेन्द्र हमाल र धनगढीमा नाट्यकर्मी नरेन्द्र बरालले प्रशिक्षण दिनु भएको थियो । विराटनगरको कार्यशालामा प्रदेश नं. १ का नौ वटा नाटक समूहका २० जना रङ्कर्मीहरूलाई नाट्य निर्देशन र अभिनयबारे प्रशिक्षण दिइएको थियो । कार्यशालामा कलालय इटहरी, कदम थिएटर दमक, आरम्भ नाट्य डबली धरान, प्रतिविम्ब नेपाल इनरूवा, झोराहाट नाट्य समूह झोराहाट, रङ्भूमि एकेडेमी धरान, चुलाचुली रङ्गमञ्च इलाम, परिवर्तन थिएटर झापा र आरोहण गुरूकुल विराटनगरका रङ्कर्मीहरू सहभागी हुनुहुन्थ्यो । बिहान ९ बजेदेखि साँझ ७ बजेसम्म हप्तादिन सञ्चालन भएको कार्यशालाका सहभागीलाई नाट्य निर्देशन, अभिनय गर्ने तरिका र अभ्याससँगै नाट्यविधाबारे विभिन्न ज्ञान, सीप, र शैलीहरू सिकाइएको थियो । कार्यशालाकै दौरानमा सहभागीले तयार गरेका दुई वटा नाटक प्रदर्शन गर्दै कार्यशालाको समापन गरिएको थियो । सहभागीलाई विराटनगर महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत इन्द्रमणि पोखरेलले प्रमाणपत्र वितरण गर्नु भएको थियो । समापन कार्यक्रमका प्रमुखअतिथि पोखरेलले राज्यका जुनसुकै क्षेत्रका प्रतिभालाई हौसला दिने, क्षमता विकासमा योगदान दिने यस्ता गतिविधिलाई विराटनगर महानगरपालिकाले सदैव साथ दिने प्रतिवद्धता समेत जनाउनु भएको थियो ।

कैलालीको धनगढीको प्रशिक्षणमा १५ जना स्थानीय तथा आसपासका युवा र नेपालगन्जको प्रशिक्षणमा बाँके, बर्दिया, दाङ, कैलाली, सुर्खेत, अछाम, कालिकोट लगायतका जिल्लाहरूबाट ३७ जना प्रशिक्षार्थीहरू सहभागी भएका थिए । प्रशिक्षार्थीहरूलाई कार्यशालाको अन्तिम दिन मङ्सिर ३० गते नेपालगन्जमा एक औपचारिक कार्यक्रम आयोजना गरी प्रमाणपत्र वितरण गरिएको थियो ।

प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र वितरण गर्ने क्रममा लुम्बिनी प्रदेशसभा सदस्य सुरेन्द्र हमालले कार्यशालाबाट राम्रा नाट्यकर्मीको उदय भएको र उनीहरूबाट आगामी दिनमा राम्रा नाटक हेर्न पाइने अपेक्षा राख्नु भएको थियो । कार्यक्रममा कार्यशालामा सहभागी प्रशिक्षार्थीहरूले आकर्षक अभिनय समेत प्रस्तुत गरेका थिए ।

## दुरा समुदायको लोपोन्मुख ठाडोभाका दोहोरीको छायाङ्कन सम्पन्न

काठमाडौं । यस प्रज्ञा-प्रतिष्ठानले गण्डकी प्रदेशमा प्रचलित लोपोन्मुख अवस्थामा रहेको ठाडोभाका दोहोरी गीतको छायाङ्कन कार्य २०७७ पुष ११ र १२ गते छायाङ्कन कार्य सम्पन्न गऱ्यो । गुरूङ र दुरा जातिमा प्रचलित यस भाकाको छायाङ्कन ठाडोभाका लोककला प्रतिष्ठान नेपालको सहकार्यमा लमजुङ जिल्लको राइनास नगरपालिका वडा नं. ८, यस जिल्लाका विभिन्न भेग र तनहुँ बन्दीपुरमा गरिएको हो ।

लोपोन्मुख अवस्थामा पुगेको ठाडो भाकालाई श्रव्यदृश्य रेकर्डमार्फत अभिलेखीकरण गरी संरक्षण गर्न छायाङ्कन गरिएको लोकसङ्गीत विभाग प्रमुख प्राज्ञ हरिदेवी कोइरालाले बताउनुभयो । छायाङकनसँगै यस भाकाको स्थापनाकालदेखि आजसम्मको अनुसन्धानमूलक सोधपत्र लेखन मुक्तिनाथ घिमिरेबाट भएको समेत प्राज्ञ कोइरालाले बताउनुभयो ।

छायाङ्कनका क्रममा ठाडोभाका लोककला प्रतिष्ठान नेपाल, मानव सेवा आश्रम, ठाडोभाका लोककला प्रतिष्ठानका मुख्य संरक्षक संस्कृतिकर्मी बुद्धिमान दुरा र ठाडोभाका अनुसन्धानकर्ता मुक्तिनाथ घिमिरेले सहयोग पुऱ्याउनु भएको थियो । पुराना र नयाँ पुस्ताका बीचमा समायोजन हुने



गरी चार समूह छनौट गरी गरिएकको उक्त रेकर्ड तथा छायाङ्कन ठाडोभाका उपाधिद्वारा विभुषित ८६ वर्षीय नन्दमाया दुरा, ठाडोभाका गाउने २१ वर्षीय नवीन बराल लगायत ४५ जना गायक–गायिकाहरूको सहभागिता रहेको थियो ।

पौष १९ गते पोखरा महानगरपालिका वार्ड नं. १५, रामबजार स्थित लमजुङ समाजघरमा पनि ठाडोभाका ठाडो भाका गीतको छायाङ्कन गरियो । ठाडोभाका गाउने कलाकारसहित उल्लेख्य संस्कृतिकर्मीको सहभागितामा सम्पन्न उक्त कार्यक्रममा प्रतिष्ठानकी प्राज्ञ कोइरालाले नेपालका सबै जातजातिको लोकसङ्गीत संरक्षण गर्न लागिपरेको बताउनुभयो । कार्यक्रममा कलाकार बुद्धिमान दुरा (घम्पु) र सीता दुराले गाउनु भएको ठाडोभाकालाई छायाङ्कन गरिएको थियो । सो कार्यक्रममा स्वतन्त्र पत्रकार सङ्घ नेपालका संस्थापक अध्यक्ष कृष्णप्रसाद बास्तोलाले ठाडो भाका संरक्षणमा पत्रकारको अग्रसरतामा ठाडो भाका लोककला प्रतिष्ठान गठन गरेको स्मरण गराउनुभयो । लमजुङ-पोखरा सम्पर्क समिति अध्यक्ष चम्पा रानाभाट, समाजका संस्थापक अध्यक्ष क्या. वीरबहादुर गुरूङ, सु. बुद्धिबहादुर गुरूङ, नमस्ते पोखराका निर्देशक छवी सुवेदी लगायतले छायाङ्कन गरी ठाडोभाका संरक्षण गर्नु अत्यन्त सकारात्मक रहेको बताउनुभयो । ठाडोभाका लोककला प्रतिष्ठानका अध्यक्ष नवराज पहाडीले ठाडोभाकाका प्रवर्तक देउबहादुर दुरा र पञ्चेसुब्बा गुरूङको स्मृतिसहित सम्मान गर्नु, ठाडोभाका शिरोमणि भेंडीखर्के साइँलाको ठाडोभाका संरक्षण गर्ने सपना साकार पार्नु तथा ठाडोभाकाको प्रवर्धन गर्नु कार्यक्रमको मुख्य उद्देश्य रहेको बताउनु भएको थियो । प्रतिष्ठानका उपाध्यक्ष युवराज घिमिरेको स्वागत मन्तव्य रहेको सो कार्यक्रमको सञ्चालन पत्रकार कृष्णबहादुर आलेले गर्नु भएको थियो ।

त्यसै गरी सुर्खेतमा आरङ्ग नेपाल सुर्खेतसँगको सहकार्यमा यस विभागले २०७७ चैत्र २४ गते सुर्खेतमा पनि नाट्य लेखन, अभिनय, रङ्गमञ्च, प्रकाश, ध्वनि लगायत नाटकसँग सम्बन्धित विभिन्न विधामा प्रशिक्षण कार्यशाला सम्पन्न गऱ्यो । नाट्य निर्देशक राजकुमार पुडासैनीले प्रशिक्षणमा कर्णाली प्रदेशका विभिन्न जिल्लाबाट प्रशिक्षार्थीहरूले सहभागिता जनाएका थिए । प्रतिष्ठानकी रङ्गमञ्च विभाग प्रमुख निशा शर्मा पोखरेलले राजधानी केन्द्रित रङ्गमञ्चको




विकास प्रदेश र स्थानीय तहहरूमा समेत पुऱ्याउने उद्देश्यले उक्त प्रशिक्षण आयोजना गरिएको बताउनुभयो । प्रशिक्षणको दौरानामा प्रशिक्षार्थीहरूबाट नाटक तयारी गरी प्रदर्शन समेत गरिएको थियो ।

# साताव्यापी शास्त्रीय सङ्गीत सम्मेलन सम्पन्न




काठमाडौं । सङ्गीत प्रवीण नरराज ढकालको शतवार्षिकीका सन्दर्भमा उहाँप्रति समर्पित गरी यस प्रज्ञा-प्रतिष्ठानको परम्परागत तथा शास्त्रीय सङ्गीत विभागलेसाताव्यापी शास्त्रीय सङ्गीत सम्मेलन- २०७७ आयोजना गऱ्यो । नेपाल शास्त्रीय सङ्गीत समाज र मिथिला नेपाल टेलिभिजनसँग सहकार्यमा पुस ९ देखि १५ गतेसम्म आयोजना गरेको उक्त सम्मेलन मिथिला नेपाल टेलिभिजनका साथै यस प्रतिष्ठान र शास्त्रीय सङ्गीत समाज तथा टेलिभिजनको फेसबुक पेजबाटसमेत प्रत्यक्ष प्रसारण गरिएको थियो ।

कार्यक्रमको प्रारम्भमा शुभकामना मन्तव्य व्यक्त गर्दै यस प्रज्ञा-प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन) ले शास्त्रीय सङ्गीतको विकासका लागि अनेक क्रियाकलापहरु गर्ने सोच राखेको प्रतिष्ठान सबैको सल्लाह र साथबाट अगाडि बढ्ने विचार व्यक्त गर्नुभयो । प्रज्ञा-प्रतिष्ठानका परम्परागत तथा शास्त्रीय सङ्गीत विभागका प्रमुख प्राज्ञ धीरेन्द्र प्रेमर्षिले शास्त्रीय सङ्गीत समग्र सङ्गीतको संस्कार भएको बताउँदै प्रस्तुति र प्रदर्शनजन्य क्रियाकलापबाटै सङ्गीतको वास्तविक विकास हुने हुँदा वर्तमान समयमा सम्पूर्ण कलाकारहरूले आफ्नो उत्साहपूर्ण सहभागिताबाट शास्त्रीय सङ्गीतको उन्नयनमा विविध माध्यमले पुऱ्याउँदै गरेको टेवाप्रति आभार प्रकट गर्नुभयो ।

कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै नेपाल शास्त्रीय सङ्गीत समाजका महासचिव गोकुल लिम्बुले सङ्गीत प्रवीण ढकाल गुरूको स्मृतिका साथ यसरी सात दिनसम्म सिर्जना प्रस्तुतिका साथै तिनको रसास्वादन गर्ने अवसर पाउनु शास्त्रीय सङ्गीतप्रेमीहरूका लागि सौभाग्यको कुरा भएको बताउनुभयो । सो अवसरमा मिथिला नेपाल टेलिभिजनका प्रबन्ध निर्देशक हिराबहादुर थापाले यस्तो विशिष्ट कार्यक्रमको आयोजनामा सहकार्यको मौका दिएकोमा प्रतिष्ठानप्रति धन्यवाद ज्ञापन गर्दै नेपालमा शास्त्रीय सङ्गीतको विकासमा टेवा पुऱ्याउनका लागि भविष्यमा आफ्नो टेलिभिजनबाट विशेष कार्यक्रम थाल्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

साताव्यापी सम्मेलनको शुभारम्भ प्रस्तुतिका रूपमा पिताद्वारा तयार पारिएको राग शुद्धकल्याणको बन्दिश गाएर शास्त्रीय सङ्गीतका प्रसिद्ध साधक दाजुभाइ प्रभुराज ढकाल र प्रतीक ढकालले पिता सङ्गीत प्रवीण नरराज ढकाललाई श्रद्धाञ्जली दिनु भएको थियो ।

कार्यक्रमका दौरान प्रसिद्ध सङ्गीतगुरू तथा नेपाल शास्त्रीय सङ्गीत समाजका अध्यक्ष धनबहादुर गोपाली, वरिष्ठ शास्त्रीय सङ्गीतज्ञ प्रा. श्रीराम आचार्य, त्रिभुवन विश्वविद्यालय ललितकला केन्द्रीय विभागका प्रमुख प्रसिद्ध गायिका सङ्गीता राना प्रधान, प्रा.डा. ध्रुवेशचन्द्र रेग्मी, प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव श्यामप्रकाश तमोट र ललितकला क्याम्पसका क्याम्पसप्रमुख डा. रमेश पोखरेलले सङ्गीत प्रविण नरराज ढकाल र शास्त्रीयसङ्गीतबारे विचार व्यक्त गर्नु भएको थियो ।

सम्मेलनको दोस्रो प्रस्तुति रामकुमार अर्यालको सितारवादन, नगेन्द्र राईको बाँसुरीवादन र सन्तोषभक्त श्रेष्ठको इसराजवादन रहेको थियो । सम्मेलनको तेस्रो दिन दुई वटा शास्त्रीय सङ्गीतको प्रस्तुति विष्णु आचार्यको गायन र वदन मण्डलको तबला वादन थियो । चौथो दिन धनबहादुर गुरूङको सनाईवादन, लाबोनी चक्रवर्ती प्रसाईको गायनको प्रस्तुति रह्यो । पाँचौं दिन शिवराज पौडेलले शास्त्रीय गायन प्रस्तुत गर्नुभयो । त्यसै गरी अर्को प्रस्तुति डङ्कनदास चौधरीको तबलावादन थियो । छैटौं दिन मोहनप्रसाद जोशीको जलतरङ्गवादन, डा. सीता थापाको गायन रहेको थियो भने कार्यक्रमको अन्तिम दिन पुष १५ गते शास्त्रीय नृत्यङ्गाना सुविमा श्रेष्ठले कत्थक नृत्य र स्वजन रघुवंशीले भरतनाट्यम्को शानदार प्रस्तुति दिनु भएको थियो ।

सम्मेलनको समापन समारोहमा प्रतिष्ठानका उपकुलपति हरिहर शर्माले साङ्गीतिक धरातलको सुदृढीकरणमा शास्त्रीय सङ्गीतको भूमिकाबारे प्रकाश पार्दै यस सात दिवसीय अनुष्ठानलाई सफल तुल्याई नेपाली सङ्गीतको जग बलियो पार्ने काममा हातेमालो गर्ने समस्त कलाकार तथा सहयोगीहरूप्रति धन्यवाद व्यक्त गर्नुभयो ।



# २९९ औं पृथ्वी जयन्तीको अवसरमा 'हाम्रो निधिः हाम्रो संस्कृति' कार्यक्रम सम्पन्न

काठमाडौं । २९९ औं पृथ्वी जयन्तीको अवसरमा यस प्रतिष्ठानको मूल आयोजना तथा सांस्कृतिक संस्थानको सहआयोजनामा विविध राष्ट्रभाषामा गायन प्रस्तुति 'हाम्रो निधि : हाम्रो संस्कृति' कार्यक्रम सम्पन्न भयो । राजा पृथ्वी नारायण शाह जन्मिएको पौष २७ गतेलाई अवसर पारेर सांस्कृतिक संस्थानको हलमा आयोजित कार्यक्रमलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री भानुभक्त ढकालले उद्घाटन गर्नु भएको थियो । मन्त्री ढकालले विविध राष्ट्रभाषाका गीत प्रस्तुतिले राष्ट्रिय एकताको भावना अभिवृद्धि हुने, कलासंस्कृतिको संरक्षण तथा भावी पुस्तामा पनि हस्तान्तरण हुने भन्दै कार्यक्रमको खुलेरै प्रशंसा गर्नु भएको थियो ।

कार्यक्रमका विशेष अतिथि नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति गंगाप्रसाद उप्रेती, सांस्कृतिक संस्थानका अध्यक्ष प्रेमनाथ अधिकारीले पनि मन्तव्य राख्नु भएको थियो । कार्यक्रममा विभिन्न आठ वटा राष्ट्रभाषाका गीतहरू प्रस्तुत गरिए । नरेश प्रजापतिको संयोजनमा फोकमाण्डु सोसाइटीका कलाकारहरूबाट काठमाडौं उपत्यकामा प्रचलित नेवारी धुन, कलाकारहरू दिवश पयाङ्गु, दीपा सुहाङ, सुमन लिम्बु र निरन्ता लिम्बुबाट लिम्बु जातिको पालाम र गायिका बन्दना मैनालीले भोजपुरी भाषाको गीत प्रस्तुत गर्नुभयो । त्यसै गरी छेवाङ तेन्जिङ लामा, सीता घ्लान लामा, प्रमिला दोङ लामा, जुना मोक्तान, सोनम लामा, विजय रूम्बाले तामाङ सेलो प्रस्तुत गर्नुभयो ।

दुर्गालाल श्रेष्ठको रचना, न्यूह बज्राचार्यको सङ्गीत तथा तारा थापाको मूल गायन रहेको 'सयथरी बाजा एउटै ताल..' गीतलाई शीला बिष्ट, दूर्गा परियार, विपिन घिमिरे र तीर्थ पोखेलले गाउनुभयो भने गुरूङ जातिको बिना रहनी थेगोको झ्याउरे भाकालाई कृष्ण गुरूङ, टीका गुरूङ, क्षितिज गुरूङ सहितको टोलीले प्रस्तुत गऱ्यो । त्यसै गरी देवी राम राना मगर, कृष्ण पुन मगर, नन्द घर्ती मगर, बिरता पुन मगर र तुलसा घर्ती मगरको समूहले मगर भाषाको गीत प्रस्तुत गऱ्यो । कार्यक्रमको अन्तिम प्रस्तुति चर्चित राष्ट्रिय गीत 'पूर्वको माया पश्चिमलाई...' गायक सञ्जय तुम्रोक र दुर्गा परियारले प्रस्तुत गर्नुभयो ।

प्रज्ञा-प्रतिष्ठानका सङ्गीत विभाग प्रमुख प्राज्ञ अशोककुमार राईको संयोजन रहेको कार्यक्रममा भरत बुढाथोकी, खड्ग बुढा मगर, देव राई, नरेश प्रजापति, लोकराज राई, कृष्ण गुरूङ, दुर्गा खतिवडा, सुधिर चौधरी, सूर्य मगर तथा नरेन्द्र चौधरी लगायतको समूहले वाद्यवादनमा साथ दिएका थिए ।

कार्यक्रमका सभापति प्रज्ञा-प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले प्रतिष्ठानका गतिविधिबारे सङ्क्षिप्तमा चर्चा गर्दै सहभागी सबैलाई धन्यवाद दिनु भएको थियो ।

## अग्रज सङ्गीतकर्मी मेनकाजी गुरूङको अन्तर्वार्ता छायाङ्कन

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको लोकसङ्गीत विभागले २०७७ साल पौष २३ गते अग्रज सङ्गीतकर्मी मेनकाजी गुरूङको अन्तर्वार्ता छायाङ्कन सम्पन्न गऱ्यो ।

पोखरालाई कर्मथलो बनाएर लोकसङ्गीत, नृत्य निर्देशन र अभिनय क्षेत्रमा पनि उल्लेख्य योगदान पुऱ्याएका गुरूङको समग्र व्यक्तित्व झल्किने गरी उक्त छायाङ्कन गरिएको हो । छायाङ्कनका क्रममा उहाँसँग अन्तरङ्ग कुराकानी गर्दै वरिष्ठ रङ्गकर्मी तथा रेडियोकर्मी ज्ञान थापाले उहाँको सांस्कृतिक पक्षका विभिन्न आयामहरूलाई खुलाउने प्रयास गर्नु भएको थियो । साथै गुरूङले नेपाली लोककला, लोकसंस्कृतिको जगेर्ना, संरक्षणको क्षेत्रमा खेल्नु भएको विविध भूमिकाहरूको बारेमा समेत चर्चा गर्नु भएको थियो । प्रतिष्ठानका लोकसङ्गीत विभाग प्रमुख प्राज्ञ हरिदेवी कोइरालाको सक्रियतामा छायाङ्कन कार्यक्रम गुरूङकै निवासमा भएको हो । श्रव्यदृश्य सामग्री प्रतिष्ठानको अकाईभमा सङ्ग्रहित गरिएको पनि प्राज्ञ कोइरालाले बताउनुभयो ।

# प्रज्ञा-प्रतिष्ठानले जग्गा पायो अब आफ्नै जग्गामा भवन

यस प्रज्ञा-प्रतिष्ठानले नेपाल सरकारबाट प्राप्त गरेको काठमाडौँ नक्सालस्थित १५ रोपनी जग्गा कानूनत आफ्नो नाममा कायम भई नक्साङ्कन, रेखाङ्कन तथा ताराबार लगाउने कार्य पूरा गरेको अवसरमा २०७७ साल माघ १५ आफ्नो कार्यालय भाटभटेनीमा एक अनौपचारिक कार्यक्रम आयोजना गऱ्यो । सो कार्यक्रममा कुलपति नारायणभक्त श्रेष्ठ (रायन), उपकुलपति हरिहर शर्मा र सदस्यसचिव श्यामप्रकाश तमोटले प्रज्ञा प्रतिष्ठान स्थापना भएको दस वर्षमा जग्गा प्राप्त भएको भन्दै यस अस्तित्वको सङ्घर्षमा भूमिका खेल्ने प्रतिष्ठानका निवर्तमान पदाधिकारी, कर्मचारी तथा नेपाल सरकारप्रति धन्यवाद दिनु भएको थियो ।

उक्त अवसरमा उपकुलपति शर्माले तत्कालका लागि प्रियाब भवन निर्माण गरेर यही आर्थिक वर्षभित्र प्रतिष्ठानले आफ्नो कार्यालय सार्ने योजना रहेको बताउनुभयो । कुलपति रायनले दातृनिकायहरूसँग सहयोग जुटाउन गाऱ्हो परेकाले आर्थिक दृष्टिकोणले सहज हुने गरी प्रियाब निर्माण गर्ने निर्णयमा



पुगेको स्पष्ट पार्नुभयो । सदस्यसचिव तमोटले जग्गा प्राप्त गरेपछि धेरै लामो समयदेखिको उकुसमुकुसबाट खुकुलो महसुस भएकोले आगामी दिनमा प्रतिष्ठान झनै ऊर्जाशील भएर अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाल सङ्गीत तथा नाट्य कर्मचारी सङ्घका अध्यक्ष हिलारीबन्धु भुजेलले तत्कालीन सरकारले गरेको निर्णयलाई सम्मानित सर्वोच्च अदालतले सदर गरेकोमा आभार प्रकट गर्दै प्रतिष्ठानको भवन निर्माणको गुरुयोजना सफल हुने विश्वास व्यक्त गर्नु भएको थियो ।

स्मरण रहोस्, २०७२ सालमै तत्कालीन संस्कृति मन्त्री कृपाशुर शेर्पाको प्रस्तावमा सुशील कोइराला प्रधानमन्त्री रहेको सरकारले नक्सालको १५ रोपनी जग्गा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानलाई दिने निर्णय गरेको थियो । तर उक्त निर्णयविरूद्ध ललितकला प्रज्ञा-प्रतिष्ठानले सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान र भूमिसुधार मन्त्रालयलाई विपक्षी बनाउँदै सर्वोच्च अदालतमा मुद्दा दायर गरेपछि सो जग्गा विवाद छ वर्ष लम्बिएको थियो । मिति २०७६ को भाद्र १८ गते सर्वोच्च अदालतका न्यायाधीस सपना प्रधान मल्ल र डा. मनोजकुमार शर्माको संयुक्त इजलासले सरकारको निर्णयलाई सदर गरेपछि सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका लागि उक्त जग्गा भोगचलन गर्ने बाटो खुलेको हो ।

# मनाइयो ११९ औँ सम जयन्ती

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानले यस वर्ष पनि नाट्यसम्राट वालकृष्ण समको जन्म जयन्ती मनाउने परम्परालाई निरन्तरता दियो । माघ २४ गते आफ्नो कार्यालय परिसरमा आयोजित ११९ औँ समय जयन्तीको अवसरमा प्रज्ञा प्रतिष्ठानका पदाधिकारी र कर्मचारीले नाट्य सम्राट समको तस्वीरमा फूलमाला अर्पण गरी समको नाटक क्षेत्रमा रहेको योगदानको चर्चा समेत गरे ।

कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै प्रज्ञा-प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ



(रायन)ले आधुनिक नाटकको सुरुवात गर्ने समको योगदान नाटक क्षेत्रमा अविस्मरणीय रहेको बताउनुभयो । कार्यक्रममा रङ्गमञ्च विभाग प्रमुख प्राज्ञ निशा शर्मा पोखरेलले कार्यक्रममा उपस्थित हुन असमर्थ वरिष्ठ रङ्कर्मी तथा निर्देशक सुनिल पोखरेलले समका बारेमा पठाउनु भएको लिखित सामाग्री पढेर सुनाउनु भएको थियो । लिखित सन्देशमा पोखरेलले विभिन्न समयमा विभिन्न व्यक्तित्वहरूले समका बारेमा लेखेका सामाग्रीहरूलाई उल्लेख गर्नु भएको थियो ।

कार्यक्रममा प्रज्ञा-प्रतिष्ठानका उपकुलपति हरिहर शर्मा, सदस्यसचिव श्यामप्रकाश तमोट, प्राज्ञपरिषद् सदस्यहरू तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

## मिथिला नेपाल टेलिभिजनमा

# सङ्गत र संवाद



शास्त्रीय सङ्गीतको प्रस्तुतिलाई नियमितता दिनुका साथै टेलिभिजनबाट निरन्तर प्रसारण गराई यसतर्फ आम सङ्गीतप्रेमीलाई समेत आकर्षित बनाउने र लाभान्वित तुल्याउने उद्देश्यले यस प्रज्ञा-प्रतिष्ठानद्वारा सङ्गत र संवाद कार्यक्रम सञ्चालन गरियो ।

नेपाल शास्त्रीय सङ्गीत समाज तथा मिथिला नेपाल टेलिभिजनसँगको सहकार्यमा प्रत्येक शनिबार साँझ ७ बजेदेखि ८ बजेसम्म मिथिला नेपाल टेलिभिजनबाट प्रसारण भएको यो कार्यक्रमको शुरूआत २०७७ फागुन १ गतेबाट भएको थियो । कार्यक्रमको शुभारम्भ गर्दै प्रज्ञा-प्रतिष्ठानको परम्परागत तथा शास्त्रीय सङ्गीत विभाग प्रमुख प्राज्ञ धीरेन्द्र प्रेमर्षिले शास्त्रीय सङ्गीतको प्रवाह आम जनसमुदायसम्म पुग्न नसकेको विचार व्यक्त गर्नुभयो । प्राज्ञ प्रेमर्षिले शास्त्रीय सङ्गीतलाई समग्र सङ्गीतको मूल बताउँदै यसमा सिञ्चन गरे देशका सबैखाले सङ्गीतको विकास हुने विश्वास व्यक्त गर्नुभयो ।

शास्त्रीय सङ्गीत फाँटका युवा साधक कुन्दन पाठकद्वारा सहजीकरण गरिएको कार्यक्रममा शास्त्रीय सङ्गीतका विभिन्न व्यक्तिहरूको कला प्रस्तुतिका साथै उहाँहरूसँग उक्त विषयसम्बन्धी वार्तालाप गर्ने गरिएको थियो । कार्यक्रमअन्तर्गत फागुन ०१ गते डा. ध्रुवेशचन्द्र रेग्मीले सितारवादन, ८ गते जीवन राईले तबलावादन, १५ गते दुर्गाप्रसाद खतिवडाले बाँसुरीवादन, २२ गते यतिराज अधिकारीले बेला (भायोलिन) वादन र २९ गते अच्युतराम भण्डारीले तबलावादन गर्नु भएको थियो । यसै गरी चैत ७ गते परशुराम भण्डारीले सारङ्गीवादन, १४ गते ब्यङ्कटेश ढकालले तबलावादन, २१ गते नवराज सापकोटाले गायन र २८ गते सुनील शाहीले गायन प्रस्तुत गर्नु भएको थियो । शास्त्रीय सङ्गीत प्रस्तुतिका सन्दर्भमा २०७८ बैशाख ४ गते धनबहादुर गुरूङले बाँसुरीवादन, ११ गते विष्णुप्रसाद आचार्यले ध्रुपद गायन, १८ गते रविनदास श्रेष्ठले गायन र २५ गते मनोज श्रेष्ठले तबलावादन प्रस्तुत गर्नु भएको थियो । सङ्गत र संवाद कार्यक्रम नियमित रूपमै प्रस्तुत गर्ने योजना भए तापनि कोरोनोको दोस्रो लहरले विकराल रूप लिएपछि रेकर्डेड रूपमा कार्यक्रम प्रस्तुत गर्न समेत खतरापूर्ण हुन गएकोले कार्यक्रम स्थगित हुन गयो ।

# नवनियुक्त संस्कृति मन्त्रीलाई प्रज्ञा-प्रतिष्ठानद्वारा बधाइ ज्ञापन

२०७७ पौष १५ गते यस प्रज्ञा-प्रतिष्ठानका पदाधिकारीहरू सम्मिलित टोलीले नवनियुक्त संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री भानुभक्त ढकाललाई उहाँको कार्यकक्षमा भेटेर बधाइ एवम् सफल कार्यकालको शुभकामना दिएको थियो । टोलीमा प्रज्ञा-प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन) सहित उपकुलपति हरिहर शर्मा, सदस्यसचिव श्यामप्रकाश तमोट र प्राज्ञपरिषद् सदस्यहरू सम्मिलित हुनुहुन्थ्यो । उक्त अवसरमा प्रज्ञा-प्रतिष्ठानले भोगिरहेको समस्याहरूबारे मन्त्री ढकाललाई कुलपति रायनले आवश्यक जानकारी समेत गराउनु भएको थियो ।

# वसन्त पञ्चमीको पूर्वसन्ध्यामा शास्त्रीय सङ्गीत

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको सहकार्यमा पशुपति क्षेत्र विकास कोष र वाद्यवादक कलाकार सङ्घ नेपालद्वारा २०७७ फागुन ३ गते काठमाडौँ, कमलादीस्थित नेपाल प्रज्ञा-प्रतिष्ठानको सभाकक्षमा शास्त्रीय सङ्गीतसम्बन्धी एक विशेष कार्यक्रम सम्पन्न भयो । 'नेपालमा शास्त्रीय सङ्गीतको विकासक्रम' विषयक उक्त विचारगोष्ठीमा नेपाल ललितकला क्याम्पसका प्राचार्य डा. रमेश पोखरेलले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने कार्यपत्रमाथि नेपाली सङ्गीत क्षेत्रका प्राज्ञिक व्यक्तित्व डा. ध्रुवेशचन्द्र रेग्मीले टिप्पणी गर्नु भएको थियो ।




साङ्गीतिक फाँटमा पिता-पुत्रको तबला-युगलबन्दी कार्यक्रमको विशेष रोमाञ्चक र उल्लेख्य पक्ष हुन गएको थियो । कार्यक्रमका संयोजकसमेत रहनुभएका वरिष्ठ तबलावादक वदन मण्डल र उहाँका सुपुत्र सङ्गीतकुमार मण्डलको तबलामा युगलवन्दीले प्रेक्षालय रोमाञ्चित भएको थियो । पिता-पुत्रको तबलावादनमा पं. रामकुमार अर्यालले सितार तथा विष्णु देवले बाँसुरी बजाएर साथ दिनु भएको थियो । यसै गरी दोस्रो प्रस्तुति रामकुमार अर्याल र विष्णु देवका बीच सितार तथा बाँसुरीको युगलबन्दीमा केन्द्रित थियो ।

कार्यक्रमका प्रमुखअतिथि प्रज्ञा-प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले यस्तो महत्वपूर्ण कार्यक्रममा सहकार्य गर्न पाउनु प्रतिष्ठानका निमित्त पनि प्रसन्नताको विषय भएको चर्चा गर्दै कला र कलाकर्मीको हितका निमित्त प्रतिष्ठान सदैव तत्पर रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । कार्यक्रममा प्रज्ञा-प्रतिष्ठानका उपकुलपति हरिहर शर्माको विशेष उपस्थिति रहेको थियो । प्रज्ञा-प्रतिष्ठानको परम्परागत तथा शास्त्रीय सङ्गीत विभाग प्रमुख प्राज्ञ धीरेन्द्र प्रेमर्षिले शास्त्रीय सङ्गीत हरेक खाले सङ्गीतको मियो भएको विचार व्यक्त गर्दै यस्ता कार्यक्रमले शास्त्रीय सङ्गीतप्रतिको चेतना बढाउन महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । पशुपति क्षेत्र विकास कोषका कार्यकारी निर्देशक डा. घनश्याम खतिवडाले शास्त्रीय सङ्गीत र भक्ति सङ्गीतमा लाग्ने कलाकार हरूले थोरै साधना गरी बढी प्रचार गर्ने गरेको गुनासो गर्नुभयो । स्वर्गद्वारी आश्रम र मानस मञ्जरीको तर्फबाट ५ जना गुरूहरूको सहभागितामा भएको वैदिक मन्त्रोच्चारणका साथ शुरु भएको उक्त कार्यक्रमको सञ्चालन बुद्धि तिमल्सिनाले गर्नु भएको थियो ।

## नाटक लेखनमा ५ नवप्रतिभा पुरस्कृत

काठमाडौँ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले यस वर्षको वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत नवप्रतिभालाई समावेश गराई सञ्चालन गरिएको नाटक लेखन कार्यक्रम सम्पन्न भयो । प्रतिष्ठानको रङ्गमञ्च विभागले आयोजना गरेको यस कार्यक्रमअन्तर्गत नाटक लेखन क्षेत्रका पाँच जना नवप्रतिभाहरू पुरस्कृत भए । प्रतिष्ठानले मौलिक नाटक लेखनमा नवप्रतिभाहरूलाई आकर्षित गर्ने उद्देश्यले सञ्चालन गरेको यस नाटक लेखन कार्यक्रममा मुलुकका विभिन्न क्षेत्रबाट पाँच वटा नाटक प्राप्त भएका थिए । प्राप्त नाटकका पाण्डुलिपिलाई प्रतिष्ठानले गठन गरेको छनौट समितिले उत्कृष्टताको आधारमा श्रेणी विभाजन गरी पुरस्कृत गरेको हो । सो कार्यक्रमअन्तर्गत गण्डकी प्रदेश कास्कीका केदारनाथ पौडेलद्वारा लिखित 'घेरो', वागमती प्रदेश, तारकेश्वर नगरपालिकाकी कान्छी महर्जनद्वारा लिखित 'बाःरा (गुफा)', गण्डकी प्रदेश, गल्याङ नगरपालिकाका चन्द्रप्रसाद पाण्डेयद्वारा लिखित 'सारङ्गीको यात्रा', १ नं. प्रदेश विराटनगरका रामभजन कामतद्वारा लिखित 'काल' र सुदुर पश्चिम प्रदेश धनगढीका दिनेशप्रसाद जोशीद्वरा लिखित 'लताको कथा' शिर्षकका नाटक प्राप्त भएका थिए । प्राप्त नाटकका सबै लेखकलाई प्रोत्साहन स्वरूप पुरस्कृत गरिएको हो । प्रतिष्ठानले नवप्रतिभाहरूलाई नाटक पठाउनका लागि २०७७ फागुन २३ गतेबाट २०७७ चैत्र मसान्तसम्मको समयावधि तोकेको थियो । बढीमा ६० मिनेट मञ्चन समयावधि तथा नेपाली भाषा र नेपालका अन्य राष्ट्रभाषाका भएमा नेपालीमा भावार्थ अनुवाद सहित नाटक पठाउनलाई प्रज्ञा-प्रतिष्ठानद्वारा सार्वजनिक आह्वान गरिएको थियो ।

# सङ्गीतज्ञ अम्बर गुरूङको ८३ औं जन्मजयन्ती मनाइयो

काठमाडौँ । यस प्रज्ञा–प्रतिष्ठानले प्रथम कुलपति एवम् राष्ट्रगानका सङ्गीतकार सङ्गीतज्ञ अम्बर गुरूङको जन्मजयन्ती मनाउने कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दियो । यस अवसरमा गुरूङको जन्म दिन फागनु १४ गते बालुवाटारस्थित आफ्नो कार्यालय परिसरमा एक साङ्गीतिक कार्यक्रम तथा परिचर्चा कार्यक्रम आयोजना गरियो ।

कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले अम्बर गुरूङको तश्विरमा माल्यार्पण गर्दै उहाँका असल कर्महरूलाई थोरै भए पनि अनुकरण गर्न सक्नु नै सच्चा सम्मान हुने बताउनुभयो । तत्कालीन नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानमा अम्बर गुरुङ सङ्गीत निर्देशक रहँदा नाट्य निर्देशकका रूपमा सहकर्मी हुन पाउनु भएका उपकुलपति हरिहर शर्माले अम्बर गुरूङको कृतित्वसँगै उहाँको रोचक आनीबानी बारे चर्चा गर्नुभयो ।

त्यसै गरी वरिष्ठ गीतकार तथा पत्रकार रमण घिमिरेले गुरूङलाई सङ्गीत क्षेत्रमा आत्मकेन्द्रित व्यक्तित्वको रूपमा चित्रित गर्दै दार्जिलिङमा रहँदाको उहाँको जीवन सङ्घर्षका बारेमा जानकारी गराउनुभयो । त्यस्तै नेपाल प्रज्ञा–प्रतिष्ठानका प्राज्ञपरिषद् सदस्य डा. देवी नेपालले गुरूङ शब्द, सङ्गीत र स्वरको त्रिवेणी रहेको उल्लेख गर्नुभयो ।

सदस्यसचिव श्याम प्रकाश तमोटको सहजीकरणमा भएको कार्यक्रममा प्रज्ञा– प्रतिष्ठानका सङ्गीत विभाग प्रमुख अशोक कुमार राईको सङ्गीत संयोजनमा अम्बर गुरूङका लोकप्रिय गीतहरू समेत प्रस्तुत गरियो । कलाकारहरू संजय तुम्रोक, दुर्गा परियार, रूपक चौधरीले अम्बर

गुरूङको सङ्गीतमा रहेको गीत प्रस्तुत गर्नु भयो भने सङ्गीतकर्मी भरत नेपाली, धनबहादुर गुरूङ र लोकराज राईको वाद्यवादनमा अम्बर गुरूङद्वारा सिर्जित धूनहरू प्रस्तुत गरियो । गोरखाका



उजिरसिंह गुरूङ भारतीय सेनामा भर्ती भएपछि तिनै उजिरसिंह र आमा रेणुकादेवीको कोखबाट १९९४ फागुन १४ मा दार्जीलिङमा जन्मनुभएका अम्बर नेपाल फर्केपछि नेपाली सङ्गीत सृजनामा झनै क्रियाशील हुनुहुन्थ्यो । तत्कालीन नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान लामो समय सङ्गीत निर्देशकका रूपमा सेवा गर्नु भएको उहाँ २०६७ सालमा सरकारले नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठान स्थापना गरेपछि प्रथम कुलपति नियुक्त हुनु भएको थियो । गणतन्त्र नेपालको राष्ट्रगानमा समेत सङ्गीत भर्नु भएको उहाँको निधन २०७३ जेठ २५ गते भएको थियो ।

# डोट्याली लोकगीतको अध्ययन सम्पन्न

काठमाडौँ । यस प्रज्ञा–प्रतिष्ठानको लोकसङ्गीत विभागले आ.व. २०७७/७८ स्वीकृत वार्षिक बजेटअन्तर्गत डोट्याली लोकगीतको अध्ययन सम्पन्न गर्‍यो । संस्कृतिकर्मी पदमराज जोशीले गर्नु भएको उक्त अध्ययनले नेपाली भाषाको उदगम्स्थल डोटी क्षेत्रमा लोक संस्कृतिको समृद्ध भण्डार रहे पनि केही लोकगीत लोपोन्मुख अवस्थामा रहेको जनाएको छ ।

मानव सभ्यताको उदयदेखिका विभिन्न पक्ष र घटनाक्रमहरू डोट्याली लोकगाथामा चित्रण भएको उल्लेख गरिएको अध्ययनमा हाल आएर बसाइँसराइ गर्दै डोटी क्षेत्रबाहिर जानु, पुराना पुस्ताका मानिस रित्तिँदै जानु र नयाँ पीढीले ती लोक गीतसङ्गीतलाई निरन्तरता दिन नसक्नुले सङ्कट सृजना भएको उल्लेख छ । अध्येता जोशीले धेरैले डोट्याली संस्कृतिका रूपमा देउडा लोकगीतलाई मान्ने गरे पनि त्यो मात्र पूर्णतः सत्य नभएको तर्क गर्नु भएको छ ।

उहाँका अनुसार देउडा गीतसङ्गीत डोट्याली लोकसङ्गीतको सानो अंश मात्रै हो । यस बाहेक चैत, धमारी, ढुस्को, हुड्केली, चाँचरी, मागल र फाग गीतहरू डोट्याली लोकगीतका आत्मा हुन् । विभिन्न चाडपर्व सगुनसंस्कार गीतका रूपमा गाइने फाग गीत र हुड्केली गीत जटिल परिस्थितिमा पुगेको अध्ययन प्रतिवेदनले जनाएको छ । पहिले-पहिले दलित समुदायका दमाई, ढली समूहले जीवन्तता दिइआएको हुड्केली परम्परालाई अहिले निरन्तरता दिन छोडेका छन् । प्रतिवेदनमा डोट्याली श्रमगीतमा चाँचरी, बाउसे नाचसँगै गाइने गीत, विभिन्न लोकगाथा, यूद्धकालीन पराक्रमका गाथा समेट्ने गीत लोपोन्मुख अवस्थामा पुगेको उल्लेख छ । त्यसै गरी कोदो र धान गोडमेल गर्ने बेलामा कुटोले भूमि खोस्र्दै गाइने दोहोरी श्रम गीतहरू लोप भई सकेका छन् । विभिन्न देवीदेवतासम्बन्धी मागल स्तुति, मालश्री, चैत, चाँचरीहरू, भोलाउलो र ढुस्को आदि गीत पनि लोपोन्मुख अवस्थामा छन् । प्रतिवेदनले डोट्याली लोकगीतहरूलाई मौलिक स्वरूप झल्कने गरी छायाङ्कन गर्ने, अध्ययन अनुसन्धान गर्ने तथा विस्तृत परियोजना सहित संरक्षणमा लाग्नुपर्ने सुझाव प्रस्तुत गरिएको छ ।

## त्रिवेणीदेखि मुक्तिनाथसम्मका लोकनृत्यहरू : सन्दर्भ गण्डकी प्रदेश' नामक पुस्तक प्रकाशित

काठमाडौँ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको नृत्य विभागद्वाराले आर्थिक वर्ष २०७७/०७८ का लागि अनुसन्धान परियोजनाअन्तर्गत डा. मुकुन्द शर्माले गण्डकी प्रदेशमा प्रचलित नृत्यहरूबारे गर्नु भएको शोधपत्रलाई पुस्तकाकार रूपमा प्रकाशित गऱ्यो ।

पुस्तकमा लोकनृत्य विधाको विधागत स्वरूपबारे चर्चा गर्दै गण्डकी प्रदेशमा प्रचलित विभिन्न लोकनृत्यहरूको चर्चा गरिएको छ । त्यसै गरी यस प्रदेशको सामाजिक सांस्कृतिक पृष्ठभूमि र लोकनृत्यसँग यिनको सम्बन्धबारे पनि पुस्तकमा बेग्लै खण्ड समेटिएको छ । यस प्रदेशमा बसोवास गर्ने विभिन्न जातिका मौलिक लोकनृत्यहरूको अवस्थाबारे वर्णन गरिएको २०२ पृष्ठको यस पुस्तकको मूल्य रू. ३५० रहेको छ । नृत्य विभाग प्रमुख प्राज्ञ नमुना शर्माको संयोजनमा उक्त अनुसन्धान पत्र तयार गरी पुस्तकाकार रूपमा प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित गरिएको हो ।




## डँगौरा थारू समुदायको लोकगीत अध्ययन

काठमाडौं । यस प्रज्ञा-प्रतिष्ठानले नेपाली अमूर्त संस्कृतिमा महत्त्वपूर्ण स्थान राख्ने डँगौरा थारू समुदायमा पम्परागत

रूपमा प्रचलित लोकगीतको सैद्धान्तिक अध्ययन सम्पन्न गऱ्यो । थारू संस्कृतिका विशिष्ट अध्येता डा. गोविन्द आचार्यबीच भएको सम्झौता अनुसार 'डँगौरा थारू समुदायको लोकगीत अध्ययन' सम्पन्न भएको हो ।

लोकसाहित्यमा अत्यन्त धनी यस समुदायको लोककाव्यदेखि फुटकर लोकगीतलाई समेत अध्ययनमा समेटिएको छ । अध्ययन प्रतिवेदनमा डा. आचार्यले लुम्बिनी प्रदेशका रूपन्देही, दाङ, बाँके, बर्दिया र सुदूरपश्चिम प्रदेशका कैलाली र कञ्चनपुर जिल्लामा स्थलगत अध्ययन गरी सङ्कलन गर्नु भएका ११७ वटा लोकगीतहरू पनि समाविष्ट छ । सङ्कलन गरिएका गीतलाई सामाजिक, सांस्कृतिक, काव्ययोजना र छन्द एवम् सङ्गीत योजनाको दृष्टिले समेत विश्लेषण गरी अध्ययनलाई पूरा गरिएको छ । यसअघि पनि थारू, अवधि, मगर तथा नेपाली भाषाका लोकगीत एवम् लोकसङ्गीतको अध्ययन-विश्लेषणसम्बन्धी कार्यहरू गर्नु भएको उहाँले यसपल्टको अध्ययनमा दर्जनौं स्रोतव्यक्ति र सम्बन्धित स्थलका शोध सहयोगीहरूसँग भेट्ता यसअघि नखुलेका लोकगीतका नयाँ पक्षहरू समेत आफूले पाएको दाबी गर्नुभयो । बाह्य संस्कृतिको



प्रभाव, सहरीकरण तथा विभिन्न कारणले रैथाने भूमिबाट बेदखल हुने समस्याका कारण अमूर्त सम्पदाका रूपमा रहेका यस समुदायका कतिपय लोकगीत लोपोन्मुख अवस्थामा पुगेका छन् । डा. आचार्यको ३२९ पृष्ठ लामो यस शोधकार्यले डँगौरा थारू समुदायको लोकसंस्कृतिको जगेर्ना गर्नमा महत्त्वपूर्ण योगदान पुग्ने प्राज्ञ कोइरालाले विश्वास व्यक्त गर्नुभयो ।

## 'नेपाली दोहोरी गीतको परम्परा र भावगत वैशिष्ट्य' अनुसन्धान सम्पन्न

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठान, लोक सङ्गीत विभागको परियोजना कार्यअन्तर्गत 'नेपाली दोहोरी गीतको परम्परा र भावगत वैशिष्ट्य' शीर्षकमा अनुसन्धान सम्पन्न भयो । लोकसङ्गीत विभाग प्रमुख हरिदेवी कोइरालाको संयोजनमा प्रा. डा. कुसुमाकर न्यौपानेले उक्त अनुसन्धान पत्र तयार पार्नु भएको हो । उक्त अनुसन्धानपत्रमा दोहोरी गीत विभिन्न आधारमा वर्गीकृत हुने र तीमध्ये गायन अवसरका आधारमा ब्राहमासे, कर्म पर्व र संस्कार गरी चार प्रकारमा वर्गीकरण गरी प्रत्येक दोहोरी गीतलाई चिनाउने प्रयास गरिएको छ । अनुसन्धानकर्ताले सामान्य र लोपोन्मुख अवस्थामा रहेका दोहोरी गीतलाई संरक्षण गर्नका निम्ति छुट्टै योजना बनाउनु आवश्यक रहेको र दोहोरी गीतका कतिपय अपरिभाषित



र अस्पष्ट विधाहरूलाई परिभाषित गरी चिनाउन आवश्यक भएको सुझाव पनि अनुसन्धानपत्रमा प्रस्तुत गर्नुभएको छ ।

# मुस्लिम संस्कारगीतको अध्ययन



काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठान लोकसङ्गीत विभागबाट आर्थिक वर्ष २०७७/७८ कोअनुसन्धान योजनाअन्तर्गत धार्मिक अल्पसङ्ख्यकका रूपमा रहेको मुस्लिम समुदायको संस्कारगीतको अध्ययन पूरा भयो । नेपालको तराई र पहाडी तथा हिमाली क्षेत्रमा समेत बसोवास गर्ने यस समुदायमा संस्कारगत गीत बारेमा अनुसन्धाता प्रा.डा. कपिलदेव लामिछानेले अनुसन्धान गर्नु भएको हो ।

जन्मदेखि विवाहसम्मका संस्कारका यस समुदायले सोहर, अकीका, खतना, बुकवा, रज्जगा, जिहर, अल्लापीर, सेहरा, रसमाना, नात आदि लोकगीत गाइँदै आएका छन् । अध्येता लामिछानेले उल्लेखित गीतका पाठ सङ्कलन गरी ती गीतको लय, कथ्य, भाषा, शैली आदिको समेत व्याख्या गर्ने प्रयास गरेका छन् । अध्ययनलाई नेपाली मुसलमानको ऐतिहासिक पृष्ठभूमि प्रस्तुत गर्दै मुसलमान नामकरण, पुर्ख्यौली तथा नेपाल आगमन, नेपालमा बसोबासका प्रमुख क्षेत्र र जनसङ्ख्या, जाति व्यवस्था, वेशभूषा र आभूषण, खानपान, आजीविका, उपवास र चाडपर्व, धर्म, दर्शन, सम्प्रदाय र विश्वास, लोककला, भाषा र लिपि, लोकसाहित्य र संस्कारबारे पनि विशद चर्चा गरिएको छ । कपिलवस्तु, रुपन्देही, अर्घाखाँची, मोरङ, रौतहट, बाँके र दाङ जिल्लाका मुस्लिम समुदायमा गरिएको यस स्थलगत अध्ययनले मुस्लिम समुदायको पहिचान झल्काउने कतिपय संस्कारगीतहरू लोप भइसकेका र कतिपय लोप हुने क्रममा रहेकोले संरक्षणको खाँचो समेत औँल्याएको छ ।

# लोपोन्मुख ठाडो भाका अध्ययन सम्पन्न



काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको लोकसङ्गीत विभागले आ.व. २०७७/७८ को स्वीकृत वार्षिक बजेटअन्तर्गत गण्डकी प्रदेशमा प्रचलित लमजुङे ठाडोभाकाको अध्ययन कार्य सम्पन्न गऱ्यो । अनुसन्धाता मुक्तिनाथ घिमिरेले यस भाकाबारे स्थलगत अध्ययन गर्नु भएको हो ।

आजभन्दा सय वर्षअघि लमजुङको कर्पुटारबाट गाउन थालिएको यो भाका पछिल्लो समय लोपोन्मुख अवस्थामा छ । अनुसन्धाता घिमिरेले ऐतिहासिक पृष्ठभूमि केलाउँदै यस भाकाका उत्पत्ति, विस्तार, सामाजिक-सांस्कृतिक प्रभाव र वर्तमान अवस्थाबारे अध्ययनलाई केन्द्रित गर्नु भएको छ । वि.सं. १९६७ सालको महाशिवरात्रीका साँझ लमजुङ कर्पुटारमा अवस्थित इशानेश्वर महादेव मन्दिर परिसरमा हाँडीखोला, ठूलो बर्धानका देउबहादुर दुराले सार्वजनिक रूपमा पहिलोपल्ट गाएपछि यो भाका अन्य ठाउँमा पनि फैलिएर गएको थियो । यस भाकाको जन्मदाताका मानिएका देउबहादुर दुराले नै त्यस बखत लमजुङ आसपासका अन्य क्षेत्रमा पनि यस भाकालाई लोकप्रियता दिलाएको अध्येता घिमिरेको निष्कर्ष छ । अध्ययन अनुसार देउबहादुर दुराको यो ठाडो भाका विस्तारै जातिगत दृष्टिमा दुरा, गुरूङ, र भौगोलिक रूपमा पश्चिममा कास्कीको पोखरा, दक्षिणमा तनहुँ र पूर्वमा गोरखा तथा काठमाडौँसम्म विस्तारित भयो । अनुसन्धाता घिमिरेले ठाडोभाका गायनलाई वि.सं. १९६७ सालदेखि २०१५ सालसम्म प्राथमिक, वि.सं. २०१६ सालदेखि २०७४ सालसम्म माध्यमिक र वि.सं. २०७५ सालदेखि यताको समयलाई आधुनिक काल भनेर तीन कालखण्डमा विभाजन गरेका छन् । अध्ययनले यस भाकाको संरक्षणमा दुरा सेवा समाज, हिमालचुली कला साहित्य प्रतिष्ठान, ठाडोभाका लोककला प्रतिष्ठान, भेडीखर्के साइँला स्मृति प्रतिष्ठान, भेडीखर्के, युक्त गुरूङ, कालु स्मृति प्रतिष्ठान तथा मध्यनेपाल नगरपालिकाले विभिन्न गतिविधिहरू गर्दै आएको छ । माध्यमिक कालमा यस भाकाको गायनमा नेतृत्व गरेका भेडीखर्के साहिँलालाई ठाडो भाका शिरोमणिका रूपमा समेत चिनिने गरिन्छ । यस प्रज्ञा-प्रतिष्ठानकी लोकसङ्गीत विभाग प्रमुख प्राज्ञ हरिदेवी कोइरालाले यस भाकाको संरक्षणका लागि प्रज्ञा-प्रतिष्ठानले छायाङ्कन गरी श्रव्यदृश्य रेकर्डमार्फत अभिलेखीकरण कार्य समेत गरेको स्पष्ट पार्नुभयो ।

# कोइँच सुनुवार र थारू समुदायका प्रचलित लोकनाट्यको अध्ययन



काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको रङ्गमञ्च विभागले आ.व. २०७७/७८ को स्वीकृत वार्षिक बजेटअन्तर्गत कोइँच सुनुवार र थारू समुदायको लोकनाट्यको स्थितिको अध्ययन सम्पन्न गऱ्यो । अध्येता सुनवारले अध्ययनमा कोइँच सुनुवार समुदायमा प्रचलित लोक नाटकहरू पछिल्लो समय बिस्तारै हराउँदै गएको उल्लेख छ ।

कोइँचहरूको पुर्ख्यौली कथा तथा परम्परा सँगसँगै कोइँच लोकनाटकको इतिहासको प्रारम्भ भएको दाबी गर्दै अध्येता सुनुवारले २४ वटा लोकनाटकको मूलपाठ सहितको अध्ययनप्रतिवेदन प्रतिष्ठानमा बुझाउनु भएको छ । जसअन्तर्गत कोइँचको जन्म, विवाह, मृत्यु संस्कारमा गरिने नेया चोःचा, हरेरागि हिर्चा, चाँःप्लेःचा, बुल्नु थाःचा, हुग्रो सुचा, तोर्म पुल लोकनाटक रहेका छन् । यी नाटकले कोइँच संस्कारमा नाम किन दिने, विवाह किन गर्ने, मृत्यु किन हुन्छ, मृत्युपछिको मानिसको अवस्था के हुन्छ र कहाँ बास राख्ने जस्ता कुराको वर्णन गर्दछन् । त्यसै गरी संयुक्त परिवारबाट सानो परिवारमा छुट्टिने परम्पराको थालनी भएको जाइलामे लोकनाटक, कोइँच इतिहाससँग सम्बन्धित काइशिसिल तथा सामूहिक प्रकृति तथा पितृपूजा शाँदार पिदारसँग सम्बन्धित बुल्फे, रागा दोचा, भालेपोथी ग्लुम्चा र मेवाल सोइच्चा यस समुदायमा प्रचलित लोकनाटक हुन् ।

घरमा विभिन्न पितृ र परामात्माको आह्वानमा पूजाआराधनामा गरिने कलपीप, मेसेल्मि, बासुहोपो र साइबाम्बु, सु-स्वास्थ तथा समृद्धिको लागि प्रदर्शन गरिने हिवा, शुत/खात/ग्लाङ्ता र खड्को लोकनाटक पनि यस समुदायले अनुष्ठानिक रूपमा अङ्गीकार गर्दै आएका छन् ।

लोकनाटक हुइरिङ र चुचुफैँफैँमार्फत् बालबालिकाले आ-आफ्नो जीवनशैलीलाई नक्कल गरेर कथा भन्छन् भने गाइँदा सारा, गाइँदा चिम्चा, खाला हिर्तेकमा कृषि उत्पादनले फसल राम्रो दिओस भनेर वातावरणसँग अनुकुल मौसमको कामना गर्ने गरिन्छ ।

त्यसै गरी यस समुदायमा आगोको स्रोतको जोहो गर्दा रमाइलो गर्दै शुभलाभको लागि 'होहोरी हो हो' आराधना गर्ने लोकनाटक पनि प्रचलनमा रहेको छ । अध्येता सुनवारद्वारा प्रतिवेदनमा दर्शकलाई देखाएर रमाइलो गर्ने भन्दा पनि संस्कार संस्कृतिलाई अक्षुण्ण राख्न र इतिहास पुस्तान्तर गर्ने क्रममा कोइँच लोकनाट्य परम्परा विकसित भएको उल्लेख छ । प्रायः कोइँच लोकनाटक एकाङ्की नै हुने गरे पनि मेसेल्मी, काइँशि, हुग्रोसुचा, हारेरागि हिर्चा, साइबम्बु, जाइलामे आदि पूर्णाङ्की लोकनाटक रहेको पनि उल्लेख छ । यसै गरी थारू लोकनाटकको अवस्थाबारे सुशील चौधरीले गर्नु भएको अध्ययनले थारू जातिका लोकनाटकहरू विभिन्न कारणले लोपोन्मुख अवस्थामा पुगेको अध्ययनले देखाएको छ । यस समुदायमा बर्का नाच (लोकमहाभारत काव्यमा आधारित) गैया बेहर्ना (गाई चोर्ने), माघा लोट्ना (भ्यागुताको अभिनय गर्दै वर्षाका देवता इन्द्रलाई खुशी पार्ने) सोरठी बिर्जाभार (वीरगाथा), हिट्वा, रामझुम्रा (रामायण कथा प्रस्तुति) कठघोरी नाच (काठको घोडामा नाच्दै कथावाचन), रामलिला रामायण कहानी प्रस्तुति), सामा चकेवा (सामा र चखेवाको प्रेमकथा), लगायतका प्रचलित लोकनाटक रहेका छन् । यी लोनाटकमा थारू लोक दर्शन, कला र संस्कृतिको सम्मिश्रण भएर रहेको छ । प्रतिवेदनमा दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र सुर्खेत क्षेत्रका थारू जातिमा प्रचलित हिट्वा थारू लोकनाटकको पाठलाई समेत प्रस्तुत गरिएको छ । प्रतिवेदनमा बर्का नाच, रामझुमा र कठघोरी नाचको अहिले पनि प्रदर्शन भइरहे पनि अन्य लोकनाटक हराउँदै गएको उल्लेख छ ।

# वितापत नाचबारे अध्ययन सम्पन्न

काठमाडौं । यस प्रज्ञा-प्रतिष्ठानको नृत्य विभागद्वारा नेपालका अल्पसङ्ख्यक गन्गाई जातिमा प्रचलित वितापत नाचबारे एक अध्ययन सम्पन्न गऱ्यो । मूलतः प्रदेश नं. १ को मोरङ र झापा जिल्लामा अल्पसङ्ख्यामा रहेका यो समुदायले नाच्ने मौलिक नाच वितापतबारे सारिकाकुमारी मण्डलले विस्तृत अध्ययन गरेकी हुन् ।

महाभारतकालीन विराट राजाको मावलीका रूपमा आफूलाई दाबी गर्ने यो समुदायमा यो नाच हजार वर्षयता नाचिँदै आएको जनविश्वास छ । अध्येता मण्डलले गन्गाई जातिको ऐतिहासिक पृष्ठभूमि, हालको बसोवास क्षेत्र, सामाजिक-सांस्कृतिक अवस्था, यस जातिमा अन्तर्निहित लोकविश्वास र मिथकको चर्चा सहित वितापत नृत्यबारे विस्तृत अध्ययन प्रतिवेदन प्रतिष्ठानमा बुझाएकी छिन् । मुख्य व्यवसायका



रूपमा खेतीपातीलाई अपनाउँदै आएको यस समुदायमा खास गरी मुण्डन, विवाह र चोरकच्छी जस्ता शुभकार्यमा वितापत नाच अनिवार्य नाच्नुपर्ने हुन्छ ।

यस नाचमा पाँच जना व्यक्तिलाई समावेश हुने गर्छन् । जसमध्ये मुख्य निर्देशकको भूमिका खेल्ने व्यक्तिलाई मुलग्याआन भनिन्छ । नाचलाई दिशानिर्देश गर्ने, दर्शकलाई हँसाउनेरूवाउनेदेखि मनोरञ्जनपूर्ण बनाउने सूत्राधारको भूमिका मुलग्याआनकै हो । नटुवा यस नाचको केन्द्रीय पात्र या नाच्ने व्यक्ति हो । गन्गाई जातिमा महिलाहरूलाई

नाच्नलाई कम स्वतन्त्रता हुने भएकाले पुरूषले नै महिलाका भेषमा नटुवाको भूमिका निर्वाह गर्ने प्रचलन समेत छ । नटुवाले राधा, कोइली चरी, माता सीता, गोपीनी, ग्वाला जस्ता थुप्रै भूमिकामा नाच्नुपर्ने हुन्छ । अध्येता मण्डलले भगवान् कृष्ण र राधाको अटुट र निस्वार्थ माया तथा गोपिनीहरूलाई कृष्णले सताएको लोकगाथा गाउँदै सामूहिक रूपमा नाचिने यो नृत्यनाटिका गन्गाई समुदायको समृद्ध परम्परा भएको निष्कर्ष निकालेकी छिन् । यस अध्ययनले अल्पसङ्ख्यक गन्गाई समुदायको वितापत नृत्यको संरक्षण गर्न टेवा पुग्ने प्रतिष्ठानकी नृत्य विभाग प्रमुख नमुना शर्माले दाबी गर्नुभयो ।

# लेप्चा जातिको लोकनाचको अध्ययन

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको नृत्य विभागले आ.व. २०७७/७८ स्वीकृत बजेटअन्तर्गत लेप्चा जातिको लोकनाचको अध्ययन सम्पन्न गऱ्यो । नेपालको लोपोन्मुख अल्पसङ्ख्यक जातिका रूपमा वर्गीकरण गरिएको यस जातिको लोकनाचबारे संस्कृतिकर्मी राजेश थापाले अध्ययन गर्नु भएको हो ।

अध्ययन मुख्य गरी इलाम जिल्लामा बसोवास गर्ने यस जातिको इतिहास, उत्पत्तिकथा, जनसङ्ख्या, धार्मिक-सामाजिक संस्कार र जीवनशैलीसहित लोकनाचबारे केन्द्रित छ । आफूलाई आदिम कालमा कञ्चनजङ्घा हिमालको काखमा उत्पत्ति भएको विश्वास गर्ने यस जातिले आनुष्ठानिक, ऋतु, कृषि, चाडपर्व, लोकनाच र अन्य गरी पाँच प्रकारका नाच नाच्ने अध्ययनले देखाएको छ । अनुष्ठानिक नाचमा कञ्चनजङ्घा हिमालको पूजा गर्दा समूहमा नाचिने चुफात् आलोक नाच र हिमाली खोलानालाबाट हुनसक्ने सम्भावित खतरा वा बाह्य आक्रमणबाट जोगिनलाई प्रार्थना स्वरूप नाचिने तेन्दोङ लो-रूम्फात् नाच रहेका छन् । त्यसै गरी ऋतु, प्रकृति र वनस्पति तथा चराचुरूङ्गीबारे वर्णन गर्दै नाचिने लोकनाचमा किम-चुङ-बोम्सा र तमूल लोकनाच रहेका छन् भने कृषिसँग सम्बन्धित लोकनाचमा मङ्सीर महिनामा अन्नबाली भित्र्याउँदा नाचिने तक्रामआलोक नाच प्रमुख रहेको छ । अन्य लोकनाचमा मङ्सिरमा अन्नबाली भित्राउँदा नाचिने तग्राम लोकनाच, लडाइँको दृष्य देखाउन हातहतियार



सहित लिएर नाचिने फेन्-ल्वक नाच, पौराणिक जीवनकथामा आधारित लुङ्तेङ्- सा-तकराम नाच, ऋतुहरूको वर्णन गरिएको तमुल नाच, वैवाहिक कार्य तथा पितृ पुजामा नाचिने नाच तकसिम-लोकनाच र कुनै पनि शुभ कार्यमा भेला भई एक आपसमा विदाई हुनेबेलामा नाचिने अप्रया-वोम लोक नाच रहेका छन् ।

# वागमती प्रदेशमा प्रचलित लोकनाच शैलीको अध्ययन



काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको नृत्य विभागले आर्थिक वर्ष २०७७/२०७८ को बजेटअन्तर्गत वागमती प्रदेशमा प्रचलित लोकनाचहरूको शैलीगत अध्ययन सम्पन्न गऱ्यो । वागमती प्रदेशभित्र पर्ने हिमाली, पहाडी, काठमाडौँ उपत्यका र तराई क्षेत्रमा बसोबास गर्ने विभिन्न जातिहरूमा प्रचलित छ वटा शैलीका लोकनाचहरू बारे अध्ययन गरिएको हो ।

नेपालको १३ वटा जिल्ला समेटिएको र मुख्य गरी २१ वटा विभिन्न जातिहरू बसोवास गर्ने वागमती प्रदेशमा सेब्रु, मारूनी, डाण्डिया, मुखौटा, युद्धाभिनय र मुक्त गरी ६ शैलीका प्रचलित लोकनाचबारे प्रतिभा पुनले अध्ययन गर्नु भएको हो । अध्येता पुनले लोकमनोरञ्जन तथा अन्य प्रयोजनका लागि यस प्रदेशमा भूगोल र जाति अनुसार भिन्नभिन्न लोकनाचहरू प्रचलनमा रहे पनि ती नाचहरूलाई प्रस्तुतिका आधारमा ६ शैलीमा वर्गीकरण गर्नु भएको हो । यस प्रदेशको हिमाली र उच्च पहाडी भेगमा बसोवास गर्ने सेर्पा र तामाङ जातिमा प्रचलित सेब्रु र म्हेन्दोमाया लोकनाचको शैली नै सेब्रु शैली हो । यसै गरी यस प्रदेश र नेपालका अन्य प्रदेश मध्यपहाडी प्रदेशमा मगर, गुरूङ, माझी, कुमाल लगायतका जातिले नारीको परिधानमा पुरूषद्वारा नाचिने नाच मारूनी शैली हो । त्यसै गरी तराईका मूलवासीले नाच्ने नाच डाण्डिया शैली अर्थात् डण्डाबाट निसृत सङ्गीतको तालमा नाचिने नाचको शैली हो । विशेष गरेर थारू, अवधि, भोजपुरी र मैथिली समुदायमा यो शैलीको लोकनाच प्रचलित छ । काठमाडौँ उपत्यकाका नेवार समुदायमा अत्यन्त प्रचलित मुकुण्डो नाच र यससँग नजिक रहेका नाचलाई अध्येता पुनले मुखौटा वा मुकुण्डो शैली भनी नामकरण गरेकी छिन् । त्यसै गरी अध्येता वागमती प्रदेशको उत्तरी धादिङका तामाङ समुदायले नाच्ने घोडचढी नाच, काठमाडौँका नेवार समुदायले नाच्ने लाखे नाच र अन्य विभिन्न समुदायमा प्रचलित ढाल नाच, तलबार नाच, सराएँ नाच, खुकुरी नाच, लाठी नाच, मयुर नाच युद्धाभिनय शैलीमा नाचिने भनेर चर्चा गरेकी छन् ।

# शास्त्रीय नृत्यबारे अध्ययन सम्पन्न

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको नृत्य विभागद्वारा आर्थिक वर्ष २०७७/०७८को स्वीकृत बजेटअन्तर्गत शास्त्रीय नृत्यबारे एक अध्ययन सम्पन्न गरियो । यसअन्तर्गत काठमाडौँ उपत्यकाका नेवार समुदायमा प्रचलित तान्त्रिक विद्यामा आधारित चर्या नृत्यबारे अध्ययन गरिएको हो । चर्यानृत्यकी शोधकर्ता बीणा जोशीद्वारा गरिएको उक्त अध्ययनले चर्या नृत्यको इतिहास, प्रविधि, प्रस्तुतीकरण, धार्मिक क्षेत्र, रङ्गमञ्च क्षेत्र, सुत्रधार, प्रस्तुतकर्ताहरू, प्रशिक्षक गुरूहरूको संक्षिप्त चिनारीलाई उजागर गरिएको छ । अध्ययनमा भारतीय शास्त्रीय नृत्यको समेत चर्चा गर्दै चर्या नृत्यको अवस्थाबारे अध्ययन अनुसन्धानबारे ऐतिहासिक तथ्यहरू समेत प्रस्तुत गरिएको छ । विभिन्न अर्धसरकारी र निजी सङ्घ संस्थाहरूमा भएका अध्ययन अनुसन्धानको जानकारी र यस नृत्यसम्बन्धी पुराना अभिलेखहरूको खोज/अध्ययन समेत गरिएकोले अध्ययनको निकै ठूलो महत्त्व रहेको प्रज्ञा-प्रतिष्ठानकी नृत्य विभाग प्रमुख प्राज्ञ नमुना शर्माले बताउनुभयो ।



# 'स्वरलिपिमा राष्ट्रिय गीतहरू' तयार

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको सङ्गीत विभागले आ.व. २०७७/७८ को वार्षिक बजेटअन्तर्गत नेपाली राष्ट्रिय गीतहरूको पूर्वीय र पाश्चात्य स्वर लिपि समेटिएको 'स्वरलिपिमा राष्ट्रिय गीतहरू' पुस्तक तयार गऱ्यो । सङ्गीत विभाग प्रमुख प्राज्ञ अशोककुमार राईका अनुसार राष्ट्रिय गीत गायनमा वाद्यवादक एवम् गायकगायिकालाई सहजता उपलब्ध गराउने उद्देश्यले पुस्तक तयार गरिएको हो ।

यस पुस्तकमा नयाँ र पुराना गरी ४७ वटा लोकप्रिय राष्ट्रिय गीतलाई पूर्वीय र पाश्चात्य स्वर लिपिमा उतारिएको छ । पुस्तकमा समाविष्ट गीत गाउन वा बजाउन तथा तिनका मौलिक सुर, ताल समेत उल्लिखित छ ।

पूर्वीय र पश्चिमी दुवै प्रकारका स्वरलिपि र देवनागरी लिपिका साथै तिनका रोमन उच्चारणमा समेत समावेश गरिएकाले स्वदेशी एवम् विदेशी दुवैलाई फाइदा पुग्ने प्राज्ञ राईले बताउनुभयो । वरिष्ठ सङ्गीतकर्मी राजकुमार श्रेष्ठले यस पुस्तकको लेखन कार्य गर्नु भएको हो ।




## प्रदेश नं. १ का मौलिक तथा परम्परागत लोकबाजाबारे अध्ययन सम्पन्न

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको सङ्गीत विभागले आ.व. २०७७/७८को स्वीकृत बजेटअन्तर्गत प्रदेश नं. १ मा प्रचलित मौलिक तथा परम्परागत लोकबाजाहरूको अनुसन्धान कार्य सम्पन्न गऱ्यो । सङ्गीतविशेषज्ञ बुलु मुकारुङले प्रदेश नं. १ मा मुख्य बसोवास गर्ने किराँत र कोच सभ्यताभित्रका विभिन्न जातिसँगै खसआर्य, द्रविड, मधेसी, थारू र मुस्लिम समुदायको लोकबाजाहरूमा केन्द्रित रहेर उक्त अनुसन्धानले कतिपय मौलिक तथा परम्परागत लोकबाजा लोपोन्मुख अवस्थामा पुगेको पनि निष्कर्ष निकालेको छ ।

विभिन्न जातिले धार्मिक, सामाजिक संस्कार, जन्म, मृत्यु, विवाह, युद्ध, चाडपर्व, मेला, जात्रा, खेतीकिसानी जस्ता शुभ तथा अशुभ कार्यमा प्रयोग गर्दै आएका लोकबाजाहरू पछिल्लो समय पश्चिमा संस्कृतिको बढ्दो प्रभाव तथा व्यवसायिकता अभावका कारण लोपोन्मुख अवस्थामा पुगेका हुन् ।

अनुसन्धानमा बाजाको इतिहास, परिचय, ऐतिहासिक तथा सांस्कृतिक पक्ष, बाजा प्रयोग गर्ने जाति, समुदाय र बाजा पाइने क्षेत्रलाई समेत समेटिएको छ । बिहेबारी, छेवर, उँधौली उँभौली जस्ता शुभकार्यमा बजाइने पञ्चेबाजा र जातिगत लोकबाजाको प्रयोग निरन्तर भए पनि अन्य लोक बाजाको प्रयोग घट्दै गएको अनुसन्धान प्रतिवेदनमा उल्लेख छ । सहरीकरण र आधुनिक बाजाको प्रभाव बढ्दै जानुले लोकबाजाका प्रयोग र बिक्रीवितरणमा मात्र कमी नआएर ती बाजा निर्माण गर्ने तथा बजाउन जान्ने परम्परागत सीप पनि विस्थापित हुँदै गएको छ ।

कतिपय लोकबाजा एक जातिले मात्र प्रयोग गर्ने विशिष्ट प्रकारका तथा कतिपय लोकबाजा एकभन्दा बढी जातिले साझा रूपमा पनि प्रयोग गर्छन् । यस अनुसन्धानबाट प्रदेश नं १ मा प्रचलनमा रहेका बाजाका सङ्ख्या, प्रकार, बाजा बजाइने भूगोल, समुदाय र बाजा बज्ने स्थान, समय, चाडपर्व, मौसमबारे समेत विस्तृत विवरण प्राप्त भएको छ ।

प्रतिवेदनमा लिम्बु, याक्खा, धिमाल, याम्फु, लोहोरूङ, मेवाहाङले साझा रूपमा प्रयोग गर्ने च्याब्रुङ, त्यसै गरी किराँत राई र सुनुवारले प्रयोग गर्ने ढोल, र पहाडी र हिमाली क्षेत्रमा बसोवास गर्ने समुदायले प्रयोग गर्ने टुङ्ना, बाँसुरी, मुर्चुङ्गा,



मुरली, बिनायो, मादल, झ्याम्टा आदि बाजाको अनुसन्धानलाई समेटिएको छ । त्यसै गरी दलित समुदायभित्रका दमाईले बजाउँदै आएको पञ्चेबाजा, मगर, गुरूङ र खासआर्यले प्रयोग गर्ने खैंजडी, तामाङको डम्फु र गन्धर्व जातिले बजाउने सारङ्गीलाई पनि समेटिएको छ ।

# तीन समुदायको लोपोन्मुख भाका सङ्कलन

यस प्रज्ञा-प्रतिष्ठानको सङ्गीत विभागले तीन प्रदेशका तीन समुदायको लोपोन्मुख मौलिक भाकाहरूको अभिलेखीकरण गर्ने कार्य सम्पन्न गर्‍यो । जसअन्तर्गत प्रदेश नं. १ बाट वालुङ, लुम्बिनी प्रदेशबाट डँगौरा थारू र सुदूरपश्चिम प्रदेशबाट सौका समुदायका प्रचलित तर लोपोन्मुख भाकाहरू अभिलेखीकरण गरेको हो ।

सङ्गीत विभाग प्रमुख प्राज्ञ अशोक राईका अनुसार स्थलगत अध्ययन अनुसन्धान, सङ्कलन तथा रेकर्डिङ प्रविधिलाई अपनाई उल्लेखित यी तीन समुदायका तीन-तीनवटा भाका र संक्षिप्त परिचय सहितको वृत्तचित्र समेत तयार गरियो । वालुङ जातिका लोपोन्मुख भाकाहरूबारे अध्ययन अनुसन्धानमा सहजीकरण गर्ने संस्कृतिजानकार लोजक रूइत लामा र लेखनमा राजेश्वर थापा, थारू जातिका लागि कुलवीर चौधरी र संस्कृतिविद् डा.गोविन्द आचार्य तथा सौका समुदायका लागि प्रज्ञा-प्रतिष्ठानकी प्राज्ञसभा सदस्य चाँदनी मल्ल हुनुहुन्थ्यो ।

यस कार्यक्रमअन्तर्गत थारु समुदायले दसैंका अवसरमा गाउने थारपैंया, माघे सङ्क्रान्तिको अघिल्लो रात गाउने ढुम्र र विभिन्न भेटघाट तथा विशेष अवसरहरूमा गाउने हुरडङ्ग्या भाकाको अभिलेखीकरण भयो भने सौका



समुदायको सौका समुदायको झुम्को, छलिया र छिराबिरा भाका तथा वालुङ समुदायको लुङ्मा ठामी पाङ्सोम देमुना (लोकभाका), घाना ढाकी किला (घर पैंचो गीत) र ठिही फामी बाक्छ्याङ (अर्तीउपदेशको गीत) भाकाको अभिलेखीकरण गरियो ।

# वागमती प्रदेशका परम्परागत सङ्गीतको अध्ययन सम्पन्न

काठमाडौं । यस प्रज्ञा-प्रतिष्ठानको शास्त्रीय तथा परम्परागत सङ्गीत विभागले आ.व.२०७७/७८ को स्वीकृत बजेटअन्तर्गत वागमती प्रदेशको परम्परागत सङ्गीतको अवस्थाको अध्ययन सम्पन्न गर्‍यो । प्राचीनकालदेखि कला, संस्कृति, मूर्त-अमूर्त सम्पदा, प्राचीन साहित्य र सङ्गीतले सम्पन्न यस प्रदेशको परम्परागत सङ्गीतको वर्तमान अवस्थाबारे अनुसन्धाता डा. भक्त राई र गणेशराम प्रजापति (लाछी)ले अध्ययन गर्नु भएको हो । अध्येताहरूले यस प्रदेशको परम्परागत सङ्गीतको ऐतिहास पक्षको समेत चर्चा गर्दै वर्तमान अवस्थाबारे सविस्तार अभिलेख समेटिएको प्रतिवेदन प्रतिष्ठानसमक्ष प्रस्तुत गर्नु भएको छ । प्रतिवेदनमा काठमाडौं उपत्यकामा लिच्छवीकालमै पूर्वधार बनाएको सङ्गीत सभ्यताले मल्ल र आधुनिककालमा व्यापक विस्तार हुने अवसर पाए पनि पछिल्लो कालखण्डमा परम्परागत सङ्गीतले विभिन्न चुनौती समना गर्नु परेको उल्लेख छ । मल्लकालमै साहित्यप्रेमी विभिन्न मल्लराजा तथा संस्कृत र मैथिली भाषाका कविहरूबाट दाफा भजन र स्तुतिहरू लेखी गाउने परम्पराको मात्र शुरू भएन कृषि, ऋतु र हास्यव्यङ्गात्मक लोकगीतसँगै गीतिकथा समेत बडो मार्मिक ढङ्गले लयमा गाउने प्रचलन बस्यो । ऋतु, महिना, जात्रापर्व, चाडबाड अनुसार फरक-फरक लयमा गीत गाउने नेवार समुदायमा पहिले पहिले गीतका धून सुन्ने बितिकै श्रोताले आफू कुन महिनामा पुगेछु भन्ने सजिलै अनुमान लाउन सक्थे । तर अहिले आएर यस्ता दैनिक, साप्ताहिक, पाक्षिक, महिना र चार-चार महिनामा विभिन्न समूहले गाउने दाफा भजन, धल्चा भजन, मृदङ्ग भजन, नगरा भजन, हारविन तबला भजनको अवस्था नाजुक बन्दै गएको छ । त्यतिमात्र होइन, फूर्सदमा पाटीपेटीमा बसी चर्खाबाट धागो काट्दै युवतीहरूले समूहमा गाउने लोकगीत गीत अहिले विस्थापित हुने अवस्थामा पुगेका छन् । त्यसै गरी धार्मिक नाच, पुजा, नृत्य,



सङ्गीत र नाटक मञ्चनका लागि नेवार समुदायमा प्रयोग हुने डबलीसंस्कृति पनि विभिन्न कारणले कम प्रयोजन हुँदै आएको प्रतिवेदनमा उल्लेख छ ।

प्रतिवदेनले यस प्रदेशका १३ वटै जिल्लामा लाखे नाच नचाउने प्रचलन रहेको र अहिलेसम्म ३३० वटा टोली भेटिएको तथा परम्परागत मुकुन्डो नाचका ६८ टोली रहेको जानकारी पनि प्रस्तुत गरेको छ ।

अध्येताहरूका अनुसार नेवार समुदायमा परम्परागत सङ्गीत कमजोर हुँदै जानुमा परम्परागत नृत्यटोली, भजनमण्डली, जात्रापर्वसँग प्रत्यक्ष सम्बन्ध जोडिने परम्परागत गुठी संस्थालाई राज्यले भुमिसुधारको नाममा अधिकरण गर्नु, केही गुठीका टाठाबाठाले गुठीका जग्गा आ-आफ्ना नाममा नामसारी गरी नीजिकरण गर्नु जिम्मेवार छ । साथै परम्परागत सङ्गीतको ह्रासमा विद्युतीय सञ्चारको प्रभाव र विदेशी संस्कृतिको प्रभाव पनि उत्तिकै दोषी रहेको छ । अध्येताहरूले वागमती प्रदेशका तामाङ जाति र खसआर्य समुदायका परम्परागत सङ्गीतबारे प्रतिवेदनभित्र बेग्लैबेग्लै खण्डमा आफ्नो अध्ययनलाई प्रस्तुत गर्नु भएको छ ।

# गण्डकी प्रदेशमा प्रचलित परम्परागत सङ्गीतको अनुसन्धान कार्य सम्पन्न

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको परम्परागत तथा शास्त्रीय सङ्गीत विभागले आ.व.२०७७/७८अन्तर्गत गण्डकी प्रदेशमा प्रचलित परम्परागत सङ्गीतको अनुसन्धान कार्य सम्पन्न गऱ्यो । अनुसन्धान संस्कृतिकर्मी गायत्री पराजुलीले गर्नु भएको हो । गण्डकी प्रदेशलाई सङ्क्षेपमा चिनाउँदै अध्येता पराजुलीले यस प्रदेशमा प्रचलित लोकगीत, लोकगाथा, लोकनाच र लोकबाजाबारे समग्र अध्ययन गर्नु भएको हो । अध्ययनमा गण्डकी प्रदेशमा स्थापित र सञ्चालित विभिन्न साङ्गीतिक संस्थाहरूको परिचयात्मक विवरणलाई समेत समेटिएको छ ।



विभिन्न श्रोत व्यक्तिहरूसँग कुराकानी, सम्बन्धित जातिसमुदायका विज्ञसँग छलफल, स्थलगत अध्ययन-अवलोकन कार्य तथा यसअघि भएका अध्ययन अनुसन्धानलाई समेत ध्यानमा राख्दै गरिएको यस अनुसन्धानले गण्डकी प्रदेशमा ४० भन्दी बढी प्रकारका लोकगीत, डेढ दर्जन बढी लोककथा, तीन दर्जनजति लोकनाच र दुई दर्जन जति लोकबाजाहरू प्रचलनमा रहेको तर आयातीत संस्कृतिका कारण परम्परागत सङ्गीत खतरामा परेको निष्कर्ष निकालेको छ ।

अनुसन्धाता पराजुलीले गरेको अनुसन्धान अनुसार यस प्रदेशमा बसोवास गर्ने विभिन्न जातिसमुदायको रहनसहन, रीतिरिवाज, धर्म, संस्कार, चाडपर्व, पेशाव्यवसायसँग सम्बन्धित विभिन्न लोकगीतहरू प्रचलित छन् ।

अनुसन्धाता पराजुलीले यस प्रदेशका लोकबाजा रूपमा मादल, पञ्चे बाजा, दमाहा, ट्याम्को, ढोलकी, सनाई, नौमती बाजा, कर्नाल, नरसिँहा, एकतारे, सारङ्गी, अर्बाजो, तबला, टुङ्ना, खैँजडी, मुजुरा, मुरली, बाँसुरी, शङ्ख, घण्ट, करताल, चाँप, डमरू, नगरा, जिम्बे, बिनायोलाई पहिचान गर्नु भएको छ । प्रतिवेदनले परम्परागत सङ्गीतको संरक्षणको खाँचो औंल्याउँदै राज्यले विद्यालय तथा महाविद्यालय तहमा परम्परागत सङ्गीत विषयमा शिक्षण गर्नुपर्ने सुझाव पनि  दिएको छ ।

# कबीर दासका दोहा र प्रगतिशीलता विषयक अध्ययन

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको परम्परागत तथा शास्त्रीय सङ्गीत विभागले आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत वार्षिक बजेटअन्तर्गत ' चिर आधुनिक चिन्तक कविरः समाज परिवर्तनका अग्रदूत (कविर दासका दोहामा प्रगतिशीलता)' विषयक अध्ययन सम्पन्न गऱ्यो । यो अध्ययनलाई प्रसिद्ध राजनीतिक विश्लेषक, लेखक तथा चिन्तक सीके लालले गर्नु भएको हो । परम्परागत तथा शास्त्रीय सङ्गीत विभाग प्रमुख प्राज्ञ धीरेन्द्र प्रेमर्षिका अनुसार पन्ध्रौँ-सोह्रौँ शताब्दिका सुप्रसिद्ध कवि कविर दासका निर्गुण भजनहरूको सघन प्रभाव भारतमा मात्र नभएर नेपालको मिथिला क्षेत्रमा समेत रहेकोले त्यसको ऐतिहासिक पृष्ठभूमिसहित प्राज्ञिक महत्वलाई उजागर गर्ने उद्देश्यले अध्ययन गरिएको हो । अध्येता लालले आफ्नो अध्ययनमा कविर दासले तत्कालीन ज्ञानपद्धति, धर्म र सम्प्रदाय, जाति व्यवस्था, राजनीति, समाज, सत्ताविमर्श तथा जीवनदृष्टिमा पुऱ्याएको योगदानबारे विशद चर्चा गर्नु भएको छ । अध्ययनले चारपाँच शताब्दिअघि भारतको वनारसमा जन्मेका कविर दासका भजनहरू भाव, भूमि, भक्ति, भाषा र भङ्गीमाका कारण मिथिलादेखि मालवा र सिन्ध-पञ्जावदेखि असम-बङ्गलासम्म लोकप्रिय रहेको निष्कर्ष निकालेको छ ।



# नेपाली भू-धरातलमा शास्त्रीय सङ्गीतको संरक्षण र विकास अध्ययन सम्पन्न

यस प्रज्ञा-प्रतिष्ठानको परम्परागत तथा शास्त्रीय सङ्गीत विभागले यही आर्थिक वर्षमा 'नेपाली भू-धरातलमा शास्त्रीय सङ्गीतको संरक्षण र विकास' विषयक लघु अध्ययन सम्पन्न गऱ्यो । वरिष्ठ शास्त्रीय सङ्गीत साधक प्रा.डा. ध्रुवेशचन्द्र रेग्मीद्वारा यो अध्ययन गरिएको हो ।



अध्येता प्रा.डा रेग्मीले सङ्गीतको पहिलो प्रमाणिक ग्रन्थ भरतनाट्य शास्त्रअनुसार नेपालमा किरात शासनकालमा नै शास्त्रीय सङ्गीतको प्रचलन शुरू भयो । प्राचीनकालमा सङ्गीत मोक्ष प्राप्ति र शान्तिमय जीवन व्यतीत गर्ने सरल साधन भएकोले समाजहित, आध्यात्मिक उन्नति, आत्मचिन्तन तथा योगसाधनाको शिक्षा प्राप्ति गर्न शास्त्रीय सङ्गीतको परम्पराको विकास भएको थियो । अध्येताले नेपालमा शास्त्रीय सङ्गीत शिक्षाको आरम्भ, हाल सञ्चालनमा रहेका निजी क्षेत्रका सङ्गीत शिक्षण संस्था, प्रचलित शैली, मौलिक रागहरू, वाद्ययन्त्र, ग्रन्थ लेखन र नृत्य परम्परा तथा सङ्गीतको वास्तविक उद्गमस्थल, दरवारमा आश्रित भारतीय सङ्गीतज्ञ लगायत नेपालमा शास्त्रीय सङ्गीतको विकासका लागि भएका ऐतिहासिक सम्मेलन, गतिविधिसमेत मिहिन रूपमा चर्चा गर्नु भएको छ ।

अध्ययनमा समयकाल अनुसार शास्त्रीय सङ्गीतका शैली परिवर्तन हुँदै आएकोले नेपालको हिमाल, पहाड र तराई क्षेत्रका विभिन्न जातजातिमा प्रचलित परम्परागत सङ्गीतलाई नेपाली मौलिक शैलीका शास्त्रीय राग भएको तर्क समेत गरिएको छ । विभागीय प्रमुख प्राज्ञ प्रेमर्षिले व्यवसायिकताका नाममा हल्काफुल्का सङ्गीतको बिगबिगी बढिरहेकोले पक्का साधना र ज्ञानमा आधारित शास्त्रीय सङ्गीतको परम्परालाई सार्थक निरन्तरता दिनका लागि यस प्रकारको अध्ययन गरेको बताउनुभयो ।

## कृषिसम्बन्धी परम्परागत लोकगीतहरूको अध्ययन सम्पन्न

यस प्रज्ञा-प्रतिष्ठानको परम्परागत तथा शास्त्रीय सङ्गीत विभागबाट नेपालको पहाडी तथा हिमाली क्षेत्रमा प्रचलित कृषिसम्बन्धी परम्परागत लोकगीतहरूको अध्ययन सम्पन्न भयो । यस विभागको समन्वयमा संस्कृतिकर्मी तथा गीतकार टीका चाम्लिङले यो अध्ययन गर्नु भएको हो । प्राज्ञ प्रेमर्षिले यो अध्ययनले नेपालको पहाडी तथा हिमाली क्षेत्रमा बसोवास गर्ने जाति/जनजाति समूदायमा प्रचलित कृषिसम्बन्धी परम्परागत लोकगीतको अवस्थालाई उजागर गरेको बताउनुभयो । अध्ययनले कृषिसम्बन्धी परम्परागत लोकगीतहरू लोपोन्मुख रहेको देखाएको छ । यस्तो हुनुमा आधुनिक शिक्षा प्रणाली, बसाइँसराइ, मिश्रित सामाजिक संरचना, विज्ञानप्रविधिको नकारात्मक प्रभाव, विश्वव्यापीकरण र अल्पविकास, पुस्तान्तरणमा कमी तथा यिनको संरक्षणको लागि राज्यको उदासीनतालाई औँल्याएको छ । अध्ययन अनुसार पहाडी तथा हिमाली क्षेत्रका सम्बन्धित जातिमा रोपाइँ, धाननाच, पालाम, साकेला, रसिया, दाइँ, ताम्के, असारे, हाक्पारे जस्ता कृषिसम्बन्धी परम्परागत लोकगीतहरू लोपोन्मुख अवस्थामा छन् । अध्ययन प्रतिवेदनमा कृषिसम्बन्धी लोकगीत बेठी, दाइँ गर बरदो गीत, किसान गीत, रोपाइँ गीत, असारे गीत र कृषि गीतको सङ्कलनलाई पनि समेटिएको छ ।



# फागु गीतको तुलनात्मक अध्ययन सम्पन्न



यस प्रज्ञा-प्रतिष्ठानको परम्परागत तथा शास्त्रीय सङ्गीत विभागबाट यस वर्ष सम्पन्न भएको अर्को अध्ययन मैथिली, अवधि तथा डोटेली भाषिक समुदायमा प्रचलित फागु गीतको तुलनात्मक अध्ययन हो ।'फागुको तुलनात्मक अध्ययन' शीर्षकमा गरिएको उक्त अध्ययनमा 'अवधि समाजमा पाइने फागु/होरी गीतका स्वरूप' विषयमा विक्रममणी त्रिपाठी, 'सुदूरपश्चिमेली फागु/होरी' विषयमा प्राज्ञ यज्ञराज उपाध्याय र 'मिथिलाको फागुः ऋतुराज स्तुति अनुष्ठान' विषयमा श्यामसुन्दर शशिले अध्ययन गर्नु भएको थियो । तीन वटा फरक-फरक अध्ययनले सम्बन्धित भाषिक समुदाय र क्षेत्रमा फागु पर्व मनाउन थालिएको पौराणिक मिथकमा समानता पाइए पनि मनाउन थालिएको समय, मनाउने विधि, अवधि र यस पर्वमा गाइने फागु गीतमा स्थानीय भेदलाई निरूपण गरेको छ । प्राज्ञ प्रेमर्षिका अनुसार नेपालको तराई-मधेससँगै पहाडी-हिमाली क्षेत्रसम्मै रङ्ग उत्सवका रूपमा सबै जाति समुदायमा मनाउन थालिएको फागु पर्वको स्थानीय भेद र मौलिकतालाई पहिचान गरी संरक्षण गर्ने उद्देश्यले उक्त अध्ययन गरिएको हो ।

# तराई क्षेत्रमा प्रचलित कृषिसम्बन्धी परम्परागत लोकगीतको अध्ययन

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको शास्त्रीय तथा परम्परागत सङ्गत विभागले आ.व. २०७७/७८ को स्वीकृत बजेटअन्तर्गत तराई क्षेत्रमा प्रचलित कृषिसम्बन्धी परम्परागत लोकगीतहरूको अध्ययन सम्पन्न गऱ्यो । संस्कृतिविद् डा. कृष्णराज चौधरीले गर्नु भएको उक्त अध्ययनले तराई क्षेत्रका कृषिसम्बन्धी कतिपय परम्परागत लोकगीतहरू लोप भइसकेको र कति लोपोन्मुख अवस्थामा रहेको निष्कर्ष निकालेको छ ।

तराई क्षेत्रमा बसोवास गर्ने १६ भन्दा बढी जातजाति र विभिन्न भाषिक समुदायमा केन्द्रित गरिएको अध्ययन अनुसार किसान, कुमाल, सोनहा, बोटे र दनुवार समुदायका कृषि लोकगीतहरू लोप भइसकेका छन् । ती समुदायमा पेशाव्यवसाय परिवर्तन हुनु, बसाइँसराइ हुनु तथा पुस्ता हस्तान्तरण नहुनु र भाषा नै लोप हुँदै जानुले कृषि गीतहरू लोप भएको हुन सक्ने अध्येता चौधरीले सङ्केत गर्नु भएको छ । अध्ययनमा तराईका भोजपुरी, मैथिली, अवधि, बज्जिका भाषिक समूह र थारू समुदायका कृषि गीतहरूलाई समेटिएको छ । अध्ययन अनुसार भोजपुरी भाषिक समुदायमा ऋतुअनुसार गाइने खेतीपातीसम्बन्धी प्रशस्त गीतहरू रहेका छन् । कृषिलाई पुर्ख्यौली पेशा अपनाउने थारू समुदायमा खेतीपातीका लागि विभिन्न पूजाआजा गर्दै मन्त्रहरू फलाक्ने परम्परा समेत भएको अध्ययन प्रतिवेदनमा उल्लेख छ ।

पश्चिमा थारू समुदायमा खेतीपाती लाउन वैशाखदेखि असार महिनासम्म ढुरिया पूजा गरिन्छ भने रोपाइँ शुरू हुनअघि खेतमा खाना खाने प्रक्रिया शुरू गर्न कल्वा खैना संस्कार गरिन्छ । रोपी सकेको धान हराभरा होस् भनी भदौमा हरेरी पूजा लाउने तथा पाकेको नयाँ अन्नबाली भित्र्याउन लवङ्ग्या मङ्सिर महिनामा कुखुरा, सुँगुर र बाख्राको बलिसहित लवङ्ग्या पूजा गर्ने प्रचलन पनि यस समुदायमा रहेको छ ।

पूर्वीया थारू समुदायमा मुख्य रूपमा चाँचर, विरहेन, ऋतु गीत र स्तुति गीतहरू खेतीपाती गर्दा गाइने गीत हुन् । यसै गरी हलो जोत्ने बेलाको गीत, तरकारी रोप्दाको गीत, कोदो र जुनेलो रोप्दाको गीत, बिउ राख्ने बेलाको गीत, वागबगैँचा लगाउने, खेतमा घुम्न जाने, गौचरन, बैठारसँग सम्बन्धित लोकगीतहरूको पनि उल्लेख छ ।

अवधि भाषिक समुदायमा अक्षय तृतीयाबाट खेतीपाती सुरुवात हुने र त्यसक्रममा विभिन्न देवीदेवताको पूजा अर्थात् अडवार फारैक गर्ने प्रचलन रहेको प्रतिवेदनले जनाएको छ । यस समुदायका कृषि लोकगीतमा विशुद्ध प्रेम, प्रकृति वर्णन, विछोडको भाव, गुनासो, हर्षउल्लास, लैङ्गिक हिंसाको भाव आदि पाइन्छ । यस समुदायले रोपाइँ सकिएपछि गाउने गीतलाई निरवनी भनिन्छ ।

तराईमा बसोवास गर्ने बज्जिका भाषी समुदाय, उराँव, मैथिलीभाषी, ताजपुरिया र कुमाल समुदायका केही कृषि लोकगीतहरूको समेत चर्चा गरिएको प्रतिवेदनले विभिन्न लोकगीतसँगै कृषिलोकगीतहरू लोपोन्मुख अवस्थामा पुग्नुलाई बदलिँदो जीवनशैली, सहरीकरण र उपभोक्तावादी संस्कृतिलाई कारक मानेको छ ।

# लोकबाजाबारे सैद्धान्तिक पाठ्यपुस्तक तयार

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको सङ्गीत विभागले आ.व. २०७७/७८को स्वीकृत आर्थिक बजेटअन्तर्गत १५ वटा लोकबाजाबारे सैद्धान्तिक पाठ्यपुस्तक तयार गर्‍यो । लोकबाजा बजाउन सिक्न र सिकाउनलाई आधारभूत सैद्धान्तिक ज्ञान दिने उद्देश्यले यस प्रकारको पाठ्यपुस्तक तयार गरिएको सङ्गीत विभाग प्रमुख प्राज्ञ अशोककुमार राईले बताउनुभयो ।

शास्त्रीय सङ्गीतसम्बन्धी प्रशस्त पाठ्यपुस्तक भए पनि नेपाली मौलिक बाजा बजाउन सिक्न र सिकाउन पाठ्यपुस्तकको अभावलाई यस पुस्तकले पूर्ति गरेको पनि प्राज्ञ राईले दाबी गर्नुभयो ।

यस पाठ्यपुस्तकमा मादल, खैँजडी, धिमाल जातिको ढोल, सारङ्गी, सनाई, बाँसुरी, डम्फु, किरात ढोल, ढोलक, च्याब्रुङ, धिमे, बिनायो-मुर्चुङ्गा, पियुङ र टुङ्ना बाजाको वाद्यवादनबारे सैद्धान्तिक ज्ञान समावेश गरिएको छ । वरिष्ठ सङ्गीतकार शीलाबहादुर मोक्तानको संयोजन र सम्बन्धित जातिका बाजा विज्ञहरूको सहयोगमा यो पाठ्यपुस्तक तयार गरिएको हो । जसमा लिम्बु जातिको च्याब्रुङ बाजाका सैद्धान्तिक ज्ञान लेखनमा यासेली योङ्हाङ र बुद्धिमान लिम्बु राई तथा धिमाल जातिको ढोलबारे दिपेश राई र राम धिमाल संलग्न हुनुहुन्थ्यो । त्यसै गरी तामाङ जातिको डम्फू, टुङ्ना र पियुङ बाजाको आधारभूत ज्ञान लेखनमा सङ्गीतकर्मीहरू दावा वाङ्गेल लामा, छेवाङ तेन्जिङ लामा र सोनाम लामाले सहयोग पुर्‍याउनु भएको हो । मगर जातिको खैँजडीका लागि सङ्गीतकर्मी खड्ग बूढामगर र तराईका आदिवासी जनजातिले बजाउने ढोलक बाजाको सैद्धान्तिक ज्ञानको लेखन भने सङ्गीतकार कुमार महाराजाले गर्नुभयो । त्यसै गरी सङ्गीतकर्मी भरत गन्धर्वले सारङ्गी, जीवन आलेले बाँसुरी, प्राज्ञ नारदमणि हार्ताम्छालीले मुर्चुङ्गा, सङ्गीतकर्मी दूर्गा गुरूङले सनाई र सङ्गीतकर्मी मनराज नकर्मीले धिमे बाजाको सैद्धान्तिक ज्ञान लेखनमा आवद्धता जनाउनु भएको थियो ।

पुस्तकमा वरिष्ठ सङ्गीतसंयोजक शुभबहादुर सुनामले तयार गर्नु भएको पूर्वीय र पाश्चात्य स्वरलिपिबारेको आलेखलाई पनि समावेश गरिएको छ ।

यी बाजाहरूको ऐतिहासिक, सांस्कृतिक तथा जातीय पृष्ठभूमिबारे अनुसन्धाता डा. भक्त राईले छुट्टै अनुसन्धान लेखन समेत गर्नु भएको छ । प्राज्ञ राईले यस पुस्तकको अर्को भाग समेत प्रकाशन गर्ने योजनामा प्रतिष्ठान रहेको जानकारी दिनु हुँदै यस्ता पुस्तकले सम्बन्धित जाति र भूगोलमा मात्र सीमित भइरहेका बाजाहरू अन्य भूगोल र समुदायमा पनि विस्तार हुने विश्वास व्यक्त गर्नुभयो ।

# दुई दिने सोरठी नृत्य कार्यशाला गोष्ठी सम्पन्न

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको सहकार्य र नृत्य निर्देशक सङ्घ नेपालको आयोजनामा सोरठी लोक नृत्यको ताल र भेषभूषासम्बन्धी प्रयोगात्मक तथा सैद्धान्तिक ज्ञानको दुई दिने कार्यशाला २०७७ चैत्र ३ र ४ गते भक्तपुरमा आयोजना गरियो । नाट्येश्वरको मूर्तिमा माल्यार्पण तथा दीप प्रज्ज्वलन गरी कार्यशाला उद्घाटन गर्नु भएका प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले नृत्य निर्देशक



# भर्चुअल बाल नाटक महोत्सवमा तीन उत्कृष्ट नाटक पुरस्कृत

काठमाडौं । यस प्रज्ञा-प्रतिष्ठानको रङ्गमञ्च विभागले रूसी विज्ञान तथा सांस्कृतिक केन्द्र र शैली थिएटरको सहकार्यमा २०७७ चैत १ गतेदेखि १२ गतेसम्म भर्चुअल रूपमा बाल नाटक महोत्सव सम्पन्न गर्‍यो । महोत्सवमा सहभागी १२ वटा नाटकमध्येबाट तीन वटा नाटकलाई उत्कृष्ट चयन गरी पुरस्कृत समेत गरियो ।

कोभिडका कारण भर्चुअल रूपमा आयोजित महोत्सवमा नाट्यकर्मीहरूले आ-आफ्नो स्थानबाट प्रस्तुत गरेका नाटकलाई शैली थिएटरको युटुब च्यानलमार्फत् प्रशारण गरिएको थियो ।




चुलाचुली रङ्गमञ्च, इलामको प्रस्तुति रहेको 'रिङ्ग' नाटक मन्चनसँगै सुरू भएको महोत्सवमा पुष्पराज अवस्थीको लेखन निर्देशनमा 'भूमिका', मर्निङ स्टार इण्टरनेशनल बोर्डिङ स्कुल वीरेन्द्रनगर सुर्खेतको प्रस्तुति र रञ्जित सिंहको लेखन तथा निर्देशनमा 'अक्षर' र गैंडाकोट नवलपरासीबाट सुनिल शर्मा(ढुंगाना) को निर्देशनमा 'भुन्टे' नाटक मञ्चन गरियो । यसै गरी नारायणी मा.वि गिम्दी ललितपुरको प्रस्तुतिमा 'परिवर्तित समाज', कोटदेवी पब्लिक स्कुल नरेफाँट, काठमाडौंद्वारा ' महिला हिंसा', दर्शना स्कुल कागेश्वरी मनोहरा काठमाडौंको प्रस्तुतिमा 'इमान्दार दाउरे', समता शिक्षा निकेतनद्वारा 'डोल्मा' र सुपुर्व क्याटलिष्ट एकेडेमी धादिङद्वारा 'के समाज अझै सुध्रिएको हो त ?' नाटक मञ्चन गरिएका थिए । यसरी महोत्सवको अन्तिम दिन १२ गते कर्मी नाट्य समूह चितवनको प्रस्तुतिमा 'नयाँ कदम' मञ्चन भएसंगै महोत्सव सम्पन्न भएको थियो ।

महोत्सवको नतिजा चैत २१ गते शनिबार साँझ सात बजे भर्चुअल कार्यक्रम मार्फत घोषणा गरिएको थियो । निर्णायक मण्डलबाट एभरेष्ट एकेडेमी कैलालीको 'भूमिका', चुलाचुली रङ्गमञ्च, इलामको 'रिङ्ग' र मर्निङ स्टार विद्यालय सुर्खेतको अक्षर' नाटक उत्कृष्ट ठहरिए । उत्कृष्ट तीन नाटकले डिजिटल प्रमाणपत्र र पन्ध्र हजार नगद प्राप्त गरे । निर्णायक मण्डलमा त्रि.वि.उप-प्राध्यापक, लेखक तथा समालोचक डा.अशोक थापा र कलाकार, रङ्गकर्मी तथा निर्देशक लुनिभा तुलाधर हुनुहुन्थ्यो ।

---

सङ्घसँग सहकार्य गर्न पाएकोमा खुसी व्यक्त गर्नु भयो । साथै प्रदर्शनकारी कला नृत्यको संरक्षण गर्नका लागि कार्यशाला, छलफल अन्तरक्रियाहरूले प्रभावकारी भूमिका खेल्ने विचार समेत प्रकट गर्नुभयो ।

कार्यशालाको पहिलो दिन सोरठी नृत्यबारे संस्कृतिविद् डा. मिन श्रीसमगर, वरिष्ठ नृत्य निर्देशक के.पी. पौडेलले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । प्रस्तुत कार्यपत्रमाथि लेखक तथा अनुसन्धानकर्ता डा. मोतीलाल पराजुली, वरिष्ठ नृत्य निर्देशक प्रेम लोप्चन र रोचक थापाले टिप्पणी गर्नुभयो भने वरिष्ठ नृत्यगुरुबा भैरवबहादुर थापा र नृत्य निर्देशक पूर्ण नेपालीले विश्लेषण गर्नु भएको थियो ।

त्यसै गरी ताल, बाजाको सैद्धान्तिक एवम् प्रयोगात्मक ज्ञानबारे लोक वाद्यवादन विशेषज्ञ खड्ग बुढामगर र प्रयोगात्मक नृत्य अभ्यास प्रारम्भबारे वरिष्ठ नृत्य निर्देशक याम गुरूङ र सानेबहादुर रानामगरले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यक्रमको दोस्रो दिन ताल बाजा सहित सोरठी नृत्यको प्रयोगात्मक प्रशिक्षण आयोजना गरियो । प्रशिक्षार्थीहरूलाई नृत्यबारे वरिष्ठ नृत्यनिर्देशक याम गुरूङ र सानेबहादुर राना तथा तालबाजाबारे खड्क बुढामगरले प्रशिक्षण दिनुभयो । कार्यशालामा भेषभूषासम्बन्धी नृत्य निर्देशक पूर्ण नेपाली र केपी पौडेल तथा नृत्य संयोजनबारे वरिष्ठ नृत्यनिर्देशक याम गुरूङले प्रशिक्षण दिनुभयो । ११० जना नृत्य निर्देशकले सहभागी उक्त कार्यशालामा प्रशिक्षार्थीहरूलाई प्रतिष्ठानका सदस्यसचिव श्यामप्रकाश तमोटबाट प्रमाणपत्र प्रदान गरिएको थियो । कार्यशाला समापन कार्यक्रमका प्रमुखअतिथि तमोटले सोरठी लोकनृत्य नेपाली लोकसङ्गीतको गौरव रहेको विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा विशेष अतिथि प्रतिष्ठानकी नृत्य विभाग प्रमुख प्राज्ञ नमुना शर्माले सोरठी लोकप्रिय नृत्य भएको र यसको सैद्धान्तिक र प्रयोगात्मक प्रशिक्षणबाट सहभागी सबै लाभान्वित हुने र प्राप्त ज्ञान, सीपलाई आफ्नो आफ्नो ठाउँमा लगी प्रशिक्षण दिन सक्षम हुन सक्ने कुरा बताउनुभयो । समापन कार्यक्रममा प्रशिक्षार्थीबाट सोरठी नृत्य प्रदर्शन समेत गरिएको थियो ।

# प्रज्ञा-प्रतिष्ठानले आफ्नो १२ औँ वार्षिकोत्सव मनायो

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानले यही मिति २०७९ साल वैशाख १० गते शनिबार आफ्नो १२ औँ वार्षिकोत्सव मनायो । प्रज्ञा-प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)को सभापतित्वमा सुरू भएको कार्यक्रममा नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार -२०७८ बाट सम्मानित हुनुहुने सङ्गीत तथा नाट्य क्षेत्रका ६ जना स्रष्टा तथा कलाकारहरूको नामावली सार्वजनिक गरिएको थियो । पुरस्कारका लागि ६ वटा विभाग प्रमुखको संयोजनमा गठन गरिएको नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा-पुरस्कार चयन समितिको सिफारिसलाई प्रतिष्ठानका उपकुलपति हरिहर शर्मा अध्यक्ष रहेको पुरस्कार संयोजन समितिमा छलफल गरी प्राज्ञ परिषद्ले अन्तिम रूप दिएको हो ।

प्राज्ञपरिषद् सदस्य धीरेन्द्र प्रेमर्षिले स्वागत मन्तव्य दिनु भएको वार्षिकोत्सव कार्यक्रममा नेपाल प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव जगत्प्रसाद उपाध्याय, प्राज्ञसभा सदस्य हरि बहादुर थापा र प्रज्ञा-प्रतिष्ठान कर्मचारी सङ्घका अध्यक्ष हिलारी बन्धु भुजेलले पनि शुभकामना मन्तव्य राख्नु भएको थियो । कार्यक्रममा प्राज्ञ अशोक राई, प्राज्ञसभा सदस्य शिशिर योगी तथा निलमाया पुनले साङ्गीतिक प्रस्तुति दिनु भएको थियो भने प्राज्ञ धीरेन्द्र प्रेमर्षि, प्राज्ञसभा सदस्य बाबा बस्नेत तथा कर्मचारी विजय श्रेष्ठले कविता वाचन गर्नु भएको थियो ।

सदस्यसचिव श्याम प्रकाश तमोटले सहजीकरण गर्नु भएको कार्यक्रममा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका पदाधिकारी, प्राज्ञसभा सदस्य, पुरस्कार संयोजन समितिका पदाधिकारी, कर्मचारी तथा सञ्चारकर्मीको उपस्थिति रहेको थियो ।

# परम्परागत गीत र बाजाबारे अन्तरक्रिया

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको लोकसङ्गीत विभागको आयोजनामा नेपाली लोपोन्मुख मौलिक तथा परम्परागत गायनको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले २०७८ असार ६ गते गण्डकी प्रदेशको पोखरामा 'नेपाली मौलिक परम्परागत गीतको गायन शैली र बाजा' विषयक अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भयो ।

नेपाली मौलिक तथा परम्परागत धुन सङ्कलन गरी स्वराङ्कन, छायाङ्कन एवम् अभिलेखीकरण गर्ने उद्देश्यका साथ आयोजना गरिएको कार्यक्रममा विशेषत गण्डकी प्रदेशमा प्रचलनमा रहेका मौलिक गीत, गायन पद्धति एवम् बाजासम्बन्धी छलफल तथा अन्तर्क्रिया भएको थियो । कार्यक्रममा सहभागी कास्की तथा आसपासका कलाकार, संस्कृतिकर्मीले पुराना अमूर्त सम्पदाहरू पछिल्लो पुस्तामा हस्तान्तरण गर्न आवश्यक रहेको बताएका थिए ।

खासगरी क्षत्री, ब्राह्मण, ठकुरी आदि समुदायमा कुनै धार्मिक अनुष्ठान एवम् शुभकार्य गर्दा गाउँदै आएका गायन शैलीमध्ये बालनको आरम्भमा गाइने लहरी, मङ्गलाचरण तथा भजनकीर्तन गर्दा गाइने आरती भजन र बाजाबारे कार्यक्रममा चर्चा गरिएको थियो । कार्यक्रममा त्रिवेणी सङ्गीतालयका प्रबन्धक नवराज बराल, बालन एवम् कला संस्कृति प्रतिष्ठान नेपालका अध्यक्ष खगराज शर्मा आचार्यले संस्कृति संरक्षणजस्तो महत्त्वपूर्ण अभियनमा जोडिन पाएकोमा खुसी व्यक्त गर्नुभयो । कार्यक्रममा स्थानीय कलाकारले नेपाली भेषभूषामा परम्परागत बाजाको साथ बालनको भावार्थ, यसमा गाइने मङ्गलाचरण, लहरी र भजनकीर्तनमा गाइने आरतीको आकर्षक प्रस्तुति पनि दिएका थिए ।



कार्यक्रममा प्रज्ञा-प्रतिष्ठानको लोकसङ्गीत विभाग प्रमुख प्राज्ञ हरिदेवी कोइरालाले प्रज्ञा-प्रतिष्ठानबाट संस्कृति संरक्षण, प्रवर्द्धन, अध्ययन तथा अनुसन्धानलाई प्राथमिकतामा राख्दै गतिविधिहरू सञ्चालन भई आएको जानकारी गराउनुभयो ।

### प्रज्ञा-प्रतिष्ठानको १२ औँ प्रज्ञा सभा

# भाषिक, सांस्कृतिक अधिकारलाई मौलिक अधिकारका रूपमा कार्यान्वयन गर्ने प्रधानमन्त्रीको प्रतिवद्धता

काठमाडौं । यस प्रज्ञा-प्रतिष्ठानको १२ औँ प्राज्ञ सभा यही मिति २०७९ साल आषाढ २१ मङ्गलबार सम्पन्न भयो । कमालादीस्थित नेपाल प्रज्ञा-प्रतिष्ठानको भानुभक्त कक्षमा आयोजित सभालाई प्रमुखअतिथि प्रधानमन्त्री शेरबहादुर देउवाले पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभयो । सभालाई सम्बोधन गर्नु हुँदै प्रधानमन्त्री देउवाले भाषिक, सांस्कृतिक अधिकारलाई मौलिक अधिकारका रूपमा कार्यान्वयन गर्ने प्रतिबद्धता जनाउनु भएको थियो ।




प्रज्ञा-प्रतिष्ठानको प्रमुख संरक्षक समेत रहनु भएका प्रधानमन्त्री देउवाले नेपालको संविधानमा सबै जातिको भाषा, लिपि, संस्कृति, सभ्यता र सम्पदाको संरक्षण र संवर्द्धनको परिकल्पना गरिएको भन्दै भाषिक, सांस्कृतिक अधिकारलाई मौलिक अधिकारकै रूपमा पूर्णतः कार्यान्वयनमा लैजानुपर्ने जोड दिनुभयो ।

सभालाई विशेष अतिथिका रूपमा प्रज्ञा-प्रतिष्ठानका संरक्षक संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री जीवनराम श्रेष्ठले शुभकामना मन्तव्य सहित सम्बोधन गर्नु भएको थियो । मन्त्री श्रेष्ठले मानव जातिले विभिन्न विपत्तिसँग जुध्दै मूर्त-अमूर्त कलासंस्कृतिको संरक्षण र विकास गर्दै आएको र सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले पनि कोराना महामारीको प्रतिकुल समयमा वैकल्पिक माध्यम भर्चुअलमार्फत् आफ्ना गतिविधि समुदायबीच पुऱ्याएर विपत्लाई धैर्यतापूर्वक सामना गर्न र अघि बढ्न प्रेरित गर्ने कार्य गरेको भन्दै सराहना गर्नु भएका थियो । कार्यक्रममा प्रज्ञा-प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ 'रायन'ले विविध प्रतिकुलताका कारण थाँती राखिएको १२ औँ प्रज्ञासभा बल्ल आयोजना गर्न सकिएको र उक्त सभामा समुपस्थित भई गरिमा बढाएकामा प्रमुखअतिथि, विशेष अतिथि र सबै आमन्त्रितमा धन्यवाद ज्ञापन गर्नु भएको थियो । त्यसै गरी प्रज्ञा-प्रतिष्ठानका उपकुलपति हरिहर शर्माले स्वागत मन्तव्यका क्रममा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले सीमित श्रोत साधनका बाबजुद मुलुकभर सांस्कृतिक चेतनाको लहर फैलाइरहेको दाबी गर्नु भएको थियो ।

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति के.के. कर्माचार्य र नेपाल प्रज्ञा-प्रतिष्ठानका उपकुलपति डा. जगमान गुरूङले समेत शुभकामना मन्तव्य राख्नु भएको उक्त कार्यक्रमलाई प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव श्यामप्रकाश तमोटले सञ्चालन गर्नु भएको थियो ।

## तीन वर्षको बजेट तथा वार्षिक कार्यक्रम पारित

उद्घाटनसत्रपछि बसेको प्राज्ञसभाको बन्दसत्रले प्रज्ञा-प्रतिष्ठानको आर्थिक वर्ष, २०७५/०७६, ०७६/०७७ र ०७७/०७८ को वार्षिक बजेट तथा कार्यक्रमलाई पारित गऱ्यो । बन्दसत्रको अध्यक्षता गर्नु हुँदै कुलपति रायनले विविध कारणले १२ औँ प्राज्ञसभा आयोजना गर्न ढिला भएको बताउनुभयो । प्राज्ञ सभामा सदस्यसचिव श्यामप्रकाश तमोटले प्रज्ञा-प्रतिष्ठानका तीन वटा आर्थिक वर्षको बजेट, वार्षिक कार्यक्रम र आयव्ययको प्रतिवेदन निर्णयार्थ प्रस्तुत गर्नु भएको थियो । उक्त प्रतिवेदनलाई प्रज्ञासभा सदस्यबीचको लामो छलफलका बीच सभाबाट पारित गरिएको थियो । हो । प्राज्ञसभासदस्यहरूले प्रज्ञा-प्रतिष्ठानको सर्वोच्च निकाय प्राज्ञ सभा भएको स्मरण गराउँदै ढिलै भए पनि परिषद्ले प्राज्ञसभा बोलाउनु सकारात्मक रहेको बताउनुभयो । प्रज्ञाप्रतिष्ठानको विधानले सुनिश्चित गरेको परिषद् र प्राज्ञसभासदस्यबीचको आपसी समन्वय, सहकार्य र सर्वोच्च निकाय प्राज्ञ सभाको कामकर्तव्य, अधिकारक्षेत्रभित्र रहेर विधिवत् रूपमा प्रज्ञा-प्रतिष्ठानलाई सञ्चालन गर्नु पर्ने सबै प्राज्ञसभासदस्यहरूको जोडदार माग रह्यो । प्राज्ञसभा सदस्यहरूले उठाएका विषयमा कुलपति रायन र उपकुलपति हरिहर

शर्माले प्रष्ट पार्नु भएको थियो । उहाँहरूले सरकारको नियुक्तिलगत्तै उक्त नियुक्तिलाई लिएर सर्वोच्च अदालतमा मुद्दा पर्नु, त्यो मुद्दा अहिलेसम्मै चलिरहनु, सरकारबाट नियुक्त प्राज्ञसभासदस्यहरू स्वयम् खोजखबरबिहीन हुनु, कतिपय नियुक्त प्राज्ञसभासदस्यले पद अस्विकार गर्नु, मन्त्रालयसँग आपसी समन्वयमा कमी हुनु र दुई-दुई वर्ष कोरोना विश्वमहामारीको चपेटामा पर्नुले प्राज्ञसभा बस्न नसके पनि प्रज्ञा-प्रतिष्ठानले शीर ठाडो हुने कार्यहरू गरेको स्पष्ट पार्नु भएको थियो । सरकारबाट प्रज्ञा-प्रतिष्ठानलाई प्राप्त जग्गा, त्यस्को मुद्दामामिला र आफ्नो पक्षमा सर्वोच्च अदालतले गरेको फैसला तथा जग्गा प्रज्ञा-प्रतिष्ठानको नाममा दर्ता, त्यस जग्गामा प्रियाब निर्माण तथा आगामी दिनमा अत्याधुनिक सुविधा सम्पन्न भवन बनाउन डिपिआर बनाइएको बारे पनि कुलपति र उपकुलपतिले पालैपालो प्रष्ट पार्नुभयो ।

सभाले वार्षिक कार्यक्रमसँगै तीनै वर्ष प्रज्ञा-प्रतिष्ठानबाट 'नेपाल सङ्गीत तथा राष्ट्रिय प्रज्ञा-पुरस्कार' प्राप्त स्रष्टाहरूको नामावलीलाई पनि सर्वसम्मतिले पारित गरेको छ । त्यसै गरी प्रज्ञा-प्रतिष्ठानको सेवा आयोगमा प्राज्ञ सभासदस्यबाट एक जना सदस्य हुनुपर्ने प्रावधान अनुरूप प्राज्ञसभा सदस्य प्रदीपकुमार बोम्जनलाई सेवा आयोग सदस्यमा मनोनित गरेको छ । यसै सभाले कलाकार परिचय पत्र वितरण सम्बन्धी कार्यविधि-२०७४ लाई थप अध्ययन गर्न उपकुलपति हरिहर शर्मा संयोजक, सदस्यसचिव श्यामप्रकाश तमोट सचिव र प्राज्ञसभासदस्यहरू भूमिका सुब्बा, शिशिर योगी, बाबा बस्नेत सहतिको पाँच सदस्यीय समिति गठन गरेको छ । त्यसै गरी प्रज्ञा-प्रतिष्ठानको विधानमा उल्लेखित प्राज्ञहरू सेवासुविधा सम्बन्धी प्रावधानलाई कार्यान्वयनमा ल्याउन प्राज्ञपरिषद् सदस्य निशा शर्मा पोखरेल, प्राज्ञसभासदस्य प्रदीप बोम्जन, सत्यकला राई भूमिका सुब्बा र लक्ष्मीप्रसाद भट्टराईको सम्मिलित समिति पनि निर्माण गऱ्यो ।

# राई जातिको मृत्युसंस्कार सम्बद्ध सङ्गीत छायाङ्कन



काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको सङ्गीत विभागले आ.व.२०७८/७९ को स्वीकृत आर्थिक बजेटअन्तर्गत किरात राई जातिको मृत्युसंस्कार सम्बद्ध सङ्गीतको छायाङ्कन गऱ्यो ।

श्रुतिपरम्परामा आधारित मुन्दुमलाई जीवनको मार्गदर्शन मान्ने राई जातिको मृत्युसंस्कारमा सङ्गीतको महत्त्वपूर्ण स्थान रहँदै आएको छ । मृतकको आत्मालाई पुर्खाको लोकसम्म पुऱ्याउन तथा मृतकका आफन्तजन/नातेदारलाई मृत्युजस्ता अशुभ-शोक-दुःखबाट बाहिर निकाली सामाजिक जीवनलाई निरन्तरता दिलाउन यस जातिमा मुन्दुम मुताबिक नोछोबले मृत्यु संस्कार सम्पादन गर्ने गर्दछन् । यस संस्कार गर्दा नोछोङले गाउने रिसिया, बजाउने वाद्यसामग्री तथा नाच्ने नृत्यलाई नै मृत्युसंस्कारसम्बद्ध सङ्गीत भनी छायाङ्कन गरिएको हो ।

मृतकलाई चिहानमा गाड्ने परम्परा रहेको यस समुदायको चाम्लिङ समुदायमा प्रचलित मृत्युसंस्कारबारे प्रदेश नं. १ को खोटाङ जिल्लाको खोटेहाब गाउँपालिकास्थित सिम्पानी गाउँमा २०७८ साल कात्तिक ३ र ४ गते छायाङ्कन गरिएको थियो । स्थानीय अगुवा, मुन्धुमविद् र संस्कारविज्ञको सहभागितामा सम्पन्न उक्त दुई दिने छायाङ्कन कार्यक्रममा मुख्य धामी धनबहादुर राईले मृत्युसंस्कारसम्बद्ध र अन्य गीत-सङ्गीत उजागर गर्न सहजीकरण गर्नु भएको थियो । त्यसै गरी मृत्युसंस्कार गर्नलाई आवश्यक ढोल बजाउन तथा अन्य संस्कारकार्य गर्नमा १२ जना स्थानीय सहयोगी भूमिकामा हुनुहुन्थ्यो । सहयोगीमा ललित राई, सञ्जीव राई, मानबहादुर राई, बिनोद राई, मानबहादुर राई, राजबहादुर राई, हितुराज राई, अशोक राई, किशोर राई, हर्कबहादुर राई, हिङन राई र निरबहादुर राई हुनुहुन्थ्यो ।

छायाङ्कनका लागि मृत्युसंस्कारसम्बद्ध नृत्यबारे शिलीनृत्यविज्ञ दिपेश राई र सङ्गीतबारे प्रतिष्ठानका सङ्गीत विभाग प्रमुख प्राज्ञ अशोक कुमार राईले अध्ययन गर्नु भएको थियो भने छायाङ्कन सुमन राईले गर्नु भएको थियो ।

# संविधान दिवसमा लोपोन्मुख नौ भाका प्रस्तुत




काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानले संविधान दिवस असोज ३ गते अवसर पारेर राष्ट्रिय नाचघरमा सांस्कृतिक संस्थानसँगको संयुक्त आयोजनामा ' हाम्रो धुन : हाम्रो धड्कन' कार्यक्रम सम्पन्न गऱ्यो । सो अवसरमा लोपोन्मुख समुदाय सौका, वालुङ र डँगौरा थारू जतिका तीन-तीन वटा लोपोन्मुख भाकाहरू सुनाइएको थियो ।

प्रज्ञा-प्रतिष्ठानले अघिल्लो आर्थिक वर्षदेखि शुरू गरेको यी तीन वटा समुदायका मौलिक भाकाहरू अभीलेखीकरण गर्ने कार्यमा सङ्कलित विभिन्न भाकाहरूमध्ये तीन-तीन भाकालाई उक्त दिन प्रस्तुत गरिएको हो ।

कार्यक्रममा ब्याँसी नामले समेत सम्बोधन गरिने सौका समुदायको झुम्को, छलिया र छिराबिरा भाका प्रस्तुत गरिएका थिए । त्यसै गरी डँगौरा थारू जातिका थारपैयाँ, हुर्दङ्वा र ढुम्रु भाका प्रस्तुत गरिए भने प्रदेश नं. १ अन्तर्गत ताप्लेजुङ जिल्ला, फक्ताबलुङ गाउँ पालिकाको ओलाङचुङ गोला क्षेत्रमा मुख्य बसोवास गर्ने अल्पसङ्ख्यक यस समुदायका तीन लोपोन्मुख भाका लुङ्मा ठामी पाङ्सोम देमुना (लोकभाका), घाना ढाकी किला (घर पैँचो गीत) र ठिही फामी बाक्छ्याङ (अर्तीउपदेशको गीत) कार्यक्रममा प्रस्तुत गरिएका थिए ।

भाका प्रस्तुतिका क्रममा स्थलगत भाका सङ्कलन गर्न जाँदा खिचिएका सम्बन्धित समुदायले ती भाकाहरू गाएको, नाचेको तथा विभिन्न अनुष्ठान गरेको श्रव्यदृश्य समेत प्रोजेक्टरमा देखाइएको थियो । प्रस्तुतिका क्रममा वाद्यवादकहरूले भाका अनुसारका लोकबजाहरू बजाएका थिए भने गायकगायिकाले सम्बन्धित भाकामा कोरस गायन गरेका थिए ।

कार्यक्रम यस प्रज्ञा- प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)को अध्यक्षतामा सम्पन्न भएको थियो । समारोहलाई विशेष अतिथि नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति डा. गंगाप्रसाद उप्रेती, नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति केके कर्माचार्य र सभाध्यक्ष रायनले संयुक्त रूपमा पानसमा बत्ती बालेर उद्घाटन गर्नु भएको थियो । सांस्कृतिक संस्थानका महाप्रवन्धक अशोककुमार राईले स्वागत मन्तव्य, सांस्कृतिक संस्थानका कलाकारहरूले स्वागत नृत्य प्रस्तुत गरेपछि लोपोन्मुख भाकाहरू प्रस्तुत गरिएका थिए । कार्यक्रमको संयोजन प्रज्ञा-प्रतिष्ठानका सङ्गीत विभाग प्रमुख प्राज्ञ अशोककुमार राईले गर्नु भएको थियो ।

# सङ्गीत विभागबाट पाँच वटा प्रदेशमा लोकबाजा प्रशिक्षण सम्पन्न

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको सङ्गीत विभागले आ.व. २०७८/७९ को स्वीकृत बजेटअन्तर्गत प्रदेश नं. १, मधेस प्रदेश र लुम्बिनी प्रदेशमा दस दिने प्रदेशस्तरीय लोकबाजा प्रशिक्षण सञ्चालन गर्‍यो । सङ्गीतको सैद्धान्तिक आधारमा नयाँ पुस्तालाई मौलिक लोकबाजा वाद्यवादन गर्न सक्षम बनाउने उद्देश्यका साथ सम्पन्न उक्त प्रशिक्षणबाट २ सय ४० जना बढी प्रशिक्षार्थी प्रशिक्षित भए ।

प्रशिक्षणका क्रममा लोकबाजाको परम्परागत पृष्ठभूमि र क्षेत्रीय समुदायसँगको धार्मिक, सांस्कृतिक सम्बन्धबारे समेत जानकारी दिइएको थियो । त्यसै गरी बाजा बन्ने-बनाउने, सुर मिलाउने लगायत पूर्वीय तथा पश्चिमी सङ्गीतको पारम्भिक ज्ञानबारे पनि सिकाइयो । मेट्रोनममा कसरी वाद्यवादन गर्ने तथा बाजानुसारको सङ्गीत संयोजन गरी त्यसैअनुसार अभ्यास, सुरताल, बोल, र स्वर लिपिमा लेखनमा समेत अभ्यास गराइएको थियो ।



## च्याब्रुङ प्रशिक्षण सम्पन्न

प्रदेश स्तरीय मौलिक लोक बाजा प्रशिक्षणअन्तर्गत लिम्बु जातिको केलाːङ् (च्याब्रुङ नाच) प्रशिक्षण प्रदेशनं. १ को पाँचथर जिल्ला सदरमुकाम फिदिममा २०७८ साल मङ्सिर १५ गतेदेखि २६ गतेसम्म सञ्चालन भयो । किरात याक्थुङ चुम्लुङ, जिल्ला शाखा पान्थर (पाँचथर) स्थानीय व्यवस्थापन रहेको प्रशिक्षणको उद्घाटन मङ्सिर १५ गते चुम्लुङ पाँचथरका अध्यक्ष महेन्द्रकुमार आङ्देम्बेले गर्नु भएको थियो ।

यसअघि असोज २२ गते फिदिममा प्रज्ञा-प्रतिष्ठानका प्राज्ञसभा सदस्य भूमिका नेम्बाङको उपस्थितिमा प्रशिक्षण सञ्चालनको पूर्वतयारी बैठक समेत सम्पन्न भएको थियो ।

बिहान र बेलुकी दुई सत्रमा ३-३ घण्टा सञ्चालन गरिएको प्रशिक्षणमा पाँचथर, तेह्रथुम र ताप्लेजुङ जिल्लाबाट २२ जना प्रशिक्षार्थी सहभागी भएका थिए । प्रशिक्षकमा प्रमुख प्रशिक्षक यासेली योङहाङ र सहायक प्रशिक्षकमा बुद्ध इङ्वा लिम्बु रहनु भएको थियो भने प्रशिक्षणलाई प्राज्ञसभा सदस्य नेम्बाङ र पाँचथर जिल्लाका सङ्घीय सांसद् वसन्तकुमार नेम्बाबले समेत अनुगमन गर्नु भएको थियो । त्यसै गरी वरिष्ठ सङ्गीतकार शिलाबहादुर मोक्तानले प्रशिक्षार्थीहरूसँग भर्चुअल माध्यममा सङ्गीतको सैद्धान्तिक पक्षबारे दुई दिन आफ्नो अनुभव बाँड्नु भएको थियो ।

प्रज्ञा-प्रतिष्ठानको सङ्गीत विभाग प्रमुख प्राज्ञ अशोककुमार राईले प्रशिक्षणमा केलाːङ (च्याब्रुङ नाच) का ५ वटा प्रकारबारे ३ तरिकाले प्रशिक्षार्थीहरूलाई प्रशिक्षित गरिएको बताउनुभयो । प्राज्ञ राईका अनुसार लाम्लक्वा (स्वागत), कुसरक्पा (शास्त्रीय), माङलाːङ् (देवनाच), लेक्सिङ् के (परिवर्तित ताल) र सेम्मुइ (विदाइ) नाचहरूको परम्परागत, साङ्गीतिक-सैद्धान्तिक तथा आधुनिक प्राविधिक ज्ञानका आधारमा प्रशिक्षण दिइयो । त्यसै गरी कुसरक्पा (शास्त्रीय) र माङलाːङ् केलाːङ् (च्याब्रुङ नाच) लाई पाँचथरे र ताप्लेजुङे गरी दुई स्थानीय भेदलाई मिश्रित गरेर समेत सिकाइएको थियो । ताप्लेजुङ र तेह्रथुमबाट सहभागी ६ जना प्रशिक्षार्थीलाई 'क्लोज क्याम्प'मा समेत राखिएको थियो । प्रशिक्षार्थीलाई प्रशिक्षणको अन्तिम दिन प्रज्ञा-प्रतिष्ठानको तर्फबाट प्रमाणपत्र वितरण गरिएको थियो ।



## वागमती प्रदेशस्तरीय लोकबाजा प्रशिक्षण

यसै गरी २०७८ पुष १६ गतेदेखि काठमाडौँ र ललितपुरका विभिन्न ठाउँमा वागमती प्रदेशस्तरी लोकबाजा प्रशिक्षण सञ्चालन गरियो । प्रशिक्षणबाट सात वटा मौलिक लोकबाजबारे १३५ बढी प्रशिक्षार्थी प्रशिक्षित भए । प्रशिक्षणमा लिम्बु जातिको च्याब्रुङ, राई जातिको ढोल, तामाङ जातिको टुङ्ना र डम्फु, नेवार जातिको धिमे तथा बाँसुरी र सारङ्गीबारे प्रशिक्षण दिइएको थियो ।

प्रदेश नं. १ अन्तर्गत अरूण नदीपारि पल्लो किरात लिम्बुवान समेत भनेर चिनिने क्षेत्रमा मुख्य बसोवास गर्ने लिम्बु जातिको अत्यन्तै लोकप्रिय मौलिक बाजा च्याब्रुङ (के) बाजाबारे किरात याक्थुङ चुम्लुङ ललितपुरको भवनमा

सङ्गीतकर्मी यासेली योङहाङले प्रशिक्षण दिनु भएको थियो । प्रशिक्षणमा २५ जना प्रशिक्षार्थी सहभागी भएका थिए । यसै गरी किरात राई जातिको साकेला ढोलबारे किरात राई यायोक्खाको भवन कोटेश्वरमा साकेला–ढोल विज्ञ दिपेश राईले प्रशिक्षण दिनुभयो । प्रशिक्षणमा २२ जना प्रशिक्षार्थी प्रशिक्षित भए । प्रदेश नं. १ अन्तर्गत ऐतिहासिक रूपमा माझ किरात क्षेत्रमा बसोवास गर्ने राई जातिले उधौली (मङ्सिरे पूर्णिमा) तथा उभौली (बैशाखे पूर्णिमा) को अवसरमा साकेला सिली नाच्दा ढोल बाजा वाद्यवादनको रूपमा प्रयोग गर्ने गर्दछ । काठमाडौँ उपत्यकामा समेत उल्लेख्य बसोवास गर्दै आएका यस जातिको मौलिक लोकबाजा प्रशिक्षणमा युवा पुस्ताको सन्तोषजनक सहभागिता रहेको थियो ।

वागमती प्रदेशमा बसोवास गर्दै आएको तामाङ जातिको मुख्य लोकबाजा डम्फु–टुङ्ना हो । तामाङ जातिले आफ्नो प्रमुख पर्व सोनाम ल्होसार र अन्य सामाजिक, धार्मिक तथा सांस्कृतिक कर्ममा वाद्यवादन गर्दै आएको डम्फु टुङ्नाबारे सङ्गीतकर्मी छेवाङ तेन्जिङ लामासँग चार दर्जन प्रशिक्षार्थीले काठमाडौँको बौद्धमा प्रशिक्षण लिए । त्यसै गरी ज्याठा पञ्चदान गुठी प्रजापति खलः भवन ज्याठामा नेवार जातिले प्राचीन कालदेखि प्रयोग गर्दै आएको धिमे बाजाबारे प्रशिक्षण दिइयो । यस बाजाबारे नरेश प्रजापतिले प्रशिक्षण दिनु भएको थियो । यसै गरी समग्र नेपाली जातिले वाद्यवादन गर्दै आएको लोकबाजाका बाँसुरी र सारङ्गीबारे काठमाडौँको वागबजारमा प्रशिक्षण दिइयो । लोकबाजा सारङ्गीबारे सङ्गीतकर्मी भरत नेपालीको प्रशिक्षणमा दस जना र बाँसुरी लोकबाजाबारे गोपालनाथ घतानीको वाद्यवादनमा १५ जना कलाकारले प्रशिक्षित भए । प्रशिक्षणको दौरान तालवादनबारे सम्पूर्ण प्रशिक्षार्थीलाई भरत बुढाथोकीले प्रशिक्षण दिए । प्रशिक्षणलाई प्रभावकारी बनाउन सामाजिक संस्थाहरू किरात याक्थुङ चुम्लुङ, किरात राई यायोक्खा, नेपाल तामाङ घेदुङ, ज्याठा पञ्चदान गुठी प्रजापति खलः र राष्ट्रिय जनसांस्कृतिक प्रतिष्ठानसँग आवश्यक परामर्श सहित स्थानीय व्यवस्थापनका लागि सहकार्य गरियो । पुष ३० गते राष्ट्रिय नाचघर जमलमा साङ्गीतिक प्रस्तुतिसहित प्रशिक्षण समापन गरिएको थियो । कार्यक्रममा प्रशिक्षार्थीहरूले प्रशिक्षणमा सिकेको आ–आफ्ना आकर्षक प्रस्तुतिहरू दिएका थिए । प्रस्तुति हेरिसकेपछि सांस्कृतिक संस्थानका अध्यक्ष प्रेमनाथ अधिकारीले विभिन्न कारणले नेपालको लोकसंस्कृतिको दस्तावेज तयार गर्न राज्यपक्ष पछि परेको बताउनुभयो । अधिकारीले देशजतिकै संस्कृति महत्वपूर्ण रहने चर्चा गर्नु हुँदै 'संस्कृति खरानी भए हामी बाँकी रहँदैनौँ' भन्नुभयो । त्यसै गरी संस्थानका महाप्रवन्धक अशोक प्यासी राईले युवापुस्तामा सामाजिक सञ्जाल, मिडिया, सूचनाप्रविधिका कारण पश्चिमा संस्कृतिको प्रभाव बढ्दै जानुले लोकसंस्कृति संरक्षण गर्न यस्ता प्रशिक्षणले निरन्तरता पाउनुपर्नेमा जोड दिनुभयो ।

प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र हस्तान्तरण गर्नु हुँदै प्रशिक्षण संयोजक प्राज्ञ अशोककुमार राईले मौलिक लोकबाजालाई मूलधारको व्यवासायिक सङ्गीतसँग जोड्न, लोकसङ्गीतको



स्वरलिपि तयार गरी त्यस आधारमा लोकबाजा बजाउन सक्ने वाद्यवादकहरू तयार गर्न प्रतिष्ठानले थप प्रशिक्षणहरू सञ्चालन गर्ने प्रतिबद्धता जनाउनुभयो ।

## ढोलक र मादल बारे प्रशिक्षण

मिति २०७८ माघ २५ गतेदेखि फागुन ५ गतेसम्म मधेस प्रदेशको सर्लाही जिल्लाको हरिवन नगरपालिकास्थित द्वन्द्वपीडित बालगृहमा लोक बाजा ढोलक र मादलबारे प्रशिक्षण सञ्चालन गरियो ।

मधेस प्रदेशअन्तर्गत मैथिली र भोजपुरीभाषी समुदायमा अत्यन्त प्रचलनमा रहेक ढोलक र थारू, मगर र अन्य समुदायको उत्तिकै लोकप्रिय मादल बाजासम्बन्धी प्रशिक्षणमा आठ जिल्लाका २८ प्रशिक्षार्थी सहभागी भएका थिए । तालबाजा विशेषज्ञ भरत बुढाथोकीले प्रशिक्षण दिनु भएको उक्त प्रशिक्षणको स्थानीय व्यवस्थापक चेतना सन्देश नेपाल थियो । मधेस प्रदेश सदस्य डिल्लीप्रसाद उप्रेती एवम् बेची लुङ्गेली संयुक्त रूपमा उद्घाटन गर्नु भएको उक्त प्रशिक्षणको उद्घाटन समारोहमा सांस्कृतिक संस्थानका पूर्व महाप्रवन्धक राजेश थापा, संस्कृतिकर्मी चन्द्रलाल क्याप्छाकी, चेतना सन्देश नेपालका अध्यक्ष सुरेन्द्र लामा, सामाजिक व्यक्तित्व चूडामणि वाग्ले, कलाकर्मी तेज नारायण आले लगायतले नेपाली लोकबाजाको संरक्षणबारे बोल्नु भएको थियो । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानका सङ्गीत विभाग प्रमुख प्राज्ञ अशोककुमार राईले संयोजन गर्नु भएको प्रशिक्षण फागुन ५ गते समापन गरियो । समापन समारोहका प्रमुखअतिथि मधेस प्रदेश सदस्य बेची लुङ्गेलीले प्रशिक्षार्थीलाई प्रज्ञा–प्रतिष्ठानको तर्फबाट प्रमाणपत्र हस्तन्तरण गर्नु भएको थियो ।

## साकेला ढोल र मादलबारे प्रशिक्षण

त्यसै गरी मिति २०७८ चैत्र २० गतेदेखि ३० गतेसम्म सुनसरी जिल्लाको धरान उपमहानगर रपालिकास्थित मुनाल सांस्कृतिक केन्द्र र रोयल डान्स एकेडेमीमा १० दिन सञ्चालन




गरिएको प्रदेश १ स्तरीय राई जातिको सोकला ढोल र मादल बाजा वाद्यवादन प्रशिक्षणमा १० जिल्लाका ३० जना प्रशिक्षार्थी सहभागी भए । राई जातिको मौलिक लोकबाजा साकेला ढोलबारे साकेला ढोल विशेषज्ञ दिपेश राई र मादल लोकबाजाबारे तालबाजा विशेषज्ञ भरत बुढाथोकीले प्रशिक्षण दिनु भएको थियो । प्रशिक्षणलाई फागुन २० गते धरान उपमहानगरपालिकाका मेयर तिलक राईले पानसमा बत्ती बालेर औपचारिक रूपमा उद्घाटन गर्नु भएको थियो । उद्घाटन समारोहलाई धरान प्रज्ञा-प्रतिष्ठान, धरान सङ्गीत प्रतिष्ठान र किरात राई यायोक्खा सुनसरीका पदाधिकारीले सम्बोधन गर्नुभयो ।

प्रमुखअतिथि राईले मौलिक बाजाबारे व्यवस्थित तरिकाले सैद्धान्तिक तथा व्यवहारिक प्रशिक्षण सञ्चालन गरेकोमा प्रज्ञा-प्रतिष्ठानलाई सरहाना गर्दै यस्ता उपयोगी प्रशिक्षणको परियोजना प्रस्ताव पेश गरेमा धरान उपमहानगरपालिकाले सहयोग तथा सहकार्य गर्ने बचन दिनुभयो ।

फागुन ३० गते प्रशिक्षण समापन समारोहमा यस प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव श्यामप्रकाश तमोट प्रमुखअतिथिका रूपमा सहभागी हुनु भयो । प्रमुखअतिथि तमोटले प्रशिक्षणबाट उत्साहको अनुभूति भएको भन्दै प्रज्ञा-प्रतिष्ठानले शिक्षा मन्त्रालयसँगको समन्वय गरी तयार पारेको मौलिक लोकबाजा पाठ्यपुस्तक विद्यालयस्तरमा लागु गराउन पहल गर्ने बताउनुभयो ।

प्रशिक्षण संयोजक नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका सङ्गीत विभाग प्रमुख प्राज्ञ अशोककुमार राईले मौलिक लोकबाजा वाद्यवादन गर्न सक्ने दक्ष तथा व्यवसायिक कलाकार उत्पादन गर्न लोकबाजा प्रशिक्षण सञ्चालन गरिरहेको स्पष्ट पार्नुभयो । कार्यक्रममा राष्ट्रिय जन सांस्कृतिक माहासङ्घका संयोजक खगेन्द्र राई, धरान पज्ञा-प्रतिष्ठानका संयोजक अम्बिका सम्बाहाङ्फे, स्थानीय समाजसेवी तथा कलाकर्मी उपस्थित थिए । प्रशिक्षणको दौरान सिकेका कलात्मक प्रस्तुति दिएर प्रशिक्षार्थीले समापन समारोहलाई थप रोचक बनाए । प्रशिक्षार्थीलाई प्रज्ञा-प्रतिष्ठानको तर्फबाट प्रमुखअतिथि तमोटले प्रमाणपत्र समेत वितरण गर्नु भएको थियो ।

### थारू जातिको मन्ड्रा बाजाबारे प्रशिक्षण

लुम्बिनी प्रदेशको थारू जातिको लोकबाजा मन्ड्रा (मादल) प्रशिक्षण २०७८ चैत्र २२ गतेदेखि २०७९ वैशाख १ गतेसम्म दाङ जिल्लाको घोराही उपमहानगर पालिकामा सम्पन्न भयो । घोराही उपमहानगर पालिकाको राधाकृष्ण सामूहिक अध्ययन केन्द्रमा चैत २२ गते घोराही उपमहानगर पालिकाका मेयर नरूलाल चौधरीले मन्ड्रा बजाएर उद्घाटन गर्नु भएको प्रशिक्षणमा २८ जना प्रशिक्षार्थी लाभान्वित भए । मुख्य प्रशिक्षक खड्ग बुढामगरले स्वरलिपि सहित मन्ड्रा बाजाका विभिन्न भाकाबारे प्रशिक्षण दिनु भएको थियो ।

प्रशिक्षण उद्घाटन समारोहमा सङ्घीय सांसद् शान्ता चौधरी, लोकसंस्कृतिविद् प्राज्ञ डा. गोविन्द आचार्य, संस्कृतिविद् डा. कृष्णराज सर्वहारी, थारू कल्याणकारी सभाका अनिल चौधरी, कुलवीर चौधरी लगायतले थारू जातिको मन्ड्रा लोकबाजबारे प्रकाश पार्नु भएको थियो । प्रज्ञा-प्रतिष्ठानका सङ्गीत विभाग प्रमुख प्राज्ञ अशोककुमार राईले मन्ड्रा बाजाको धेरै वटा भाकालाई संरक्षणका लागि स्वरलिपि सहित सिकाउने मात्र नभएर अभिलेखीकरणका लागि समेत प्रशिक्षण चलाइएको स्पष्ट पार्नुभयो ।

प्रशिक्षणलाई २०७९ वैशाख १ गते काबिला रिसोर्टको सभा हलमा समापन गरियो । समापन समारोहमा प्रशिक्षार्थीले मन्ड्रा वादनका त्रसान, सखिया पैयाँ, थार पैयाँ, मघौटा लगायत भाका स्वरलिपिका आधार प्रस्तुत गरेका थिए । समापन समारोहका प्रमुखअतिथि सांस्कृतिक संस्थानका प्रमुख प्रेमनाथ अधिकारीले राज्यका तर्फबाट अहिले पनि सोचे जति भाषा, कला, संस्कृतिको संरक्षण हुन नसकेको सन्दर्भमा मन्ड्रा प्रशिक्षण सम्पन्न गर्नु सकारात्मक रहेको बताउनुभयो । कार्यक्रममा थारू कल्याणकारी सभा दाङका अध्यक्ष भुवन चौधरी, दाङ जिल्ला उद्योग वाणिज्य संघका अध्यक्ष अनिल आचार्य, पत्रकार महासङ्घ दाङ शाखा सल्लाहकार सविन प्रियासन लगायतले बोल्नु भएको थियो । थारू कल्याणकारी सभा, दाङ स्थानीय आयोजक रहेको उक्त प्रशिक्षणमा सहभागी प्रशिक्षार्थीलाई प्रज्ञा-प्रतिष्ठानको तर्फबाट प्रमाणपत्र समेत वितरण गरिएको थियो ।



# नाट्य कार्यशाला सम्पन्न

काठमाडौं । यस प्रज्ञा-प्रतिष्ठानको नाटक विभागले मङ्सिर २७ गतेदेखि पौष ४ गतेसम्म ७ दिने नाट्य प्राविधिक कार्यशाला सम्पन्न गऱ्यो। काठमाडौँको कालिकास्थानस्थित सर्वनाम थिएटरमा सञ्चालन भएको कार्यशालामा काठमाडौं उपत्यका लगायत देशका विभिन्न जिल्लाका थिएटर समूहहरूमा क्रियाशील १४ जना कलाकारहरूले रङ्गमञ्च विधाका साउण्ड, लाइट र निर्देशनकलाबारे प्रशिक्षण लिए ।

कार्यशालामा वरिष्ठ नाटक निर्देशक सुनिल पोखरेलले निर्देशन, प्रशिक्षक आदित्य कटवाललेसाउण्ड र नाट्यकर्मी राजकुमार पुडासैनीले लाइटसम्बन्धी प्रशिक्षण दिएका थिए । साथै निशांश पोखरेल सहायक प्रशिक्षकको रूपमा रहेका थिए । कार्यशाला समापन समारोहमा यस प्रज्ञा- प्रतिष्ठानका सदस्यसचिव श्यामप्रकाश तमोट, प्राज्ञ निशा शर्मा पोखरेल, वरिष्ठ नाटक निर्देशक सुनिल पोखरेल, प्रशिक्षक आदित्य कटवाल, राजकुमार पुडासैनी, तथा निशांश पोखरेल र सहभागी प्रशिक्षार्थीहरूको उपस्थिति रहेको थियो । सदस्यसचिव तमोटले सहभागी कलाकारहरूलाई प्रशिक्षण प्रमाणापत्र प्रदान गर्नु हुँदै यस्ता किसिमका प्रशिक्षणले सहभागीहरूको क्षमता अभिवृद्धिमा टेवा पुग्ने बताउनुभयो । त्यसै गरी कार्यक्रम संयोजक तथा प्राज्ञपरिषद् सदस्य



निशा शर्मा पोखरेलले कार्यशालामा भाग लिएका सबै सहभागी कलाकार र नाट्य संस्थालाई धन्यवाद दिनुभयो । प्राज्ञ शर्माले कार्यशालाबाट सहभागीले सिकेका सिप आगामी दिनमा रङ्गमञ्चमा महत्त्वपूर्ण सावित हुने समेत बताउनुभयो । कार्यक्रममा प्रशिक्षार्थीहरूलाई प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव तमोटले प्रतिष्ठानको तर्फबाट प्रमाणपत्र हस्तान्तरण गर्नु भएको थियो ।

# गण्डकी प्रदेश स्तरीय दोस्रो विद्यालय नाटक महोत्सव

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानले पोखरा थिएटरले आयोजना गरेको गण्डकी प्रदेशस्तरीय विद्यालय नाटक महोत्सवको दोस्रो संस्करणमा गण्डकी प्रज्ञा-प्रतिष्ठान र पोखरा प्रज्ञा-प्रतिष्ठानसँग सहकार्य गऱ्यो । मिति २०७८ फागुन १३ गतेदेखि १६ गतेसम्म पोखरामा आयोजना गरिएको महोत्सवलाई प्रज्ञा-प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले उद्घाटन गर्नु भएको थियो । त्यसै गरी महोत्सवमा मञ्चन गरिएका नाटकका निर्देशक तथा कलाकारलाई प्रज्ञा-प्रतिष्ठानका उपकुलपति हरिहर शर्माले प्रमाणपत्र वितरण गर्नु भएको थियो । 'विद्यालयमा रङ्गमञ्च, अर्थपूर्ण बाल सहभागीताको आधार' भन्ने मुल नाराका साथ आयोजना गरिएको चारदिने महोत्सवमा आठ जिल्लाका १२ नाटक मञ्चन भएका थिए । महोत्सवमा सहभागीताका लागि प्राप्त २४ नाटकमध्येबाट आठ जिल्लाका १२ नाटक छनोट गरी मञ्चन गरिएका थिए ।

# जनकपुर साहित्य कला तथा नाट्य महोत्सवमा सहकार्य

काठमाडौँ । मिथिला संस्कृतिको केन्द्र जनकपुरधाममा २०७९ साल चैत २३ देखि २५ सम्म आयोजना भएको जनकपुर साहित्य कला तथा नाट्य महोत्सवमा यस प्रज्ञा-प्रतिष्ठानको पनि सहकार्य रह्यो । जानकी मन्दिरको प्राङ्गणमा पूर्व प्रधानमन्त्री तथा नेकपा समाजवादीका अध्यक्ष माधवकुमार नेपालले उद्घाटन गर्नु महोत्सवमा नाटक र सिनेमासम्बन्धी संवाद सत्रमा प्रज्ञा-प्रतिष्ठानको प्रत्यक्ष सहकार्य रहेको थियो । जनकपुरधामस्थित जानकी मन्दिरको प्राङ्गण र उद्योग वाणिज्य सङ्घको सभाकक्षमा विभिन्न विषयका १० वटा संवाद-सत्र सञ्चालन हुनुका साथै कथा र कविता गोष्ठी, मिथिला/आधुनिक चित्रकला कार्यशाला तथा प्रदर्शनी, पारम्परिक र आधुनिक गीत-नृत्यसहितको सांस्कृतिक कार्यक्रम, मिथिला भोजन, पुस्तक प्रदर्शनी तथा विद्यालय स्तरीय वक्तृत्वकला प्रतियोगिताहरु सम्पन्न भएका थिए। तीन दिनसम्म चलेको महोत्सवमा भारतका ३ वटा र नेपालका २ वटा नाट्य समूहले मैथिली, नेपाली तथा मणिपुरी भाषामा नाटक मञ्चन गरेका थिए । चैत २५ गते मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतको प्रमुख आतिथ्यमा सम्पन्न भएको महोत्सवको समापन सत्रमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका प्राज्ञपरिषद् सदस्य धीरेन्द्र प्रेमर्षिलगायतका व्यक्तित्वलाई सम्मान समेत गरिएको थियो ।

## प्रतिलिपि अधिकारसम्बन्धी चेतना कार्यक्रम सम्पन्न

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको सहकार्यमा गीतकार सङ्घ नेपालले २०७८ चैत्र ४ र ५ गते प्रदेश नं. १ को सोलुखुम्बु जिल्लामा गीतगजल शिविर र प्रतिलिपि अधिकारसम्बन्धी चेतना कार्यक्रम सम्पन्न गऱ्यो । नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको समेत सहकार्य रहेको उक्त कार्यक्रममा सोलुखुम्बु, ओखलढुङ्गा, उदयपुर, खोटाङ, भोजपुर र सङ्खुवासभा गरी ६ जिल्लाका स्रष्टाकलाकार सहभागी थिए । दुई दिने कार्यक्रमको पहिलो दिन चैत्र ४ गते शुक्रबार सल्लेरी बजारस्थित लक्ष्मी होटलमा आयोजित प्रतिलिपि अधिकारसम्बन्धी चेतना कार्यक्रमलाई गीतकार सङ्घका सल्लाहकार वरिष्ठ गीतकार राजेन्द्र थापाले उद्घाटन गर्नु भएको थियो । सङ्घका अध्यक्ष शुभ मुकारूङले अध्यक्षता गर्नु भएको उक्त कार्यक्रममा महासचिव रमेश कोइरालाले बौद्धिक सम्पत्ति र प्रतिलिपि अधिकारको सम्बन्धमा प्रकाश पार्नुभयो । दोस्रो दिन ६ जिल्लाका सहभागी गीतकार तथा गजलकारले गीत तथा गजल प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा सङ्घका कोषाध्यक्ष जे.बी. समयोगीले 'नेपाली संस्कृतिसँग गीतको सम्बन्ध' शिर्षकको कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्रमाथि अनुसन्धाता डा. भक्त राईले टिप्पणी गर्नुभयो ।

## १३ औं राष्ट्रिय बाल नाटक महोत्सव भर्चुअल रूपमा सम्पन्न

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको सहकार्य, शैली थिएटरको आयोजना र रूसी सांस्कृतिक केन्द्रको प्रस्तुतिमा १३ औं राष्ट्रिय बाल नाटक महोत्सव भर्चुअल रूपमा सम्पन्न भयो । मिति २०७८ चैत्र २ गतेबाट चैत १० गतेसम्म सञ्चालन भएको महोत्सवलाई शैली थिएटरको आधिकारिक युट्युब च्यानलबाट प्रत्येक दिन साँझ ७ बजे एक नाटक प्रसारण गरिएको थियो । महोत्सवमा देश भरका विभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थीबाट प्राप्त नाटकमध्येबाट छनौट गरी नौ नाटक मञ्चन गरिएका थिए ।

सहभागी नाटकमध्ये उत्कृष्ट ३ नाटकमा रेडस्टार, मोरङको प्रस्तुति रहेको ' आमा नहुँदा एक साँझ' उत्कृष्ट घोषणा भएको थियो भने निस्ट स्कुल भक्तपुरको 'टालो' दोश्रो र मर्निङ स्टार स्कुल, वीरेन्द्र नगर, सुर्खेतको 'छाउपडी' तेस्रो भएको थियो । महोत्सवमा निर्णायकको भूमिकामा रङ्कर्मी तथा निर्देशक भोलाराज सापकोटा र रङ्कर्मी तथा निर्देशक सिर्जना अधिकारी हुनुहुन्थ्यो ।

## नेपाली मौलिक तालको प्रयोग र मानक निर्माण विषयक अन्तर्क्रिया गोष्ठी

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठान र मधुरिमा नेपाल कलाकेन्द्रको सहकार्यमा यही मिति २०७८ साल फागुन १८ गते काठमाडौँमा 'नेपाली मौलिक तालको प्रयोग र मानक निर्माण' विषयक अन्तर्क्रिया गोष्ठी सम्पन्न भयो ।




प्रज्ञा-प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन) प्रमुखअतिथि र उपकुलपति हरिहर शर्मा विशेष अतिथि रहनु भएको उक्त गोष्ठीमा मधुरिमा कला केन्द्रका अध्यक्ष तथा प्रज्ञा-प्रतिष्ठानका प्राज्ञसभा सदस्य प्रदीपकुमार बोम्जनले नेपाली मौलिक ताल र मानक निर्माणबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । गोष्ठीमा कार्यपत्रमा उल्लेख भएका झ्याउरे, ख्याली, चरित्र र लामी गरी चार वटा नेपाली मौलिक तालको प्रयोग हुँदै आएको र यसबारे मानक निर्माण गर्न थप छलफल र कार्यशाला आवश्यक रहेको सहमति भएको थियो । वरिष्ठ सङ्गीतकर्मी, विभिन्न सङ्घसंस्था र विश्वविद्यालयका ४० जना बढी प्रतिनिधि सम्मिलित उक्त गोष्ठीमा प्रस्तुत कार्यपत्रमाथि वरिष्ठ तालवादक न्हुच्छेबहादुर डङ्गोलले विशेष टिप्पणी गर्नु भएको थियो ।

# द्वितीय अन्तर्राष्ट्रिय अवधि सम्मेलनमा प्रज्ञा-प्रतिष्ठानको सहकार्य

काठमाडौँ । यही २०७९ साल असार ४ र ५ गते लुम्बिनी प्रदेशको कपिलबस्तुको तौलिहवामा यस प्रज्ञा-प्रतिष्ठान र शिक्षा तथा संस्कृति प्रवर्धन केन्द्रको सहकार्यमा द्वितीय अन्तर्राष्ट्रिय अवधि सम्मेलन २०७९ सम्पन्न भयो ।



लुम्बिनी प्रदेश प्रमुख कुलप्रसाद केसीले समुद्घाटन गर्नु भएको उक्त सम्मेलनमा प्रज्ञा-प्रतिष्ठानका उपकुलपति हरिहर शर्मा र सदस्यसचिव श्यामप्रकाश तमोट विशिष्ट अतिथिका रूपमा सहभागी हुनुभयो । छिमेकी मित्र राष्ट्र भारतको उत्तर प्रदेश तथा मध्यप्रदेशबाट पनि भाषा, साहित्य, कला क्षेत्रका विभिन्न विद्वानविदुषिको उपस्थिति रहेको उक्त सम्मेलनमा अवधि भाषाको साहित्य, लोकसङ्गीत, लोकनाटक तथा कलाको अवस्था र चुनौतीका बारेमा विभिन्न विद्वान्बाट कार्यपत्र प्रस्तुत गरिएको थियो । साँझमा साङ्गीतिक कार्यक्रमको आयोजना साथै विविध भाषी कविता गोष्ठी पनि सञ्चालन गरिएको थियो । सम्मेलनलाई सम्बोधनका क्रममा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा- प्रतिष्ठानका उपकुलपति हरिहर शर्माले प्रज्ञा-प्रतिष्ठानले राष्ट्रका विभिन्न भाषाभाषीमा रहेका गीतसङ्गीत, लोकनाटक जस्ता विषयमा अध्ययन, अनुसन्धान गराइरहेको साथै कतिपय सङ्गीतको रेकर्डिब समेत गरेर संरक्षणमा जोड दिएको बताउनुभयो । साथै यही सम्मेलनमा पनि प्रज्ञा- प्रतिष्ठानले सहकार्य गरेर यस्ता भाषाभाषीको संरक्षणमा मद्दत गरिरहेको उल्लेख गर्नुभयो ।

# प्रदेश नं. १ का जातजातिको सांस्कृतिक प्रस्तुति

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठान र भानु कला केन्द्र विराटनगरको सहकार्यमा मिति २०७८ चैत्र १२ गते वरिष्ठ सङ्गीतकर्मी चतुर्भुज आशावादीको जन्मजयन्तीको अवसर पारेर प्रदेश नं. १ का विभिन्न जातजातिको सांस्कृतिक प्रस्तुति कार्यक्रम सम्पन्न भयो । सङ्घीय सांसद् अमनलाल मोदीले प्रमुखअतिथिका रूपमा उद्घाटन गर्नु भएको उक्त कार्यक्रममा प्रदेश नं. १ मा बसोवास गर्ने राई, लिम्बु, याक्खा, नेवार, मुसलमान, तामाङ तथा अल्पसङ्ख्यक राजवंशी जातिका रहनसहन, भेषभुषा, वाद्यवादन तथा नृत्यका झाँकी प्रस्तुत गरिएका थिए । राई जातिको उधौलीउभौली, लिम्बु जातिको च्याब्रुङ नाच, तामाङ जातिको सेलो, याक्खा जातिको डोकेनी नृत्य र मुसलमान समुदायको कुरान प्रस्तुति कार्यक्रमको प्रमुख आकर्षण रहेको थियो ।

# तीन महिने धिमेबाजा प्रशिक्षण

काठमाडौं । यस प्रज्ञा-प्रतिष्ठान, झि नेवा बौचा र नेपाल सांस्कृतिक कला मन्दिरको सहकार्यमा २०७८ कार्तिक १० गतेदेखि माघ २ गतेसम्म काठमाडौँको चन्द्रागिरी नगर पालिका वडा नं. ९ स्थित मच्छेगाउँमा धिमे प्रशिक्षण आयोजना गरियो ।

गुरू निरेश शरण गोपालीले प्रशिक्षण दिनु भएको उक्त प्रशिक्षणमा ४० जना प्रशिक्षर्थी सहभागी भएका थिए ।



# लोपोन्मुख लोकबाजा मुहालीसम्बन्धी वृत्तचित्र तयार

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठान र मध्यपुर थिमी नगरपालिकाको सहयोगमा दबुली नेपालले लोपोन्मुख लोकबाजा मुहालीसम्बन्धी वृत्तचित्र निर्माण गरेको छ ।

परम्परागत मुहाली लोकबाजाको मौलिकता संरक्षण गर्न दबुली नेपालले उक्त वृत्तचित्र निर्माण गरेको हो । गणेशराम लाछीले लेखन तथा निर्देशन गर्नु भएको उक्त वृत्तचित्रलाई मिति २०७८ चैत १९ गते शनिबार मध्यपुर थिमी नगरपालिकामा प्रदर्शन गरियो । कार्यक्रममा यस प्रज्ञा-प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले लोपोन्मुख मुहालीजस्ता बाजाको संरक्षणका लागि प्रज्ञा-प्रतिष्ठान अध्यनअनुसन्धान, श्रव्यदृश्य
छायाङ्कन र अभिलेखीकरणका योजना तर्जुमा गरी क्रियाशील रहेको र त्यसका लागि सबैले सहयोग गर्नुपर्ने बताउनुभयो ।

# लिम्बु जातिको तङ्सिङसम्बन्धी सङ्गीत छायाङ्कन



काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको सङ्गीत विभागले लिम्बु जातिको तङसिङसम्बन्धी सङ्गीतलाई २०७८ पुष १ गतेदेखि ३ गतेसम्म काठमाडौँमा सुम्सेम्बा (तीन राते) तङ्सिङ गरी छायाङ्कन सम्पन्न गऱ्यो । लिम्बु जातिको प्रमुख धार्मिक अनुष्ठान तङ्सिङ गर्दा शुरूदेखि अन्तिमसम्मै प्रयोग हुने मौलिक सङ्गीतका विविध पक्षको संरक्षण गर्ने उद्देश्यले छायाङ्कन गरिएको हो ।

लिम्बु जातिमा पहिले पहिले यो अनुष्ठान नुसेम्बा (सात दिन सात रात) सम्म हुने गरिए पनि अहिले सुम्सेम्बा (तीन

दिन तीन रात) हुँदै थिक्सेम्बा (एक रात एक दिन) मा सीमित हुँदै गएको छ । लिम्बु समाजमा वर्षमा एक पटक अनिवार्य गर्नुपर्ने तङ्सिङ अनुष्ठानमा मानिसको जीवनमा आइपर्ने मृत्यु, दुःखकष्ट, ईर्ष्या, आँखीडाही, पाप, गालीसरापजस्ता नकार पक्षलाई टाढा भगाई सुखशान्ति र समृद्धि प्राप्तिका लागि कामना गरिन्छ ।

प्रज्ञा-प्रतिष्ठानका सङ्गीत विभाग प्रमुख प्राज्ञ अशोककुमार राईले यो अनुष्ठान गर्दा पुरोहितहरूले च्याब्रुङ, थाल, सुसेला, घण्टी, चाँप लगायतका बाजा मुन्धुमको लयअनुसार ताल मिलाएर बजाउने साङ्गीतिक पक्षकोसंरक्षणका लागि छायाङ्कन तथा अभिलेखन कार्य गरिएको हो । यसका लागि बुढानिलकण्ठ नगरपालिकाको भङ्गालमा अवस्थित किरात याक्थुङ चुम्लुङ जिल्ला कार्यसमितिको भवनमा तीन दिन तीन रात तङ्सिङ आयोजना गरिएको थियो । चुम्लुङको केन्द्रीय समितिसँगै भक्तपुर, ललितपुर र काठमाडौँ जिल्ला शाखाहरूले संयुक्त व्यवस्थापन गरेको

उक्त तङ्सिङमा मुख्य रूपमा तीन जना साम्बा-साम्मा र यागाप्चिबा (सहयोगी) हरू सहभागी हुनुहुन्थ्यो ।

### तीन सयौँ पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसमा

# सांस्कृतिक कार्यक्रम




काठमाडौँ । तीन सयौँ पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस -२०७८ यस नाट्य प्रज्ञा-प्रतिष्ठान, नेपाल प्रज्ञा-प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा- प्रतिष्ठान र सांस्कृतिक संस्थानले विविध कार्यक्रम आयोजना गरी संयुक्त रूपमा मनाए ।

यस अवसरमा पुष २७ गते साँझ ३ बजेबाट यस प्रज्ञा-प्रतिष्ठान र सांस्कृतिक संस्थानको व्यवस्थापनमा राष्ट्रिय नाचघर जमलमा विशेष सांस्कृतिक कार्यक्रमको आयोजना गरियो ।

कार्यक्रमलाई यस प्रज्ञा-प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन) र नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति के.के. कर्माचार्यले पानसमा बत्ती बालेर उद्घाटन गर्नु भएको थियो । सांस्कृतिक कार्यक्रममा यस प्रज्ञा-प्रतिष्ठानका उपकुलपति हरिहर शर्माद्वारा लिखित 'मातृभूमि नेपाल' नृत्य नाटिकाको प्रस्तुति विशेष आकर्षणको केन्द्र बन्यो । राजा पृथ्वीनारायण शाहले एकीकरण गरेको पृष्ठभूमिमा नेपालको राष्ट्रिय एकता, भौगोलिक अखण्डता र स्वाधीनताको सन्देश समेटिएको उक्त नृत्य नाटिकालाई वरिष्ठ नाट्य निर्देशक वीरेन्द्र हमालको निर्देशन र यस प्रज्ञा-प्रतिष्ठानका सङ्गीत विभाग प्रमुख प्राज्ञ अशोककुमार राईको सङ्गीत संयोजनमा सांस्कृतिक संस्थानका कलाकारहरूद्वारा प्रस्तुत गरिएको थियो । यस नृत्य नाटिकापछि राष्ट्रिय भावनाका विभिन्न गीतसङ्गीत सहित नेपालका विभिन्न जातिका सांस्कृतिक नाचहरू प्रस्तुत गरिएको थियो । कार्यक्रममा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका कुलपति रायन, नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति कर्माचार्य, नेपाल प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव जगत्प्रसाद उपाध्याय ' प्रेक्षित', सांस्कृतिक संस्थानका अध्यक्ष प्रेमनाथ अधिकारी र महाप्रवन्धक अशोककुमार राईले राष्ट्रिय एकता दिवसको सन्दर्भमा आ-आफ्नो विचार व्यक्त गर्नु भएको थियो । कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछानेको पनि उपस्थिति रहेको थियो भने उहाँद्वारा रचित राष्ट्रिय गीतलाई समेत प्रस्तुत गरिएको थियो ।

एकता दिवसको अवसरमा राजा पृथ्वीनारायण शाहले नेपाल एकीकरणमा पुऱ्याएको योगदानबारे विचारगोष्ठी, पुस्तक प्रदर्शनी, चित्रकला प्रदर्शनी, सांस्कृतिक झाँकीसहितको शोभायात्रा र पृथ्वीनारायण शाहको प्रतिमामा माल्यार्पण एवम् सांस्कृतिक कार्यक्रम आयोजना गरिएका थिए ।

# 'एक प्रदेश एक परम्परा' कार्यक्रम तीन वटा प्रदेशमा सम्पन्न

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको शास्त्रीय तथा परम्परागत सङ्गीत विभागले आ.व. २०७८/७९ को स्वीकृत बजेटअन्तर्गत 'एक प्रदेश एक परम्परा' कार्यक्रम प्रदेश नं. १, मधेस प्रदेश र लुम्बिनी प्रदेशमा सम्पन्न गऱ्यो ।

**झापाको बाह्रदशीमा सन्थाल नृत्य-सङ्गीत प्रदर्शन**




यस कार्यक्रमअन्तर्गत प्रदेश १ को बाह्रदशी गाउँपालिका वडा नं. ३, राजगढ, झापामा पुस २८ गते सन्थाल जातिको सङ्गीत-नृत्य परम्परासम्बन्धी प्रस्तुति तथा कार्यशालामूलक विचारगोष्ठी आयोजना गरियो । प्रतिष्ठानका प्राज्ञपरिषद् सदस्य एवम् शास्त्रीय तथा परम्परागत सङ्गीत विभाग प्रमुख धीरेन्द्र प्रेमर्षिको अध्यक्षतामा भएको उक्त कार्यक्रममा पूर्वी नेपालको तराई क्षेत्रमा बसोबास गर्ने आदिवासी सन्थाल जातिको परम्परा, संस्कृति, सामाजिक-आर्थिक अवस्थाबारे चर्चा गरिनुका साथै सन्थालहरूको परम्परागत नृत्य- गीतसम्बन्धी विविध पक्षबारे प्रकाश पारिएको थियो ।

सन्थाल जातिको नृत्य-सङ्गीत परम्पराको पहिचान तथा सम्मानका निमित्त आयोजना गरिएको उक्त कार्यक्रमका प्रमुखअतिथि संविधानसभा सदस्य मोहन टुडु हुनुहुन्थ्यो । प्रमुखअतिथि टुडुले सामाजिक, आर्थिक तथा राजनीतिक रूपमा पछाडि रहेका सन्थाल जातिको नृत्य-सङ्गीत परम्पराप्रति चासो राखेर यस प्रज्ञा-प्रतिष्ठानद्वारा सन्थालहरूको थलोमै कार्यक्रम आयोजना गरिनुले राज्यका निकायको दृष्टि सीमान्त क्षेत्रहरूसम्म पनि पुगिरहेको छ भन्ने कुरा दर्शाएको विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा सन्थाल जातिको संस्कृतिसम्बन्धी विशेष अध्ययनमा संलग्न साहित्यकार तथा सञ्चारकर्मी डा. टंक उप्रेतीले उल्लिखित विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्रमार्फत् उहाँले सन्थाली, सन्थाल, सोन्थाल, झापाको बाह्रदशीमा सन्थाल नृत्य-सङ्गीत प्रदर्शन सन्डाल, सङ्ताल, सन्ताल, सेन्ताली, सेइन्टी, सतारजस्ता वैकल्पिक नामहरूले चिनिने सन्थालहरूको बसोबास दक्षिण एसियाका भारत, बङ्गलादेश र भुटानमा समेत रहेको जानकारी दिँदै नेपालमा भने झापा, मोरङ र सुनसरीमा यस जातिको बसोबास रहेको तथा मूलतः यिनलाई सतार नामले चिनिने गरिएको बताउनुभयो । डा. उप्रेतीका अनुसार प्रोटो-अस्ट्रोलोइड जातीय समूहमा वर्गिकृत सन्थालहरूको भाषालाई सन्थाल वा सन्थाली भाषा भनिन्छ । अस्ट्रो-एसियाली भाषा परिवारको पर्ने सन्थाली भाषाको लिपिलाई 'ओलचिकी' भनिन्छ । कार्यपत्रमा उहाँले सन्थाललाई मनोरन्जन रूचाउने, नाचगान र सङ्गीतलाई ईश्वरको प्रसादकै रूपमा मान्ने र यस जातिले सङ्गीत पनि ईश्वरबाट सिकेको कुरा सन्थाल लोककथामा उल्लेख रहेको जानकारी दिनुभयो । कार्यपत्रमाथि वरिष्ठ पत्रकार भीम नेम्बाङ र नेपालमा सन्थाल भाषा, लिपि तथा संस्कृति प्रवर्धन अभियानमा सक्रिय युवा शिबू मुर्मुले औपचारिक टिप्पणी गर्नु भएको थियो ।

बाह्रदशी गाउँपालिका र नेपाल सन्थाल आदिवासी उत्थान सङ्घ, बाह्रदशी कार्यसमिति, झापाको सहकार्य रहेको उक्त कार्यक्रममा शुरूदेखि अन्त्यसम्म सन्थाल जातिको सांस्कृतिक विशेषताहरु प्रस्तुत भएका थिए । यसअन्तर्गत सन्थाल युवा-युवतीले अतिथिहरूलाई परम्परागत रूपमा स्वागत गरेका थिए । यसपछि कार्यक्रमको प्रारम्भ मनिका हेमरम र सुनिता हास्दाको सांस्कृतिक स्वागत नृत्यबाट भएको थियो भने समापनमा हेमलाल सारेन, भूमिका टुडु, लक्ष्मी किस्कु र पूर्णिमा वास्केले सन्थाल आधुनिक नृत्य प्रस्तुत गरेका थिए ।

कार्यक्रममा कार्यपत्र र सम्बद्ध विद्वानहरूले रेखाङ्कित गरेका पाटाहरूलाई प्रतिबिम्बन गर्ने प्रकृतिका परम्परागत नृत्यहरु नावाँ सागेन साकाम जियोन आख्डा कन्काई नगरपालिका र जियोन मार्शाल सन्थाल क्लव बाह्रदशी गाउँपालिका समूहले प्रस्तुत गरेका थिए ।

कार्यक्रममा नेपाल सन्थाल आदिवासी उत्थान सङ्घका केन्द्रीय अध्यक्ष सुन्दर बेस्रा, महासचिव कुन्दन मुर्मु, केन्द्रीय सदस्य सुकल मुर्मु, सङ्घका झापा अध्यक्ष लखन हेमरम, नेपाल आदिवासी जनजाति महासङ्घ बाह्रदशीका अध्यक्ष दिलकुमार नेम्बाङ, बाह्रदशी

गाउँपालिकाका मुख्य प्रशासकीय अधिकृत चित्रप्रसाद गुरागाईंलगायतका व्यक्तित्वहरूको उपस्थिति रहेको थियो ।

## थारु जातिको सङ्गीत–नृत्य परम्परासम्बन्धी प्रस्तुति तथा कार्यशाला

थारु जातिको परम्परा, संस्कृति, सामाजिक–आर्थिक अवस्थाबारे चर्चा गरियो भने दँगौरा थारूहरूको परम्परागत नृत्य–गीतसम्बन्धी विविध पक्षबारे प्रकाश पारिएको थियो । त्यस अवसरमा दँगौरा थारूहरूको नृत्य–सङ्गीत परम्परा तथा बर्का



यस कार्यक्रमअन्तर्गत लुम्बिनी प्रदेशको बाँके जिल्लास्थित कोहलपुर नगरपालिका वडा नं. २, बर्दहवामा २०७८ चैत १२ गते शनिबारका दिन थारु जातिको सङ्गीत–नृत्य परम्परासम्बन्धी प्रस्तुति तथा कार्यशालामूलक विचारगोष्ठी तथा जेठ १४ गते मधेश प्रदेशको सप्तरी जिल्लाको सखडा–छिन्नमस्ता मन्दिर परिसरमा रहेको सभाकक्षमा मिथिलाको परम्परागत वाद्यवादन तथा सङ्गीतमा केन्द्रित कार्यक्रम आयोजना भए ।

प्रज्ञा–प्रतिष्ठानका प्राज्ञपरिषद् सदस्य एवम् शास्त्रीय तथा परम्परागत सङ्गीत विभाग प्रमुख धीरेन्द्र प्रेमर्षिले प्रादेशिक परिवेशमा पर्यटकीय सम्भावना समेत भएका साङ्गीतिक परम्पराहरूमध्ये कुनै एक परम्परामा अनुसन्धानमूलक गोष्ठी एवम् साङ्गीतिक प्रस्तुतिका कार्यक्रमलाई मध्यनजर गरेर 'एक प्रदेश एक परम्परा' कार्यक्रम आयोजना गरिएको स्पष्ट पार्नुभयो ।

लुम्बिनी प्रदेशमा सम्पन्न थारु जातिको सङ्गीत–नृत्य परम्परासम्बन्धी प्रस्तुति तथा कार्यशालामूलक विचारगोष्ठीमा आदिवासी नाचका विषयमा थारु भाषाका सांस्कृतिक अन्वेषक तथा साहित्यकार सुशील चौधरीले एक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

महाभारतको कथामा आधारित निकै लोकप्रिय तथा विशिष्ट परम्परा बर्का नाचबारे चर्चा गर्ने क्रममा उहाँले कार्यपत्रमा लेख्नुभएको छ– दाङ उपत्यका दँगौरा थारूहरूको आदिम थलो हो । थारु समुदायमा लोकसम्पदाको भण्डार रहेको छ । हर्‍या गुरैबाट थारूहरूको सांस्कृतिक शुरूआत गरिन्छ । हर्‍या गुरै (हरेरी) ग्रामीण देवस्थलमा सामूहिक रूपमा पुजिने देवस्थल हो । ठनवामा पाँच पाण्डव रहन्छन्, जसलाई मुराहा भनिन्छ । थारु समुदायमा अस्टम्की (कृष्णजन्माष्टमी) को विशेष महत्त्व रहेको छ । यसमा कृष्ण र पाँच पाण्डव तथा बरमुरूवाको पूजा गरिन्छ । बर्का नाच थारु लोक महाभारतको नाच हो । गवल्या र राजटीकाको बेलामा बर्किमार गाइन्छ ।. १९७९ मा जलौराका रूपलाल थारु, देउखरी, महदेवाका नारायण थारूले यस नाचलाई संस्थागत गरेको मानिन्छ।

यस आधारमा बर्का नाच शताब्दी लामो इतिहास बोकेको ऐतिहासिक लोकनाच हो भन्ने देखिन्छ । कार्यपत्रमाथि दाङका थारूभाषी संस्कृतिकर्मी तथा सञ्चारकर्मी छविलाल कोपिला र बाँकेमा बसी साहित्य–सञ्चार क्षेत्रमा काम गर्दै आउनुभएका कपिल न्यौपानेले टिप्पणी गर्नु भएको थियो ।

हाम्रो पूर्णिमा साहित्य प्रतिष्ठानका सहसचिव खोपीराम ओलीले सञ्चालन गर्नु भएको उक्त कार्यक्रममा थारूहरूको बैशखहा नाचका साथै विभिन्न लोकपरम्पराका तीन वटा नाच र सुर्खेत, सल्यान, जाजरकोट जिल्लामा प्रचलित कुर्कुटी नाच पनि प्रस्तुत गरिएको थियो ।

कार्यक्रमका प्रमुखअतिथि कोहलपुर नगरपालिकाका उप–प्रमुख सञ्जूकुमारी चौधरीले पुर्खाले संरक्षण गर्दै आएको संस्कृति लोप हुन नदिन र त्यसलाई जोगाउन कार्यक्रममा उपस्थित सबैसँग आग्रह गर्नुभयो । उहाँले कोहलपुर नगरपालिकाले थारु जातिको संस्कृतिको संरक्षण गर्न यथेष्ट ध्यान पुर्‍याउँदै आएको दाबी गर्नुभयो । विशिष्ट अतिथि कोहलपुर नगरपालिका वडा नम्बर २ का अध्यक्ष कर्णसिंह बि.सी.ले थारु संस्कृति जोगाउन वडाले विशेष पहल गरिरहेको उल्लेख गर्दै कला–सङ्गीत–परम्पराको विकास गर्न वडातह मात्रै नभई समग्र राज्य नै लाग्नुपर्ने व्यक्त गर्नुभयो । कार्यक्रममा हाम्रो पूर्णिमा साहित्य प्रतिष्ठान बाँकेका अध्यक्ष कपिल अञ्जानले पश्चिम क्षेत्र तथा बाँके जिल्लामा बसोबास गर्दै आएका चिडिमार, कुसबाडिया, सोनाह, खोनाह लगायतका जातिको लोककला तथा संस्कृतिलाई जगेर्ना गर्न पनि आफूहरु चिन्तनशील रहेको विचार व्यक्त गर्नुभयो ।

कार्यक्रम संयोजक प्राज्ञ प्रेमर्षिले जातीय तथा सांस्कृतिक विविधताका दृष्टिले सम्पन्न हाम्रो देशका सन्दर्भमा सांस्कृतिक सम्पदा पनि राष्ट्रिय सम्पन्नता र समृद्धिको आधार भएकोले त्यसको पहिचान तथा सम्मानका निमित्त एक

प्रदेश एक कार्यक्रमअन्तर्गत लुम्बिनी प्रदेशमा सङ्गीत-नृत्यका माध्यमबाट उत्सव र उल्लासमय जीवन बाँचिरहेका थारु जातिको नृत्य-सङ्गीत परम्परामा केन्द्रित रही कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

## मधेस प्रदेशमा मैथिली सङ्गीत-नाट्य तथा वाद्यवादन प्रस्तुति

त्यसै गरी जेठ १४ गते मधेश प्रदेशअन्तर्गत सप्तरी जिल्लाको प्रसिद्ध सखडा-छिन्नमस्ता मन्दिर परिसरमा रहेको सभाकक्षमा आयोजना गरिएको ' एक प्रदेश एक परम्परा' कार्यक्रम सिरहा, सप्तरी, धनुषा, महोत्तरी र सर्लाही लगायतका जिल्लामा बसोबास गर्ने दलित सुमदायको वाद्यवादन परम्परामा केन्द्रित रह्यो । कार्यक्रम संयोजक प्राज्ञ प्रेमर्षिले मिथिलाको परम्परागत सङ्गीत कला, वाद्यवादन सम्बन्धमा पुराना पुस्ताका कलाकारलाई सम्मान नयाँ पुस्तालाई जानकारी र आकर्षित गराउने उद्देश्यबाट समेत उक्त कार्यक्रम आयोजना भएको बताउनुभयो । कार्यक्रममा मधेश प्रदेश सरकारका प्रवक्ता एवम् प्रदेश अर्थ मन्त्री शैलेन्द्रप्रसाद साह प्रमुखअतिथि हुनुहुन्थ्यो । प्रमुखअतिथि साहले मैथिली सङ्गीत-नाट्य तथा वाद्यवादनको सुदीर्घ परम्परामा सिङ्गो मधेश र देशको कला-संस्कृतिलाई आधार दिने सामर्थ्य भएको उल्लेख गर्दै प्रज्ञा-प्रतिष्ठानले आयोजना गरेको यस कार्यक्रमबाट आफ्नै प्रदेश र क्षेत्रमा यति महत्त्वपूर्ण परम्परा संरक्षित रहेको जानकारी पाएर लाभान्वित भएको विचार व्यक्त गर्नुभयो । उहाँले निकट भविष्यमै प्रस्तुत गरिने मधेश प्रदेशको बजेट तथा कार्यक्रममा पनि यस अवधारणालाई आफूले समावेश गर्ने बताउनुभयो ।

कार्यक्रमका विशिष्ट अतिथि छिन्नमस्ता गाउँपालिकाका नवनिर्वाचित अध्यक्ष विद्यानन्द चौधरीले आफ्नो कार्यकालको पहिलो कार्यक्रम नै यस भूमिको गौरवगौथासँग जोडिएको भएको र आफ्नै पालिकाभित्र यस्तो महत्त्वपूर्ण साङ्गीतिक परम्परा रहेको जानेर हर्षविभोर भएको उल्लेख गर्दै संस्कृति संरक्षण र प्रवर्द्धनका क्षेत्रमा पनि कार्य गर्नुपर्ने आवश्यकता र दिशाबोध आफूलाई यस कार्यक्रमबाट भएको विचार व्यक्त गर्नुभयो । यसै गरी कार्यक्रममा सखडा छिन्नमस्ता मन्दिरका पीठाधीश महाकान्त ठाकुर र मिथिला साहित्य कला प्रतिष्ठान (मिलाफ) नेपालका अध्यक्ष रमिला साहको अतिथिका रूपमा उपस्थिति रहेको थियो ।

सप्तरीको बरही-वीरपुरका दुई वयोवृद्ध कलाकारद्वारा मिथिलाको लोकबाजा पिपही बजाएर उद्घाटन गरिएको उक्त कार्यक्रममा मिथिलाको परम्परागत बाजागाजा र वाद्यवादनको अवस्था, यिनको लोपोन्मुखताका कारण, संरक्षणका लागि भइरहेका प्रयास र समस्या समाधानका विविध पक्षलाई समेटेर साहित्यकार तथा सांस्कृतिक अनुसन्धाता देवेन्द्र मिश्रले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्रमा मिथिलाको वाद्यवादनको मूल विशेषता गायनको परिपाटी नभई विभिन्न पारम्परिक बाजा प्रयोग गरी विशेष प्रकारका धुन बजाइनु रहेको उल्लेख छ । त्यस्ता धुनले वातावरणलाई मङ्गलमय बनाउने भन्दै ढोल-पिपही जस्ता बाजाको वादन नभए मिथिलामा कुनै सांस्कारिक उत्सव भएको भान नहुने पनि उल्लेख छ । त्यसै गरी मुण्डन, उपनयन जस्ता सांस्कारिक उत्सवमा परम्परागत वाद्यवृन्द रसनचौकीको प्रस्तुति अनिवार्य मानिने र कुनै पनि सांस्कारिक अनुष्ठान स्थलमा, कुलदेवता गोसाइँको पूजाका बेला, डिहबारकहाँ पूजा गर्न जाँदा भने महिलाहरूले बिना वाद्यको पारम्परिक गीत गाउने पनि उल्लेख छ । कार्यपत्रमाथि कलाकार तथा सञ्चारकर्मी जीवछ दास र साहित्यकार तथा सांस्कृतिक परिचालक शम्भुप्रसाद यादव शम्भूश्रीले टिप्पणी गर्नुभएको थियो । कार्यक्रममा विभिन्न वाद्यवादन समूहद्वारा परम्परागत ढोल, रसनचौकी (पिपही), नकुवा, मृदङ्ग, डफरा-बँसुली, भठिया-डिगडी, झुनझुना, झाली, ताशा लगायतका बाजा वादन तथा परम्परागत कीर्तन गायनको प्रस्तुति गरिएको थियो । छिन्नमस्ता-१, वीरपुर, सप्तरीका कलाकारले 'डफरा-बँसुली', छिन्नमस्ता-५, लोखरम, सप्तरीका कलाकारले 'भगैत गायन तथा वाद्यवादन' र अर्को कलाकारसमूहले 'रसनचौकी' प्रस्तुत गरेका थिए। प्रसिद्ध लोकगायक तथा सांस्कृतिक परिचालक सुभाष वीरपुरियाले सम्पूर्ण प्रस्तुतिको संयोजन गर्नुका साथै उनको समूहबाट पारम्परिक कीर्तन प्रस्तुत गरिएको थियो ।

उक्त कार्यक्रम छिन्नमस्ता गाउँपालिका र मिथिला साहित्य-कला प्रतिष्ठान (मिलाफ), नेपालको समन्वय तथा स्थानीय व्यवस्थापनमा भएको थियो भने युवा साहित्यकार तथा सांस्कृतिक अभियन्ता विद्यानन्द यादव वेदर्दीले कार्यक्रमको सञ्चालन भर्नुभएको थियो ।



### १२ लोकनृत्यबारे कार्यपत्र प्रस्तुत

# पाँच दिने राष्ट्रिय नृत्य निर्देशक कार्यशाला तथा नृत्य प्रशिक्षण

काठमाडौँ । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानको नृत्य विभागले आ.व. २०७८/७९ को स्वीकृत बार्षिक बजेटअन्तर्गत लुम्बिनी प्रदेशको तिलोत्तमा नगरपालिकामा पाँच दिने राष्ट्रिय नृत्य निर्देशक कार्यशाला तथा प्रशिक्षण सम्पन्न गरेको छ । मिति २०७८ माघ ४ गतेदेखि ८ गतेसम्म नेपालको सातै प्रदेशमा प्रचलित नेपाली लोकनृत्यको संरक्षण गरी युवा पुस्तामा हस्तान्तरण गर्ने तथा परस्पर सिक्ने सिकाउने समेत उद्देश्यका लागि उक्त कार्यशाला बुटवलमा आयोजना गरिएको थियो ।

माघ ४ गते लुम्बिनी प्रदेशकी बालबालिका, ज्येष्ठ नागरिक तथा संस्कृति मन्त्री माननीय रमा घर्तीमगरले उद्घाटन गर्नु भएको कार्यशालामा पाँच प्रदेशका १२ वटा लोकनृत्यबारे १२ वटा कार्यपत्र तथा अवधारणापत्र प्रस्तुत गरिए ।

प्रज्ञा–प्रतिष्ठानकी नृत्यविभाग प्रमुख प्राज्ञ नमुना शर्माको अध्यक्षतामा सम्पन्न उद्घाटन सत्रलाई सम्बोधन गर्ने क्रममा मन्त्री मगरले लुम्बिनी प्रदेश सरकारले चाँडै नै प्रदेश प्रज्ञा–प्रतिष्ठान गठन गर्ने र सांस्कृतिक भवन निर्माण गर्ने प्रतिबद्धता जनाउनु भएको थियो । अपरान्ह १२ बजेपछि नृत्य प्रशिक्षण तथा कार्यशाला शुरू भएको थियो । यसअन्तर्गत प्रदेश नं. १ मा प्रचलित राई जातिको साकेला नाचबारे विज्ञ नरेन्द्र राईले कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्रमाथि आवश्यक छलफलपछि यस नृत्यको तालबारे दिइएको व्यवहारिक प्रशिक्षणमा २५ जना प्रशिक्षार्थी प्रशिक्षित भए ।

कार्यशालाको दोस्रो दिन राजवंशी जातिको हुधुरधुरा, मैथिलीभाषीको सामाचकेवा र वागमती प्रदेशअन्तर्गत काभ्रे जिल्लाको बनेपा क्षेत्रमा प्रचलित राजारानी नाचबारे तीन सत्र सम्पन्न भए । प्रदेश नं. १ को झापा, मोरङ र सुनसरी जिल्लामा



बसोवास गर्ने राजवंशी जातिको लोकनृत्य हुधुरधुराबारे ओमप्रकाश बस्नेतले अवधारणापत्र प्रस्तुत गर्नु भएको थियो । यस सत्रमा हुधुरधुरा नाचबारे वृत्तचित्र प्रदर्शन र नाच समेत प्रदर्शन गरिएको थियो । मधेस प्रदेशका मैथिली भाषी समुदायले नाच्ने सामाचकेवा नाचबारे ओमप्रकाश बस्नेतले नै कार्यपत्र प्रस्तुत गर्नुभयो । द्वापर युगको पौराणिक कथामा आधारित यस नाचको भेषभूषा, मुद्रा, गरगहना, शृङ्गारको व्यवहारिक ज्ञान नाचको तालबारे प्रत्यक्ष प्रस्तुतीकरण गरी बुझाइएको थियो भने राजारानी नाचबारे मोहन तौजलेले कार्यपत्र प्रस्तुत गर्नुभयो भने । उक्त कार्यपत्रमाथि मुकेश गुरूङ र शारदा थापाले टिप्पणी गर्नुभयो । त्यसै गरी सांस्कृतिक संस्थानका पूर्व महाप्रबन्धक राजेश थापाले नाच अध्ययनबारे मन्तव्य प्रस्तुत गर्नुभयो ।

कार्यशालाको तेस्रो दिनको पहिलो सत्रमा राजारानी नाचसँग सम्बन्धित भेषभूषा तथा नाचका पात्रबारे व्यवहारिक ज्ञान सिकाइएको थियो । यसै गरी दोश्रो सत्रमा काठमाडौँ उपत्यकामा प्रचलित अत्यन्त प्राचीन शास्त्रीय नृत्य चर्या नाचको अष्टमातृका र धिमे नृत्यबारे सुरेन्द्र देशारले कार्यपत्र प्रस्तुत गनुभयो । उक्त सत्रमा तीन प्रकारका अष्टमातृका नृत्यको भिडियो पनि देखाइएको थियो । साथै प्रशिक्षार्थीहरूलाई अष्टमातृका नृत्य प्रशिक्षण गराई प्रदर्शन समेत गरिएको । यस सत्रमा वरिष्ठ नृत्यनिर्देशक कमल राईले अभिमुखीकरण सिकाइबारे महत्त्वपूर्ण मन्तव्य व्यक्त गर्नुभयो ।

कार्यक्रमको चौथो दिन गुरूङ जातिको घाटु, छ्याङ्ङु (सेर्गा) र कृष्णचरित्र (पुटपुटे नाच), झुमडा, बड्का र म्हेन्दोमाया नाचबारे छुट्टाछुट्टै कार्यपत्रहरू प्रस्तुत गरिए । लुम्बिनी प्रदेशअन्तर्गत् रूपन्देही जिल्लाको बिचौवापुरामा बसोबास गर्ने थारू समुदायले दसैंको टिकाको भोलिपल्टबाट १५ दिनसम्म नाच्ने बड्की नाचबारे अनु रजक, बागमती प्रदेशका तामाङ समुदायले नाच्ने म्हेन्दोमाया नाचबारे प्रतिभा पुन मगर, लुम्बिनी प्रदेशअन्तर्गत् कपिलवस्तु तथा रूपन्देहीमा थारू जातिले नाच्ने झुमडा नाचबारे पुनम थापाले अवधारणापत्र प्रस्तुत भयो । गण्डकी प्रज्ञा–प्रतिष्ठानका उपकुलपति प्राज्ञ गोरे गुरूङले गण्डकी प्रदेशका गुरूङ जातिको लोकनाच घाँटुबारे, प्राज्ञ गमबहादुर गुरूङले छ्याङ्ङु (सेर्गा) र कृष्णचरित्र (पुटपुटे नाच) बारे कार्यपत्र प्रस्तुति तथा ढोल बजाई तान्त्रिक विधिबाट छ्याङ्ङु नृत्यको प्रशिक्षण समेत दिनुभयो । गण्डकी प्रज्ञा–प्रतिष्ठानका प्राज्ञ राजबहादुर गुरूङले गुरूङ जातिको परिचय तथा ऐतिहासिक पृष्ठभूमि, संस्कार र संस्कृतिबारे प्रकाश पारेपछि शुरू गरिएको यस दिनको कार्यशालामा नृत्य अनुसन्धान गर्ने तरिकाबार राजेश थापाले प्रकाश पार्नुभयो । त्यसै गरी नेपाली लोकनृत्यहरूको विकासबारे रोचक थापाले पनि मन्तव्य राख्नु भयो ।

यसरी पाँच दिनसम्म चलेको कार्यशालालाई माघ ८ गते समापन गरियो । समापन समारोहमा वरिष्ठ नृत्य निर्देशक कमल राई र रोचक थापालाई प्रज्ञा–प्रतिष्ठानको तर्फबाट प्राज्ञ शर्माले दोसल्ला ओढाई सम्मानित समेत गनुभयो । त्यसै गरी कार्यशालामा सहभागी प्रशिक्षार्थीहरूलाई पनि प्रज्ञा–प्रतिष्ठानको तर्फबाट प्रमाणपत्र वितरण गरिएको थियो ।

# अत्तरियामा लोकनृत्य हुड्केली प्रदर्शन



काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको नृत्य विभागले आ.व. २०७८/७९ ले सुदूर पश्चिम प्रदेशको कैलाली जिल्लाको अत्तरियामा हुड्केली लोकनृत्य प्रदर्शन गऱ्यो । अत्तरिया स्थित राष्ट्रिय लोक सांस्कृतिक प्रतिष्ठान नेपालको सहकार्यमा २०७८ माघ २२ गते शनिबार प्रतिभा सामुदायिक पुस्तकालयको सभाहलमा नृत्य प्रदर्शन गरिएको हो । कार्यक्रममा चिनाराम नेपाली समूहले मौलिक हुड्के नृत्य प्रस्तुत गर्नु भएको थियो भने मोहन आउजी र गीता आउजीले गाथा( गीत) प्रस्तुत गर्नु भएको थियो । त्यसै गरी नृत्य निर्देशक खगेन्द्र नेपालीले हुड्के नृत्य प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा हुड्के नृत्यसम्बन्धी कार्यशाला समेत आयोजना गरियो । कार्यशालामा लेखक निर्मलकुमार भण्डारीले 'डोटेली लोकसंस्कृति र लोकसाहित्यको मनोरञ्जनात्मक लोकनृत्य : हुड्केली' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्रमा भण्डारीले हुड्केली नृत्य र गायन परम्परा लोकसंस्कृति, जातीय काव्य र स्थानीय भाषाको संवाहक मात्र नभएर ऐतिहासिक ज्ञानको स्रोत समेत भएकाले संरक्षण गर्नुपर्ने औँल्याउनुभयो । कार्यपत्रमाथि डा. टि.एन. जोशी र नृत्य निर्देशक खगेन्द्र नेपालीले टिप्पणी गर्नु भएको थियो । कोरोना महामारीका कारण सिमित दर्शकका बीच आयोजना गरिएको उक्त कार्यक्रमलाई सुदूर पश्चिम प्रदेशका सामाजिक सांस्कृतिक मन्त्री लालबहादुर खड्काले हुड्के बाजा बजाएर उद्घाटन गर्नु भएको थियो । मन्त्री खड्काले सभ्य र समृद्ध समाज निर्माणका लागि सङ्गीतको अत्यन्त महत्त्वपूर्ण भूमिका रहने भन्दै हुड्केली नृत्य प्रदर्शन आयोजना गरेकोमा प्रज्ञा-प्रतिष्ठानलाई धन्यवाद ज्ञापन समेत गर्नु भएको थियो । प्रतिष्ठानकी नृत्य विभाग प्रमुख प्राज्ञ नमुना शर्माले सुदूरपश्चिम क्षेत्रमा लोकप्रिय तर समयक्रममा लोप हुने अवस्थामा पुगेको मौलिक नृत्य हुड्केको संरक्षण र प्रचारका लागि कार्यक्रम उपलब्धिमूलक रहेको दाबी गर्नुभयो । कार्यक्रममा विशिष्ट अतिथि सूदुर पश्चिम प्रदेशका सांसदहरु डिल्लीराज पन्त, महेश जोशी, गोदावरी नगरपालिकाका उपमेयर रत्ना कडायत तथा पुस्तकालय अध्यक्ष पुष्पराज जोशीले पनि मन्तव्य राख्नु भएको थियो । प्राज्ञ शर्माको अध्यक्षतामा सम्पन्न कार्यक्रममा गोदावरी नगरपालिका प्रमुख हरिसिंह साउद, राष्ट्रिय शिक्षक सङ्गठन गोदावरीका अध्यक्ष नरेन्द्रराज शर्मा, गोदावरी नगरपालिका वडा नं. १ अध्यक्ष शर्मानन्द भट्ट, वडा नं. २ अध्यक्ष कृष्णराज जोशी, सुदूर पश्चिम प्रदेशका हुड्के गायक/नृत्यकार र स्थानीय कलाकारको उपस्थिति रहेको थियो । नेपाली लोक सांस्कृतिक प्रतिष्ठानकी सचिव गोमा ढकालले सञ्चालन, लोक साहित्य प्रतिष्ठान अध्यक्ष लिलाधर बास्कोटाले स्वागत मन्तव्य राख्नु भएको कार्यक्रममा लोकप्रिय गायक दिर्घ फुलारा, शान्ति फुलाराले देउडागीत समेत प्रस्तुत गरेका थिए ।

# १२० औँ सम जयन्ती मनाइयो

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानले १२० औँ सम जयन्ती माघ २४ गते मङ्गलबारको दिन आफ्नो कार्यालय परिसरमा मनायो । नाट्य सम्राट बालकृष्ण समको जन्म दिनको अवसरमा आयोजित उक्त कार्यक्रममा नाट्य सम्राट समको तश्विरमा माल्यार्पण गरी श्रद्धासुमन अर्पण गरिएको थियो । प्रज्ञा-प्रतिष्ठानका कुलपति श्री नारायणभक्त श्रेष्ठ (रायन)को अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा प्राज्ञसभा सदस्य वरिष्ठ रङ्गकर्मी हरि बहादुर थापाले सम नेपाली नाट्यजगत्का एक आधारस्तम्भ भएको र उहाँकै योगदानका कारण नेपाली नाटक क्षेत्रले हुर्कने र फराकिलो हुने अवसर पाएको बताउनुभयो । प्राज्ञ थापाले नाट्य लेखन, निर्देशन, अभिनय, रङ्गमञ्च आदि नाट्यसम्बन्धी सबै विधामा समले पुऱ्याएको प्रभावशाली योगदान नै आधुनिक नेपाली नाट्यजगत्को आधारभूमि भएको स्पष्ट पार्नुभयो । त्यसै गरी प्राज्ञपरिषद् सदस्य धीरेन्द्र प्रेमर्षिले नाटकको चर्चा हुनासाथ सबैको मस्तिष्कमा बालकृष्ण समको छवि आउनुले नै उहाँको नाटक क्षेत्रमा कति योगदान छ भन्ने कुरा प्रष्ट हुने बताउनुभयो । प्राज्ञ प्रेमर्षिले समजस्ता विराट व्यक्तित्वका प्रतिभाको चर्चा गर्दा सही कामको प्रशंसा मात्र नगरेर आलोचनात्मक चेतले समेत हेर्न सके अझ न्याय हुने बताउनुभयो । सदस्यसचिव श्याम प्रकाश तमोटले समका उपयोगी उक्ति वाचन गर्दै उत्कृष्ट कृतिले मात्र अमर नभएर सादगी जीवन शैलीले पनि सम स्मरणीय रहेको चर्चा गर्नुभयो । कुलपति रायनले समको जन्म जयन्ती भव्यताका साथ मनाउने चाहना हुँदाहुँदै पनि कोभिडका कारण सानो समारोहमा सीमित हुनु परेको बताउनुभयो । कार्यक्रममा प्रतिष्ठानका पदाधिकारी, सभा सदस्य, तथा कर्मचारीको उपस्थिति रहेको थियो ।

# ७ दिने निर्देशन, प्रकाश र ध्वनिसम्बन्धी कार्यशाला सम्पन्न



काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको नाटक विभागले आ.व. २०७७/७८ को स्वीकृत बजेटअन्तर्गत मिति २०७८ साल फागुन १८ गतेदेखि २४ गतेसम्म आरोहण कुरूकुल (कुञ्ज थिएटर) थापागाउँमा ७ दिने नाटक निर्देशन, प्रकाश र ध्वनि प्रशिक्षण कार्यशाला सम्पन्न गर्‍यो । नाटक मञ्चनका लागि रङ्गमञ्चमा अत्यावश्यक प्रकाश र ध्वनि प्रविधिबारे दक्ष कलाकार उत्पादन गर्ने तथा नयाँ र प्रतिभाशाली नाट्य निर्देशक तयार गर्ने उद्देश्यका साथ कार्यशाला आयोजना गरिएको थियो । कार्यशालामा वरिष्ठ रङ्गकर्मी तथा निर्देशक विरेन्द्र हमालले नाटक निर्देशन, राजकुमार पुडासैनीले प्रकाश र आदित्य कटुवालले ध्वनि सम्बन्धी सैद्धान्तिक तथा प्रयोगात्मक प्रशिक्षण दिनु भएको थियो । कार्यशालामा २२ जना प्रशिक्षार्थी सहभागी भएका थिए । कार्यशालालाई सहभागी प्रशिक्षार्थीले प्रज्ञा-प्रतिष्ठानका उपकुलपति हरिहर शर्माज्यूको उपस्थितिमा वरिष्ठ चित्रकार किरण मानन्धरद्वारा सिर्जित चित्रमा आधारित नाटक 'सिमली फूल' मञ्चन गरी समापन गरिएको थियो । कार्यक्रमको संयोजन प्रज्ञा-प्रतिष्ठानका नाटक विभाग प्रमुख प्राज्ञ निशा शर्माले संयोजन गर्नु भएको थियो ।

# सुर्खेतमा सिंगारू नृत्य प्रशिक्षण सम्पन्न



काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको नृत्यविभागद्वारा आ.व. २०७८/७९को स्वीकृत बजेटअन्तर्गत कर्णाली प्रदेशको सुर्खेत जिल्लास्थित सिम्ता गाउँपालिकामा चार दिने सिंगारू नृत्य प्रशिक्षण आयोजना गर्‍यो । २०७८ साल फागुन १९ गतेदेखि २२ गतेसम्म सिम्ता गाउँपालिकाको जामुने बजारमा सञ्चालन गरिएको प्रशिक्षणमा २० भन्दा बढी स्थानीय बालबालिका सहभागी भए ।

सिम्ता गाउँपालिका प्रमुख कविन्द्र केसीले प्रशिक्षणलाई उद्घाटन गर्नु हुँदै सिंगारू नृत्यको संरक्षण, विकास र प्रचारप्रसारमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा गाउँपालिका उपप्रमुख चन्द्रकला शाही र साहित्यकार कोकिलासिंह बिसीले पनि सिंगारू नृत्यबारे महत्त्वपूर्ण भनाइ राख्नु भयो भने प्रा.डा. जीवेन्द्रदेव गिरीले सिम्तामा प्रचलित सिंगारू लोकनाचबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्रमाथि स्थानीय कलाकार, शिक्षक र सिंगारू नृत्यसम्बन्धी विज्ञ टोलीले प्रश्नउत्तर गरी थप सुधार गर्नुपर्ने औँल्याए । यस प्रज्ञा प्रतिष्ठानको नृत्य विभाग प्रमुख प्राज्ञ नमुना शर्माको अध्यक्षतमा सम्पन्न उक्त कार्यक्रमलाई खड्ग भट्टराईले सञ्चालन गर्नु भएको थियो । चार दिनसम्म चलेको प्रशिक्षणमा कुलमान नेपालीले नृत्य, प्रेमदेव गिरीले मादल र खम्बराज अधिकारीले मादल नृत्यको प्रशिक्षण दिनु भएको थियो । सिम्ता गाउँपालिकाको समन्वय रहेको उक्त प्रशिक्षण कार्यक्रमलाई २२ गते एक औपचारिक कार्यक्रमका साथ समापन गरियो । कार्यक्रमका प्रमुखअतिथि सुर्खेत जिल्लाको प्रतिनिधि सभा क्षेत्र नं. १ का सङ्घीय सांसद् ध्रुव कुमार शाहीले कर्णाली क्षेत्रमा अत्यन्त लोकप्रिय मौलिक सिँगारू नृत्यलाई युवा र बालबालिकामा हस्तान्तरण नगरे समयक्रममा लोप हुन सक्ने भन्दै प्रशिक्षण कार्यक्रमले निरन्तरता पाउनुपर्ने बताउनुभयो । प्रशिक्षण संयोजक यस प्रज्ञा-प्रतिष्ठानका नृत्य विभागप्रमुख प्राज्ञ नमुना शर्माले राष्ट्रिय स्तरमा चर्चा कमाएका अनुभवी नृत्य गुरू र नयाँ पुस्ताबीच सिँगारू नृत्यबारे व्यवहारिक तथा सैद्धान्तिक ज्ञानको औपचारिक आदान-प्रदान पहिलो पटक भएको दाबी गर्नुभयो । कार्यक्रममा प्रमुखअतिथि, विशिष्ट अतिथिहरूलाई प्रज्ञा-प्रतिष्ठानको तर्फबाट प्राज्ञ शर्माले मायाको चिनो प्रदान गर्नु भएको थियो भने प्रशिक्षकहरू सम्मान पत्रले सम्मान गरिएको थियो । त्यसै गरी प्रशिक्षार्थीहरूलाई प्रमुखअतिथिबाट प्रमाणपत्र प्रदान गरिएको थियो ।

# ८४औँ अम्बर जयन्ती

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानका संस्थापक कुलपति सङ्गीतज्ञ अम्बर गुरूबको ८४ औँ जन्मजयन्तीको अवसरमा प्रज्ञा-प्रतिष्ठानले यस वर्ष पनि एक समारोह आयोजना गर्‍यो । २०७८ फागुन १४ गते प्रज्ञा-प्रतिष्ठानको प्राङ्गणमा आयोजना भएको कार्यक्रममा सङ्गीतज्ञ गुरूङको तस्वीरमा माल्यार्पण गरी उहाँको सम्झनामा एक मिनेट मौनधारण समेत गरिएको थियो ।

कार्यक्रममा प्रज्ञा-प्रतिष्ठानका प्राज्ञसभा सदस्य प्रदीप कुमार बोम्जनले सङ्गीतज्ञ गुरूङसँग बिताएका अनुभवहरू स्मरण गर्दै उहाँको योगदानबारे चर्चा गर्नु भएको थियो । त्यसै गरी प्राज्ञसभा सदस्य गायक शिशिर योगीले अम्बर गुरूङसँग सङ्गीत सिक्नकै लागि गाउँबाट राजधानी आई १४ वर्षसम्म सङ्गीतको ज्ञान हासिल गरेको बताउनुभयो । प्राज्ञ योगीले अम्बर गुरूङले सिकाएको रत्न शमसेर थापाको शब्द रचना रहेको 'एकान्तमा यो कस्तो खलबल....' बोलको गीत गाएर सुनाउनु भएको थियो ।

कार्यक्रम प्रज्ञा-प्रतिष्ठानका उपकुलपति हरिहर शर्माको सभाध्यक्षमा सम्पन्न भएको थियो । उपकुलपति शर्माले आफ्नो जीवनकालको ३५ वर्ष अम्बर गुरूङसँग नजिक रहेर बिताएको भन्दै नेपाली राष्ट्रगानको सङ्गीत सुनेर जर्मन सङ्गीतकारले उहाँको प्रशंसा गर्दै भेट्न चाहेको भनी चिठी लेखेको पनि स्मरण गराउनु भयो । प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव श्याम प्रकाश तमोटले सहजीकरण गर्नु भएको कार्यक्रममा प्राज्ञपरिषद् सदस्य, प्राज्ञसभासदस्य तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

# प्रसिद्ध भारतीय रङ्गकर्मी अमित बेनर्जीको सात दिने प्रशिक्षण

काठमाडौँ । मिति २०७८ चैत्र ११ गतेदेखि १७ गतेसम्म यस प्रज्ञा-प्रतिष्ठानको रङ्गमञ्च विभागको आयोजनामा International Training of Voice and Speech नामक सात दिने प्रशिक्षण सम्पन्न भयो । कुञ्ज थिएटर थापागाउँमा आयोजना गरिएको उक्त प्रशिक्षणमा भारतका प्रसिद्ध रङ्गकर्मी अमित बेनर्जीले प्रशिक्षण दिनु भएको थियो । प्रज्ञा-प्रतिष्ठानको निमन्त्रणामा अभिनयसम्बन्धी अनुभव सुनाउनुसँगै रङ्गमञ्चका विविध पक्षबारे सिकाउन बेनर्जी भारतको कोलकताबाट काठमाडौँ आउनु भएको थियो । बेनर्जीलाई काठमाडौँ थापागाउँस्थित आरोहण गुरूकुल कुञ्ज थिएटरमा प्रज्ञा-प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन), उपकुलपति हरिहर शर्मा, सदस्यसचिव श्यामप्रकाश तमोट, प्राज्ञ निशा शर्मा र रङ्गकर्मी सुनिल पोखरेलले स्वागत गर्नुभएको थियो ।

चार दसक बढी अभिनय क्षेत्रमा क्रियाशील बेनर्जी भारतका विभिन्न थिएटर, फिल्म र ड्रामा स्कुलमा भिजिटिङ फ्याकल्टीका रूपमा अध्यपन गर्दै आएका छन् । हिन्दी, बंगाली, उर्दूलगायत विभिन्न भाषामा उनका सयौँ नाटक र फिल्म छन् । अमेरिका, बेलायत, जर्मनी लगायतका मुलुकमा आफ्नो प्रतिभा देखाइसकेका उनको अभिनय यात्रा र रङ्गमञ्चबारेको बुझाइबाट नेपाली रङ्गकर्मीले पनि लाभ लिऊन् भनेर प्रशिक्षण आयोजना गरिएको प्रज्ञा-प्रतिष्ठानकी नाट्य विभागप्रमुख निशा शर्मा पोखरेलले बताउनुभयो । उहाँका अनुसार प्रशिक्षणमा काठमाडौँका १४ वटा नाट्य संस्थासँग आबद्ध ३८ जना कलाकारले प्रशिक्षण लिए । बेनर्जीको अभिनयसम्बन्धी अनुभव, कलाकारसँग अन्तर्क्रिया लगायत रङ्गमञ्चीय विविध पक्षबारे विचार आदानप्रदानसहित सात दिन चलेको प्रशिक्षण चैत्र १७ गते समापन गरियो ।

समापन समारोहमा कुलपति रायनले प्रशिक्षक बेनर्जीलाई मायाको चिनो प्रदान गर्नु भएको थियो भने प्रशिक्षार्थीलाई प्रज्ञा-प्रतिष्ठानका कुलपति, सदस्यसचिव श्यामप्रकाश तमोट, प्राज्ञ निशा शर्मा, प्राज्ञ नमूना शर्मा लगायतले संयुक्त रूपमा प्रमाणपत्र प्रदान गर्नु भएको थियो । प्रशिक्षक बेनर्जीले आफू नेपाल आएर सिकाउन पाउँदा ज्यादै खुसी लागेको र आउँदा दिनमा आवश्यक परेको खण्डमा फेरि पनि आउन इच्छुक रहेको बताउनुभयो । कार्यक्रम वरिष्ठ रङ्गकर्मी सुनिल पोखरेलले सहजीकरण गर्नुभएको थियो ।



# लुम्बिनी प्रदेशका लोपोन्मुख जातिका लोकगीत वृत्तचित्र र अनुसन्धानात्मक कृति तयार

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको लोकसङ्गीत विभागले आ.व. २०७८/७९ को स्वीकृत वार्षिक बजेटअन्तर्गत लुम्बिनी प्रदेशमा प्रचलित लोपोन्मुख जातिका लोकगीतहरूको छायाङ्कन कार्य सम्पन्न गऱ्यो । लुम्बिनी प्रदेशका विभिन्न लोपोन्मुख जातिका लोकगीतको छायाङ्कन गरी वृत्तचित्र निर्माण तथा सम्बन्धित गीतको अनुसन्धानात्मक ग्रन्थ समेत तयार गरियो । यसअन्तर्गत गन्धर्व संस्कृतिमा प्रचलित सारङ्गी फुकाउने, बान्ने र भोटको सवाइ गीत र चमार जातिमा प्रचलित हाहाकार बाजा बादन र यस जातिमा प्रचलित गीत गायनको छायाङ्कन गरी वृत्तचित्रको रूपमा अभिलेखीकरण गरिएको हो ।

यससँगै मधेसी समुदायमा प्रचलित र हाल लोपोन्मुख अवस्थामा रहेको अवधि भाषाको लोकगीतको पनि अभिलेखीकरण गरियो । उक्त कार्यको लागि लोक सङ्गीत विभाग प्रमुख प्राज्ञ हरिदेवी



कोइरालाले लुम्बिनी प्रदेशका विभिन्न जिल्लाका स्थानीय संस्कृतिकर्मीसँग छलफल तथा पूर्व तयारीका कार्यक्रम समेत गर्नु भएको थियो भने यस कार्यमा संस्कृतिविद् डा. गोविन्द आचार्य मुख्य अनुसन्धानकर्ता हुनुहुन्थ्यो ।

## मधेसी समुदायको लोकगीत 'विरहा' गीतको छायाङ्कन र स्वराङ्कन




काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको लोकसङ्गीत विभागले आ.व.२०७८/७९ को स्वीकृत बजेटअन्तर्गत लुम्बिनी प्रदेशको कपिलवस्तु जिल्ला र आसपासमा गाइने मधेसी समुदायको लोकगीत 'विरहा' गीतको छायाङ्कन र स्वराङ्कन कार्य सम्पन्न गऱ्यो । मधेसी समुदायमा अत्यन्त प्रचलित विरहा गीत परम्परालाई लामो अध्ययन र अनुसन्धानपछि छायाङ्कन तथा स्वराङ्कन गरिएको प्रज्ञा-प्रतिष्ठानको लोकसङ्गीत विभाग प्रमुख प्राज्ञ हरिदेवी कोइरालाले बताउनुभयो । मिति २०७९ बैशाख १४ गते बुटवलको ओमी स्टुडियोमा कलाकारहरू सत्यनारायण यादव, मनीराम चाई, विक्रम चमार, रामलोटन यादव, रामलोटन चाई, थानेश्वर अधिकारी लगायतको स्वरमा विरहा भाकाको छायाङ्कन र रेकर्ड गरिएको हो । नेपालसँग सिमाना जोडिएका भारतको उत्तरप्रदेश, बिहार तथा झारखण्ड राज्यमा समेत प्रचलन रहेको उक्त गीतको छायाङ्कन र स्वराङ्कनले एक महत्त्वपूर्ण सङ्गीत सम्पदाको संरक्षण, संवर्द्धन र अभिलेखीकरण भएको प्राज्ञ कोइरालाले स्पष्ट पार्नुभयो ।

छायाङ्कन कार्यका लागि लोक दोहोरी प्रतिष्ठान, कपिलवस्तुका अध्यक्ष थानेश्वर अधिकारीले सहजकर्ताको भूमिका निभाउनुभएको थियो । यस कार्यका लागि भजन चुड्का राष्ट्रिय समितिको समेत सहयोग रहेको थियो ।

# स्रष्टा/कलाकारका वृत्तचित्र निर्माण

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानले हरेक वर्ष नेपाली नाट्य तथा सङ्गीत क्षेत्रका वरिष्ठ श्रष्टा तथा कलाकारहरूको वृत्तचित्र निर्माण गर्दै आएको छ ।

अहिलेसम्म नेपाली सङ्गीतका प्रारम्भिक कालका श्रष्टा मास्टर रत्नदास प्रकाशदेखि नेपालको सङ्गीत तथा नाट्य विधाको उन्नयनमा विशेष योगदान पुऱ्याएका एक दर्जन बढी श्रष्टाको वृत्तचित्र निर्माण भइसकेका छन् । जसमा वरिष्ठ स्रष्टाहरू हरिप्रसाद रिमाल, भैरवबहादुर थापा, श्यामदास वैष्णव, तारादेवी, योगेश वैद्य, प्रेमध्वज प्रधान, कुमार बस्नेत, दिलमाया खाती, रूवी जोशी, मिरा राणा लगायत छन् । त्यसै गरी जनवादी सङ्गीतका अग्रणी गायक रामेश र जेबी टुहुरेको पनि वृत्तचित्र निर्माण गरी सकिएको छ । अघिल्लो वर्ष वरिष्ठ स्रष्टा पुष्परत्न तुलाधर र टुहुरेको वृत्तचित्र निर्माण गरेको प्रतिष्ठानले यस वर्ष चर्चित हास्यव्यङ्ग्य कलाकार मदनकृष्ण श्रेष्ठ, रङ्गकर्मी शकुन्तला गुरुङ, बसुन्धरा भूषाल, वरिष्ठ नृत्यविशेषज्ञ तथा नृत्याङ्गना नारायणदेवी प्रधान, र रङ्गकर्मी तथा नेपालको प्रथम नायिका भूवन चन्दको वृत्तचित्र निर्माण गरेको प्रज्ञा-प्रतिष्ठानको श्रव्यदृश्य विभाग प्रमुख उपकुलपति हरिहर शर्माले बताउनुभयो । सम्बन्धित विधामा लामो समय बिताएर खारिएका अग्रज श्रष्टाका वृत्तचित्रले युवा पुस्तालाई सिक्न उत्प्रेरित गराउने र प्रज्ञा-प्रतिष्ठानलाई मार्गदर्शन समेत गर्ने प्रज्ञा-प्रतिष्ठानका सदयसचिव श्यामप्रकाश तमोटले बताउनुभयो । सम्बन्धित कलाकारको अनुभव, त्याग, योगदान र छोटो जीवनकथा समेटिएका बढीमा आधा घण्टा समयभित्रका ती वृत्तचित्रलाई प्रज्ञा-प्रतिष्ठानले आफ्नो आधिकारिक युट्युव च्यानलबाट समेत प्रशारण गर्दै आएको छ ।

# मगर जातिको सेदु, साइँलो र पुर्ख्यौली भाका अभिलेखीकरण सम्पन्न



काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको लोकसङ्गीत आ.व. २०७८/७९को स्वीकृत बजेटअन्तर्गत २०७९ जेठ ११ देखि १४ गतेसम्म म्याग्दी जिल्लाको सदरमुकाम बेनी बजारमा मगर समुदायमा प्रचलित सेदु, साइँलो र अन्य समयमा गाइने पुर्ख्यौली गीतको अभिलेखीकरण कार्य सम्पन्न गऱ्यो ।

उक्त क्षेत्रका मगर सुमदायमा अत्यन्त प्रचलित रहेर पनि हाल लोपोन्मुख हुँदै गएका सेदु, साइँलो र अन्य पुर्ख्यौली गीतको संरक्षणका लागि अभिलेखीकरण गरिएको हो । यसको लागि ती गीतको प्रत्यक्ष रूपमा स्टुडियोमा रेर्कड एवम् छायाङ्कन गरिएको थियो । चार दिनसम्म आयोजित स्वराङ्कन तथा छायाङ्कन कार्यक्रमको सहआयोजना लोक तथा दोहारी गीत प्रतिष्ठान म्याग्दीले गरेको थियो भने मगर समुदाय म्याग्दीले विशेष सहयोगी भूमिका निर्वाह गरेको थियो । अग्रज सर्जक धनकुमारी थापाले सहजीकरण गरेको उक्त कार्यक्रममा म्याग्दीका कलाकारहरू सहभागिता रह्यो ।

म्याग्दी जिल्लाका मगर समुदायमा चैत्र महिनाको उजेली पक्षको पहिलो मङ्गलबारका दिन भूमेपूजा गर्दा सेदु भाका गाउने प्रचलन छ । भूमे पूजा गरी सकेपछि उक्त गीत गाउँदै भूमेको मन्दिर (स्थान) वरिपरि महिला र पुरुषले समूहमा गीत गाउँदै घुम्ने गरिन्छ । अन्नबाली राम्रो होस् र गाउँका सबैलाई शुभ होस् भनी विभिन्न देवी देउताको नाम लिँदै सूर्य, चन्द्र, तारा र प्रकृतिका सबै सिमेभूमेलाई पुकार्ने चलन हुन्छ । पूजामा हाँस्यव्यङ्ग्य रसका गीत गाउने र अभिनय पनि गर्ने गरिन्छ । पूजा सम्पन्न भएपछि घरतिर जाने बेलामा भने साइँलो भाका, भैच साइँलो भाका तथा पूर्ख्यौली भाका गाइने गरिन्छ । यस्ता अमूर्त सम्पदा ताथ संस्कृतिको उचित संरक्षण र प्रवर्द्धनका लागि अभिलेखीकरण गरिएको प्रज्ञा-प्रतिष्ठानकी लोकसङ्गीत विभाग प्रमुख प्राज्ञ हरिदेवी कोइरालाले बताउनुभयो ।

# झापामा पाँच लोपोन्मुख जातिको नृत्य प्रस्तुत




काठमाडौँ । यस प्रज्ञा–प्रतिष्ठानको नृत्य विभागले आ.व. २०७८/७९ स्वीकृत वार्षिक बजेटअन्तर्गत यही २०७९ जेठ १४ गते झापाको बिर्तामोडमा नेपालका पाँच लोपोन्मुख जातिको लोकनृत्य प्रदर्शन कार्यक्रम सम्पन्न गर्‍यो । एभरेष्ट आर्टस् कल्चरले स्थानीय संयोजन गरेको उक्त कार्यक्रममा लोपोन्मुख जाति मुन्डा, उराव, किसान, करूवा र बिर्जाका एक–एक मौलिक लोकनृत्यको परिचय सहित प्रस्तुत गरिएको थियो ।

'लोपोन्मुख मौलिक लोकनृत्य प्रदर्शन' नाम दिइएको उक्त कार्यक्रमलाई संविधानसभा सदस्य दीपक कार्की, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानका सदस्यसचिव श्यामप्रकाश तमोट र नेपाल प्रज्ञा–प्रतिष्ठानकी प्राज्ञसभासदस्य सुभद्रा भट्टराईले लोकबाजा ढोलक तथा नगरा बजाएर उद्घाटन गर्नु भएको थियो ।

नृत्य प्रस्तुतिअघि मुण्डा जातिबारे यस जातिका अभियन्ता विश्वजित मुण्डा, किसान जातिबारे भिम किसान, उराव जातिबारे विनिता उराव, बिर्जा जातिबारे प्रकाश बिर्जा र करूवा जातिबारे सन्तोष करूवाले प्रस्तुत लोकनृत्यको जातिगत सम्बन्ध, सांस्कृतिक पृष्ठभूमि र प्रसङ्गबारे जानकारी दिनु भएको थियो । कार्यक्रममा सहभागी नृत्य प्रशिक्षकहरूले लोपोन्मुख जाति र त्यस जातिका भेषभुषा, संस्कार, संस्कृति, नृत्य र बाजा लगायतका बारे जिज्ञाशा राखेका थिए ।

कार्यक्रममा धरान निवासी नृत्य निर्देशक मणि राईलाई प्रदेश नं. १ क्षेत्रमा नृत्यकला प्रशिक्षणमा विशेष योगदान पुर्‍याएको भन्दै दोसल्ला तथा प्रमाणपत्रले सम्मान गरिएको थियो । त्यसै गरी कार्यक्रममा उपस्थित झापा नृत्य निर्देशकहरूलाई पनि खादा र अबिरले सम्मान गरिएको थियो ।

कार्यक्रममा प्रमुखअतिथि कार्कीले कला, संस्कृति र नृत्यको जगेर्ना गर्नुपर्ने आवश्यकता रहेको चर्चा गर्नु हुँदै संस्कृति, भाषा, नृत्य, कला आदिको निरन्तरताले मात्र कुनै पनि जाति जीवित रहने बताउनुभयो । कार्यक्रमका विशिष्ट अतिथि प्रज्ञा–प्रतिष्ठानका सदस्यसचिव तमोटले प्रज्ञा–प्रतिष्ठानले गरेका कार्यहरू र आगामी कार्ययोजनाबारे प्रकाश पार्नु हुँदै एक थलोमा पाँच वटा लोपोन्मुख जातिका लोकनृत्य प्रस्तुत गरिनु र सम्बन्धित जाति र लोकनृत्यबारे जानकारी समेत प्राप्त गर्नुले ऐतिहासिक महत्त्व राख्ने दाबी गर्नुभयो ।

कार्यक्रममा प्राज्ञसभा सदस्य भट्टराईले पनि महत्त्वपूर्ण कार्यक्रम भनी प्रशंसा गर्नुभयो । कार्यक्रम प्रज्ञा–प्रतिष्ठानकी नृत्यविभाग प्रमुख प्राज्ञ नमुना शर्माको अध्यक्षतामा सम्पन्न भएको थियो । प्राज्ञ शर्माले प्रज्ञा–प्रतिष्ठानले लोपोन्मुख जातिका लोकनृत्य संरक्षण र संवर्द्धनलाई प्राथमकिता राखी कार्यक्रमहरू गर्दै आएको बताउनुभयो । कार्यक्रमका प्रमुखअतिथि कार्कीलाई प्रज्ञा–प्रतिष्ठान तर्फबाट विशिष्ट अतिथि सदस्यसचिव तमोटले मायाको चिनो र प्रमुखअतिथि कार्कीले लोपोन्मुख लोकनृत्य प्रस्तुत गर्ने कलाकारहरूलाई पनि प्रमाणपत्र वितरण गर्नु भएको थियो । कार्यक्रममा एभरेष्ट आर्टस् कल्चरका चन्द्रप्रसाद भट्टराईले स्वागत मन्तव्य राख्नु भएको थियो ।

# तनहुँ नृत्यसम्बन्धी ताल, भेषभूषा र सैद्धान्तिक प्रशिक्षण कार्यक्रम सम्पन्न



काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको नृत्यविभागले आ.व.२०७८/७९ को स्वीकृत बजेटअन्तर्गत मिति २०७९ साल असार ४ गते देखि ७ गतेसम्म गण्डकी प्रदेशको तनहुँ जिल्लाको सदरमुकाम दमौलीमा चार दिने नृत्य सम्बन्धी ताल, भेषभूषा र सैद्धान्तिक प्रशिक्षण सम्पन्न गऱ्यो । गीतल प्रतिष्ठान नेपाल तथा  नाटक मञ्च तनहुँको स्थानीय व्यवस्थापनमा सञ्चालन गरिएको उक्त प्रशिक्षणबाट ४३ जना प्रशिक्षार्थी प्रशिक्षित भएका थिए ।

जिल्ला समन्वय समितिको हलमा असार ४ गते व्यास नगर पालिका प्रमुख बैकुण्ठ न्यौपानेले मादल बजाएर प्रशिक्षणको उद्घाटन गर्नु भएको थियो । प्रज्ञा-प्रतिष्ठानको नृत्यविभाग प्रमुख प्राज्ञ नमुना शर्माको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा नृत्यसम्बन्धी विज्ञ व्यक्तित्व, नृत्य प्रशिक्षक, प्रशिक्षार्थी, तनहुँका जनप्रतिनिधि, संस्कृतिविद्, बुद्धिजीवी, सञ्चारकर्मी एवम् स्थानीय व्यक्तिहरूको उल्लेख्य सहभागिता थियो ।

सो अवसरमा प्रमुखअतिथि न्यौपानेले स्थानीय मौलिक कला संस्कृति संरक्षणको लागि सबै तहका सरकार संवेदनशील हुनुपर्ने बताउनु हुँदै तनहुँका स्थानीय सरकारहरूले पनि प्रज्ञा-प्रतिष्ठानहरू गठन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । उद्घाटन सत्रको समापन लगत्तै भिक्टोरिया डान्स एण्ड एक्टिङ स्कुलको हलमा प्रशिक्षण शुरूवात गरिएको थियो । यस क्रममा गीत/गजल प्रस्तुति, नृत्य प्रशिक्षणबारे मुख्य प्रशिक्षक सुरेन्द्र देसारको मन्तव्य, प्रशिक्षार्थीबाट आवश्यक सुझाव सङ्कलन तथा प्रशिक्षार्थीलाई नृत्य अभ्यास गराउने कार्य गरियो ।

बिहान ७ बजेदेखि १० बजेसम्म पहिलो सत्र र बिहान ११ बजेदेखि बेलुकी सात बजेसम्म दोस्रो सत्र गरी दुई सत्रमा सञ्चालन गरिएको चार दिने प्रशिक्षणमा कुमारी नृत्य, कौडा र धिमे नृत्यको ताल, भेषभुषा र सैद्धान्तिक ज्ञानबारे प्रशिक्षण दिइएको थियो । तनहुँ जिल्लाका विभिन्न विद्यालय र गाउँ तथा नगरपालिकाका प्रशिक्षार्थीले प्रशिक्षणका लागि आवेदन दिएकामा नृत्य प्रशिक्षक सर्जन थापामगर, दीपक राई र बसुन्धरा घर्ती सम्मिलित प्रशिक्षार्थी छनोट समितिले प्रशिक्षार्थीको छनोट गरेको थियो ।

प्रशिक्षणलाई असार ७ गते मगर गुठी समाजको हलमा एक औपचारिक कार्यक्रमको आयोजना गरी समापन गरियो । कार्यक्रमका प्रमुखअतिथि गण्डकी प्रदेशका सदस्य किरण गुरूङले प्रशिक्षार्थीलाई प्रज्ञा-प्रतिष्ठानको तर्फबाट प्रमाणपत्र हस्तान्तरण गर्दै प्रशिक्षार्थीलाई सिकेका ज्ञानलाई व्यवहारमा उतार्न शुभकामना दिनुभयो । प्रशिक्षण संयोजक कार्यक्रमका अध्यक्ष प्राज्ञ नमुना शर्माले चार दिने प्रशिक्षणले प्रशिक्षार्थीमा ठूलो निखार ल्याएको र तनहुँ नृत्य क्षेत्रमा उत्साह र हौसला वृद्धि गरेको भन्दै स्थानीय आयोजक, प्रशिक्षक, प्रशिक्षार्थी तथा प्रशिक्षण सफल पार्न सहयोग पुऱ्याउने सबैलाई धन्यवाद दिनु भएको थियो ।

## 'बहुभाषिक नाट्य उत्सव २०७९' सम्पन्न

# सात दिन सात नाटक मञ्चन भए



काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको नाटक विभागले २०७९ असार १२ गतेदेखि १८ गतेसम्म काठमाडौँको थापागाउँस्थित कुञ्ज थिएटर आरोहण गुरूकुलमा साताव्यापी ' बहुभाषिक नाट्य उत्सव-२०७९' आयोजना गऱ्यो । उत्सवमा सात वटा भाषाका सात नाटक मञ्चन गरिएका थिए ।

नाट्य उत्सवलाई नेपाल प्रज्ञा-प्रतिष्ठानका उपकुलपति डा. जगमान गुरूङ, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव श्यामप्रकश तमोट र नाट्यलेखक प्राध्यापक डा. अभि सुवेदीले संयुक्त रूपमा उद्घाटन गर्नु भएको थियो । उपकुलपति गुरूङले नाट्य उत्सवमा लोपोन्मुख अनि दबिएर रहेका बहुभाषिक नाटकले मञ्च पाउनु सुखद रहेको बताउनुभयो ।

लाप्चा जातिको लोककथामा आधारित 'स्वर्ग जाने बाटो' नाटक मञ्चन गरेर नाट्य उत्सवको सुभारम्भ भएको थियो । लाप्चा उत्थान मञ्चको प्रस्तुति रहेको यस नाटकमा पूर्वी इलाममा बसोवास गर्ने अल्पसङ्ख्यक लाप्चा जातिको इतिहास, सभ्यता, संस्कृति, परम्परा तथा यस जातिको घट्दो जनसङ्ख्याको विषयलाई समेत समिटिएको थियो ।

सोङ्कित लेप्चाले निर्देशन गरेको यस नाटकलाई हेरेपश्चात् प्राध्यापक सुवेदीले लाप्चा रङ्कर्मीको अभिनयलाई खुलेरै तारिफ मात्र गर्नु भएन काठमाडौँमा रहेका नाट्यघरले उनीहरूबाट सिक्नुपर्ने समेत बताउनुभयो । यस प्रज्ञा-प्रतिष्ठानका रङ्गमञ्च विभाग प्रमुख तथा नाट्य उत्सवका संयोजक प्राज्ञ निशा शर्माले विभिन्न जातजाति, भाषाभाषी, धार्मिक एवम् समुदायको समुच्च नै नेपाली राष्ट्र भएको भन्दै सबै समुदायका नागरिकबीच आपसी सहिष्णुता अभिवृद्धि गर्ने हेतुले बहुभााषिक नाट्य उत्सव आयोजना गरिएको स्पष्ट पार्नुभयो । दुई वर्षअघि नै आयोजना गर्ने अन्तिम तयारी गरेको तर कोरोना महामारीका कारण यस वर्ष मात्र नाट्य उत्सवलाई आयोजना गर्न सकिएको पनि शर्माले प्रष्ट पार्नुभयो ।

नाट्य उत्सवको दोस्रो दिन पुरानो घर समूहले महाभारत युद्धपछि राजा परीक्षितको टाउकोमा सुनको रूप लिएर कलियुगले बास गरेको भन्ने धार्मिक कथनलाई समेटिएको थारू भाषाको नाटक 'कनन हरलता' देखाएको थियो । यस नाटकको निर्देशन कुन्दन थारूले गरेका हुन् । त्यस्तै तेस्रो दिन वाम्बुले राई भाषाको नाटक 'सुम्निमा' मञ्चन भयो । वाम्बुले राई समाज, ओखलढुङ्गाको प्रस्तुति रहेको यस नाटकलाई कविराज राईले निर्देशन गरेका हुन् ।

नाटकमा ग्रामीण किराँत समुदायले पितृसत्तात्मक सोच एक निर्दोष नारीमाथि थोपर्दाको परिघटनालाई देखाइएको थियो । उत्सवको चौथो दिन आरोहण गुरूकुलले चाम्लिङ भाषामा 'सेमुना' नाटक मञ्चन गऱ्यो । दिलिप बान्तावाको कथालाई निता राईको निर्देशनमा नाटकका रूपमा देखाइएको थियो । त्यसै गरी पाँचौँ दिन सुम्निमा थिएटरले प्रविण पुमाको निर्देशनमा पुमा भाषामा 'होङ्छा', छैठौँ दिन चुलाचुली रङ्गमञ्चको प्रस्तुति तथा चेतन आङ्थुप्पोको निर्देशनमा लिम्बु भाषाको 'सुविउ चरी' र उत्सवको अन्तिम दिन कर्णाली खस संस्कृति संरक्षण केन्द्रको प्रस्तुति तथा रन्नी बहादुर घर्तीको निर्देशनमा खस भाषाको 'कुटिरो' नाटक मञ्चन भएको थियो ।



यसरी सात दिनमा सात नाटक मञ्चन गर्दै नाट्य उत्सव समापन गरिएको थियो । विभिन्न जाति, भाषा तथा संस्कृतिमा निहित नाट्यपरम्परालाई संरक्षण तथा संवर्द्धन गर्ने उद्देश्यले नाट्य उत्सव आयोजना गरिएको प्रज्ञा-प्रतिष्ठानका कुलपति नारायणभक्त शर्मा (रायन)ले बताउनुभयो ।

# काभ्रेमा तामाङ सेलो नृत्यसम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न




काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको नृत्य विभागले २०७९ साल असार १९ गते वागमती प्रदेशअन्तर्गत काभ्रेपलान्चोकको पाँचखालमा तामाङ सेलो नृत्यसम्बन्धी कार्यशाला सम्पन्न गऱ्यो । पाँचखाल नगरपालिका वडा नं. १३, कोशीदेखास्थित श्रीराम मा.वि.को सभा हलमा तामाङ जातिको मौलिक नृत्य सेलोको ऐतिहासिक पृष्ठभूमिसहित सैद्धान्तिक आधारहरू समेत पहिल्याउने उद्देश्यका साथ उक्त कार्यशाला आयोजना गरिएको थियो ।

प्रज्ञा-प्रतिष्ठानको नृत्य विभाग प्रमुख प्राज्ञ नमुना शर्माका अनुसार तामाङ जाति बाहुल्य रहेको काभ्रे क्षेत्रमा आयोजना गरिएको उक्त सेलो नृत्यसम्बन्धी कार्यशाला अत्यन्त प्रभावकारी र उपलब्धिमूलक रह्यो । कार्यशालामा सेलो नृत्यसम्बन्धी डा. मुक्तसिंह लामाले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । प्रज्ञा-प्रतिष्ठानले डा. लामालाई कार्यपत्र लेखनको जिम्मेवारी एक महिनाअघि नै सुम्पिएको थियो । कार्यपत्रले तामाङ सेलो नृत्य तामाङ जातिको अत्यन्त प्राचीन, मौलिक र तामाङ जातिको अविछिन्न पहिचान भएको उल्लेख गरेको थियो । कार्यपत्रमाथि नेपाल सङ्गीतकर्मी, पेशाकर्मी सङ्घका अध्यक्ष विक्रम मैनाली टिप्पणी गर्नु भएको थियो । स्थानीय संस्कृतिकर्मी, बुद्धिजीवी, जनप्रतिनिधि स्रष्टा, कलाकार र स्थानीयवासीले कार्यशालामा उत्साहजनक सहभागिता जनाएका थिए ।

रेडियो जुगल एफ.एम.बाट प्रत्यक्ष प्रशारण गरिएको उक्त कार्यक्रमलाई सञ्चारकर्मी गंगा लामाले प्रशारण गर्न सहयोग गर्नु भएको थियो । स्थानीय कलाकारहरूले तामाङ सेलो नृत्य प्रस्तुत गरेको उक्त कार्यक्रमलाई गायक, नाटककार तथा सञ्चारकर्मी ईश्वरप्रसाद अधिकारीले तामाङसेलो गाएर थप आकर्षक बनाउनु भएको थियो । उक्त कार्यक्रममा श्रीराम मा.वि.का प्रधानाध्यापक राजमान तामाङले अतिथिहरूलाई खादाले सम्मान प्रकट गर्नु भएको थियो र प्राज्ञ नमुना शर्माले प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित 'प्राज्ञिक संसार' बुलेटिन र 'रङ्गराग' जर्नल श्रीराम मा.वि.का लागि हस्तान्तरण गर्नु भएको थियो । प्राज्ञ शर्माले अध्यक्षता गर्नु भएको कार्यशालालाई ईश्वरीप्रसाद अधिकारीले सहजीकरण गर्नु भएको थियो ।

# प्रज्ञा-पाठशाला सङ्गीत सङ्गत कार्यक्रममा १७ जना नारी सङ्गीतज्ञको बेजोड वृन्दवादन

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको आयोजनामा यही २०७९ भाद्र ६ गते राजधानीमा लोक शास्त्रीय सङ्गीत सम्वन्धी प्रज्ञा-पाठशाला सङ्गीत संगत शृङ्खला -१ सम्पन्न भयो । पाठशाला नेपालको सहकार्यमा नयाँ वानेश्वरीस्थित पाठशाला नेपालकै मदनकृष्ण प्रेक्षालयमा कार्यक्रम भएको हो । कार्यक्रमको क्रममा १७ जना महिलाहरूको समूहले वृन्दवादन प्रस्तुत गर्नुभएको थियो । उक्तसमूहमा सात वर्षीया नुर श्रेष्ठदेखि ७२ वर्षीया वीणा प्रधानसम्मले सुमधुर प्रस्तुति दिनु भएको थियो । त्यस्तै अच्युतराज भण्डारी सङ्गीत प्रतिष्ठानका भण्डारी परिवारले शास्त्रियसङ्गीत प्रस्तुत गर्नुभयो ।

नेपाल सङ्गीत तथा नाटय प्रज्ञा-प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)को समुपस्थितिमा भएको कार्यक्रममा संयोजक तथा परम्परागत तथा शास्त्रीय सङ्गीत विभाग प्रमुख धीरेन्द्र प्रेमर्षीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै थप तयारीका साथ कार्यक्रमलाई मासिक रुपमा आयोजना गर्ने जानकारी गराउनुभयो । शास्त्रीय सङ्गीत समाजका महासचिव गोकुल लिम्बु, सिस्नुपानी नेपालका अर्जुन पराजुली, रामप्रसाद ज्ञवाली लगायतले शास्त्रीय सङ्गीतको महत्त्वबारे चर्चा गर्नुभयो । कार्यक्रमलाई समापन गर्दै कुलपति रायनले शास्त्रीय सङ्गीतको परीक्षा प्रज्ञा-प्रतिष्ठानको पहलमा शास्त्रीय सङ्गीत समाज नेपालसँगको सहकार्यमा नेपालमै सञ्चालन गरी प्रमाणपत्र वितरण गर्ने योजना सुनाउनुभयो ।



## शास्त्रीय सङ्गीत उत्सव २०७९

# परम्परा... एक शुरूआत कार्यक्रम

यस प्रज्ञा-प्रतिष्ठानको शास्त्रीय तथा परम्परागत सङ्गीत विभागले आ.व. २०७८/७९ को स्वीकृत बजेटअन्तर्गत अन्तर्राष्ट्रिय सङ्गीत दिवस (२१ जून) को अवसर पारेर यही मिति २०७९ असार ७ गते काठमाडौँको रूसी सांस्कृतिक केन्द्रमा शास्त्रीय सङ्गीत उत्सव २०७९ परम्परा...एक शुरूआत कार्यक्रम सम्पन्न गऱ्यो ।




प्रज्ञा-प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन) अध्यक्ष र नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा-पुरस्कारबाट सम्मानित वरिष्ठ शास्त्रीय सङ्गीतज्ञ मोहनप्रसाद जोशी प्रमुखअतिथि रहनुभएको उक्त कार्यक्रममा नेपाल शास्त्रीय सङ्गीत समाजका अध्यक्ष धनबहादुर गोपाली, त्रि.वि. ललितकला केन्द्रीय विभाग प्रमुख सङ्गीता प्रधानले, वरिष्ठ सङ्गीतज्ञ प्रा.डा. ध्रुवेशचन्द्र रेग्मी, ललितकला केन्द्रीय क्याम्पसका प्राचार्य डा. रमेश पोखरेल विशिष्ट अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो । प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव श्यामप्रकाश तमोट, प्राज्ञपरिषद् सदस्य र प्राज्ञसभा सदस्यहरु, वरिष्ठ सङ्गीतकार प्रकाश गुरूङ, वरिष्ठ शास्त्रीय सङ्गीतज्ञ श्रीराम आचार्यलगायतका नेपाली सङ्गीत जगतका मूर्धन्य स्रष्टा/साधकहरूको बाक्लो उपस्थिति रहेको थियो ।

प्रमुखअतिथि जोशीले जलतरङ्ग बजाएर तथा अध्यक्ष रायनले हारमोनियम बजाएर उद्घाटन गर्नु भएको उत्सवमा प्रज्ञा-प्रतिष्ठानको शास्त्रीय तथा परम्परागत सङ्गीत विभाग प्रमुख प्राज्ञ धीरेन्द्र प्रेमर्षिले स्वागत मन्तव्य राख्नु हुँदै शास्त्रीय सङ्गीत क्षेत्रमा रहेको गुरू-शिष्य परम्परालाई उजागर गर्ने र यस प्रकृतिको भावना तथा सहकार्यलाई समेत टेवा पुऱ्याउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताउनुभयो । उत्सवको प्रारम्भिक चरणमा अध्यक्ष, प्रमुखअतिथिलगायतका अतिथिहरूले नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान र नेपाल शास्त्रीय सङ्गीत समाजबाट संयुक्त प्रकाशित सङ्गीत सङ्गीत शिक्षा पाठ्यक्रम पुस्तकको समेत लोकापर्ण गरियो । नेपाल शास्त्रीय सङ्गीत समाजका अध्यक्ष धनबहादुर गोपालीले सो पुस्तकबारे प्रकाश पार्दै नेपाली शास्त्रीय सङ्गीतकर्मीहरूको प्रशिक्षण र परीक्षा नेपालमै हुने वातावरण बनाउन यस पुस्तकले सहयोग बताउनुभयो ।

कार्यक्रममा कलाकारहरूको विभिन्न समूहले लोक शास्त्रीय गायन, सुर-वादन, शास्त्रीय गायन, तबला वादन, ध्रुपद गायन, बाँसुरी वादन र शास्त्रीय नृत्य प्रस्तुत गर्नु भएको थियो । करिब ६ घन्टासम्म चलेको कार्यक्रममा प्रस्तुति दिने कलाकारहरूलाई कार्यक्रमअध्यक्ष कुलपति रायन र प्रमुखअतिथि जोशीबाट प्रशंसापत्र प्रदान गरिएको थियो । प्रमुखअतिथि जोशीले प्रज्ञा-प्रतिष्ठानले पछिल्लो समयमा विविध गतिविधिका माध्यमबाट शास्त्रीय सङ्गीतको क्षेत्रमा सकारात्मक तरङ्ग ल्याएको विचार व्यक्त गर्नुभयो । कुलपति रायनले भइरहेको परम्परालाई संरक्षण गर्दै नयाँ परम्पराहरूको थालनी गर्न प्रतिष्ठान क्रियाशील रहेको स्पष्ट पार्नुभयो । उहाँले लोकार्पित सङ्गीत शिक्षा पाठ्यक्रमबाट नेपाली सङ्गीत प्रशिक्षणको क्षेत्र यथेष्ट लाभान्वित हुने विश्वास पनि व्यक्त गर्नुभयो ।

नेपाल टेलिभिजनको सहकार्य रहेको उक्त कार्यक्रमलाई नेपाल टेलिभिजनले प्रत्यक्ष प्रसारण गरेको थियो । साथै कार्यक्रम आयोजनामा नेपाल शास्त्रीय सङ्गीत समाजको साहचर्य रहेको थियो ।





# 'नेपाली आधुनिक सङ्गीतमा १०० वर्ष' कार्यक्रम सम्पन्न



काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको सङ्गीत विभागको आयोजनामा यही मिति २०७९ पौष ९ गते गण्डकी प्रदेशको राजधानी पोखरास्थित बराहिघाटमा 'नेपाली आधुनिक सङ्गीतमा १०० वर्ष' साङ्गीतिक कार्यक्रम सम्पन्न भयो । नेपाली आधुनिक सङ्गीतले एक सय वर्ष पार गरेको सन्दर्भमा आयोजित उक्त कार्यक्रमलाई यस प्रज्ञा-प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले प्रमुखअतिथिको आसनबाट उद्घाटन गर्नु भएको थियो ।

नेपाली आधुनिक इतिहासबारे महत्त्वपूर्ण जानकारी सम्प्रेषण गर्दै विभिन्न साङ्गीतिक प्रस्तुति समेत रहेको उक्त कार्यक्रम एक घण्टा ३० मिनेट सञ्चालन गरिएको थियो ।

प्रज्ञा-प्रतिष्ठानका सङ्गीत विभाग प्रमुख प्राज्ञ अशोककुमार राईको कार्यक्रमको अध्यक्षता गर्नु हुँदै नयाँ पुस्तालाई नेपाली सङ्गीतको ऐतिहासिक पृष्ठभूमिसहित यस कालखण्डमा कस्ता-कस्ता गीत सृजना भए, को-को गायक सङ्गीतकार जन्मिए भन्ने स्मरण गराउने उदेश्यका साथ 'नेपाली आधुनिक सङ्गीतमा १०० वर्ष' कार्यक्रम प्रदर्शन गरिएको बताउनुभयो । प्राज्ञ राई प्रज्ञा-प्रतिष्ठानमा आफ्नो कार्यकाल सकिनै लागे पनि अन्य सङ्घसंस्थासँग सहकार्य गरी सातै प्रदेशमा यस कार्यक्रमलाई लैजाने पनि बताउनुभयो ।

कार्यक्रमका प्रमुखअतिथि कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले स्थानीय व्यावस्थापनका लागि गण्डकी प्रज्ञा-प्रतिष्ठानलाई तथा सहभागी सम्पूर्ण कलाकारहरूलाई हार्दिक धन्यवाद दिनु हुँदै यस्तो कार्यक्रम सातै प्रदेशमा प्रदर्शन गरिने समेत बताउनुभयो । उहाँले यस्तो ऐतिहासिक कार्यक्रममा हातेमालो गर्न पाएकोमा गौरवान्वित महसुस भएको र आगामी दिनमा पनि दुई संस्थाबिच सहकार्य हुने विश्वास व्यक्त गर्नुभयो ।

स्थानीय व्यवस्थापक गण्डकी प्रज्ञा-प्रतिष्ठान कुलपति सूर्य खड्का 'बेखर्ची' यस कार्यक्रमको विशेष अतिथि हुनुहुन्थ्यो भने गण्डकी प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव मनकुमार श्रेष्ठले यस कार्यक्रमलाई सञ्चालन गर्नु भएको थियो । कार्यक्रममा नेपाल सङ्गीत तथा नाट्य-प्रज्ञाप्रतिष्ठानका सदस्यसचिव श्याम प्रकाश तमोट, कार्यक्रमका आलेख लेखक बुलु मुकारूङ प्राज्ञ हरिदेवी कोइराला, प्राज्ञ प्रजापति पराजुली, पोखरा प्रज्ञा-प्रतिष्ठानका कुलपति पद्मराज ढकाल, गण्डकी प्रज्ञा-प्रतिष्ठानका उपकुलपति गोरे गुरूङ, नेवा खलका अध्यक्ष अशोक पालिखे लगायत विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

२९ वटा प्रस्तुति रहेको उक्त कार्यक्रममा तरेली सांस्कृतिक परिवारका नृत्य कलाकारले नेपाली चलचित्रको साङ्गीतिक इतिहासलाई सम्बोधन गर्दै चलचित्र माइतिघरबाट 'वसन्त नै बस्न खोज्छ' र चलचित्र प्रेमपिण्डबाट 'गैरी खेतीको शिरै हान्यौं' बोलको गीतमा नृत्य प्रस्तुति गर्नु भएको थियो ।



कार्यक्रममा नेपाली आधुनिक सङ्गीतका सदावहार गीतिसृजनाहरूलाई कुन्ती मोक्तान, भिषण मुकारूङ, निसा देसार, दुर्गा परियार, सञ्जय तुम्रोक, साजन राई, रूपक चौधरीले प्रस्तुत गर्नुभयो भने शिला बहादुर मोक्तान, मनोहर सुनाम, भरत नेपाली, भरत बुढाथोकी, गोपाल देव घतानी, धन बहादुर गुरूङ, नरेश प्रजापति, पोषण घर्तीले वाद्यवादनमा साथ दिनुभयो ।

# दरै समुदायको फुलोवा लोकगीतको छायाङ्कन तथा स्वराङ्कन सम्पन्न



काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको लोकसङ्गीत विभागले आ.व.०७९/०८० को बार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत लोपोन्मुख जाति दरै समुदायको पितृहरूलाई चोख्याउने, फुलपाती भित्राउने संस्कार गीत फुलोवाको छायाङ्कन र स्वराङ्कन सम्पन्न गरेको छ । लोपोन्मुख दरै जातिको गीत संस्कृति संरक्षण गर्ने उद्देश्यले व्यास नगरपालिका १ भादगाउँमा रहेको दरै समाजको भवन परिसरमा उक्त छायाङ्कन तथा स्वराङ्कन गरिएको हो ।

कार्यक्रमको पूर्व तयारी स्वरूप २०७९ मङ्सिर २० र २१ मा बृहत् छलफल गरी छायाङ्कन र स्वराङ्कन कार्य पौष १ गते आयोजना गरिएको थियो । दरै समाज तनहुँको सहकार्य रहेको उक्त कार्यक्रममा सबै फूलहरूको नाम भन्दै आफ्ना पितृहरूलाई मुक्तिको कामना सहितको परम्परागत, धार्मिक लोकगीत र संस्कार संस्कृतिको प्रदर्शन गरिएको थियो । विशेष गरेर गण्डकी प्रदेशमा रहेका दरै जातिहरूको आफ्नै परम्परागत, धार्मिक, सांस्कृतिक परिचय छ । यो जाति तनहुँ, गोर्खा, नवलपरासी आदि स्थानमा रहेको पाइन्छ । भूगोलका आधारमा यस जातिको पहिचान एकनासको पाइँदैन । तनहुँ र आसपासमा रहेका दरै समुदायहरूको संस्कार गीतसम्बन्धी व्यापक छलफल भई फूलपाती भित्राउने गीतलाई अभिलेखीकरण दस्तावेजको लागि छनोट गरिएको प्रज्ञा-प्रतिष्ठानकी लोकसङ्गीत विभाग प्रमुख प्राज्ञ हरिदेवी कोइरालाले बताउनुभयो । दरै समुदायका काव्यकार तथा अग्रज व्यक्तिको उपस्थितिमा सो कार्यक्रम आयोजना भएको थियो । कार्यक्रममा दरै समाजका अध्ययक्ष चन्द्रबहादुर दरैले आफ्नो जातिको ऐतिहासिक, धार्मिक, सामाजिक एवम् सांस्कृतिक पक्षका बारेमा बोल्नु भएको थियो ।



# जनकपुरमा एक दिने जटजटिन नृत्यसम्बन्धी सङ्गोष्ठी सम्पन्न




काठमाडौँ । यस प्रज्ञा–प्रतिष्ठानको नृत्य विभागद्वारा मधेस प्रदेशको राजधानी जनकुपुरमा यही मिति २०७९ पौष ४ गते जटजटिन नृत्यसम्बन्धी एक दिने सङ्गोष्ठी सम्पन्न गऱ्यो । मिथिला क्षेत्रको अत्यन्त लोकप्रिय लोकनृत्य जटजटटिनसम्बन्धी उक्त सङ्गोष्ठीलाई मधेश प्रज्ञा–प्रतिष्ठानका उपकुलपति रामभरोस कापडीले प्रमुखअतिथिका रूपमा उद्घाटन गर्नु भएको थियो ।

सङ्गोष्ठीमा जटजटिन नृत्यसँग जोडिएका सामाजिक तथा सांस्कृतिक विषयवस्तुमा विद्वत् वर्गबाट प्रकाश पारिनुका साथै नृत्य समेत प्रस्तुत गरिएको थियो । सङ्गोष्ठीलाई सम्बाधन गर्ने क्रममा उपकुलपति कापडीले मिथिलाको प्राचीन नृत्य जटजटिनले दिएको सन्देशका विषयमा प्रकाश पार्दै यसको संरक्षणमा कलाकारहरूले गरेको कामको प्रशंसा गर्नुभएको थियो । कार्यक्रममा साहित्यकार रोशन जनकपुरीले जटजटिन नृत्यको परम्परा तथा प्रयोग विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो भने प्रस्तुत कार्यपत्रमाथि साहित्यकार एवम् त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक श्याम सुन्दर शशीले टिप्पणी गर्नुभएको थियो । सङ्गोष्ठीका संयोजक तथा प्रज्ञा–प्रतिष्ठानकी नृत्य विभाग प्रमुख नमुना शर्माले मिथिला क्षेत्रको इतिहास, लोक संस्कृति, परम्परा तथा नृत्य निकै प्राचीन रहेको र यसको संरक्षणका लागि प्रज्ञा–प्रतिष्ठान तत्पर रहेको बताउनु भएको थियो । कार्यक्रममा सम्बन्धित समुदायले जटजटिन नृत्य प्रस्तुत गरेका थिए । कार्यक्रममा मैथिली गीतका गीतकार सुनिल मल्लिक, सङ्गीतकार अशोक दत्त, हिमांशु चौधरी, सुजित झा तथा कवि काशीकान्त झा सहितका साहित्यकार, कलाकार, नर्त, नृत्याङ्गनाहरूको उपस्थिति रहेको थियो । रामानन्द चोकस्थित सीता प्यालेसमा आयोजित कार्यक्रमको सहजीकरण गायक नवीन मिश्रले गर्नुभएको थियो ।

# 'डँगौरा थारूको लोकगीत' पुस्तक प्रकाशित

काठमाडौँ । लुम्बिनी प्रदेशको दाङ जिल्ला तथा आसपासका जिल्लामा समेत आदिकालदेखि बसोबास गर्दै आएको डँगौरा थारू जातिको लोकगीतसम्बन्धी अनुसन्धानात्मक पुस्तक 'डँगौरा थारूको लोकगीत' पुस्तक प्रकाशित भएको छ ।




अनुसन्धाता डा. गोविन्द आचार्य ले आ.ब २०७८/७९ मा यस प्रज्ञा–प्रतिष्ठानको लोकसङ्गीत विभागको अनुसन्धान परियोजनाअन्तर्गत तयार पार्नु भएको अनुसन्धान पत्रलाई प्रतिष्ठानले पुस्तकको रूप दिई प्रकाशन गरेको हो । यस पुस्तकलाई पाँच अध्यायमा विभाजन गरी प्रस्तुत गरिएको छ । अध्याय एकमा थारू जातिको परिचय, दुईमा डँगौरा थारूको सांस्कृतिक जीवन, तीनमा डँगौरा थारू समुदायमा प्रचलित लोकगीतको परिचय, चारमा डँगौरा थारू समुदायको लोकगीतको विश्लेषण र पाँचमा निष्कर्ष उल्लेख गरिएको छ ।

लोक सङ्गीत विभाग प्रमुख प्राज्ञ हरिदेवी कोइरालाले जनसङ्ख्याको दृष्टिले चौथो स्थानमा रहेको थारू जातिभित्र डँगौरा, देउखुरिया, लालपुरिया, चितौनिया, पूर्वीया, कठरिया, डेशौरया, राना आदि समुदायहरू रहेको बताउनु हुँदै तीमध्य डँगौरा थारू समुदायको विशिष्ट स्थान रहेको बताउनुभयो ।

# मुकुन्डो नृत्य प्रस्तुति २०७९ काठमाडौंमा सम्पन्न




काठमाडौं । यस प्रज्ञा-प्रतिष्ठानको नृत्य विभागको आयोजनामा यही मिति २०७९ मङ्सिर २१ गते बुधबार 'मुकुण्डो नृत्य प्रस्तुति-२०७९' सम्पन्न भयो । काठमाडौँ नक्सालस्थित प्रज्ञा-प्रतिष्ठानको प्राङ्गणमा आयोजित उक्त नृत्य प्रस्तुति कार्यक्रमलाई वरिष्ठ नृत्यगुरू भैरवबहादुर थापाले उद्घाटन गर्नु भएको थियो । कार्यक्रममा मकुण्डो नृत्य प्रस्तुतिका साथै नृत्यबारे दुई कार्यपत्र समेत प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा मुकुण्डो नृत्य विशेषज्ञ डा. पुरूषोत्तमलोचन श्रेष्ठले 'नेपाल मण्डलका परम्परित मुकुण्डो नाच : विगत र वर्तमान' शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नुभयो भने वरिष्ठ संस्कृतिकर्मी गणेशराम लाछीले 'नेपालको अमूर्त सम्पदा मुकुण्डो नृत्य आजको अवस्था' शीर्षकमा तयार पार्नु भएको आलेख वाचन गर्नु भएको थियो । दुवै कार्यपत्र प्रस्तोताले ढुङ्गे युगयता शिकार, सुरक्षा, युद्ध, उत्सव, मनोरञ्जन र रङ्गमञ्चमा प्रयोग हुँदै आएको मुकुण्डो विस्तारै दैवत्व प्रतिष्ठापित एवम् संस्कारगत दैवीमुकुण्डो नाचका रूपमा विकसित भएको चर्चा गर्नुभयो । प्राचीनकालदेखि शुरूवात भई किरातकाल, लिच्छवीकाल हुँदै मल्लकालमा काठमाडौँ, भक्तपुर, ललितपुरका विभिन्न स्थानमा व्यापक लोकप्रियता पाउँदै आएका मातृदेवताप्रधान मुकुण्डो नाचहरूको संरक्षणको लागि दुवै कार्यपत्र प्रस्तोता राज्यको ध्यानाकर्षण समेत गराए । कार्यपत्र प्रस्तुत गर्ने क्रममा कार्यपत्र प्रस्तोता श्रेष्ठ र लाछीले मुकुण्डो जस्ता सम्पदाको संरक्षणको लागि स्थायीस्रोतका रूपमा मल्लकालदेखि विकसित गुठीजग्गाको संरक्षण गर्नुपर्ने, मुकुण्डो निर्माण गर्ने र मुकुण्डो नाच सञ्चालन गर्ने समुदायको शिक्षादीक्षाको लागि सरकारले उपयुक्त प्रवन्ध मिलाउनुपर्ने, गुठी संस्थान लगायत स्थानीय सरकारबाट स्थायी आयस्ताका लागि 'ट्रष्ट'को व्यवस्था गर्नुपर्ने सुझाव पनि पेश गर्नुभयो ।




कार्यक्रममलाई उद्घाटन गर्ने क्रममा प्रमुखअतिथि वरिष्ठ नृत्यगुरू भैरवबहादुर थापाले मुकुण्डो नृत्य मानव जातिले भाषाको विकास गर्नुअघि आफूलाई अभिव्यक्त गर्ने माध्यमका रूपमा विकास गरेको बताउनुभयो । कार्यक्रममा अर्का वक्ता नेपाल प्रज्ञा-प्रतिष्ठानका कार्यवाहक कुलपति डा. जगमान गुरूङले नेपालमा विकसित मुकुण्डो नृत्य तिब्बतसम्म विस्तार भएको चर्चा गर्नु हुँदै मुकुण्डो माटो वा धातुबाट मात्र नभई बाँसबाट बन्ने नाङ्लोमा आकृति बनाएर पनि निर्माण गर्ने गरिएको इतिहास रहेको बताउनुभयो ।

कार्यक्रममा काठमाडौं उपत्यकामा प्रचलित चार प्रकारका मुकुन्डो नृत्य प्रस्तुत गरिएको थियो । काठमाडौं हाँडीगाउँबाट नरनेवा मङ्का खलःले लाखे नृत्य प्रस्तुत गरेको थियो । जसमा २१ जना कलाकारहरूले आफ्नो प्रस्तुति दिएका थिए । त्यसै गरी भक्तपुरबाट मुक्ति सङ्गीत प्रशिक्षण केन्द्रले महाकाली नृत्य प्रस्तुत

गरेको थियो जसमा २२ जना कलाकार हरूले परम्परागत भेषभूषा सहितको महाकाली नृत्य प्रस्तुत गरे । भक्तपुरबाट विनायक स्कुलले नृत्य कलाकार तथा वाद्यवादक सहित १७ जना कलाकारहरू सम्मिलित अष्टमातृका नृत्य प्रस्तुत गरे । काठमाडौंको पिस कल्चर ग्रुपका २ जना कलाकारले भैरव काली नृत्य प्रस्तुत गरे । कार्यक्रमलाई सम्बोधन गर्दै सभाध्यक्ष कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले नेपाली मौलिक कलाहरूको संरक्षण र प्रवर्द्धनमा प्रज्ञा-प्रतिष्ठान लागि परेको बताउनुभयो । प्रज्ञा-प्रतिष्ठानकी नृत्य विभाग प्रमुख प्राज्ञ नमुना शर्माको संयोजन र सहजीकरण रहेको उक्त कार्यक्रममा सदस्यसचिव श्यामप्रकाश तमोटले स्वागत मन्तव्य राख्नु भएको थियो । सो क्रममा सदस्यसचिव तमोटले २०७७ साल



वैशाख ३० गते आयोजना गर्ने तयारी गरिए पनि कोरोना महामारीका कारण स्थगित हुन गएको मुकुण्डो उत्सवलाई सङ्क्षिप्त रूपमा भए आयोजना गरिएको स्पष्ट पार्नु भएको थियो । कार्यक्रमको अन्त्यमा कार्यपत्र प्रस्तोता तथा कलाकारहरूलाई सभाध्यक्ष तथा प्रमुखअतिथिले कदर पत्र तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो । कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठान, ललितकला प्रज्ञा प्रतिष्ठान र सङ्गीत नाट्य प्रज्ञा प्रतिष्ठानका पदाधिकारी, वरिष्ठ नृत्यकर्मी, नाट्यकर्मी, सङ्गीतकर्मीहरूको उपस्थिति रहेको थियो ।

# वरिष्ठ सर्जक प्रेमदेव गिरीसँगको अन्तर्वार्ता छायाङ्कन सम्पन्न

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको लोक सङ्गीत विभागले लोक तथा दोहोरी गीत क्षेत्रका अग्रज स्रष्टा/सर्जकहरूको व्यक्तित्व तथा कृतित्व सहितको अन्तर्वार्ता छायाङ्कन गर्ने कार्यक्रम अनुरूप कर्णाली प्रदेशको सुर्खेत निवासी वरिष्ठ लोकप्रिय लोकगीत सङ्कलक/गायक, अभिनेता तथा वाद्यवादक प्रेमदेव गिरीसँगको अन्तर्वार्ता छायाङ्कन सम्पन्न गरेको छ । यही मङ्सिर २० गते सुर्खेतस्थित उहाँकै निवासमा व्यक्तित्व तथा कृतित्व सहितको अन्तरवार्ता छायाङ्कन सम्पन्न गरिएको हो ।



अग्रज साहित्य साधक एवम् शिक्षासेवी गंगा जि.सीले स्रष्टा गिरीसँग अन्तर्वार्ता लिनुभएको थियो भने उक्त अन्तर्वार्ता छायाङ्कन कार्यको सहजीकरण लोक तथा दोहोरी गीत प्रतिष्ठान कर्णाली र सुर्खेत जिल्ला शाखाका टीकाराम चापागाँइ र चन्द्रमन्दिर मगरले गर्नुभएको थियो ।

'सरर मलेवा घुम्छ बादलमूनि मायालै, चट्ट नजर खाँखीमा माया कलेजीमा मायालै...', 'सुर्खेतमा सालीना बलबुले ताल, मन तरूनो सालिना ज्यान बुढो यो साल...' जस्ता गीतका सर्जक प्रेमदेव गिरीका व्यक्तित्व र कृतित्व झल्काउने वृत्तचित्र तयार पारी श्रष्टाको सिर्जना, सिर्जनशैली एवम् जीवनका बारेमा जानकारीमूलक अभिलेख तयार पार्ने उद्देश्यले अन्तर्वार्ता छायाङ्कन गरिएको लोकसङ्गीत विभाग प्रमुख प्राज्ञ हरिदेवी कोइरालाले बताउनुभयो ।

# '...गच्छामी' नाटक प्रदर्शन



काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको रङ्गमञ्च विभागद्वारा यही २०७९ पुस ११ गते सोमबार साँझ ५ बजे कुञ्ज नाटकघर, थापा गाउँ काठमाडौँमा '...गच्छामी' नाटक प्रदर्शन गरियो । बुद्धसम्बन्धी विभिन्न पुस्तकहरूलाई आधार बनाएर तयार गरिएको यस नाटकको परिकल्पना तथा निर्देशन वरिष्ठ नाट्यकर्मी सुनिल पोखरेलले गर्नु भएको हो ।

यस प्रज्ञा-प्रतिष्ठानकी रङ्गमञ्च विभाग प्रमुख निशा शर्मा पोखरेलले नाट्य विधाको संरक्षण एवम् विस्तार गर्ने, चेतना अभिवृद्धि गर्ने र प्रोत्साहन गर्ने प्रयत्न स्वरूप तयार गरिएको यस नाटकले शाक्यमुनि बुद्धका परिवारले बुद्धलाई बुद्ध बनाउन गरेको योगदानलाई देखाउन खोजेको बताउनुभयो । उहाँका अनुसार शाक्यमुति बद्ध जन्मिएको लुम्बिनी, कपिलबस्तु लगायतका क्षेत्र, बुद्धका प्रमुख शिष्यहरू र परिवारबारे एक महिना अथक परिश्रमपछि नाटक तयार गरिएको हो । लेखक पुण्यप्रसाद प्रसाईको पुस्तक 'गौतम बुद्ध'लाई मूल आधार मानिएको यस नाटकमा यशोधाराको एकालाप चर्चित लेखक सि.के. लालले लेख्नु भएको र नाटकका पात्रका कतिपय संवाद कलाकारहरू आफैँले तयार गरेको पनि प्राज्ञ पोखरेलले बताउनुभयो ।

आरोहण गुरूकुलको प्रस्तुतिमा वीरेन्द्र हमालको सहनिर्देशन रहेको यस नाटकमा सुनिशा बजगाईँ, राज न्यापौने, सुवास तिमल्सिना, राजेन्द्र कट्टेल, सौजन लिम्बु, मोहन राई, एलिजा तुम्बापो, आशीष घिमिरे, केशब शाही, विश्वास मानन्धर, आकांक्षा केसी, प्रतिज्ञा भण्डारी लगायतका कलाकाहरूको अभिनय रहेको छ ।

सोमबार मञ्चन हेरिसकेपछि यस प्रज्ञा-प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले नाटक अत्यन्त राम्रो बनेको भन्दै निर्देशक, कलाकार तथा रङ्गमञ्च विभाग प्रमुख प्राज्ञ शर्माको प्रशंसा गर्नु भएको थियो ।

# लुम्बिनीमा अभिनय तथा निर्देशन कार्यशाला

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको रङ्गमञ्च विभागले यही मिति २०७९ साल कात्तिक २१ गतेदखि २८ गतेसम्म लुम्बिनी प्रदेशअन्तर्गत लुम्बिनी सांस्कृतिक नगरपालिकामा सम्पन्न गऱ्यो । लुम्बिनी पिस होटलको सभाकक्षमा ३ दिन निर्देशनसम्बन्धी र ३ दिन अभिनयसम्बन्धी सञ्चालन गरिएको उक्त कार्यशालामा नाट्य मात्र नभएर साहित्यका विभिन्न माध्यम तथा शलीको विषयहरूमा छलफल, अन्तर्क्रिया र नयाँ कलाकार हरूलाई रङ्गमञ्चीय अभ्यासहरूको बारेमा ज्ञान, सीप र कार्यकौशल सिकाइ तथा अनुभवहरूको साटासाट गरिएको थियो । यस कार्यशालाबाट रङ्गमञ्च क्षेत्रमा प्रत्यक्ष संलग्न २५ जना तथा अप्रत्यक्ष रूपमा लुम्बिनी क्षेत्रका २ सय जना अभिनय र निर्देशन ज्ञानबारे लाभान्वित भएको रङ्गमञ्च विभागप्रमुख निशा शर्मा पोखरेलले बताउनुभयो । कार्यशालालाई वरिष्ठ नाट्यकर्मी सुनिल पोखरेलले सहजीकरण गर्नु भएको थियो ।



# प्रज्ञा-प्रतिष्ठानद्वरा आफ्नै भवनबाट कार्यसञ्चालन शुरू



काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानले आफ्नो स्थापनाको १२ वर्षपछि काठमाडौँ नक्सालस्थित आफ्नै जग्गामा निर्मित प्रिफ्याब भवनबाट मिति २०७९ सावन १ गतेदेखि कार्यसञ्चालन शुरू गरेको छ ।

२०६७ वैशाख १० गते स्थापना भएको प्रज्ञा-प्रतिष्ठानले मिति २०७२ सालमा तत्कालीन संस्कृतिमन्त्री कृपाशुर शेर्पाको प्रस्तावमा सुशील कोइराला नेतृत्वको सरकारबाट नक्सालमा १५ रोपनी जग्गा प्राप्त गरे पनि नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानले सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान र भूमिसुधार मन्त्रालयलाई विपक्षी बनाउँदै सर्वोच्च अदालतमा मुद्दा दायर गरेपछि सो जग्गा विवाद छ वर्ष लम्बिएको थियो । मिति २०७६ को भाद्र १८ गते सर्वोच्च अदालतका न्यायाधीस सपना प्रधान मल्ल र डा. मनोजकुमार शर्माको संयुक्त इजलासले सरकारको निर्णयलाई सदर गरेको थियो । यसपछि प्रज्ञा-प्रतिष्ठानले उक्त जग्गा आफ्नो नाममा दर्ता, नक्साङ्कन, रेखाङ्कन र घेराबारा गरी प्रिफ्याब भवन निर्माण सम्पन्न गरी कार्यसञ्चालन समेत शुरू गरेको । यही अवसरमा २०७९ भाद्र १८ गते प्रज्ञा-प्रतिष्ठानका पदाधिकारी तथा कर्मचारीको उपस्थितिमामा कार्यालय परिसरमा रूद्री तथा वास्तुपूजा समेत सम्पन्न गऱ्यो । प्रज्ञा-प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन)ले प्रज्ञा-प्रतिष्ठानले लामो समयपछि भौतिक रूपमा पनि स्थायित्व प्राप्त गरेको भन्दै आगामी दिनमा सुविधासम्पन्न नाट्यप्रेक्षालय सहितको अत्याधुनिक भवन निर्माण गर्नको लागि डिपिआर तयार गरिसकिएको बताउनुभयो ।


# 'लमजुङे ठाडोभाका' प्रकाशित

काठमाडौँ । लमजुङ जिल्ला तथा आसपासका जिल्लामा समेत प्रचलनमा रहेको ठाडोभाका लोकगीतसम्बन्धी अनुसन्धानात्मक पुस्तक 'लमजुङे ठाडोभाका' प्रकाशित भएको छ ।

अनुसन्धाता मुक्तिनाथ घिमिरेले आ. व. २०७६/७७ मा यस प्रज्ञा-प्रतिष्ठानको लोकसङ्गीत विभागको अनुसन्धान परियोजनाअन्तर्गत तयार पार्नु भएको अनुसन्धान पत्रलाई प्रतिष्ठानले पुस्तकको रूप दिई प्रकाशन गरेको हो ।

यस पुस्तकलाई पाँच अध्याय र परिशिष्ट खण्डमा विभाजन गरी प्रस्तुत गरिएको छ । अध्याय एकमा ऐतिहासिक पृष्ठभूमि, दुईमा दुरा जातिको परिचय, वासस्थान र त्थ्याङ्क, तीनमा दुरा जातिका संस्कार, धर्म तथा परम्परा, चारमा दुरा जातिको संस्कृति, पाँचमा लामजुङे ठाडोभाका गीतको चिनारी, उत्पत्ति र विकास तथा परिशिष्ट खण्डमा ठाडोभाका गीतका विशेषताका बारेमा उल्लेख गरिएकोछ ।

लोक सङ्गीत विभाग प्रमुख प्राज्ञ हरिदेवी कोइरालाले यस अनुसन्धानात्मक पुस्तकमा साहित्यिक, भाषिक, साङ्गीतिक, नाटकीय, दार्शनिक, मनोवैज्ञानिक, अस्तित्ववाद, शैक्षिणक, समाजशास्त्रीय तथा मानवशास्त्रीय दृष्टिकोण समेतको विश्लेषण गरिएको बताउनुभयो । पुस्तकमा ठाडोभाकाका सर्जक देउबहादुर दुरादेखि आधुनिक




पुस्ताका युवायुवतीका गीतसमेतलाई समेटेर तिनको विश्लेषण गरिएको प्राज्ञ कोइरालाले बताउनुभयो ।

# 'परम्परा निरन्तर' शीर्षकबाट शास्त्रीय सङ्गीत उत्सव २०७९ सम्पन्न

काठमाडौँ । यस प्रज्ञा-प्रतिष्ठानको शास्त्रीय तथा परम्परागत सङ्गीत विभागको आयोजनामा पुस १० गते 'परम्परा निरन्तर' शीर्षकबाट शास्त्रीय सङ्गीत उत्सव २०७९ सम्पन्न भयो ।

शास्त्रीय सङ्गीत समाज नेपालको साहचर्य र पाठशाला नेपाल फाउण्डेशनको सहकार्यमा आयोजित सो कार्यक्रमको उद्घाटन कार्यक्रमका अध्यक्ष शास्त्रीय तथा परम्परागत सङ्गीत विभागका प्रमुख प्राज्ञ धीरेन्द्र प्रेमर्षि र प्रमुखअतिथि वरिष्ठ शास्त्रीय सङ्गीतज्ञ मोहनप्रसाद जोशी हुनुहुन्थ्यो ।

कार्यक्रमको शुभारम्भ गर्दै प्राज्ञ प्रेमर्षिले समाजबाट नैतिकता, अनुशासन र लगनशीलताको बन्धन समुचित मात्रामा बनाइराख्न पनि शास्त्रीय सङ्गीतको महत्त्व रहेको उल्लेख गर्दै सङ्गीतलाई संस्कारबद्ध गर्ने शास्त्रीय सङ्गीतले समाज र जनजीवनलाई पनि संस्कारित तुल्याउने बताउनुभयो ।

उहाँले प्रज्ञा-प्रतिष्ठानका शास्त्रीय सङ्गीतसम्बन्धी आयोजना सफल हुनुमा यस क्षेत्रका कलाकार तथा सङ्घ-संस्थाहरूको भूमिका जहिल्यै पनि सकारात्मक र सृजनशील प्रकृतिको रहेको धारणा व्यक्त गर्नुभयो ।




शास्त्रीय सङ्गीत उत्सवअन्तर्गत जम्मा ५ समूहको शास्त्रीय गायन ४ समूहको वाद्यवादन र एक समूहको कथक नृत्य प्रस्तुत गरिएको थियो ।

गायनतर्फ प्रभु-प्रतीक ढकाल, गुरूदेव कामत, मनमोहन थपलिया, अनुमा चौधरी र नवराज सापकोटाले विभिन्न रागहरु प्रस्तुत गर्नुभएको थियो । वाद्यवादनमा त्रिकाल तान्त्रिक समूहबाट नवराज गुरूङको तबला सन्तोषभक्त श्रेष्ठको इसराज र नगेन्द्रविक्रम राईको बाँसुरीले कार्यक्रमलाई शुरूमै जुरूक्क उचालेको थियो । परशुराम भण्डारी र जीवन राईको क्रमशः सारङ्गी र तबलामा युगलवन्दी, रोशन शर्माको मोहनवीणा वादनले विशिष्टता पस्केको कार्यक्रममा सितारवादनकी पुरानी हस्ती उमा थापाको अच्युतराम भण्डारीको तबलाका साथ रहेको युगलबन्दी कार्यक्रममा थप रोमाञ्च सृजना गरेको थियो । अन्तिम प्रस्तुतिका रूपमा रहेको थियो कथक नृत्य । सुजाता बराल र नम्रता केसीद्वारा संयुक्त रूपमा प्रस्तुत यो नृत्य पनि कार्यक्रमको उल्लेख्य पक्षका रूपमा रहेको थियो ।

वरिष्ठ सितारवादक तथा त्रिवि ललितकला विभागका प्रमुख डा. ध्रुवेशचन्द्र रेग्मी, लोकसेवा आयोगका पूर्व सदस्य अशोक झा, चर्चित कवि अर्जुन पराजुली, प्रसिद्ध गजलकार रवि प्राञ्जल, सङ्गीत गुरू चण्डीराज काफ्लेलगायत विशिष्ट व्यक्तित्वहरूको समुपस्थितिमा करिब ५ घन्टा चलेको कार्यक्रमको सञ्चालन पारु तिमिल्सिनाले गर्नुभएको थियो ।

कार्यक्रमको समापनमा प्रमुखअतिथि मोहनप्रसाद जोशीले प्राज्ञ धीरेन्द्र प्रेमर्षिको कार्यकालमा शास्त्रीय सङ्गीत क्षेत्रमा अभूतपूर्व कार्य भएको उल्लेख गर्दै यतिखेर प्रज्ञामा र प्रेक्षालयमा साक्षात् सरस्वतीको उपस्थिति हुन थालेको आभास हुने बताउनुभयो ।



# कर्मचारी सङ्घद्वारा विविध सांस्कृतिक कार्यक्रम सम्पन्न

काठमाडौँ । यस प्रज्ञा प्रतिष्ठानको कर्मचारी सङ्घको आयोजनामा विविध सांस्कृतिक कार्यक्रम यही मिति २०७९ पौष १ नक्साल स्थित कार्यालय भवनमा सम्पन्न भयो । कार्यक्रममा प्रज्ञा-प्रतिष्ठानका कर्मचारी तथा विभिन्न कलाकारबाट गीतसङ्गीत तथा नृत्य प्रस्तुत गरिएको थियो ।




कार्यक्रममा गायक शिशिर योगीले 'सारङ्गी त रेटे पनि...' गीत अन्य दुई वटा गीत सुनाउनुभयो । यस्तै लोक गायक बिमलराज क्षत्रीले पनि आफ्ना चर्चित गीत 'बुट्टे रूमाल...' सुनाउनुभयो । गायक विपिन घिमिरे र गायिका शिला बिष्टले देउडा गीत तथा आधुनिक युगल गीतको प्रस्तुति दिनुभयो ।

प्राज्ञपरिषद् सदस्य धिरेन्द्र प्रेमर्षिले पानी शिर्षकको गजल सुनाउनु भयो भने प्रज्ञा-प्रतिष्ठानकी कर्मचारी लाप्चुङ लामा तामाङले राष्ट्रिय गीतमा नृत्य प्रस्तुत गर्नुभयो । यसै गरी कर्मचारी विजय श्रेष्ठले कविता सुनाउनुभयो । कार्यक्रमका प्रमुखअतिथि प्रज्ञा-प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन) ले प्रस्तुतिहरू प्रशंसा गर्नु हुँदै प्रज्ञा-प्रतिष्ठानलाई अघि बढाउन र परिषद्लाई मार्गदर्शन दिन कर्मचारीको ठुलो योगदान रहने बताउनुभयो । प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव श्याम प्रकाश तमोटले कर्मचारी र परिषदको समन्वयले मात्र प्रतिष्ठान अघि बढ्ने बताउनुभयो । कार्यक्रममा प्राज्ञसभा सदस्य प्रदीप बोम्जनले पनि मन्तव्य सहित राष्ट्रिय गीत प्रस्तुत गर्नु भएको थियो भने नेपाल प्रज्ञा प्रतिष्ठान कर्मचारी सङ्घका अध्यक्ष अशोक चौर सियाले पनि शुभकामना मन्तव्य राख्नु भएको थियो । कार्यक्रमका सभाध्यक्ष नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान कर्मचारी सङ्घका अध्यक्ष हिलारी बन्धु भुजेलले कलाकारहरूलाई प्रोत्साहन गर्न सांस्कृतिक कार्यक्रम आयोजना गरिएको बताउनुभयो । कर्मचारी सङ्घका सदस्य नेत्रबहादुर भुजेल तथा बबिता पन्तले सवगत मन्तव्य राख्नु भएको उक्त कार्यक्रमको सहजीकरण सङ्घका सचिव जगदिश सापकोटाले गर्नुभएको थियो ।

# कर्मचारी कुश महर्जनको श्रद्धाञ्जली सभा



काठमाडौँ । यस प्रज्ञा प्रतिष्ठानमा कार्यरत कर्मचारी श्री कुश महर्जनको १३औँ दिनको पुण्यतिथिमा श्रद्धाञ्जली सभाको आयोजना गरियो । कार्यक्रममा प्रतिष्ठानका पदाधिकारी तथा कर्मचारीहरूबाट एक मिनेट मौन धारण गरी उहाँप्रति श्रद्धाञ्जली अर्पण गरिएको थियो । प्रज्ञा-प्रतिष्ठानका कुलपति नारायणभक्त श्रेष्ठ (रायन) तथा कर्मचारी सङ्घका अध्यक्ष हिलारी बन्धु भुजेलले कुश महर्जनले प्रज्ञा-प्रतिष्ठानलाई पुऱ्याउनु भएको योगदानको चर्चा गर्नु भएको थियो । प्रज्ञा-प्रतिष्ठानको स्थापनाकालदेखि कार्यालय सहायकका रूपमा कार्यरत महर्जनको तस्विरमा पदाधिकारी तथा कर्मचारीहरूले फुलमाला अर्पण गरी श्रद्धाञ्जली अर्पण गर्नुभयो । १२ वर्षसम्म प्रज्ञा-प्रतिष्ठानमा सेवा गर्नु भएका महर्जनको मिति २०७९ कात्तिक २ गते असामयिक निधन भएको थियो ।

